पुतलीबजार नगरपालिका, स्याङ्जा

आवधिक नगर विकास योजना

(२०७७/०७८-२०८१/०८२)

पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

२०७७ आषाढ

पुतलीबजार नगरपालिका, स्याङ्जा

आवधिक नगर विकास योजना

(२०७७/०७८-२०८१/०८२)

पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

२०७७ आषाढ

पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना (२०७७/०७८ - ०८१/०८२)

Periodic Development Plan of Putalibazar Municipality (2020/021-2024/025)

सर्वाधिकार © पुतलीबजार नगरपालिकाको कार्यालय, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल।

Prepared by: Digital Globe (P.) LTD.

Pokhara Metropolitan City -6, Kaski, Nepal

Phone: 061-465973

Email: digitalglobepkr@gmail.com

Working Team:

Prof. Dr. Lekhnath Bhattarai	Economist/Financial Analyst
Mr. Amrit Kumar Bhandari	Anthropologist/Development Expert/Team Coordinator
Mr. Ramji Prasad Pokharel	Geographer/GIS Expert
Mr. Naresh Paudel	Environmental Expert
Mr. Rajeev Upadhyay	Urban Infrastructure Planner
Mr. Janardan Thapa	Institutional Development Expert
Mr. Ishwar Man Shrestha	Land Use Planner/Agriculture Expert
Mr. Shishir Paudel	Civil Engineer
Mr. Ishwor Shrestha	Computer Operator

Advisors:

Mr. Madhav Prasad Lamsal

Mr. Ananta Kumar Shrestha

Source of Information:

For Attribute Database:	Census Survey, 2018
	Report of Central Bureau of Statistics, 2011
For Spatial Database:	Topographical Map- 1998, LRMP Map- 1978,
	Landsat Image- 2010 and Field Visit 2018
	Google Earth Pro Image Satellite

नगर प्रमुखको मन्तव्य

नेपालको संविधान २०७२ ले मुलुकलाई संघीय संरचानामा लगेसँगै स्थानीय तहहरूलाई स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला स्थानीय सरकारको रूपमा स्थापित गरी विभिन्न अधिकार प्रत्याभूत गरेको छ। यससँगै स्थानीयस्तरमा विकासको समग्र जिम्मेवारी स्थानीय सरकारमा आइपुगेको छ। २०७४ मा सम्पन्न नयाँ संविधान जारी भैसकेपछिको पहिलो स्थानीय निर्वाचनबाट नगरको नेतृत्वमा चुनिएसँगै हामीले प्राप्त गरेको ऐतिहासिक जिम्मेवारीलाई हृदयंगम गर्दै आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आईरहेका छौं। "समृद्ध पुतलीबजार सुखी नगरबासी" को दीर्घकालीन सोंच तय गर्दै हामीले आफ्ना जिम्मेवारीहरूलाई नगरको रूपान्तरण तथा नगरबासीको अधिकतम हित हासिल गर्ने तर्फ केन्द्रित गरिरहेका छौं।

संघीय प्रणालीलाई संस्थागत गर्ने उद्देश्यले गरिएको राज्यपुनर्संरचानाले गर्दा भूगोलका हिसाबले साविक भन्दा निकै ठूलो बनेको यस नगरपालिकाका विकासका चुनौतिहरूलाई हामीले आफ्ना अवसरका रूपमा लिंदै आफ्ना विकासका गतिविधिहरू सञ्चालन गर्नका लागि नगरबासी, केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदारसँग हातेमालो गर्दै अगाडि बढिरहेका छौं। हाम्रा विकास प्रयासको एक महत्वपूर्ण खुड्किलोको रूपमा हामीले यस पुतलीबजार नगरपालिकको पहिलो आवधिक नगर विकास योजना २०७७/७८-२०८१/८२ तयार पारेका छौं। यस पहिलो आवधिक विकास योजना तयार पार्ने क्रममा हामीले पुतलीबजार नगरको वर्तमान तथा दीर्घकालिन आवश्यकता, पुतलीबजारबासीको विकास अपेक्षा, निर्वाचित जनप्रतिनिधिको नगर विकास तथा समृद्धिको परिकल्पना, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य "समृद्ध नेपाल, सुखी नेपाली", पन्ध्रौं पञ्च वर्षीय योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, नगरको राजनैतिक नेतृत्व, विज्ञ तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र नगरपालिकाले सरकारले आफ्ना सुरुआती दुई वर्षमा अङ्गीकार गरेका नीति तथा कार्यक्रमलाई आधार मानेर तयार गरिएको छ।

यस आवधिक योजनाको अवधिमा नगरमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण एवम् बिस्तार, प्राविधिक र व्यवसायिक शिक्षाको पहुँच बिस्तार, गुणस्तरीय स्वास्थ्य सेवाको सुदृढीकरण, आर्थिक गतिविधि र रोजकारीका अवसरमा व्यापक वृद्धि, आयमुलक तथा व्यवसायिक कृषिको सबलीकरण, पर्यटकीय गतिविधिको व्यापक बिस्तार, जलवायु परिवर्तन अनुकूलन, खेल पूर्वाधारको सुदृढीकरण लगायतका महत्वपूर्ण कार्यहरू सञ्चालन गरिनेछ। यस आवधिक नगर विकास योजनामा तय गरिएका लक्ष्यहरू हासिल गर्नका लागि उपलब्ध तथा सम्भाव्य सबैखाले स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक प्रयोग गरिनेछ भने आवधिक नगर विकास योजनाका सफल कार्यान्वयनका लागि नगरबासी, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, निजी र सहकारी क्षेत्र, नागरिक समाज, राजनैतिक नेतृत्व, विकास साझेदार संस्था र गैरसरकारी संस्थाबाट महत्वपूर्ण सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ। अन्तमा, जनसहभागितामूलक योजना पद्धति अबलम्बन गरी तयार पारिएको यस प्रथम आवधिक नगर विकास योजना तयार पार्ने क्रममा आयोजित अन्तरक्रियात्मक कार्यशालाका सहभागीहरू, वडा भेलाका सहभागीहरू, नगर कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरू, आवश्यक मार्गनिर्देशन प्रदान गर्ने प्रतिनिधि सभाका सदस्यहरू, प्रदेश सभाका सदस्यहरू गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेल, आवधिक योजना निर्माणमा प्रमुख भुमिका खेल्ने डिजिटल ग्लोब प्रा. लि. का विषय विज्ञहरूसहित, राजनीतिक दलका प्रतिनिधि, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू, नगरपालिकाको विज्ञ समुह, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु।

सीमा कुमारी क्षेत्री

नगरप्रमुख, पुलतीबजार नगरपालिका, स्याङ्जा

नगर उपप्रमुखको मन्तव्य

नेपालको संविधान २०७२ द्वारा प्रदत्त अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मातहतमा रही पुतलीबजार नगरपालिकाको दिगो, योजनावद्ध तथा सामयिक विकासका लागि 'समृद्ध पुतलीबजार, सुखी नगरबासी' भन्ने दीर्घकालीन सोंचका साथ यस नगरको पहिलो आवधिक नगर विकास योजना (२०७७/७८-२०८१/८२) तयार पारिएको छ । २०७२ को संविधानले गरेको व्यवस्था अनुरूप गरिएको राज्यको पुनर्संरचना पश्चात कुल १४७.२१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस पुतलीबजार नगरपालिकाको यो नै योजनावद्ध विकासको पहिलो मार्गचित्र भएकाले यसमा आवश्यकता अनुसार सुधार गर्दै यसले तय गरेका लक्ष्यहरू प्राप्त गर्न नेतृत्वदायी भुमिका खेल्न नगर नेतृत्व प्रतिबद्ध छ र आफ्नो सम्पूर्ण ध्यान यसैमा केन्द्रित गरी अगाडी बढिरहेको छ ।

पुतलीबजार नगरपालिकाको यस प्रथम आवधिक नगर विकास योजनामा नगरको धरातलीय यथार्थ, यसको विकास आवश्यकता तथा उपलब्ध/सम्भाव्य साधन तथा स्रोतलाई केन्द्रमा राखिएको छ । यस आवधिक नगर विकास योजनाले नगरबासीको व्यापक तथा अर्थपूर्ण सहभागिता, विभिन्न तहको सरकारसँग सम्बद्ध सरकारी निकायहरू तथा विभिन्न प्रकृतिका स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदारहरूसँग हातेमालो गर्दै संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसारको समाजवादउन्मुख नगर निर्माण गर्ने लक्ष्य लिएको छ । यस आवधिक योजनामा तय गरिएका विकासका सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू त्यसै दिशातर्फ केन्द्रित रहने गरी निर्माण गरिएका छन् ।

पुतलीबजार नगरको समग्र समृद्धि तथा पुतलीबजार नगरबासीको खुशी नै यस प्रथम आवधिक नगर विकास योजनाको मुल लक्ष्य हो । यस आवधिक योजना तयार पार्नका लागि सहयोग पुऱ्याउनुहुने नगर कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, अमुल्य सुझाव तथा मार्गनिर्देशन प्रदान गर्नुहुने संघीय सांसद, प्रदेश सांसद, सम्पूर्ण राजनीतिक दलका नेता तथा कार्यकर्ता, नगरबासीहरू तथा डिजिटल ग्लोब प्रा. लि. कास्कीका विषय विज्ञहरूसहित, नगरपालिकाको विज्ञ समुह, नागरिक समाज, पत्रकार र अन्य सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु ।

महेश पुरी

उपप्रमुख, पुतलीबजार नगरपालिका, स्याङ्जा

प.स :

च.न :

गण्डकी प्रदेश , नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा योजना शाखा प्रमुखको मन्तव्य

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार र कार्यक्षेत्र तोकेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारको सूचीको व्यवस्था गरिएको छ। त्यस्तै अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ ओटा साझा अधिकारको सूचीको व्यवस्था छ। जस अनुसार शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, कृषि, पशु, वातावरण, विपत् व्यवस्थापन जस्ता संवेदनशील विषयहरू स्थानीय सरकारको दायित्व भित्र पर्दछन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने र यसरी योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार पुतलीबजार नगरपालिकाले योजनावद्ध विकासलाई संस्थागत गर्नका लागि आफ्नो प्रथम आवधिक नगर विकास योजना तयार गरिएको छ।

प्रविधिले सुसज्जित तथा दक्ष मानव संशाधनको अधिकतम परिचालन गर्दै नगरमा उपलब्ध प्राकृतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक स्रोतहरूको दिगो र प्रभावकारी उपयोगिताबाट नगरको रूपान्तरण गर्न सकिन्छ भन्ने मुल मान्यतामा आधारित यस आवधिक योजनाले पुतलीबजार नगरपालिकाको समग्र समृद्धि तथा नगरबासीको खुशीको मजबुत जग खडा गर्न सफल हुनेछ भन्ने विश्वास लिइएको छ। सही योजना तयार गर्नु आधा सफलता हो भने योजनाको सही कार्यान्वयन यसको पूर्ण सफलता हो र जसरी यो योजना तयार गर्दा नगरका सम्पुर्ण सरोकारवालाहरुको सहभागिता रहेको थियो त्यसरी नै यसको कार्यान्वयनमा पनि सक्रियता रहन सक्यो भने योजनाले मुर्तरुप लिनेछ तसर्थ योजना कार्यान्वयनमा सवै सरोकारवालाहरुको सक्रिय सहभागिताको अपेक्षा समेत गरिएको छ।

आवधिक योजना निर्माणमा नेतृत्वदायी भूमिका खेल्नुहुने यस नगरपालिकाका प्रमुख, उपप्रमुख, सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरू धन्यवादका पात्र छन्। यस योजना निर्माणका क्रममा योजना निर्माण गर्ने टीमलाई निरन्तर मार्गनिर्देशन प्रदान गर्नुहुने संघीय सांसद, प्रदेश सांसद तथा नगरपालिकाको विज्ञ समूहका सदस्यहरू, अन्तरक्रियात्मक कार्यशाला तथा प्रश्नावली मार्फत आफ्ना अमुल्य सुझाव प्रदान गर्नुहुने राजनैतिक दलका प्रतिनिधिहरू, जिल्लास्थित सरकारी संस्थाका प्रतिनिधिहरू, वित्तीय संस्थाका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, बुद्धिजिवी, डिजिटल ग्लोब प्रा.लि. पोखराको विषय विज्ञसमूह लगायत समस्त नगरबासीमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

ताराचन्द्र ढकाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा योजना शाखा प्रमुख, पुतलीबजार नगरपालिका, स्याङजा

मिति २०७७ आषाढ

परिच्छेद १

परिचय

१.१ पृष्ठभूमि १

१.२ नगर विकास योजना र आवधिक योजनाको अवधारणा १

१.३ पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमाको उद्देश्य १

१.४ पन्ध्रौं राष्ट्रिय योजना तथा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँगको सम्बन्ध २

१.५ आवधिक नगर विकास योजना निर्माणका आधार २

१.६ आवधिक नगर विकास योजनाको दिगो विकास लक्ष्यसँगको सम्बन्ध ३

१.७ आवधिक नगर विकास योजना तर्जुमाको विधि र प्रक्रिया ४

परिच्छेद २

पुतलीबजार नगरपालिकाको वस्तुस्थिति

२.१ परिचय ५

२.२ भौगोलिक अवस्था ५

२.३ प्राकृतिक स्रोत तथा सम्पदा ७

२.४ भू–उपयोग तथा मानव बसोबास ९

२.५ सामाजिक तथा सांस्कृतिक अवस्था १०

२.६ आर्थिक अवस्था र क्रियाकलाप १२

२.७ खानेपानी तथा सरसफाईको अवस्था १४

२.८ विद्युत, इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था १४

२.९ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था १४

२.१० यातायात तथा परिवहनको सुविधाको अवस्था १५

२.११ विद्युत, सूचना तथा सञ्चारको पहुंच १५

२.१२ बजार, खेलमैदान, पार्क तथा मनोरञ्जन स्थलहरु १६

२.१३ नगरको पर्यटकीय अवस्था १७

२.१४ नगरपालिका भित्र रहेका होटल, औद्योगिक तथा व्यापार व्यवसाय सम्बन्धी अवस्था १८

२.१५ नगरपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण १८

२.१६ नगरपालिकाको पंजीकरण, सामाजिक सुरक्षासम्बन्धी अवस्था १८

२.१७ विपद व्यवस्थापन सम्बन्धी सम्बन्धी अवस्था १९

२.१८ महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग सम्बन्धी अवस्था १९

२.१९ नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था सम्बन्धी अवस्था २०

२.२० टोल विकास संस्थाहरु, नागरिक सचेतना केन्द, जनचेतनामूलक तालिम सम्बन्धी अवस्था २०
२.२१ युवा क्लब, आमा समुह, राजनैतिक दल सम्बन्धी अवस्था २०

परिच्छेद ३

पुतलीबजार नगरपालिकाको आवधिक योजनाको समष्टिगत खाका

३.१ पृष्ठभूमि २१
३.२ पुतलीबजार नगरपालिकाका सबल पक्ष, समस्या, अवसर र चुनौती २१
३.३ पुतलीबजार नगरपालिकाको समृद्धिका मुख्य सम्बाहकहरू २४
३.४ पुतलीबजार नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य २६

परिच्छेद –४

पुतलीबजार नगरपालिकाको समष्टिगत आर्थिक अवस्था र निति

४.१ पृष्ठभूमि ३०
४.२ सार्वजनिक वित्त ३०
४.३ सार्वजनिक, नीजि र सहकारी साझेदारी ३६
४.४ वैदेशिक लगानी ३६
४.५ आन्तरिक श्रोत (राजश्व) अभिवृद्धिका कार्यक्रमहरु ३६
४.६ सार्वजनिक खर्चमा वित्तीय अनुशासनका कार्यक्रमहरु ३७
४.७ आर्थिक वृद्धिदर ३८
४.८ लगानीको आवश्यकता र स्रोतको आंकलन ३८

परिच्छेद ५

आर्थिक क्षेत्र

५.१ कृषि ४३
५.२ पशुपन्छी तथा मत्स्य विकास ५०
५.३ खाद्यसुरक्षा ५३
५.५ रणनीति र कार्यनीति ५५
५.६ प्राथमिकताहरू ५६
५.७ प्रमुख कार्यक्रमहरू ५६
५.८ अपेक्षित उपलब्धि ५७
५.४ भूमि व्यवस्था ५७
५.६. पर्यटन ६५
५.७ प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षण ७२
५.८ उद्योग, वाणिज्य र आपूर्ति ७७

परिच्छेद ६

सामाजिक क्षेत्र

६.१ शिक्षा ८४

६.२ स्वास्थ्य र पोषण ९०

६.३ जनसङ्ख्या व्यवस्थापन ९६

६.४ युवा तथा खेलकूद १०१

६.५ कला, भाषा, साहित्य र संस्कृति १०८

६.६ लक्षित समूह विकास ११२

परिच्छेद ७

भौतिक पूर्वाधार क्षेत्र

७.१ यातायात पूर्वाधार व्यवस्थापन ११८

७.२ आवास, बस्ती तथा शहरी विकास १२४

७.३ उर्जा १२९

७.४ सञ्चार तथा सूचना प्रविधि १३५

७.८ खानेपानी तथा सरसफाई १४०

परिच्छेद ८

संस्थागत विकास र सुशासन

८.१ प्रशासनिक सुशासन र सेवा प्रवाह १४७

८.२ भ्रष्ट्राचार निवारण १५२

८.३ मानव अधिकार तथा सामाजिक न्याय १५५

८.४ सन्तुलित विकास १५९

परिच्छेद ९

अन्तर सम्बन्धित विषय

९.१ गरिबी निवारण १६३

९.२ जनशक्ति विकास, उद्यमशीलता र रोजगारी १६७

९.३ समानता र समावेशिता १७१

९.४ वन तथा वातावरण संरक्षण १७४

९.५ प्रकोप तथा विपद् व्यवस्थापन १७८

परिच्छेद — १०

योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन

१०.१ तथ्याङ्क प्रणाली, अनुसन्धान र विकास १८०

१०.२ योजना तर्जुमा तथा कार्यान्वयन १८८

परिच्छेद — ११

नगरका रूपान्तरणकारी आयोजना र गौरवका योजनाहरू

११.१ पुतलीबजार नगरपालिकाका रुपान्तरणकारी आयोजना (Game Changer Projects) १९७
११.२ पुतलीबजार नगरपालिकाका गौरवका योजनाहरू २०७
अनुसुची १-५ २०८

तालिका सूची

तालिका ४.१ नगरपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व. २०७३/७४—२०७६/७७) रु. हजारमा ३१

तालिका ४.२ राजश्व तथा आयस्रोतको अवस्था (आ.व. २०७३/७४—२०७६/७७) रु. हजारमा ३३

तालिका ४.३ अन्तरसरकारी वित्तीय हस्तान्तरणको अवस्था (रु. हजारमा) ३४

तालिका ४.४ योजना अवधिको लागि प्रक्षेपित खर्च तथा लगानीको विवरण (रकम रु. हजारमा) ३९

तालिका ४.५ खर्च र लगानीका स्रोतहरुको प्रक्षेपण (रकम रु. हजारमा) ४०

संक्षिप्त रूपको सूची

कि.मी.	किलो मीटर
गा.वि.स.	गाउँ विकास समिति
पु.ब.न.पा.	पुतलीबजार नगरपालिका
न.पा.	नगरपालिका
न.पा. पा.चि.	नगरपालिका पार्श्वचित्र
मी.	मीटर

परिच्छेद १

परिचय

१.१ पृष्ठभूमि

कुनै समय पश्चिम नेपालको एक मुख्य व्यापारिक केन्द्रको रुपमा प्रख्यात पुतलीखेतसहितको स्याङजा बजार केन्द्रको रूपमा रहेको यस पुतलीबजार नगरपालिका वि.सं. २०५३ सालमा नगरपालिकाको रूपमा घोषित भई कार्यान्वयनमा आएको थियो । तत्कालीन समयमा पर्याप्त पूर्वाधार बिना नै नगरपालिका घोषित भई कार्यान्वयनमा आएको यस नगरपालिकाले दुई दशकभन्दा बढीको अवधि पार गरिसकेको भएतापनि यहाँको भौतिक, सामाजिक, सांस्कृतिक र आर्थिक विकासले उल्लेख्य फड्को मार्न नसकेको यथार्थ हामीमाझ विद्यमान छ । विकास आफैमा एक योजनावद्ध प्रक्रिया हो; यसबाट अपेक्षित प्रतिफलहरूलाई हासिल गर्नका लागि निश्चित प्रकारको योजना तर्जुमा गरी अगाडी बढ्नु अपरिहार्य हुन्छ । प्रत्येक स्थानीय तहले स्थानीय सरकारको रूपमा आफूले कल्पना गरे अनुरूपको विकासका अल्पकालीन एवम् दिर्घकालीन लक्ष्य प्राप्ति गर्ने कुरा सुनिश्चित गर्नको लागि विभिन्न प्रकारका विकास योजना तयार गर्ने गर्दछन् । ऐतिहासिक संविधानसभाद्वारा वि. सं. २०७२ मा जारी नेपालको नयाँ संविधान कार्यान्वयनमा आएसँगै भएको राज्यपुनर्संरचना पश्चात साविकको पुतलीबजार नगरपालिकामा छिमेकी सात वटा साविकका गाउँ विकास समितिहरूलाई पूर्ण वा आंशिक रूपमा गाभिएपछि यस नगरपालिका एकातर्फ भूगोलमा पहिलेभन्दा ठूलो एवम् थप सामाजिक-सांस्कृतिक रूपमा विविधतापूर्ण बनेको छ भने अर्कोतर्फ विकासका सवालमा नयाँ चुनौती र अवसरहरू हामीमाझ सिर्जना भएका छन् । यसै अनुरुप विद्यमान चुनौतीहरूलाई प्रभावकारी किसिमले सामना गर्दै तथा उपलब्ध अवसरहरूलाई अधिकतम उपयोग गर्दै पुतलीबजार नगरपालिकाको विकासको प्रक्रियालाई दिगो, प्रभावकारी एवम् भरपर्दो बनाउन तथा नगरवासीका विकास र समृद्धिका आकांक्षाहरुलाई मूर्तरूप दिनका लागि २०७७/७८ देखि २०८१/८२ सम्मको पाँच वर्षको अवधिको लागि यस पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना तयार गरिएको छ ।

१.२ नगर विकास योजना र आवधिक योजनाको अवधारणा

नगर विकास योजना त्यस्तो बहु-क्षेत्रीय योजना हो जसले नगरको समग्र विकासका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन लक्ष्यहरू निर्धारण गर्दछ । नगरमा कहिले, कहाँ, कसरी र केका लागि विकासका गतिविधिहरू सञ्चालन गर्ने कुरा तय गर्ने कार्य नगर विकास योजना बिना सम्भव हुँदैन । यसकारण नगरपालिकाको समग्र विकासलाई परिणाममुखी एवम् जनउत्तरदायी बनाउनका लागि आवधिक नगर विकास योजनालाई अपरिहार्य मान्ने गरिन्छ ।

नगर विकास योजनाकै एक अङ्गका रूपमा रहेको आवधिक नगर विकास योजना त्यस्तो योजना हो जसले समग्र नगरको विकासका दीर्घकालीन लक्ष्यहरूको मातहतमा रही निश्चित अवधिभित्र हासिल गरिने उपलब्धिहरू निर्धारण गर्दछ । अर्को शब्दमा भन्नुपर्दा विकासका दीर्घकालीन लक्ष्यहरू प्राप्त गर्नको लागि चरणगत किसिमले विकासका प्रयासहरूलाई कार्यान्वयन गर्नका लागि आवधिक नगर विकास योजना तयार पार्ने गरिन्छ । मूलत: आवधिक नगर विकास योजनाको महत्वलाई देहायका बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ:

- नगरको समग्र विकासको उद्देश्य निश्चित अवधिभित्र पूरा गर्नका लागि निर्धारित गरिएका लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम र त्यस्ता कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न।
- उपलब्ध स्रोत र साधनलाई परिचालन गरी निश्चित अवधिमा विकासका निश्चित लक्ष्य हासिल गर्ने कुराको सुनिश्चितता गर्न।

१.३ पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमाको उद्देश्य

पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्नुको मूल उद्देश्य वि.सं. २०७७/७८ देखि वि.सं. २०८१/८२ सम्मको पाँच वर्ष अवधिको लागि नगरपालिकाको विस्तृत रणनैतिक योजनाको दस्तावेज तयार गर्नु हो भने यसका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- पुतलीबजार नगरपालिकाको वर्तमान अवस्थाको अध्यावधिक विश्लेषण गर्ने।
- यस नगरपालिकाको सृम्बृद्धिका लागि दीर्घकालीन सोच, ध्येय, समष्टिगत लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरू तय गर्ने।
- निर्धारित लक्ष्यहरू हासिल गर्नको लागि आवश्यक रणनीतिहरू एवम् कार्यनीतिहरू तय गर्ने।
- नगरपालिकाको सामाजिक, भौतिक तथा आर्थिक संसाधनहरूको विश्लेषण गर्ने।
- विकासको दिगोपना तथा असल शासनका आधारहरू सिर्जना गर्ने।

१.४ पन्ध्रौं राष्ट्रिय योजना तथा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनासँगको सम्बन्ध

पुतलीबजार नगरपालिकाको यस आवधिक विकास योजना मूलत: पुतलीबजार नगर तथा यहाँका नगरबासीका अपेक्षा एवम् आवश्यकताहरू केन्द्रमा राखी तयार गरिएको छ। यसरी आवधिक नगर विकास योजना तयार पार्ने क्रममा नेपालको पन्ध्रौं राष्ट्रिय योजनाले तय गरेका तीन उद्देश्यलाई मार्गदर्शक बनाइएको छ। यसैगरी पन्ध्रौं राष्ट्रिय योजनाका अलावा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले तय गरेका उद्देश्यहरूलाई पनि मध्यनजर गर्दै नगरपालिकाका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति एवम् प्राथमिकताहरू तय गरिएको छ । यसरी तय गरिएका लक्ष्य एवम् उद्देश्यहरू प्राप्त हुँदा नगरपालिकाको विकास तथा समृद्धि हासिल हुनुका साथै राष्ट्रिय तथा प्रदेश विकासका उद्देश्यहरु समेत प्राप्त गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ।

१.५ आवधिक नगर विकास योजना निर्माणका आधार

पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्दा देहायका आधारहरू लिइएको छः

(क) नेपालको संविधान (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६, ७ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) पुतलीबजार नगरपालिकाको विद्यमान पार्श्वचित्र २०७६

(घ) पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७४-०७५, २०७५-०७६ एवम् २०७६-०७७ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरू,

(ङ) नेपाल सरकार र प्रदेश सरकारद्वारा घोषित नीति तथा कार्यक्रमहरू,

(च) दिगो विकास लक्ष्य (२०७२–२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता,

(छ) नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दूरदृष्टि विक्रम सम्वत् २१०० का लक्ष्यहरू,

(ज) नगर नेतृत्वका प्रतिवद्धता पत्र र सोचहरू,

(झ) अन्तर्क्रियाका क्रममा नगरबासीबाट राखिएका अपेक्षा र सुझावहरू।

१.६ आवधिक नगर विकास योजनाको दिगो विकास लक्ष्यसँगको सम्बन्ध

सन् २०१६ देखि २०३० (वि.सं. २०७२ देखि २०८७) सम्मको अवधिमा समग्र विश्वलाई नै रूपान्तरणको गर्नको लागि संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१५ को सेप्टेम्बर महिनामा दिगो विकासका १७ वटा नयाँ लक्ष्यहरू तय गरेको थियो । यसै सन्दर्भमा नेपालले पनि दिगो विकासका ती लक्ष्यहरूलाई आफ्ना विकासका प्रयासहरूमा आत्मसात गर्दै आइरहेको छ । यसै क्रममा नेपालले सन् २०१५ को सुरुवातमै दिगो विकास लक्ष्यको प्रारम्भिक प्रतिवेदन बनाई संयुक्त राष्ट्र संघमा पेस गरेको थियो । यसका अलावा नेपालले "दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६–२०३०" नामक अर्को दस्तावेज तयार गरी चौधौं राष्ट्रीय योजना (२०७३/७४-२०७५/७६) देखि तय गरिएका दिगो विकासका लक्ष्यहरूलाई क्रमशः कार्यान्वयन गर्दै आइरहेको छ। त्यस्तै वि. सं. २०७४ मा ऐच्छिक समीक्षा प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय उच्चस्तरीय राजनीतिक मञ्चमा प्रस्तुत गरिएको थियो । यी दस्तावेजहरूले दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा नीतिगत मार्गनिर्देशन गर्नुका साथै उक्त लक्ष्यको आन्तरिकीकरण गर्ने कार्यमा सघाउ पुऱ्याएको विश्वास नेपालले लिएको छ । वर्तमान पन्ध्रौं राष्ट्रिय योजना (०७६/७७-२०८०/८१) मा पनि तिनै दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई निरन्तरता दिइएको छ। दिगो विकासका ती लक्ष्यका महान् एवम् बहुआयामिक उद्देश्यहरू नेपाल सरकारको एकल पहलमा मात्रै प्राप्त गर्न सम्भव हुँदैन तसर्थ प्रदेश सरकारहरू तथा स्थानीय सरकारहरूले राष्ट्रिय लक्ष्य प्राप्त गर्न समपूरक र परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ।

यस सन्दर्भलाई केन्द्रमा राखी पुतलीबजार नगरपालिकाको यस आवधिक नगर विकास योजना (०७७/७८-२०८१/८२) दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट खेल्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई मध्यनजर गर्दै तयार गरिएको छ । यस अवधिमा यसै नगर विकास योजनामा आधारित हुँदै पुतलीबजार नगरपालिकाको समग्र विकासका लागि आवश्यक सामाजिक, सांस्कृतिक, आर्थिक, वातावरणीय लगायतका पक्षहरूमा समयोचित परिवर्तन तिनै दिगो विकासका लक्ष्यहरूका आधारमा गर्दै लगिने छ । यसबाट पुतलीबजार नगरबासीको विकास र समृद्धिको चाहना पूरा हुँदै जानेछ भन्ने अपेक्षा गरिएको छ।

१.७ आवधिक नगर विकास योजना तर्जुमाको विधि र प्रक्रिया

यस आवधिक योजना निर्माण कार्य प्राथमिक तथा द्वीतिय तथ्याङ्कमा आधारित छ । यसका लागि आवश्यक प्राथमिक तथ्याङ्कहरू स्थलगत अवलोकन, सर्वेक्षण, अन्तर्वार्ता तथा छलफल विधिको प्रयोग गरि सङ्कलन गरिएको थियो । नगरपालिकाको दीर्घकालीन सोच, ध्येय, उद्देश्य, प्राथमिकताहरू तथा अपनाउनुपर्ने रणनीतिहरू तय गर्नको लागि पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकाका पदाधिकारीहरू तथा विभिन्न शाखा प्रमुखहरूसँग एक कार्यशालाको आयोजना गरिएको थियो । यस्तै पुतलीबजार नगरपालिकाका समस्या र आवश्यकता तथा संभावना र चुनौतीको पहिचान तथा सुनिश्चितता गर्नको लागि नगरपालिकामा एक सर्वपक्षीय अन्तर्क्रियाको आयोजना गरिएको थियो ।

त्यसैगरी वडागत समस्या, संभावना र आवश्यकताको पहिचान तथा सुनिश्चितताको लागि १४ वटै वडाका केन्द्रहरूमा एक-एक वटा नागरिक अन्तर्क्रियाको आयोजना गरिएको थियो । जनप्रतिनिधिहरू, न.पा.मा अवस्थित सरकारी निकायहरू एवम् गैर सरकारी संस्थाहरूका प्रतिनिधिहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू, महिला, दलित, बाल सञ्जाल, पिछडिएको समूह, उद्यमी, व्यापारी, व्यवसायी, सञ्चारकर्मी आदिका प्रतिनिधिहरू यस्ता नगरस्तरीय एवम् वडास्तरीय अन्तर्क्रियाहरू कार्यक्रमहरूका सहभागीहरू थिए । यसका अलावा एक प्रश्नावली तयार गरी जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसहितका सरोकारवालाहरूका प्रतिनिधीहरूबाट समेत नगरको आवश्यकता तथा विकास प्राथमिकताका बारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त प्रश्नावलीको एक नमुना यसै पञ्चवर्षीय योजना दस्तावेजको अनुसुची खण्डमा समावेश गरिएको छ । प्राथमिक तथ्याङ्कबाहेक आवश्यक द्वीतिय तथ्याङ्कहरू पुतलीबजार नगरपालिका लगायत विभिन्न सरकारी निकायहरूका प्रकाशनहरू, प्रतिवेदनहरू, कार्यालयका रेकर्डहरू आदिबाट संकलन गरिएको थियो ।

परिच्छेद २

पुतलीबजार नगरपालिकाको वस्तुस्थिति

२.१ परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी अन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको प्रसिद्ध खोला आँधीखोलाको काखमा पुतलीबजार नगरपालिका रहेको छ । अविरल रुपमा बगिरहने पौराणिक महत्व बोकेको आँधीखोलाको साथै बाडखोला, अरौदीखोला, राङखोला, रयालेखोला, प्युरीखोला, सुरौदीखोला, रिङ्दीखोला, दरौंखोला, बैदीखोला जस्ता खोलाहरुले यस नगरपालिकाको शोभा बढाइरहेका छन् । लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको स्थापनापछि साविकको पुतलीबजार नगरपालिकाका सबै वडाहरु, साविकका टक्सार गा.वि.स., पौवैगौडे गा.वि.स., ठुलाडिही गा.वि.स., बहाकोट गा.वि.स., कोल्मा बराहचौर गा.वि.स. का सबै वडाहरु र राङभाङ (वडा १,२,३ र ९) र पेल्काचौर (वडा १,२,४,५,६,७ र ८) गा.वि.स.का आंशिक वडाहरुलाई समेटेर २०७३ साल फाल्गुन २९ गते पुतलीबजार नगरपालिका घोषणा गरिएको हो । हाल १४ वटा वडामा बिभाजित यस नगरपालिकामा स्याङ्जा जिल्लाको सदरमुकाम स्याङजा बजार समेत रहेको छ भने स्याङ्जा बजारको प्रगतिनगरमा यस नगरपालिकाको कार्यालय अवस्थित छ । प्रसिद्ध चण्डीस्थान मन्दिर, प्रसिद्ध चौबिसे राज्य सतहुँको राजधानी सतौंकोट, खर्सुलेक, गुणीखोला मन्दिर, कैलाश गुफा, हुनिकोट, नुवाकोट, भालुपहाडजस्ता प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल रहेको यस नगरपालिका साँस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्ला कै एक महत्वपूर्ण नगरपालिकाका रुपमा परिचित छ । यसको नामाकरण सम्बन्धमा हाल यस नगरपालिकाको वडा नं. ३ मा पर्ने पुतलीखेतमा विगतमा पुतली गह्रा नामको यस क्षेत्रकै एक ठूलो गह्रा रहेको थियो, जुन गह्रामा बाजागाजा सहित १०-१२ हल गोरुद्वारा रमाइलोसँग धान रोप्ने गरिन्थ्यो । पछि त्यही ठाँउमा बजार बसी समयसँगै बिस्तार हुँदै गयो र त्यो बजारलाई पुतलीखेत/पुतलीबजार भन्ने गरियो । एक समयमा पश्चिम ४ नम्बर नुवाकोटको मुख्य बजारको रुपमा यो बजार लामो समयसम्म स्याङ्जा जिल्ला र साविकको धवलागिरी अञ्चलको मुख्य व्यापारिक केन्द्रको रुपमा समेत रहेको थियो । त्यही पुतलीखेत बजारको नामबाट पुतलीबजार नगरपालिकाको नामाकरण गरिएको हो ।

२.२ भौगोलिक अवस्था

२.२.१ अवस्थिति

नेपालको गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको पूर्व उत्तरी भागमा अवस्थित पुतलीबजार नगरपालिका गण्डकी प्रदेशको राजधानी पोखरादेखि करिब ३४ कि.मी. दक्षिण पश्चिममा १ घण्टाको बस यात्राको दुरीमा अवस्थित छ । गण्डकी प्रदेशको राजधानी पोखरादेखि लुम्बिनी प्रदेशको बेलहिया नाकासम्म जोड्ने सिद्धार्थ राजमार्गले यस नगरपालिकालाई वीचबाट काटेको छ । यस सिद्धार्थ राजमार्गको पोखरा स्याङजा खण्डको भालुपहाड (पोखरा देखि २३ कि.मी.को दुरीमा अवस्थित) बाट सुरु भई हेलु (भीरकोट नगरपालिकाको सिमाना) सम्मको २६ कि.मी. दुरी यस नगरपालिकामा पर्दछ । ओगटेको छ । समुद्र सतहदेखि करिव ५५० मी. (प्युरी दोभान) देखि १९३१ मी. (खर्सुको लेक) सम्मको उचाइको भू–भागमा अवस्थित यस नगरपालिकाको पूर्व पश्चिम अधिकतम लम्वाइ २० कि.मी. र उत्तर

दक्षिण अधिकतम चौडाई १२.५ कि.मी. रहेको छ। यसको निरपेक्ष अवस्थिति २८° ०१' ५२" उत्तरी अक्षांशदेखि २८° ०९' ०४" उत्तरसम्म र ८३° ४७' ३७" पूर्वी देशान्तरदेखि ८४° ००' २९" पूर्वसम्म छ । पुतलीबजार नगरपालिकाको कुल क्षेत्रफल १४७.२१ वर्ग कि.मि. छ, जुन जिल्लाको क्षेत्रफलको झण्डै १२.६४ प्रतिशत भू–भाग हुन आउँछ।

यस नगरपालिकाको पूर्वमा कास्की जिल्लाको पोखरा महानगरपालिका र तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपालिका, पश्चिममा स्याङ्जा जिल्लाकै आँधीखोला गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका र भिरकोट नगरपालिका, उत्तरमा स्याङ्जा जिल्लाकै फेदीखोला, आँधीखोला गाउँपालिका र कास्की जिल्लाको पोखरा महानगरपालिका र दक्षिणमा स्याङ्जा जिल्लाकै भिरकोट नगरपालिका र विरुवा गाउँपालिका रहेका छन्। पूर्वतर्फ सुरौदीखोला, टुनीखोला, बाबियाडाँडा, साँदी/क्याङदी खोलाले सीमाना कायम गरेको छ भने पश्चिमी सीमामा काउदी/दरौंखोला, छहारीखोला, विभिन्न डाँडा भन्ज्याङ, खर्सु लेक आदि रहेका छन्। यसैगरी उत्तरमा सेतीखोला, भालु पहाड, नुवाकोट, धुवाँकोट वरपरका डाँडा भन्ज्याङ आदिले सीमाना कायम गरेका छन् भने दक्षिणमा पेल्काचौर, नकचु, कोल्मा वरपरका डाँडा तथा भन्ज्याङ साथै विभिन्न जंगलहरुले सीमाबद्ध गरेका छन्।

२.२.२ धरातलीय स्वरुप

पहाडी जिल्ला भएकाले यस स्याङ्जा जिल्लामै पहाडी पाखा, खोंच, टार, गल्छी, फाँट लगायतका भू–स्वरुपहरू पाइने भएकाले यस नगरपालिकामा पनि यस्तै किसिमका भूस्वरुपहरु रहेका छन्। नगरको करिब मध्य भाग भै बहने आँधीखोला यहाँको प्रमुख नदी/खोला हो जसका सहायक खोलाहरु बाडखोला, अरौदीखोला, राङखोला, सुम्रेखोला, जाडखोला, दरौंखोला/काउदीखोला, छहारीखोला/रिङ्दीखोला, गोलखोला, बैदीखोला, गुनीखोला, चिसाखोला, छोरेखोला, सेतीखोला, साङखोला आदि हुन् । आँधीखोलाको दायाँबायाँमा रहेका फराकिला फाँटहरूलाई चारैतिरबाट डाँडाकाँडाले घेरेर राखेको हुनाले यस क्षेत्र एक सानो उपत्यकाजस्तै देखिन्छ । त्यसैले यसलाई आँधीखोला उपत्यका समेत भन्न सकिन्छ । आँधीखोला सहित अन्य खोलाहरू जस्तै सुरौदीखोला, पिउरीखोला, टुनीखोला आदिले बनाएका फाँटहरुमा पाँगो माटोयुक्त समथर भू–भाग पाइन्छन भने भिराला डाँडाका काखमा मिलेर रहेका बारीका गह्रा तथा तानहरू रहेका छन्। पहाडी भू–बनोट भएकोले यस नगरपालिकामा मनसुनी वर्षा प्रशस्तै हुने गर्दछ।

यस नगरपालिकाको धरातलीय थप कुरा गर्नुपर्दा समुद्र सतहदेखि करीब ९०० मीटरभन्दा कम उचाइको क्षेत्र नदी बेंशी तथा समतल क्षेत्रले नगरपालिकाको जम्मा ४२.०८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यस अन्तर्गत आँधीखोला र सुरौदीखोला तथा यिनका सहायक खोलाहरुका किनारी क्षेत्रहरु पर्दछन्। आँधीखोलाबाट पूर्वतर्फ स्याङ्जा बजार, पुतलीखेत, कुमालगाउँ, साहुथर, लत्रेपिपल, गैरीखेत, प्रगतिनगर, बाडखोला, अरौंदीखोला किनार, गौतम डाँडा, हरीपाला, लकनतुम, विष्णु पँधेरो, तल्लो बर्जा, राङखोला बजार, जैसीडाँडा, पण्डितथोक, उनियाचौर, मायाटारी, बगालथोक, डिहिकुना, बेलवास, शंखपुर, जोगीफाँट, हेलुई लगायतका ठाउँहरू पर्दछन् । यसैगरी आँधीखोला पश्चिम तर्फ झापाकोट, खाल्टे, दरौंपारी, बडहरे, बेंशी, पुलको मुख, जामुने, रिङदीफाँट, ज्यामीरे, ताताखोला, रिङदीखोला किनार, गुरास्ती, सिस्नेरी, चारखुट्टे, सतौं हटिया, कुलबाँध, लामागे, स्यानीपोखरी, खोरबार, लामिछानेथर, पण्डितथर, बास्कोट, पात्ला, लोहोसे, बैदीखोला किनार, जोगीचौर, चिसाखोला किनार आदि पर्दछन्। टक्सार वरपरका भागहरुमा छापडाँडा, कदमे, आहाले, दाङ्लिङ, अरमति, पारीखोरिया, खलङ्गा, माने, हलहले, नुवार, कुसुन्डे, प्युरीदोभान आदि पर्दछन् भने ठुलाडिहिमा गैराखोर, सार्दीखोला, क्याङ्दीखोलाका किनारी भाग पर्दछन्। पौवेगौंडे अन्तरगत मझुवाखेत, सुरौदीखोला, बाडखोलाका किनारी भाग पर्दछन्। यी क्षेत्रका समतल भू-भागको उपयोग कृषि तथा बस्तीका लागि गरिएको छ।

यसैगरी ९०० देखि १४०० मीटरसम्मको उचाइ भएको टारी, पाखा तथा होचा डाँडाको भागलाई मध्य पहाडी भाग भन्न सकिन्छ जसले नगरपालिकाको सबैभन्दा बढी अर्थात ९१.४३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस अन्तर्गतका ठाँउहरुमा आँधीखोला पूर्वतर्फ गौतमडाँडा, थुम्की, लामडाँडा, काभ्रे, तोरदी, गैराखोर, चौर, हमालडाँडा, मुलकुटी, इद्रिश, राङकोस, गुनीखोलागाउँ, गोदारगाउँ, डुम्रीबोट, फापरडाँडा, बर्जा, राङदाङ, रातोपैरा, सुम्रेखोला गाउँ, गैरीजाँगर, करेण्डाँडा, फापरथुम, धुसेनी, आलेडाँडा, देवीस्थान, नागडाँडा आदि क्षेत्रहरु पर्दछन् । यसैगरी आँधीखोला पश्चिमतर्फ स्यानी बैदी, ठुलीपोखरी, गहते, जसपुर, भुजुङ्गे, सिरिन्डाँडा, चर्खजा, कोलडाँडा, पिडालुवारी, बनपाला, सेवादी, ओडारे, पिपलडाली, छुपा, डाँडाथर, आमडाँडा, कार्कीडाँडा, मेलवोट, धारापानी, सतौंगाउँ, फुलवारी, मैदान, खोर, सौह्रघर, सतौंकोट, हलीखोला गाउँ, बाहुनडाँडा, सातुपसल, नेवार भन्ज्याङ, यवादी, गैरीस्वाँरा, लौका, अरवादी, देउराली, मैनीखामा, नेपानेथर, हिरापाटा आदि ठाउँहरु पर्दछन् । टक्सार अन्तरगत पोखरीस्वाँरा, छापडाँडा, भक्याम्ले, चण्डीस्थान, टक्सार पर्दछन भने ठुलाडिहि क्षेत्रमा झग्रीडाँडा, नवलडाँडा, चनौटे, कलैंचे, मोहोरिया, गैया, भारकोट, हुँडी भन्ज्याङ, वाजपुर, मरसरघा, तारदी, नेवारवारी, ठुलाडिहि, पस्याङ, गीनेचौर आदि पर्दछन् । कोल्मा क्षेत्रमा काल्खु, नाम्चे, कमेरे भाग पर्दछन भने बहाकोट अन्तरगत धौवादी, बहाकोट, सिर्दि, डेङदी, अरवाङ, गाडाकोट, राङभाङको ज्यामिरे, पौवेगौंडे क्षेत्रमा चित्याङ, आहाले, वेसारथुम, पौवे, रतनपुर, चौर, दोभान, सिम्ले, डाँडाथर, धाडे, गौंडे, रानीस्वाँरा आदि क्षेत्रहरु पर्दछन् । यहाँका बू-स्वरूपको उपयोग ग्रामिण बस्तीका साथै फलपुल तथा मकै, कोदो, तोरी लगायतका खेतीपातीका लागि गरिएको छ भने केहि क्षेत्रमा वनजङ्गल रहेको छ ।

यसैगरी समुद्र सतहदेखि १४०० मीटरदेखि माथिको उचाइ भएको क्षेत्र उच्च पहाडी क्षेत्र हो जसले यस नगरपालिकाको १३.७ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । यस अन्तर्गतका ठाँउहरुमा पूर्व तर्फ बरडाँडा, कोल्मा बराहचौर क्षेत्र, पोखरीछाप, बजारथुम बन, चिरुवा, काउले, बाजपुर जंगल क्षेत्र, नुवाकोट, चण्डीस्थान, नकुचुडाँडा, पेल्काचौर, मनकामना, धिम्रिगाउँको माथिल्लो भाग, लुम्दी, रातो पहिरो पूर्व उत्तरी जंगल क्षेत्र, रानीस्वाँरा, इद्रिशको माथिल्लो जंगल क्षेत्र, भादगाउँ, खर्सुगाउँ, खर्सुको लेक आदि भू–भागहरु पर्दछन् । यस क्षेत्रको धेरै भाग वनजङ्गलले ढाकेको छ ।

२.२.३ हावापानी

यस नगरपालिकाको धरातलीय विभाजन अनुरुप यहाँ उष्ण, समशितोष्ण र शितोष्ण गरी मुख्य तीन प्रकारका हावापानी पाइन्छन् ।

२.३ प्राकृतिक स्रोत तथा सम्पदा

२.३.१ नदी प्रवाह प्रणाली

नेपालमा मनसुनी हावाको प्रभावको कारणले गृष्मयाममा प्रशस्त वर्षा हुन्छ । यस नगरपालिकामा पञ्चासे भञ्ज्याङको दक्षिणी भाग, डहरेको लेकको उत्तरीभाग, कार्कीनेटाको पूर्वी भाग, बिचारी चौताराको उत्तरी डाँडा, बाँगेकोट क्षेत्रको दक्षिणी भाग हुँदै बहने साना खोला खोल्सीहरुबाट उत्पत्ति भइ बहेर आउने आँधी खोला प्रमुख खोला हो भने यसका सहायक खोलाहरु स्थायी र अस्थाई रुपमा बगेका छन् । यस क्षेत्रमा बहने नदीको प्रवाह प्रणालीलाई वृक्षाकार प्रवाह प्रणाली मान्न सकिन्छ किनकि यस क्षेत्रका नदी तथा खोलाका शाखा तथा उपशाखाहरु रुखको हाँगाविंगा जस्तै चारैतर्फ स्वतन्त्र रुपले फैलिएका छन् । यी खोलाहरु प्रायः सबै आँधीखोलासँग मिसिन्छन् । यी खोलाहरुबाट विभिन्न साना तथा मझौला क्षमताका सिंचाइ तथा खानेपानीको आपूर्ति समेत गरिएको छ ।

आँधीखोलाका प्रमुख सहायक खोलामा बाडखोला, अरौदीखोला, राङखोला, सुम्रेखोला, जाडखोला, दरौखोला/काउदीखोला, गोलखोला, छहारीखोला/रिङ्दीखोला, बैदीखोला, गुनीखोला, चिस्यारखोला, छोरेखोला आदि पर्दछन् । यस बाहेक सुरौदीखोला, पिउरीखोला, टुनीखोला, साँदी/क्याङ्दीखोला आदि खोलाहरू पनि यहाँ रहेका छन् ।

२.३.२ वनस्पति तथा वन्यजन्तु

यस नगरपालिकामा वनजङ्गलको कूल क्षेत्रफल ५१.१२ वर्ग कि.मी. छ । यसप्रकार पुतलीबजार नगरपालिकाको कुल क्षेत्रफलको करीब ३४.७३ प्रतिशत भू–भाग वनजङ्गलले ओगटेको छ । यस नगरपालिकामा सदाबहार, पतझड तथा मिश्रीत प्रकारका वनस्पति पाइन्छन् । कम उचाइका क्षेत्रका नदी बेंशी इलाकाका आसपासमा रहेका अर्धोष्ण पतझड जंगलमा मुख्यतः साल, कटुस, चिलाउने, सिरिस, काफल, रकचन, दमौरो, उत्तिस, सिमल, बाँस आदि पाइन्छन् । त्यस्तै यहाँका मानव बस्ती र खेतीयोग्य जमिन वरिपरि विभिन्न किसिमका डाले घाँसका बोटहरु पाइन्छन् । यस प्रकारको जंगलबाट मूलतः दैनिक प्रयोगमा आउने वन्य पैदावारहरु जस्तै घाँस, दाउरा,स्याउला, काठ आदि उपलब्ध हुन्छन् । केही अग्ला डाँडाहरूमा भागमा भने मिश्रित पतझड जंगलको बाहुल्यता रहेको छ, जसमा कटुस, चिलाउने, टुनी, सल्ला, लाली गुराँस, खस्रु, काउलो, उत्तिस, निगालो, पैयु, मुसुरे कटुस, तेजपत्ता, मेल आदि जातका वनस्पतिहरु पाइन्छन् । यसको साथै यहाँ विभिन्न प्रकारका जडिबुटि/औषधीजन्य वनस्पतिहरू जस्तै सिल्टिमुर, पाखनवेद, टुसा, गुर्जो,चौटाजोर, गाईखुरे, शिकारीलहरो आदि पाइन्छन् । जैविक विविधताले सम्पन्न यस नगरपालिकामा विभिन्न प्रकारका जंगली जीवजन्तुहरुसमेत पाइन्छन् । यहाँका प्रमुख वन्य जीव जन्तुहरुमा बाघ, चितुवा, मृग, बाँदर, लंगुर, दुम्सी,लोखर्के, स्याल, फ्याउरो, चरीबाघ आदि पर्दछन् । यसका अलावा यहाँ चरा चुरुङ्गीहरुमा कालिज, तित्रा, काग, ढुकुर, चिवे, गिद्ध, लामपुच्छ्रे, भंगेरा, गौथली, लाटोकोसेरो, चमेरा आदि पाइन्छन् । यहाँका वन्य पैदावारबाट घर निर्माण सामाग्री, फर्निचर, प्लाईउड उद्योग र कागज उद्योग सञ्चालन गर्न सकिन्छ । यहाँको जंगलमा पाइने विभिन्न प्रकारका औषधिजन्य बहुमूल्य जडिवुटीहरु प्रशोधन गरेर आर्थिक उपार्जन गर्न सकिन्छ ।

२.३.३ माटो तथा खनिज

यस नगरपालिकाको धेरै भू–भाग पत्रे चट्टानद्वारा निर्मित छ । धरातलिय स्वरूप अनुरुप माटोको प्रकारमा पनि विभिन्नता पाइन्छ । भिरालो धरातलयुक्त क्षेत्रमा चट्टान फोस्रिएर बनेको खैरो, रातो, फुस्रो प्रकारको सुख्खा माटो पाइन्छ भने नदीघाँटी तथा नदी निर्मित मैदानी क्षेत्रमा बालुवा मिश्रित दोमट तथा पाँगो माटो पाइन्छ । कृषि उत्पादनका दृष्टिले चट्टान फोस्रीएर बनेको रातो, खैरो फुस्रो अवशिष्ट माटोको उर्वराशक्ति केही कम हुन्छ भने नदीघाँटी तथा नदी निर्मित मैदानी क्षेत्रमा पाइने दोमट तथा पाँगो माटोमा उर्वराशक्ति बढी रहेको पाइन्छ । खासगरि आँधीखोलाको दुवै किनारी क्षेत्र र आसपासको समतल क्षेत्रमा मलिलो उब्जाउशील पाँगो माटोको प्रधानता रहेको छ । यस प्रकारको माटोमा सिंचाई सुविधाद्धारा मूलतः धान, गहुँको खेती गरिन्छ । यहाँका अधिकांश मानव बस्ती रहेका, टारी, पाखाहरुमा पत्रे चट्टानद्धारा निर्मित खस्रो खालको माटो पाइन्छ । यस माटोमा मुख्यतया मकै, गहुँ, कोदो जस्ता बालीको उत्पादन गरिएको छ । यसको साथै तरकारी तथा फलफुल खेती गरिन्छ । सुन्तला, कफी, अलैंची जस्ता नगदे बालीका लागी पुतलीबजार नगरपालिका प्रख्यात छ । खनिजको कुरा गर्दा यस नगरपालिकाका विभिन्न क्षेत्रहरुमा ढुङ्गा, बालुवा, गिटी, चुनढुङ्गा, स्लेट आदि पाइन्छन् ।

२.४ भू–उपयोग तथा मानव बसोबास

२.४.१ भू–उपयोग

पुतलीबजार नगरपालिका ५५० मी. (प्युरी दोभान) देखि १९३१ मी. (खर्सुको लेक) सम्मको उचाइमा विभिन्न भौगोलिक स्वरुपमा बिस्तारित नगरपालिका हो । यहाँको धरातल, उचाई, हावापानी, माटो प्राकृतिक वनस्पती आदिका कारण यहाँका भौतिक र आर्थिक, सामाजिक एवम् साँस्कृतिक पक्षहरुमा विविधता पाइन्छ । यसले गर्दा यहाँको भू–उपयोगमा समेत गहिरो प्रभाव पारेको छ ।

यस नगरपालिकको आँधीखोलाको आसपासमा प्रशस्त कृषि भूमिको बिस्तार भएको छ । खासगरी आँधीखोला र सुरौदीखोलाको किनारी भागहरु नै कृषि योग्य बेंशीहरु हुन् । लामागेको फाँट, रिङ्गदी फाँट, तल्लोफाँट, सेराफाँट, बेरेनी फाँट, मायाटारी, लामीछानेटार, भिरबारी, फुलबारी फाँट, बरबोटफाँट, ठुलीवेसी फाँट, फापरखेत, गोठिङ् फाँट, पइराचौर, कामीचौर, जोगीचौर, गणेशचौर, झौरीखेत आदि यस नगरपालिकाको अन्न भण्डार नै हुन् । हाल कतिपय क्षेत्रका उर्वर भूमिमा अव्यवस्थित शहरीकरणको प्रक्रिया बढ्दै मानवबस्ती बनेका छन् । यी बेंशीहरुदेखि माथिल्लो उचाइ क्षेत्रमा मानव बसोवास र कृषियोग्य टारीखेतहरु फैलिएका छन् । यी क्षेत्रमा वर्षातमा सिचांई सुविधा उपलब्ध गराएर धानको खेती साथै मकै, कोदो, तरकारी तथा फलपुल खेती गरिदै आएको पाइन्छ भने हाल आएर सुन्तला, अलैची, कफी खेती तर्फ आकर्षण बढ्दो छ । यस नगरपालिकाको कृषि भूमि तथा बस्तीको क्षेत्रफल ८०.१२ वर्ग कि.मी. छ । यसले नगरपालिकाको कुल क्षेत्रफलको ५४.४३ प्रतिशत भू–भाग ओगटेको छ । यसैगरी झाडी क्षेत्रले ६.८५ बर्ग कि.मी. (४.६५%) ओगटेको छ ।

यस नगरपालिकाको करीब ३४.७३ प्रतिशत भू–भाग ओगटेको छ वनजङ्गल नगरबासीका विभिन्न खाले आवश्यकता पूर्ति गर्ने स्रोत बनेका छन् । यहाँ अधिकांश वन क्षेत्रहरूलाई नगरबासीले सामुदायिक वनको रूपमा संरक्षण तथा व्यवस्थापन गर्दै आइरहेका छन् । यस्तैगरी यस नगरपालिकामा घाँसे भूमिले ६.१३ वर्ग कि.मी (४.१६%) भू–भाग तथा भीर र पहराले ०.०८ वर्ग किमी (०.०५%) भू–भाग ओगटेको छ । नदी किनार तथा जलक्षेत्रले ०.६८ वर्ग कि.मी. अर्थात् ०.४६ प्रतिशत ओगटेको छ भने बलौटे तथा कंकड क्षेत्रले १.९२ वर्ग कि.मी. (१.३०%) क्षेत्रफल ओगटेको छ । पहाडी भू–भागमा अत्यन्त भिरालो जमिन भएको कारण नगन्य क्षेत्र ब्यारेन (नाङ्गो) तथा अन्य भूमिको रुपमा रहेको छ जसले कुल भू–भागको ०.३१ वर्ग कि.मी अर्थात् ०.२१ प्रतिशत भू–भाग ओगटेको छ ।

२.४.२ मानव बसोबास

स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजार अवस्थित पुतलीबजार नगरपालिकामा विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेकोछ । यस नगरपालिकामा ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, कामी, दमाइ, तामाङ, सार्की, भुजेल, नेवार, शाहि ठकुरी, गिरि/पुरी आदि जातिको मिश्रित बसोवास रहेको छ । यस मध्ये सबैभन्दा बढि ब्राम्हण २८.६१ प्रतिशत रहेका छन भने क्षेत्री १५.८३ प्रतिशत र गुरुङ १४.१३ प्रतिशत रहेका छन् । बसोबासको प्रकृतिको ,कुरा गर्दा प्रायः जनजातिहरुको बस्ती एकत्रित किसिमको छ भने अन्य जातिको बस्तीको ढाँचा केही छरिएको पाउन सकिन्छ । नगरपालिकाका सबै वडा केन्द्रहरु सडकमार्ग बाट जोडिएका छन् । हाल आएर नगरपालिका अन्तर्गतका सबै बस्ती हरुका पुराना गल्ली र वाटाहरुमा ट्र्याक खोलेर सवारी साधन आवतजावत गर्ने कालो पत्रे, ग्राभेल तथा धुले बाटाहरु निर्माण भइरहेका छन् । सिद्धार्थ राजमार्ग वरपरका बस्ती जोड्ने केही सडकहरु कालोपत्रे बनेका छन् । बस्ती र बाटाहरुको वीचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । बस्तीमा आवत जावत गर्न कुनै न कुनै प्रकारको सानो बाटो पुगेकै पाइन्छ । शहरी भेगमा जस्तो नगरपालिकाको ग्रामीण क्षेत्रमा फराकिला, कालोपत्रे र पूर्णरुपमा ढलान गरेका सडकहरु

छैनन् । यस नगरपालिका भित्रका बस्तीहरु मध्ये कुनै साना छन् भने कुनै बस्तीमा जनसङ्ख्या धेरै छ । यसको साथै कतिपय बस्तीहरु छरिएर रहेका छन् । छरिएर रहेका घर बस्तीहरुलाई एकत्रित गर्न सकेको खण्डमा वाटो, खानेपानी, विद्युत्त, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा र सुविधाहरुको पहुँच वृद्धि गर्न सकिने देखिन्छ ।

यो नगरपालिकामा पहाडी ग्रामिण क्षेत्रको बस्ती तथा बसोवास धेरै छ । नगरपालिकाको वस्तुगत विवरण, २०७५ अनुसार यहाँका अधिकांश घरहरुका छाना जस्तापाता ७१.० प्रतिशत, ढलान २३.९ प्रतिशत, ढुङ्गा ३.२ प्रतिशत र खर २.२६ प्रतिशत रहेका छन् । ढलान घरहरुको संख्या शहरी वडाहरुमा बढी रहेको छ । यहाँका शहरी क्षेत्रका अधिकांश घरहरु भवन निर्माण मापदण्ड अनुसार निर्माण भएका छन् भने ग्रामिण क्षेत्रका भवनहरु उक्त मपदण्ड अनुसार निर्माण नभएको पाइन्छ । प्रायजसो भवनहरु भवन मापदण्ड अनुरुप छैनन् भने कतिपयलाई भवन मापदण्ड सम्बन्धी ज्ञानै छैन् । तसर्थ यहाँका जनताहरुलाई भवन निर्माण गर्दा यस सम्वन्धी ज्ञान विज्ञद्धारा गराउनु पर्ने देखिन्छ । भवन (घर) हरु निर्माण गर्दा भुकम्प प्रतिरोधी हुनुपर्दछ । यहाँ भुकम्प प्रतिरोधी घरहरु ज्यादै कम छन् । घरको स्वामित्वको हिसावले यस नगरपालिकामा ९८ प्रतिशत घरहरु निजी, १.४ प्रतिशत भाडामा, ०.१ प्रतिशत संस्थागत र ०.३ प्रतिशत अन्य रहेका छन् ।

२.४.३ भू–स्वामित्वको अवस्था

पुतलीबजार नगरपालिका भित्रको भूमि विभिन्न कार्यमा प्रयोग हुँदै आएको छ । यहाँका अधिकांश मानिसहरु खाद्यान्न, फलफूल खेती, तरकारी, घाँस, काठ, जडिबुटी, पशुपालन लगायत विभिन्न व्यावसायिक तथा आर्थिक उपार्जनका क्रियाकलापमा संकग्न भई जीवन निर्वाह गर्ने गर्दछन् । युवाशक्ति वैदेशिक रोजगारमा गएको कारण जनश्रमको अभाव, प्राकृतिक प्रकोप, सिचाँई सुविधाको अभाव, मल–बीऊको अभाव र परम्परागत कृषि पद्धति आदि कारणले गर्दा कृषि उत्पादनमा ह्रास भई रहेको छ । यसले गर्दा भूमिबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन ।

२.५ सामाजिक तथा सांस्कृतिक अवस्था

पुतलीबजार नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसङ्ख्या, बसाँइसराइँ, वैदेशिक रोजगारी, जातजाति, भाषाभाषी, चाडपर्व तथा जात्रा, धर्म, भाषाभाषी तथा भेषभुषा, साक्षरता तथा शैक्षिक स्थिति, साक्षरता एवम् स्वास्थ्य सम्बन्धी विवरण समावेश गरिएको छ ।

२.५.१ जनसाङ्ख्यिक स्थिति तथा वितरण

यस पुतलीबजार नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार यस नगरपालिका भित्र जम्मा ९९५५ परिवारहरू रहेका छन् । यसैगरी यस नगरपालिकाको कूल जनसङ्ख्या ५६२६२ रहेको छ जसमध्ये २७३७४ महिला (४८.६५%) र २८८८८ (५१.३५%) जना पुरुष रहेका छन् । जम्मा ९९५५ घरधुरी हरू मध्ये ७५८२ परिवारमा घरमुली पुरुष र २३७३ परिवारमा घरमुली महिला रहेका छन् । नगरपालिकाको औसत परिवार संख्या ५.६५ रहेको छ । पुतलीबजार नगरपालिकामा आर्थिक रुपले सक्रिय र निश्क्रिय जनसंख्या हेर्दा जम्मा सक्रिय १५ देखि ५९ वर्ष समुह ६७.५९ प्रतिशत रहेका छन् भने बालबालिका र बृद्धको जनसङ्ख्या ३२.४१ प्रतिशत छ ।

२.५.२ बसांइसराईको वर्तमान अवस्था

यस नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार बाहिरबाट यस नगरपालिकाभित्र बसाइँ सराइ गरि आएको देखिँदैन भने यस नगरपालिका भित्रबाट ३२५ जना बसाँइसराँइ गएको देखिन्छ, जस मध्ये १५८ महिला र १६७ जना

पुरुष रहेका छन् । यसका अलावा यस नगरपालिका भित्र जम्मा ५६६७ जना वैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ । जसअनुसार ६३८ महिला र ५०२९ पुरुष छन् । पारिवारिक सर्वेक्षणका तथ्यांक अनुसार सबैभन्दा बढी ९८० जना भारतमा, ९२५ जना कतारमा, ७३७ जना दुवई र ७४५ जना साउदी र बाँकी अन्य देशमा रोजगारीका सिलसिलामा देश बाहिर कार्यरत छन् ।

२.५.३ चाडपर्व तथा जात्रा

यस नगरपालिकामा विभिन्न किसिमका चाडपर्व, मेला तथा जात्राहरु मनाउने गरिन्छ । यहाँ मनाइने प्रमुख चाडपर्वहरूमा दशैं, तिहार, ल्होछार, ईद, माघे संक्रान्ति, चैत्र दशै, बुद्ध जयन्ती, हरितालिका तीज, श्रीकृष्टण जन्माष्टमी, जनै पूर्णिमा, शिवरात्री, नाग पञ्चमी, श्रीपञ्चमी,ऋषिपञ्चमी, फागु पूर्णिमा आदि रहेका छन् । यस्ता चाडपर्वमा नगरका विभिन्न ठाउँमा मेला लाग्ने तथा जात्रा देखाउने गरिन्छ ।

२.५.४ धर्म, भाषाभाषी तथा भेषभूषा

पुतलीबजार नगरपालिकाको वस्तुगत विवरण, २०७५ का अनुसार यस नगरपालिकाभित्र विभिन्न धर्म मान्ने मानिसहरुको बसोबास रहेका छन् । नगरको कूल जनसङ्ख्यामा हिन्दू धर्मावलम्बी ८४.५२ प्रतिशत (४७५५५), बौद्ध १२.९२ प्रतिशत (७२६७), इस्लाम धर्मावलम्बी १.८४ (१०३६), बोन ०.५४ प्रतिशत (३०५) र क्रिश्चियन धर्मवालम्बी ०.१८ प्रतिशत (९९) रहेका छन् । यसैगरी विभिन्न भाषाभाषी समूहमा नेपाली भाषा बोल्ने ३९६११ (७०.४०%), गुरुङ ७९४१ (१४.११%), मगर ६१०३ (१०.८५%), नेवारी १५४२ (२.७४%), मुस्लिम १०३६ (१.८४%) र थारु २९ (०.०५%) रहेका छन् । यी विभिन्न जातजातिहरुका आ–आफ्नै जातीय भेषभूषा तथा खानपिन रहेका छन् ।

२.५.५ साक्षरता र शैक्षिक अवस्था

पुतलीबजार नगरपालिकाको ५ वर्ष भन्दा माथिको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण हेर्दा कुल साक्षर मध्ये साक्षर जनसङ्ख्या ४६६१, आधारभूत तह अध्ययन गरेको जनसङ्ख्या १५६२८, मा.वि तह (९–१०) को जनसङ्ख्या ११०३८, मा.वि तह (११–१२) को जनसङ्ख्या ८३४५, स्नातक तह अध्ययनरत ३३९९, स्नातोकोत्तर तह अध्ययन गरेको जनसङ्ख्या १३८१, अन्यमा ४१ अनौपचारिक शिक्षा प्राप्त जनसङ्ख्या ५६५ रहेको छ भने तह नखुलेको जनसङ्ख्या ४२१ रहेको पाइन्छ ।

यस नगरपालिकामा सामुदायिक आधारभुत विद्यालय ५३, सामुदायिक मा.वि १६, निजी मा.वि. १२, निजी आधारभुत ३ र वेद विद्याश्रम १ रहेका छन् । त्यसै गरि नगर भित्र ८ ओटा बाल विकास केन्द्रहरु रहेका छन् भने समुदायमा आधारित बाल विकास केन्द्रहरु ८ ओटा, सामुदायिक सिकाई केन्द्र ६ ओटा र मदर्सा ५ ओटा रहेका छन् । नगर भित्र वडा नं. १ मा सञ्चालनमा रहेका २ ओटा क्याम्पसहरु त्रिभुवन बहुमुखी क्याम्पस र स्याङ्जा बहुमुखी क्याम्पस रहेका छन् जहाँ स्नातक तथा स्नातकोत्तर तहको अध्ययन अध्यापन गराइन्छ ।

पुतलीबजार नगरपालिकाका सम्पूर्ण तहका विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिका संख्या जम्मा ४३८ जना रहेका छन् । नगर भित्रको तहगत शिक्षक विवरण हेर्दा प्रा.वि. मा २६३ शिक्षक, नि.मा.वि. मा ८५ शिक्षक, मा.वि.मा ७१ र उ.मा.वि.मा १९ शिक्षकहरु कार्यरत रहेको पाइन्छ । जस अन्तर्गत प्रथम श्रेणीका ९, द्धितिय श्रेणीका १४१, तृतिय श्रेणीका १३६, अस्थायीमा कार्यरत ९०, राहतमा ४३, दरबन्दिमा ८ र अनुदानमा कार्यरत शिक्षक संख्या ११ रहेको छ ।

२.५.६ स्वास्थ्य सेवा र सुविधाको अवस्था

यस पुतलीबजार नगरपालिकामा एक २५ बेड क्षमता भएको सरकारी जिल्ला अस्पताल रहेको छ। यसैगरी नगरभित्र स्वास्थ्य चौकीको संख्या १०, वर्थिङ सेन्टर ४, आयुर्वेद अस्पताल १, सहरी स्वास्थ्य केन्द्र ३, खोप क्लिनिक ३५, भिसिटि केन्द, गाँउघर क्लिनिक २७ रहेको छ भने टि.बी. उपचार केन्द्र ६ वटा रहेका छन्। त्यसैगरी नगरपालिका भित्र महिला स्वास्थ्य स्वयं सेविकाको संख्या १०१, स्वास्थ्यकर्मी ७२, स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको संख्या ४८२, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउनेको संख्या पनि ४८२ नै रहेको छ भने सि.ई.ओ.सी (अपरेसन सेवा) उपलब्ध संख्या १, गर्भवति जाँच पहिलो पटकको संख्या ९३९ छ भने चौथो पटक जाँचको संख्या ६१६ जना रहेको पाइन्छ। त्यसैगरि स्वास्थ्य इकाइको संख्या ३ रहेको छ, र यस नगरपालिकाका मानिसहरुको औसत आयु ६८ वर्ष रहेको पाइन्छ, जसमा पुरुषको औसत आयु ६८.६६ वर्ष छ भने महिलाको ७१.८ वर्ष रहेको छ भने शिशु मृत्युदर प्रति हजारमा ३२ जना रहेको पाइन्छ। यसैगरी शारिरिक अपाङ्ग १८१, दृष्टिविहिन/श्रवण दृष्टिविहिन ७५, बोल्न नसक्ने ७६, सुस्त श्रवण ४१, सुस्त मनस्थिति ४० र बहु अपाङ्गता १९ जना रहेका छन्।

२.६ आर्थिक अवस्था र क्रियाकलाप

यस नगरपालिकाको वस्तुगत विवरण २०७५ का अनुसार यस गाउँपालिकामा परिवारको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ, जसमा ६६७१ परिवारमा (६७.०१%) संलग्न छन। यसैगरी वैदेशिक रोजगारीमा १०१३ (१०.१८%), सरकारी सेवामा ११८४ (११.८९ %), जागिरमा २३५ (२.३६%) ज्याला मजदुरीमा २०१ (२.०२%), उद्योग/व्यापारमा ६५१ (६.५४%) घरपरिवार आवद्ध रहेका छन्।

२.६.१ कृषि तथा कृषियोग्य भूमि

पुतलीबजार नगरपालिकाको कूल भू–उपयोग मध्ये कृषि भूमि तथा बस्तीले ८०.१२ बर्ग कि.मि. अर्थात् ५४.४३ प्रतिशत भू–भाग ओगटेको छ। नगरपालिकाको आँधिखोला र यसका सहायक खोलाका साथै सुरौदीखोलाका किनारी क्षेत्रहरु, विभिन्न टारी पाखाहरुमा कृषि योग्य भूमि रहेका छन्। हाल युवा जनशक्ति नगरपालिका बाहिर बसाँइसराई गरी गएकाले कतिपय स्थान बाँझो छोडिएका छन्। यसको साथै कृषिमा आकर्षण हुने नीति नियम बनाएमा यस्तो बसाँइसराइको प्रवृत्ति रोक्न सकिन्छ। यसको लागि कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गर्नु नितान्त आवश्यक छ।

२.६.२ कृषि उत्पादन

यस नगरपालिकाको वस्तुगत विवरण २०७५ का अनुसार यस नगरपालिकामा आर्थिक वर्ष २०७३/०७४ मा कृषि उत्पादनमा अन्नवाली अन्तर्गत मुख्य धान, मकै, गहुँ, कोदो रहेका छन् जसमा धान २९७३ हेक्टर क्षेत्रफलमा ७४३२५ क्विन्टल, २३९३ हे. मा ६५८६० क्विन्टल मकै, २७३५ हे. मा ५४७०० क्विन्टल कोदो र गहुँ १५३३ हे.मा ३०६६० क्विन्टल उत्पादन भएको छ। त्यसैगरी ४८७ हे. मा ९७४० क्विन्टल दलहन वाली जस्तै वोडी, मास, सिमी, मस्याङ र मसुरो उत्पादन भएको थियो। तेलहन वालि अन्तर्गत तोरी र सूर्यमुखी पर्छन जस्को ४२६ हे.मा उत्पादन ८५२० क्विन्टल छ। त्यसै गरि आलु, प्याज, काउली, भन्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग आदीको उत्पादन ७३६ हे.मा करिब १४७२० क्विन्टल रहेको छ। फलफुल अन्तर्गत केरा, आप, सुन्तला, नासपति, भुँइकटहर, कफी, अलैची आदीको उत्पादन २७८७ हे. क्षेत्रफलमा ६९६७५ क्विन्टल रहेको छ।

२.६.३ पशुपालनको अवस्था

यस नगरपालिकामा पशुपालनको रुपमा भैसी, गोरु, गाई, बाख्रा, भेडा, कुखुरा, सुँगुर आदि पालिएको छ । ती मध्ये अधिकांश घरमा नै बाँधेर पाल्ने गरिन्छ ।लेंकका विभिन्न ठाउँमा भैंसी तथा भेडा बाख्राका गोठहरु विस्तारै घट्दै गएका छन् । विभिन्न ठाउँका किसानहरु कुखुरापालन व्यवसायतर्फ आकर्षित भएको देखिन्छ । वस्तुगत विवरण २०७५ अनुसार यस नगरपालिकामा गाइगोरुको संख्या २५१९, भैसीराँगा ७३४३, बाख्रा १६१२६, भेडा १३३, सुंगुर/बंगुर ३८१ र खरायोको संख्या २२ रहेको छ । यसैगरी कुखुरामा ब्रोइलरको संख्या ३९,५६१, लेयर्स ८२८५, स्थानीय लोकल १०,४०३, गिरीराज २४०१, हाँस ३०, माछा ३४५२ र मौरी घारको संख्या ७५० रहेको छ ।

२.६.४ कृषि तथा पशु सेवा केन्द्र

यस नगरपालिकाको कार्यालयमा बाहेक वडा नं. ५ मा कृषि शाखा तथा पशुशाखा सञ्चालनमा रहेका छन् । यी शाखा तथा सेवा केन्द्रहरुबाट नगरपालिकामा कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउँदै आएका छन् । कृषिको महत्वलाई उजागर गर्ने उदेश्य र कृषिलाई प्रवद्र्धन गर्न हालै गण्डकी प्रदेश सरकारले कृषि ज्ञानकेन्द्र यसै नगरपालिकाको वडा नं. १ मा स्थापना गरेको छ ।

२.६.५ गैर कृषि आर्थिक कृयाकलाप

पुतलीबजार नगपालिकाको प्रमुख आर्थिक क्रियाकलाप कृषि हो । यहाँका प्रमुख गैरकृषि आर्थिक क्रियाकलाप अन्तर्गत सरकारी जागिर, उद्योगव्यापार,वैदेशिक रोजगारी, अज्य जागिर, ज्याला मजदुरी, आदि रहेका छन् ।

क) घरेलु तथा साना उद्योग

यस नगरपालिकामा परम्परागत रुपमा चोयाको डोको, डालो, नाङ्गलो, नाम्लो, थुन्से, स्याखु, भकारी, चित्रो आदि घरायसी सामाग्रीहरु बनाउने गरिन्छ । पछिल्लो समयमा ढुङ्गा काट्ने, ब्लक बनाउने, फर्निचर बनाउने, कुटानी पिसानी, धुप, मैनबत्ति बनाउने, मेटल उद्योग, कागज, माटाका भाँडा बनाउने उद्योगहरु सञ्चालनमा आएका छन् ।

ख) ग्रामीण पर्यटन तथा घरवास

यस नगरपालिकामा पर्यटनको विकासका लागि विभिन्न गाउँ तथा बस्तीका मानिसहरुले होमस्टे संचालन गर्दै आइरहेका छन् । यसका लागि यस नगरपालिकाको अलावा गण्डकी प्रदेश सरकारले पनि सहयोग गर्दै आएको छ ।

ग) वित्तीय संस्थाहरु र सहकारीहरू

पुतलीबजार नगरपालिकामा नेपाल राष्ट्रबैङ्कद्वारा स्वीकृत प्राप्त ‘क’ वर्गका” र ‘ख’ वर्गका” बैङ्कहरु साथै फाइनान्स कम्पनी एवम् विभिन्न प्रकृतिका सहकारीहरु संस्थाहरूले पनि बित्तीय कारोवार गर्दै आएका छन् । यसबाट यस नगर क्षेत्रका सबै मानिसहरुले सुविधा प्राप्त गरेका छन् । खासगरि बैंकहरु बजारी क्षेत्रमा केन्द्रित छन भने सहकारी संस्थाहरु शहरी तथा ग्रामीण दुवै ठाउँहरुमा छरिएर रहेका छन् । स्याङ्जा बजारमा रहेका ‘क’ वर्गका वाणिज्य बैंकहरुमा नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, एभरेष्ट बैंक, माछापुच्छ्रे बैंक, मेगा बैंक तथा प्राइम कमर्सियल बैंक साथै ‘ख’ वर्गका विकास बैंकहरुमा मुक्तिनाथ विकास बैंक, गरिमा विकास बैंक, र लुम्बिनी विकास वैकं रहेका छन् । यसैगरी यहाँ सञ्चालित अन्य वित्तीय संस्थाहरूमा यसै नगरपालिकामा केन्द्रीय कार्यालय रहेको राष्ट्रियस्तरको सूर्योदय लघुवित्त, उन्नती माइक्रो फाइनान्स, निर्धन उत्थान लघुवित्त, छिमेक लघुवित्त, डिप्रोक्स लघुवित्त, कालिका माइक्रो फाईनान्स आदि रहेका छन् ।

२.६.६ पारिवारिक आय व्ययको अवस्था

पुतलीबजार नगरपालिकाका प्राय सबै वडाहरुमा प्रमुख पारिवारिक आम्दानीका स्रोतहरु कृषि तथा पशुपालन, वैदेशिक रोजगार, नोकरी तथा पेन्सन रहेका छन् भने व्यापार, पर्यटन, उद्योग तथा ज्यालामजदुरी पनि आम्दानीका अन्य स्रोतका रुपमा रहेका छन् । यसैगरी यस नगरपालिकाले बिपन्नता स्तरीकरणको अध्ययन समेत गरेको छ । यसअनुसार अति गरिब (६.९५ %), गरिब (२३.७५ %), मध्यम (५८.३५ %), र सम्पन्न (१०.९५ %) गरि घरधुरीलाई छुट्टयाइएको छ

२.७ खानेपानी तथा सरसफाईको अवस्था

पुतलीबजार नगरपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भएता पनि व्यवस्थित रुपमा सबै घरघरमा पुगेको छैन । सबै वडामा खानेपानी योजना संचालन भएका छन् । पुतलीबजार नगरपालिका वस्तुगत विवरण २०७५ को प्राप्त तथ्यांक अनुसार पाइप धाराको पानी प्रयोग गर्ने परिवार ९४९७ रहेका छन् भने ३८२ परिवारले मुल, १० परिवारले नदीखोला, ५१ परिवारले कुवा, १३ परिवारले नढाकिएको कुवा २ परिवारले अन्य घरबाट ल्याउने बताएका छन् । खानेपानी ल्याउन लाग्ने समय अनुसार घरमै भएको ७७.८५ प्रतिशत, १५ मिनेट सम्मको दूरीमा १६.०३ प्रतिशत, ३० मिनेटसम्म ३.४५ प्रतिशत र ३० मिनेटभन्दा बढी २.६७ प्रतिशत घर परिवार रहेका छन् । यसैगरी सेफ्टी टेंकी भएको शौचालय प्रयोग गर्ने घरहरु ७३.५९ प्रतिशत, साधारण शौचालय प्रयोग गर्ने १४.८८ प्रतिशत, गोबर ग्याँस जडित शौचालय ८.०२ प्रतिशत, फ्लस भएको ०.२३ प्रतिशत, सेप्टिटेङ्क नभएको ०.१५ र शौचालय नभएको परिवार संख्या ३.१३ रहेको छ । यसरी हेर्दा नगरपालिकालाई पूर्ण दिसा मुक्त क्षेत्र भन्न नमिल्ने अवस्था देखिन्छ ।

पुतलीबजार नगरपालिकाका वडामा विभिन्न टोल विकास संस्थाहरुको शुरुवात भएको छ । ती टोलविकास संस्थाहरुले सरसफाईको क्षेत्रमा कार्यहरु गर्न सुरुवात गरेका छन् । कतिपय वजार क्षेत्रहरुमा फोहोर मैला व्यवस्थापन राम्रोसँग भएको छैन ।

२.८ विद्युत, इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था

नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार जम्मा ९९५५ घरधुरीमध्ये बत्तीको प्रयोगको आधारमा बिजुली प्रयोग गर्ने परिवार संख्या ९८.४८ प्रतिशत, मट्टीतेल प्रयोग गर्ने परिवार ०.७ प्रतिशत र सोलार प्रयोग गर्ने परिवार ०.८ प्रतिशत रहेको छ । यसैगरी यस नगरपालिकाका वस्तुगत विवरण २०७५ अनुसार नै दाउरा प्रयोग गर्ने घर परिवार ३५.५० प्रतिशत, एलपि ग्याँस ६४.५० प्रतिशत, दाउरा र एलपि ग्याँस ३६.२६, दाउरा साथै वायोग्याँस ६.०९ प्रतिशत, दाउरा साथै बिजुली ६.५० प्रतिशत घरपरिवार रहेका छन् ।

२.९ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

पुतलीबजार नगरपालिकामा वातावरण तथा प्राकृतिक प्रकोप तथा विपद् विभिन्न वडाहरुमा परेको छ । विगत ५ वर्ष भित्रमा सबैभन्दा वढी भूकम्प तथा असिनाबाट प्रभाव परेको छ । बाढी पहिरोबाट पनि विभिन्न खोला किनारी क्षेत्रहरु र अन्य क्षेत्रहरु प्रभावित हुँदै आएका छन् । नगरपालिकाका केही वडाहरुमा बाँदरको समस्या रहेको छ । बाँदरले लगाएको अन्नबाली, तथा फलफूल नाश पारी दिने हुनाले यसको उचित व्यवस्थापन गर्ने तर्फ ध्यान जानु जरुरी छ । नगरपालिका भित्र विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरु रहेका छन् ।

पुतलीबजार नगरपालिकामा वातावरण अन्तरगत फोहोर मैला व्यवस्थापनमा पनि विभिन्न उपाय अवलम्बन गरिएको छ। जसमा खाडलमा फाल्ने परिवार १९५४, कम्पोयट मल बनाउने परिवार १३७०, आफ्नै कम्पाउण्डमा १२७२ परिवार , नदी वा खोलामा फाल्ने १२७३ परिवार, थुपार्ने ठाउँमा राख्ने ६ परिवार र निश्चित ठाउँ नभएको परिवार १२९७ रहेका छन्। तसर्थ यहाँ व्यवस्थित रुपमा फोहरमैलाको लागि व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

२.१० यातायात तथा परिवहनको सुविधाको अवस्था

पुतलीबजार नगरपालिकामा पक्की सडक सिद्धार्थ राजमार्गमा २६ कि.मि. रहेको छ। यस नगरपालिकाभित्र राष्ट्रिय राजमार्ग, रणनीतिक सडक, स्थानीय पक्की तथा कालोपत्रे सडक, ग्राभेल गरिएको सडक, कच्ची सडक/मौसमी सडक मिलेर एक बृहत सञ्जालको विकास हुँदै आएको छ। न.पा. कार्यालयको रेकर्ड अनुसार आ.व. २०७६/७७ को अन्त्य सम्ममा यस नगर सडक सञ्जालको कुल लम्बाई ६१५ कि.मी. पुगेको छ जसमा राष्ट्रिय राजमार्ग बाहेक कालोपत्रे/पक्की सड्क ५७ कि.मी. रहेको छ। यस नगर सडक सञ्जालमा आठ वटा मुख्य रणनीतिक सडक रहेका छन भने २४० भन्दा बढी लामा छोटा स्थानीय सडकहरू रहेका छन्। यसैगरी यस सडक सञ्जालमा रहेका मोटरेबल पुलहरुमा अरौदी पुल, लगनतुम छिप्पेहटिया पुल, बाडखोला पुल, आँधीखोला पुल पुतलीखेत, गुणीखोला पुल, गुणीखोला पुल, पुतलीखेत, पौवैखोला, ढडुवा, बैदीखोला पुल, कान्छी बजार, थुम्की, सिदार्थ हाईवे पुल राङ्गखोला, हेलु जोगीफाँट, आँधीखोला पुल लाम्पाटा, रिङदी मोटर पुल, सुरौदी खोला, लगनतुम हटीया आदि हुन्। झोलुंगे पुलहरुमा भुण्टे रह (लामागे), सिम्ले, दोभान पु.ब.न.पा. ५, सिहाले देवानचोक, गैरीखेत पु.ब.न.पा. ३,ढुङ्गयान ,चाम्ले, तोरादी दोभान, दोभान पु.ब.न.पा.७, आरेखोला, पंदाले, ठूलाडिही, एक्लेपिपल, खल्लुबोट, जोगीफाँट, बल्याङ्ग, गैरीजागर, हर्दसखोला, उनियाचौर, ब्लाङ पुल, बायाखोला, चम्डिल्ला, बरजा कुलबाँध, प्युरी दोभान, ढुङ्गा झुण्डाउने पु.ब.न.पा.६, लामागे हरिहर मन्दिर, पोवैखोला पुल, ओमादी खोला पुल, दुइघरे पुल पु.ब.न.पा. ४ र १४, जोरी ढुङा पु.ब.न.पा. ४ आदि रहेका छन्। यस बाहेक विभिन्न ठाउँहरुमा कल्भर्ट रहेका छन्।

नगरपालिका क्षेत्र हुँदै सिद्धार्थ राजमार्गमा गएकाले यहाँ लामा तथा छोटो दुरीका सवारी साधनहरु संचालनमा रहेका छन् भने ग्रामिण वडाहरुमा समेत सवारी साधनहरु संचालनमा रहेका छन्। नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार निजी टेम्पो १४ वटा, सार्वजनिक भाडाका २६ सवारी साधनहरु रहेका छन्। नगर क्षेत्रभित्र रुट परमिट लिएर संचालन भएका सवारी साधनहरु स्याङ्जा बजारबाट राङभाङ, नयाँबजार पौवैगौडे, टक्सार, ठुलाडिही, वाहाकोट, कोल्मा, पेल्काचौर, सतौ, सातुपसल, धोवादी आदि स्थानहरुमा बससेवा संचालित छ। स्याङजा बजार, गण्डकी वसपार्क रहेको छ भने बस स्टेशनहरुमा घुम्तीबजार, वाड्खोला, नौडाँडा, पौवैगौडे, नया वजार, हटिया, बाडखोला, टक्सार,ठुलाडिही, मर्चाबारी, मेथाभुरुङ्ग, टोड्के, कोल्मा, राङ्खोला, लुम्दी, बगालथोक, पेल्काचौर, करेन्डाँडा, सातुपसल, तोरीखोला, सतौ, लामागे आदि रहेका छन्।

२.११ विद्युत, सूचना तथा सञ्चारको पहुंच

पुतलीबजार नगरपालिकाकाभरी विद्युतीकरण भएको छ। विद्युतीकरणसम्बन्धी विवरणमा ग्राहस्थ लाइन संख्या ९७८७, औद्योगिक लाइन संख्या १३, व्यापारिक संख्या ४०, मन्दिरमा वितरित संख्या ६७ , खानेपानी को लागि वितरित संख्या २ र स्विचिङ स्टेशन २ रहेका छन्।

विभिन्न ठाउँहरुमा टेलिफोन, एफएम, रेडीयो, पत्रपत्रिका, इन्टरनेट, हुलाक कार्यालय, टेलिभिजन आदिमा पहुँच रहेको छ । तर नगरका सबै ठाउँमा यी सुविधाहरु पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् । खासगरि सदरमुकाम तथा शहरी क्षेत्रमा सूचना तथा सञ्चारको सुविधा छ भने ग्रामिण क्षेत्रमा त्यति भरपर्दो छैन् । यहाँ रहेका हुलाक सेवा केन्द्रहरुमा जिल्ला हुलाक कार्यालय स्याङ्जा, अतिरिक्त हुलाक कार्यालय पौवैगौडे, अतिरिक्त हुलाक कार्यालय टक्सार, अतिरिक्त हुलाक कार्यालय ठुलाडिही, अतिरिक्त हुलाक कार्यालय वहाकोट र अतिरिक्त हुलाक कार्यालय पेल्काचौर रहेका छन् । नगर वस्तुगत विवरण २०७५ का अनुसार नगरमा ४३२ टेलिफोन लाइन, ४ मोवाइल टावर जी.एस.एम., ४५५ जी.एस.एम. पोस्टपेड मोवाइल, १०९०९ जी.एस.एम. प्रिपेड मोवाइल, १८ स्काइ पोष्टपेड मोबाइल र ४५ स्काइ प्रिपेड मोबाइल रहेका छन् ।

२.१२ बजार, खेलमैदान, पार्क तथा मनोरञ्जन स्थलहरु

पुतलीबजार नगरपालिकामा विभिन्न वडाहरुमा खेलमैदान रहेका छन् । मालेबगर खेलमैदान यहाँको मुख्य रंगशालाको रुपमा विकास गर्न थालिएको खेलमैदान हो । यस नगरभित्र रहेका विभिन्न विद्यालयहरु तथा वडाहरुमा रहेका खेलमैदान रहेका छन् । जस अन्तर्गत हुनीकोट खेलमैदान, बराहगुठी खेलमैदान चिरुवा, ज्यामीरे खेलमैदान, भैसेगौंडा खेल मैदान, राङ्दाङ खेल मैदान, गोदारगाउ खेलमैदान, गोटीखेल्ने खेलमैदान हमालडाँडा, चन्दनीडाँडा खेलमैदान कुमाल गाउँ, छोरेखोला खेल मैदान नागडाँडा, रामकोश चिसापानी खेलमैदान, वन्दी कुना खेलमैदान, कटुन्जे चौर खेलमैदान, पिपल चौतारा खेलमैदान बुढाखोला, ढाडे खेलमैदान, सिद्धार्थ युवा क्लब खेल मैदान वछिमडाँडा, पात्ले युवाक्लब खेल मैदान, लुम्छाक खेलमैदान, सादीखोला खेलमैदान, मोहोरीया खेलमैदान, वेशिगाउ खेलमैदान, भारकोट खेलमैदान, भसको खेलमैदान, बाचपुर खेलमैदान, मानडाँडा खेलमैदान, ढाव खेलमैदान, तोरीको खेलमैदान, कोल्मा खेलामैदान, जनसम्प्रपक खेलमैदान काल्खु, नवसिर्जना खेलमैदान नाम्चे, नौरु डाँडा खेलमैदान, विसौना खेलमैदान, पोखरी छाप खेलमैदान, केवरेपानी खेलमैदान, हलहले भलिवल ग्राउन्ड, घिम्री गाउँ भलिवल ग्राउन्ड, वरजा भलिवल ग्राउन्ड, लुम्दी भलिवल ग्राउन्ड, वेलवास खेल मैदान, भयरी खेल मैदान टामा, भलकटा खेल मैदान गैरिश्वाँरा, पाखडाँडा खेल मैदान चन्द्रकोट, ठूला पोखरी खेल मैदान, पोखरी खेल मैदान सिम्ले, कोलबोट खेल मैदान राहुलथर, चिलाउनेखर्क खेलमैदान, पुलको मुख खेलमैदान, भुजुङ्गे खेलमैदान कुलवाद, पोखरीडाँडा खेलमैदान चिलाउनेखर्क, आमडाँडा खेलमैदान, रजस्थल खेलमैदान आदि पर्दछन् । तर यी मध्ये अधिकांश खेल मैदानको प्रभावकारी रूपमा संरक्षण गर्न सकिएको छैन् ।

यसैगरी पार्क तथा वनस्पति उद्यानस्थलहरु पनि नगरपालिकाका विभिन्न स्थानहरुमा अवस्थित छन् । जसमध्ये नारायणस्थान हरियाली पार्क, तिन धारा, लगनतुम, कामीडाँडा पार्क, हुनीकोट होमस्टे पार्क, तिलडाडा पार्क घलामडाडा, गोटी खेल्नेपार्क, घलामडाँडा, देवानचोक, फुलबारी, स्याङ्जा भ्यू प्वाइन्ट, भालुपहाड, करेन्डाँडा, विजय पार्क, महेन्द्र पार्क, मदन स्मृति पार्क, किराको मैदान आदि प्रमुख हुन् । यिनको राम्रो व्यवस्थापन, प्रचारप्रसार संरक्षण र सम्बर्द्धन भएमा पर्यटनको समेत विकास हुनसक्दछ ।

यस नगरको इतिहासको रूपमा रहेको पुतलीखेत एक समय पश्चिम नेपालको प्रसिद्ध व्यापारिक केन्द्र रहेको थियो । यसका अलावा पुतलीबजार नगरपालिकामा पोखरादेखि भैरहवासम्मको सिद्धार्थ राजमार्गको एक खण्ड परेकाले यस राजमार्ग आसपास पहिलेदेखिनै स-साना बजारको विकास हुँदै आएको थियो । स्याङ्जा जिल्लाको सदरमुकाम नै यहि पुतलीबजार भएकोले यहाँ बजारको महत्व कायम नै छ । समग्रमा यस नगरपालिका क्षेत्रभित्र ठूलो वा सानो बजारको रुपमा रहेका स्थानहरुमा स्याङ्जा बजार, प्रगतिनगर, घुम्ती, देवीस्थान, अरौदी, बाडखोला, पुतलीखेत,

लामागेको फाँट, नागडाँडा, जिरो बजार, फुलवबारी, नयाँ बजार, गौडे बजार, हटिया, ठुलाडिही, कोल्मा बजार, राङखोला, कान्छी बजार, सुम्रेखोला, हेलु बजार, जोगीफाँट, मायाटारी बजार, वगालथोक, जैसीडाँडा, सुम्रखोला, लाम्पाटा बजार, सतौँ रजस्थल आदि हुन्।

२.१३ नगरको पर्यटकीय अवस्था

२.१३.१ प्रमुख पर्यटकीय स्थलहरु

भौगोलिक हिसाबले यस पुतलीबजार नगरपालिका नेपालको पर्यटकीय शहर पोखरादेखि नजिकै रहेको छ । यस पुतलीबजार नगरका विभिन्न क्षेत्रमा थुप्रै प्राकृतिक, धार्मिक, साँस्कृतिक, पौराणिक, ऐतिहासिक, साहसिक आदि विविध किसिमका पर्यटकीय सम्पदाहरु रहेका छन्। नगरपालिकाले पनि यी पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, प्रचार र विकासमा पहल गर्दै आएको छ । ऐतिहासिक सतौंकोट दरबार तथा कालिका मन्दिर, सतौं चण्डीथान, ऐतिहासिक नुवाकोट, खर्सु लेक र भालुपहाड यस नगरका प्रमुख पर्यटकीय गन्तव्यहरू हुन् । यसका अलावा हुनिकोट, कोल्माकोट, राङभाङ, स्याङजा भ्यू प्वाइन्ट, भारकोट, साँधीखोला आदि नगरका उत्तिकै सम्भावनायुक्त पर्यटकीय गन्तव्यहरू हुन्।

२.१३.२ सार्वजनिक पाटीपौवा र चौताराहरु

नगरपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक पाटीपौवा र चौताराहरु रहेका छन्। आफ्नै विशीष्ट पहिचान अनि इतिहास बिकेका यी पाटीपौवा र चौताराहरुलाई पनि पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिन्छ । यी सार्वजनिक पाटीपौवा र चौताराहरुको संरक्षण, ऐतिहासिकताको जानकारी तथा प्रचारप्रसार र सम्बर्द्धन गर्न जरुरी हुन्छ।

२.१३.३ सामुदायिक भवनहरु

पुतलीबजार नगरपालिकाका विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु रहेका छन्। यी भवनहरुको उपयोग सभा, बैठक, भोज भतेर, साँस्कृतिक कार्यक्रम, पुस्तकालय, पर्यटकीय क्रियाकलापमा गरिंदै आएको छ।

२.१३.४ ताल तलैया र प्राकृतिक पोखरीहरु

यस पुतलीबजार नगरपालिकाका विभिन्न स्थानहरुमा ताल तलैया तथा पोखरीहरु रहेका छन् । यी ताल तथा पोखरीहरुको उपयोग त्यति भएको छैन्। कतिपय पोखरीहरु परापूर्व काल देखि नै अस्तित्वमा रहेका थिए। यस्ता सम्पदाहरुको संरक्षण र उपयोग गर्न जरुरी हुन्छ । नगरपालिकामा रहेका यस्ता ताल तलैया र प्राकृतिक र निर्मित पोखरीहरुमा नुवाकोट पोखरी, ताल पोखरी वडा नं. ५, रानीस्वारा, स्याङ्गजा भ्युपोइन्ट फोहोरा पोखरी, गोटीखेल्ने पोखरी वडा नं. ३, पोखरीडाडा, अस्मती, खर्सुको पोखरी, चण्डीस्थान, ठुलीस्वाँरा, लहरेचौतारा, तिलाअर, ठेलो हान्ने पोखरी वाचपुर गुरुङ्गगाउँ, चण्डीस्थान वाचपुर, थापाको पोखरी, चिप्लेटी, सतिडाँडा पोखरी बाचपुर, वोहोरा डाँडा वाचपुर, कलैचेपोखरी, वरडाँडा पोखरी , कोल्वोट पोखरी लुम्छाक, माईस्थान भारकोट, सादींखोला, कोटथोक पोखरी, भोरुवा डाँडा, वराह पोखरी कोल्मा, चन्धपान पोखरी कोल्मा, वराह मन्दिर पोखरी, कन्या वराही पोखरी पोखरीछाप, थाम डाँडा पोखरी, पानीको मुल, वराह पोखरी मैदान, ठुलापँधेरा, रजस्थल पँधेरा आदि महत्वपूर्ण छन्।

२.१४ नगरपालिका भित्र रहेका होटल, औद्योगिक तथा व्यापार व्यवसाय सम्बन्धी अवस्था

स्याङ्जा जिल्लाको सदरमुकाम अवस्थित भएको हुँदा यस नगरपालिकामा विभिन्न प्रकारका होटल, उद्योगधन्दा तथा व्यापार व्यवसाय संचालन र सो कार्यमा मानिसहरु संलग्न हुँदै आएका छन् । नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार हाल यस नगरपालिका क्षेत्रभित्र गेष्ट हाउस/होटेल १३ ओटा र चिया, खाजा, होटेल तथा रेष्टुरेण्ट २२७ ओटा रहेका छन् । त्यसैगरि व्यापार तथा व्यवसायतर्फ ८ दुग्ध व्यवसायी, ७८ टेलर्स, ३९ सुनचांदी व्यवसायी, ३१ भाँडा व्यवसायी, १६५ फेन्सी व्यवसायी, ३० क्लिनिक तथा औषधी व्यवसायी, ५० तरकारी तथा फलफूल व्यवसायी, ३४ इलेक्ट्रोनिक व्यवसायी, ५४ माछा मासु पसल व्यवसायी, ३९ हेयर सैलुन तथा सौन्दर्यकला व्यवसायी, ७ आर्ट व्यवसायी, १ बाल मनोरञ्जन, १५ बँगुर पालन, ६८ ठेक्कापट्टा, ११ जुत्ता पसल, १५ फोटो स्टुडियो, २९३ किनारा पसल तथा व्यवसायी, २२ सि.डि.पसल, ६ पुल हाउस, ३० घडी रेडियो टि.भी मर्मत, २ चस्मा पसल, २ पस्मिना पसल, २ माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स, १८९ खाजाघर तथा चिया पसल, ३ टयुसन सेन्टर, ९ कार्पेट पसल, १ सरसफाइ तथा फोहोर मैला संकलन, १ नर्सरी फुल व्यवसायी, १ कुरियर, ७७ मदिरा व्यवसाय, ३ नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र, १ पाउ भण्डार, ५ क्याटरिङ्, १२ कानुन व्यवसायी र परामर्श सेवा, ४ कम्प्युटर टेनिङ सेन्टर साइवर व्यवसायी, ४ सिसा पसल,१ फिल्म हल, ८० सहकारी, १० बैंक आदि रहेका छन् ।

यसैगरी औद्योगिकतर्फ १३ उद्योग, ४ बेकरी तथा मिष्ठान्न व्यवसायी, १४ बोडिङ स्कुल सञ्चालन, ३० फर्निचर ग्रिल, ८ अटो वर्कसप, ४ कपास उद्योग, ३१ राइस मिल, २ पेट्रोल पम्प, १ मसला उद्योग, ३६ ढुवानी सेवा, १७ ग्याँस डिलर,११ निर्माण व्यवसायी तथा सप्लायर्स, ३ कवाडी संकलन केन्द्र,४ मल बिउ उत्पादन, १९ पुस्तक व्यवसायी तथा फोटोकपी, १ भेटनरी, ६ मनी ट्रान्सफर,१ विज्ञापन मिडिया र केवल सेवा, १ पानी फिल्टर, ४ कागज उद्योग तथा छापाखाना आदि सञ्चालनमा रहेका छन् ।

२.१५ नगरपालिकाबाट बाहिर निकासी हुने वस्तुहरुको विवरण

स्याङ्जा जिल्ला कृषि तथा फलफूलका लागि गण्डकी प्रदेशकै अग्रणी जिल्लाको रुपमा लिइन्छ । यस नगरपालिकाबाट पनि कृषि जन्य, पशुजन्य, औद्योगिक, वन पैदावार तथा व्यापारिक वस्तुहरु केही मात्रामा बाहिरका नगरपालिका तथा जिल्लाहरुमा निकासी समेत हुन्छन् । नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार कृषि तथा वनजन्य उत्पादन मध्ये खाद्यान्न,तथा नगदे लगायत वार्षिक ३२४ क्विन्टल कोदो, २१३ क्वी. मकै, ४५६ क्वी. सुन्तला, केरा, ८७ क्वी. कफी, १०९ क्वी.अदुवा, ६४ क्वी. खुर्सानी, १०३ क्वी. काउली बन्दा निर्यात हुन्छन् । यसैगरी सामान्य रुपमा ढुङ्गा, गिटी, बालुवा आदि निर्माण सामाग्री समेत निर्यात हुन्छन् ।

२.१६ नगरपालिकाको पंजीकरण, सामाजिक सुरक्षासम्बन्धी अवस्था

पुतली बजार नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार जम्मा जन्म दर्ता संख्या २५६३ रहेको थियो जसमा बालिकाको संख्या १२८२ र बालकको संख्या १२८१ रहेको थियो । यसैगरी मृत्यु दर्ता महिला ३४१ र पुरुष ३५० साथै सम्बन्ध बिच्छेद ३७, बसाइसराई ९५ र विवाह दर्ता ९६८ रहेको छ । नागरिकता तथा अन्य सिफारिस सम्बन्धी विवरण अन्तरगत २०७४/०७५ मा नागरिकता सिफारिस २३७६, नाता प्रमाणित ८२६ र अन्य सिफारिस ८,५४८ रहेको छ । सामाजिक सुरक्षा भत्ता पाउने मध्ये जेष्ठ नागरिक ७० वर्ष माथिका महिला १७४३ र पुरुष १४८२ रहेका

छन भने दलित जेष्ठ नागरिक महिला २१३ र पुरुष २०६ रहेका छन् । विधवा महिला १३८२ र एकल महिला ३९ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।यसैगरी जम्मा पूर्ण अपाङ्ग १२६ र जम्मा आशिंक अपाङ्ग १७० ले पनि सो भत्ता प्राप्त गर्ने गरेका छन् ।

२.१७ विपद व्यवस्थापन सम्बन्धी सम्बन्धी अवस्था

धरातलिय स्वरुपमा आधारमा यस पुतलीबजार नगरपालिकामा नदी निर्मित समतल भु-स्वरुपदेखि पहाडी बढी ढाल भएका भागहरु समेत रहेका छन् । यहाँ विभिन्न समयमा विभिन्न प्राकृतिक तथा मानवीय विपद आइपर्ने गरेका पाइन्छन् । खासगरि बर्षादको समयमा बढि पानी पर्दा बढी ढाल भएको क्षेत्रमा पहिरो जाने साथै खोलाहरुमा बाढी आई कटान गरि धेरै धनजन तथा खेतियोग्य भूमिमा क्षति पुग्ने गर्दछ । यो समस्या आँधीखोला र सुरौदीखोला बढी देखिने गर्दछ । आ.व. २०७३/०७४ मा यस नगरपालिकामा पहिरोबाट भएको अनुमानित रकम रु. १२००००००।- र आगलागीबाट रु. २००००००।– बराबरको क्षति भएको तथ्यांक रहेको छ । यसैगरी कतिपय जंगल, बस्ती र वरपरका क्षेत्रमा आगलागी, हावाहुरी, चट्याङले समेत क्षति पुऱ्याउने गर्दछ । वि.सं. २०७२ सालमा गएको भुकम्पले पनि नगरका विभिन्न स्थानमा पूर्ण, आंशिक र सामान्य रुपमा क्षति पुऱ्याएको थियो । यस क्षेत्रमा जङ्गली जनावर दुम्सी र बाँदरले बर्षेनी आतंकको स्थिति ल्याएको छ । कृषकले लगाएको खेती मकै, कोदो, फलफूल तथा तरकारी यी जनावरले सखाप पारिदिने कारणले गर्दा यो प्रकोपलाई बेलैमा न्युनिकरण तर्फ ध्यान दिनु पर्ने देखिन्छ । विपद व्यवस्थापन सम्बन्धी पूर्व तयारी समिति बनाई पूर्व तयारी योजनाका साथै विपद व्यवस्थापन कोष समेत स्थापना गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

२.१८ महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग सम्बन्धी अवस्था

यस पुतलीबजार नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार नगरमा जम्मा महिलाको जनसङ्ख्या कुल जनसंख्याको ४८.६५ प्रतिशत रहेको छ । स्वामित्वको प्रकारको आधारमा घर जग्गा दुवैमा महिलाको स्वामित्व हुने परिवार ६०.० प्रतिशत र जग्गामा मात्रै महिलाको स्वामित्व हुने परिवार जम्मा ५.५५ प्रतिशत रहेका छन् । नगरका महिलाहरु अझैसम्म पनि विभिन्न किसिमका हिंसाबाट पिडित छन् । नगरपालिकाको तथ्यांक अनुसार घरेलु हिंसाबाट पिडित महिलाको संख्या १७, बहुविवाहबाट पिडित १३१, श्रीमानबाट पिडित/पिटिएका २६, द्वन्द्वबाट पिडित २५ र बेचविखनमा परेका र सामाजिक कुरीती लगाइएका महिलाको संख्या १-१ रहेको छ ।

यस नगरमा ६० बर्षभन्दा माथिका जेष्ठ नागरिकको जनसङ्ख्या कुल जनसंख्याको १२.१२ प्रतिशत रहेको छ । उनीहरुले नेपाल सरकारको नीतिनियमभित्र रहेर सुविधा प्राप्त गरिरहेका छन् । यस नगरपालिकामा जम्मा बालबालिकाको जनसङ्ख्या २८.५८ प्रतिशत (१८ बर्ष मुनिको) छ । आ.व २०७४/०७५ कुल जन्म दर्ता संख्या ९३७ जना र आ.व. २०७५/०७६ मा ८८४ जना बालबालिकाको जन्मदर्ता भएको छ । १८ वर्ष मुनिका बालबालिकाको बालविवाह सम्बन्धी तथ्यांकमा ७२ जना बालिका र २७ जना बालकले बालविवाह गरेका छन् । श्रमिक बालबालिकाहरुको सवालमा घरेलु कामदारको रुपमा १२ जना, होटल तथा रेष्टुरेन्टमा २ जना र कृषिमा २ जना बालबालिका श्रममा आवद्ध रहेका छन् । यहाँका बालबालिकाले विभिन्न संघ संस्थाहरुमा समेत प्रतिनिधित्व गर्ने गरेका छन् । यसमध्ये ११ जनाले जुनीयर युवा रेडक्रस सर्कल, ९ जना सेतो गुराँस बालविकास सेवा, ११ जना सिर्जनशील बालक्लब लगनतुम, ७ जना जुनीयर रेडक्रस बाल कमिटी र ९ जनाले वडा स्तरीय बाल विकास समितिमा प्रतिनिधित्व गरेका छन् ।

यसैगरी यस नगरपालिकाभित्र अपाङ्गहरूको जम्मा जनसङ्ख्या ४६२ रहेको छ । नेपाल सरकारले उनीहरुलाई शारीरिक अपाङ्ग, दृष्टिविहिन र श्रवण दृष्टिविहिन, बोल्न नसक्ने, सुस्त श्रवण, सुस्त मनस्थिति र बहु अपाङ्ताका आधारमा बाँडेको छ । तर न.पा. रेकर्ड अणुसार जम्मा २३६ जनाले मात्र अपाङ्गता परिचय पत्र प्राप्तगरि सुविधा लिएका छन् । यस अन्तर्गत पूर्ण अशक्त अपाङ्गता परिचयपत्र (रातो रंग) लिने ८० जना, अति अशक्त अपाङ्गता (नीलो रंग) लिने ८४ जना, मध्यम अपाङ्गता (पहेलो रंग) ५८ जना र सामान्य अपाङ्गताको परिचय पत्र लिने (सेतो रंग) २५जना रहेका छन् ।

२.१९ नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था सम्बन्धी अवस्था

यस पुतलीबजार नगरपालिकामा नेपाल सरकारका साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाले पनि सामाजिक, आर्थिक तथा विकास निर्माणका क्षेत्रमा सहयोग गर्दै आएका छन् । यस्ता नगरपालिकामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुमा मुख्य गरी अन्धाअन्धी सामुदायिक विकास केन्द्र, स्याङजा जिल्ला उद्योग वाणिज्य संघ, स्याङजा चेम्बर अफ कमर्स, स्याङजा अपाङ्ग समाज, दुर्गादेवी सामुदायिक सिकाइ केन्द्र, सूर्योदय क्लब, आपसी सहयोग केन्द्र, विसवास, सि.वि.आर.एस., ईनर्जेटिक क्लब, आँधीखोला सामुदायिक विकास केन्द्र, लत्रेपिपल युवा क्लब, बाडखोला युवा क्लब, कोपिला नेपाल आदि हुन् ।

२.२० टोल विकास संस्थाहरु, नागरिक सचेतना केन्द, जनचेतनामूलक तालिम सम्बन्धी अवस्था

यस पुतलीबजार नगरपालिकामा प्रत्येक वडामा टोल विकास संस्थाको गठन गरिएको छ । टोल विकास संस्थाले आआफ्नो टोलमा विकास निर्माण तथा सामाजिक कार्य गर्दै आएका छन् । नगरपालिकाको तथ्यांक अनुसार जम्मा नगरका १४ वटा वडामा जम्मा २९८ टोल विकास संस्थाहरू रहेका छन् । यसैगरी विभिन्न वडामा सबै जातजाति तथा लिंगको प्रतिनिधित्व हुने गरी २५ वटा नागरिक सचेतना केन्द्र स्थापना गरिएको छ जसबाट नगरपालिका क्षेत्र भित्रका २२३३ जना मानिसहरुले विभिन्न जनचेतनामूलक तालिम प्राप्त गरेका छन् ।

२.२१ युवा क्लब, आमा समुह, राजनैतिक दल सम्बन्धी अवस्था

यस पुतलीबजार नगरपालिकामा विभिन्न वडामा युवा क्लब, आमा समुह गठन गरिएको छ । यी संस्थाले आआफ्नो टोलमा विकास निर्माण तथा सामाजिक कार्यमा सरिक हुँदै आएका छन् । यसैगरी नगरपालिका क्षेत्रमा विभिन्न राजनैतिक पार्टीहरु र तिनका भातृ संगठनहरू सांगठनिक रूपमा सक्रिय रहेका छन् ।

परिच्छेद ३

पुतलीबजार नगरपालिकाको आवधिक योजनाको समष्टिगत खाका

३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले निर्धारण गरेको संघीय व्यवस्था अनुरूप तीन तहका सरकारमार्फत संघीय गणतन्त्र नेपालको नयाँ मार्गचित्र तथा कार्यभारलाई संस्थागत गर्ने पहिलो खुड्किलोको रूपमा २०७४ मा भएको स्थानीय निर्वाचनबाट प्राप्त जनादेशका आधारमा पुतलीबजार नगरपालिकाको आगामी पाँच वर्ष (२०७७/७८-२०८१/८२) को अवधिको लागि आफ्नो लक्ष्य तथा गन्तव्य तय गर्न यस आवधिक योजना तयार गरिएको हो। यस आवधिक योजना तयार पार्ने क्रममा पुतलीबजार नगरपालिकाका विद्यमान समस्याहरू, वर्तमान आवश्यकताहरू तथा नेपालले २०८७ सम्म हासिल गर्ने गरि निर्धारित गरिएका दिगो विकासका लक्ष्यहरूलाई प्रमुख आधार बनाईएको छ। यसका साथै दिगो विकासका राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न ठोस मद्दत पुऱ्याउने गरी गण्डकी प्रदेश सरकारले तयार पारेको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ -२०८०/८१) बाट समेत महत्वपूर्ण मार्गदर्शन प्राप्त भएको छ। नगरपालिकाका आन्तरिक तथा बाह्य सोतहरूको परिचालन एवम् तीनै तहका सरकारको सहकार्यबाट समग्र पुतलीबजार नगरपालिकाको समृद्धिका लक्ष्यहरू हासिल गरिने अपेक्षा लिईएको छ।

३.२ पुतलीबजार नगरपालिकाका सबल पक्ष, समस्या, अवसर र चुनौती

पुतलीबजार नगरपालिकाका भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक लगायतका विविध पक्षका विभिन्न सूचकहरूको मिहिन विश्लेषणका आधारमा यस नगरका देहाय अनुरूपका सबल पक्ष, समस्या, अवसर तथा चुनौतीहरू मूल रूपमा विद्यमान रहेको छन् :

सबतला	कमजोरी	अवसर	चुनौती
• नगरको वीच भाग भएर राष्ट्रिय (सिद्धार्थ) राजमार्ग जानु। • १४ वटै वडासम्म बाह्रैमास यातायातको पहुँच स्थापित हुनु। • अधिकांश विद्यालय भवनहरू र स्वास्थ्य केन्द्रका भवनहरू राम्रो	• नगरको वीचबाट जाने नगरकै लाइफलाइनको रूपमा रहेको राष्ट्रिय राजमार्गको अति आवश्यक स्तरोन्नति नहुनु। • १४ वटै वडासम्म बाह्रैमास यातायातको पहुँच स्तरीय र भरपर्दो	• सिद्धार्थ राजमार्गको अति आवश्यक स्तरोन्नति गर्न सकिनु। • सबै १४ वटा वडाका बस्तीहरूमा बाह्रैमास यातायातको सहज, स्तरीय तथा सुदृढ पहुँच स्थापित गर्न सकिने अवसर हुनु।	• सिद्धार्थ राजमार्गको ४ लेनमा स्तरोन्नति गर्नु। • १४ वटै वडासम्म बाह्रैमास यातायातको सहज, स्तरीय, विश्वसनीय तथा सुदृढ पहुँच स्थापित गर्नु। • आवश्यक भौतिक पूर्वाधारहरूको निर्माणका

अवस्थामा हुनु । • आधारभूत स्वास्थ्य सेवाको पहुँच नगरका सबै वडा तथा बस्तीहरूसम्म पुग्नु। • बयस्क साक्षरता दर उच्च हुनु। • सांस्कृतिक विविधता वीच उत्कृष्ट एकता कायम रहनु । • खाद्य सुरक्षाको अवस्था सबल हुनु। • नेपाल सरकारबाट देशका १०० नयाँ गन्तव्यमा सूचिकृत सतौंचण्डी तथा खर्सु क्षेत्रसहित पर्यटन प्रवर्द्धनका लागि थुप्रै सांस्कृतिक, ऐतिहासिक तथा रमणीय क्षेत्रहरू हुनु। • विभिन्न कृषि बाली वस्तुका लागि अनुकुल भौगोलिक अवस्था हुनु। • सबैखाले आर्थिक एवम् व्यवसायिक क्रियाकलापका लागि बजारको सहज पहुँच हुनु । • विकासका लागि उर्जाशील जनशक्तिको उपलब्धता हुनु। • उच्च मुल्य भएका सुन्तला र कफीको व्यवसायिक उत्पादन हुनु ।	नहुनु। • वडागत हिसाबमा भौतिक पूर्वाधारको वितरण असमान तथा असन्तुलित खालको हुनु। • गम्भीर प्रकृतिका, चोटपटक, रोग तथा स्वास्थ्य समस्याको उपचार गर्ने सुविधाको अभाव हुनु। • शिक्षाको गुणस्तरबारे नगरबासीलाई विश्वस्त पार्न नसक्नु। • प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने संस्थाको अभाव हुनु। • मौलिक सांस्कृतिक सम्पदाहरू कमजोर वा अतिक्रमित हुँदै जानु। • लक्षित समूह विकास, मुलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण नीति नारामा मात्र सिमित रहनु। • तरकारी, फलफूल र विभिन्न नगदे बालीको खेती व्यावसायिक बन्न नसक्नु। • औद्योगिक प्रणाली कमजोर हुनु। • स्वरोजगार पर्वद्धनको अवस्था एवम् रोजगारीमुलक क्षेत्रको उपस्थिति कमजोर रहनुले	• आवश्यक भौतिक पूर्वाधारहरूको निर्माणका लागि आवश्यक सार्वजनिक जग्गा प्रशस्त उपलब्ध हुनु। • समग्र नगरमा सबै प्रकारका स्वास्थ्य सेवा प्रदान गर्ने अवसर कायम रहनु। • विद्यालय शिक्षाको समयानुकुल गुणस्तर वृद्धि गर्दै नगरबासीको विश्वास जित्न सकिने अवस्था हुनु । • प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने संस्थाको संचालन गर्न सकिने अवसर हुनु। • मौलिक सांस्कृतिक सम्पदाहरूलाई उचित संवर्द्धन गर्दै विशेष पहिचान स्थापित गर्ने अवस्था कायमै हुनु। • लक्षित समूह विकास, मुलप्रवाहिकरण तथा समावेशीकरण मार्फत विकासलाई समन्यायिक बनाउने अवसर हुनु रहनु। • तरकारी, फलफूल (मुख्य रूपमासुन्तला जातका), अदुवा, बेसार लगायतका विभिन्न नगदे बालीको व्यवसायिक उत्पादन गर्न सकिने अवसर विद्यमान हुनु।	लागि आवश्यक जग्गा प्राप्त गर्नु। • समग्र नगरमा सबै प्रकारका स्वास्थ्य सेवाको सहज र विश्वसनीय पहुँच स्थापित गर्नु। • विद्यालय शिक्षाको समयानुकुल गुणस्तर वृद्धि गर्दै नगरबासीको विश्वास जित्ने अवस्था सिर्जना गर्नु । • प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने संस्थाको संचालन गर्नु । • मौलिक सांस्कृतिक सम्पदाहरूलाई उचित संवर्द्धन गर्दै विशेष पहिचान स्थापित गर्नु। • भौतिक विकासलाई मात्रै विकास भनेर बुझ्ने गरि स्थापित सोच तथा मान्यतामा परिवर्तन ल्याउनु। • परम्परागत खेती प्रणालीमा अभ्यस्त रहेका कृषकलाई व्यवसायिकतामा ल्याउनु । • नगरबासीमा बलियो रूपमा विद्यमान रहेको जागिरे सोचलाई बदल्दै उद्यमशीलता प्रवर्द्धन गर्नु । • ठुला औद्योगिक

• सन्तुलित हावापानीका साथमा वातावरणीय स्वच्छता कायम रहनु। • नगरमा उत्पादन भएको फोहरमैला प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि सरसफाई केन्द्रको स्थापना हुनु । • विपद् व्यवस्थापन उपसमिति सक्रिय हुनु तथा राहत वितरणको लागि संस्थागत प्रबन्ध भएको हुनु । • विपद् व्यवस्थापन कोषको स्थापना भै नियमित सञ्चालनमा रहनु। • सुविधासम्पन्न मुख्य प्रशासनिक कार्यालय भवन तयार हुनु। • क्षमतावान कर्मचारीको उपलब्धता रहनु। • कार्य सम्पादनमा सूचना प्रविधिको प्रयोगमा बिस्तार गरिनु।	ठुलो संख्यामा उत्पादनशील जनशक्ति नगरबाट बाहिरिनु। • आर्थिक उपार्जनका क्षेत्रको विविधिकरण नहुनु । • नगरको अधिक भू-भाग भिरालो भएकाले कमजोर स्थानहरूमा पहिरो गइरहनु । • १४ वटै वडाबाट नकुहिने फोहर संकलन गर्ने प्रणालीको विकास गर्न नसक्नु। • प्राकृतिक प्रकोप तथा त्यसबाट हुनसक्ने क्षति न्यूनीकरण गर्ने खालका गतिविधिलाई नतिजामुखी र विश्वसनीय बनाउन नसक्नु। • विपद्का समयमा उद्धार कार्य प्रभावकारी बनाउनको लागि तालिमप्राप्त ऱ्यापिड रेस्पोन्स टिम नहुनु। • सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश र क्षमता विकास गराउन जिम्मेवार संयन्त्रको कमजोर भूमिका रहनु। • स्थानीय तहमा निजामति सेवा सम्बन्धी कानूनको अभाव हुनु। • प्रशासनिक क्षेत्र पार्टीगत	• औद्योगिक ग्राम सञ्चालन गर्न सकिने अवस्था हुनु। • विशेषगरि कृषि, पर्यटन तथा निर्माणका क्षेत्रहरूमा स्वरोजगार पर्वद्धन एवम् रोजगारी सिर्जना गर्न सकिने संभावना बलियो हुनु। • विभिन्न प्रयोजनको लागि उपयोग गर्न सकिने प्राकृतिक स्रोतहरू प्रचुर मात्रामा रहनु। • सरसफाई केन्द्रको स्थापना गरिसकिएको हुनाले सो केन्द्र शिघ्र सञ्चालनमा ल्याई नगरमा उत्पादित फोहर संकलन र प्रभावकारी रूपमा व्यवस्थापन गर्ने अवस्था हुनु। • नगरका विभिन्न स्थानमा वातावरण संरक्षणमा प्रभावकारी भूमिका खेल्नसक्ने पार्कहरूको स्थापना गर्नका लागि नगरका थुप्रै ठाउँ उपर्युक्त हुनु। • नगरभित्र रहेका केही वनलाई संरक्षित क्षेत्रको रूपमा विकास गर्न सकिने संभावना कायम हुनु। • विपद् व्यवस्थापन कोषलाई बलियो बनाउँदै विपद्को अवस्थामा उद्धारको लागि	संरचनालाई आकर्षित गर्न सक्नु। • विभिन्न उपभोग्य वस्तुको लागि पोखरामाथि रहेको निर्भरता घटाउनु। • ठलो संख्यामा रोजगारी सिर्जना गरि बाह्य बसाईसराईको दर घटाउनु । • खनिजजन्य प्राकृतिक स्रोतहरूको संभाव्यता थाहा पाउनु। • कृषिमा व्याप्त रासायनिक मल, कीट्नाशक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै माटोको गुणस्तर कायम राख्नु। • सरसफाई केन्द्रमा क्षमतावान जनशक्ति परिचालन गर्दै सबै प्रकारका फोहरलाई यथोचित व्यवस्थापन गर्नु । • विपद् व्यवस्थापन कोषलाई बलियो बनाई विपद्को अवस्थामा उद्धार एवम् राहतको लागि अरूमाथिको निर्भरता कम गर्नु। • नगरभित्र रहेका केही वनक्षेत्रलाई संरक्षित क्षेत्रको रूपमा विकास एवम् व्यवस्थापन गर्नु। • नगर नेतृत्वमा नयाँ संवैधानिक व्यवस्थाबारे

	राजनीतिक प्रभावबाट मुक्त हुन नसक्नु। ● सेवा प्रवाहमा ढिलासुस्ती हुनु। ● नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा कार्यतरत कर्मचारीहरुको कार्यक्षमता, कार्यकुशलता, जिम्मेवारीवोध र जनउत्तरदायित्वको कमी देखिनु। ● कर्मचारीमा अति आवश्यक प्रोत्साहन, प्रशिक्षण र अनुभव आदानप्रदानको अभाव हुनु।	अरूमाथिको निर्भरता कम गर्न सकिने अवस्था हुनु। ● संवैधानिक रूपमा अधिकारसम्पन्न तथा शक्तिशाली जननिर्वाचित स्थायी स्थानीय सरकार गठन भई नेतृत्वमा हुनु। ● संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुनु। ● संविधानको मर्म र जनताको चाहना अनुरुप सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा हुनु। ● प्रशासनिक लगायतका सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु। ● कर्मचारी समायोजनका कारण केन्द्रिय स्तरका कार्यालयहरूमा अनुभव प्राप्त कर्मचारीहरू, जिल्ला तहमा अनुभवप्राप्त कर्मचारीहरू र स्थानीय तहमा खारिएका कर्मचारीको उपस्थिति हुनु।	प्रष्ट बुझाई, जिम्मेवारीवोध, प्रशासनिक कार्यकुशलता तथा नेतृत्व क्षमता भएको कुराको नागरिकमा विश्वास पैदा गराउनु। ● संवैधानिक व्यवस्था अनुरुप प्रभावकारी ढंगले प्रशासनिक पुनर्संरचना गरि प्रशासकीय संक्रमणकालको व्यवस्थापन गर्ने कार्य अझै सम्पन्न नहुनु, ● कार्यरत राष्ट्रसेवकमा नगरपालिका र नगरबासीप्रति समर्पण र सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरुप नागरिकमा स्थानीय सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु। ● कर्मचारीको क्षमता विकास तथा सदाचार साँस्कृतिको विकास गर्नु। ● प्रभावकारी स्थानीय सरकारको अनुभूति जनतामा दिलाउनु।

३.३ पुतलीबजार नगरपालिकाको समृद्धिका मुख्य सम्बाहकहरू

१. आधुनिक कृषि: नगरका मौलिक रैथाने बालीहरू, स्थानीय स्तरमा उच्च उत्पादन दिने जैविक (अर्गानिक) कृषि प्रणालीको प्रवर्द्धन, कृषिमा यान्त्रिकीकरण, उत्पादकत्व वृद्धि, कृषि उत्पादनको व्यावसायीकरण र बजारीकरणमार्फत् आर्थिक लाभ लिइनेछ।

२. पर्यटनः नगरमा साहसिक पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, खेल पर्यटन, कृषि पर्यटनसहित समग्र पर्यटनको प्रवर्द्धन गर्दै स्थानीय उत्पादनसँग अग्र र पृष्ठसम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र बिस्तार गरी रोजगारी सिर्जना, गरिबी निवारण, र नगर विकासको आधारशीला तयार गरिनेछ।

३. मानव संसाधन विकासः गुणस्तरीय व्यवसायिक तथा प्राविधिक शिक्षा तथा सुदृढ स्वास्थ्य प्रणालीमार्फत उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास गरिनेछ। यसका साथसाथै नवप्रवर्तन तथा नयाँ प्रविधिको अन्वेषणलाई प्रमुखताकासाथ प्रोत्साहन गरी उच्च उत्पादन सुनिश्चित गराउँदै नगरलाई उत्पादन केन्द्रको रूपमा रूपमा स्थापित गराइनेछ।

४. पूर्वाधारः नगरमा विद्यमान परनिर्भरता घटाउँदै उत्पादनमुखी अन्तरनिर्भर अर्थतन्त्र निर्माणमा सघाउनका लागि विकासको सिंढीको रूपमा गुणस्तरीय भौतिक पूर्वाधारको बिस्तार र सञ्जालीकरण गरी नगरको आर्थिक क्रियाकलापमा उत्पादन क्षेत्रको लागत घटाउने र प्रतिस्पर्धी क्षमता बढाई बजार अर्थतन्त्रको बिस्तार गरिनेछ।

५. रोजगारी तथा उद्योगः उद्यमशीलताको विकास, विशिष्टीकृत साना, मझौला र ठूला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको बिस्तार गर्दै स्थानीय स्रोतमा आधारित उपभोग्य वस्तु, निर्माण सामाग्री, कृषि प्रशोधन र खनिजजन्य उद्योगहरूलाई संरक्षण, प्रवर्द्धन तथा प्रोत्साहित गरिनेछ। यसमार्फत नगरमा रोजगारीका अवसरहरूको बिस्तार, आयात प्रतिस्थापन, राजश्वको वृद्धि र समग्रमा नगरको अर्थतन्त्रको आकार र आयतन बढाइनेछ।

६. सुशासनः नगरपालिकाका सबै कार्यालयहरूमा विद्युतीय सुशासन तथा पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यासमार्फत गुणस्तरीय सेवाप्रवाह र कार्य क्षमता वृद्धि गरी भ्रष्ट्राचार निवारणमा सहयोग पुऱ्याइनेछ।

३.४ पुतलीबजार नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य

३.४.१ दीर्घकालीन सोच

पुतलीबजार नगरपालिकाको दीर्घकालीन समृद्धिको मार्गचित्र कोर्नका लागि वि.सं. २०७४ को आषाढमा बसेको यस नगरपालिकाको पहिलो नगर सभाद्वारा नगरको दीर्घकालीन सोचको एक मस्यौदा तयार पारिएको थियो । मिति २०७७ आषाढ २० मा नगरपालिकाद्वारा जननिर्वाचित प्रतिनिधिहरू, न.पा.मा अवस्थित सरकारी निकायहरू एवम् गैर सरकारी संस्थाहरूका प्रतिनिधिहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू, महिला, दलित, बाल सञ्जाल, पिछडिएको समूह, उद्यमी, व्यापारी, व्यवसायी, सञ्चारकर्मी आदिका प्रतिनिधिहरू लगायतको सहभागितामा आयोजित नगरस्तरीय आवधिक योजना तर्जुमाको पहिलो कार्यशालाबाट त्यही मस्यौदामा व्यापक छलफल गरी यस पुतलीबजार नगरपालिकाको दीर्घकालीन सोचलाई अन्तिम रूप दिइएको थियो जुन निम्न अनुसार छ :

समृद्ध पुतलीबजार, सुखी नगरवासी

नगरपालिकाले अबलम्बन गरेको यस दीर्घकालीन सोचको मूल उद्देश्य भविष्यको पुतलीबजारको लागि एक मार्गचित्र तयार पार्नुका साथसाथै यस नगरपालिकाले पुग्न चाहेको गन्तव्यको एक स्पष्ट तस्वीर अंकित गर्नु हो । यस सोचले पुतलीबजार नगरलाई समयोचित रूपमा नगरबासीको आकांक्षा अनुरूप योजनावद्ध किसिमले विकसित गर्दै एक समृद्ध नगरको रूपमा रूपान्तरण गरी समन्यायिक समृद्धिमार्फत नगरबासीलाई सुखी तुल्याउने पुतलीबजार नगरपालिकाको परिकल्पनालाई प्रतिबिम्बित गर्दछ ।

३.४.२ नगर समृद्धिका दीर्घकालीन लक्ष्य

यस नगरपालिकाद्वारा तय गरिएको दीर्घकालीन सोचमा आधारित रही समग्र नगर कै समष्टिगत दीर्घकालीन समृद्धि हासिल गर्नका लागि देहाय अनुरूपका छ प्रकारका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ:

१. गरिबी न्यूनीकरण र आयस्तर वृद्धि मार्फत समन्यायिक समृद्धि

२. सक्षम मानवपुँजी एवम् सभ्य समाज निर्माण

३. उत्पादन तथा उत्पादकत्व वृद्धि

४. सन्तुलित पूर्वाधार विकास

५. सन्तुलित र सुरक्षित पर्यावरण

६. सुशासन

यसरी तय गरिएका पुतलीबजार नगरपालिकाको विकास एवम् समृद्धिका दीर्घकालीन समृद्धिका छ वटा लक्ष्यहरू अन्तर्गतका विभिन्न सूचकहरूलाई केन्द्रमा राख्दै यस आवधिक योजना लगायत आगामी आवधिक योजनाहरू तथा गुरुयोजनाहरू तयार पारी कार्यान्वयनमा ल्याइनेछ । यसका अलावा नगरपालिकाद्वारा रूपमा सञ्चालन गरिने वार्षिक कार्यक्रमहरू समेत यिनै लक्ष्यहरूमा आधारित भई तय गरिनेछ ।

३.४.३ उद्देश्य

१. सम्पूर्ण नगरबासीको गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याउँदै सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराई सबै नगरबासीले गौरव गर्ने नगरपालिका बनाउने।

२. पर्यटन, कृषि, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट उच्च आर्थिक वृद्धि हाँसिल गरी समन्यायिक, समतामूलक तथा समृद्ध पुतलीबजारको आधारशीला निर्माण गर्ने।

३. रोजगारीका अवसर, उद्यमशीलता एवम् उत्पादन र उत्पादकत्व वृद्धि गर्दै नगरमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने।

३.४.४ परिमाणात्मक लक्ष्य

आ.व. २०७६/७७ लाई आधार वर्ष मानि योजनाको अवधि आ.व. २०७७/७८ देखि २०८१/८२ सम्ममा समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू निम्न अनुसार निर्धारण गरिएका छन्

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति २०७६/७७	अनुमानित लक्ष्य २०८१/८२
१.	मानव विकास सूचकाङ्क	सूचकाङ्क	-	०.७
२.	प्रतिव्यक्ति आय	अमेरिकी डलर	-	१८९३
३.	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत	-	१०.४
४.	निरपेक्ष गरीबीमा रहेको जनसङ्ख्या	प्रतिशत	-	५.०
५.	आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात	प्रतिशत	-	१.११
६	अपेक्षित आयु (जन्महुँदाको)	वर्ष	६८	७५
७	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	९३.२५	९९.९९
८	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत		९८.५
९	५ वर्ष मुनिको बाल मृत्युदर	प्रतिहजार	-	२०
१०	३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	७५.०	१००.०
११	आधारभूत तह (१–८) मा खुद भर्ना दर	प्रतिशत	-	९९.६
१२	३० मिनेटको दूरीमा पक्की यातायातको पहुँच पुगेको परिवार	प्रतिशत	९१	१००.०
१३	कालोपत्रे सड्क निर्माण (राष्ट्रिय	कि.मी.	५७	९९

	राजमार्गबाहेकका रणनीतिक सडक)			
१४	विद्यत पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	९८.५	१००.०
१५	नमुना बस्ती निर्माण	सङ्ख्या	-	४
१६	सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या	प्रतिशत	-	१००.०
१७	आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	-	१००.०
१८	बस्नको लागि आफ्नै घर नभएको जनसंख्या	प्रतिशत	१.४	०
१९	कृषिको उत्पादकत्व (प्रमुख बाली)	मे.ट. प्रति हेक्टर	२.७	३.५
२०	कृषि श्रम उत्पादकत्व	रू. हजारमा	१५	३६
२१	कृषियोग्य जमिनको उत्पादकत्व	रू. लाख प्रति हेक्टर	३	४.०
२२	वर्षैभरि सिंचाई सुविधा पुगेको भूमि	हे	१००.७०	१५०
२३	कूल सिंचित क्षेत्रफल	हे	११०८.७५	१६००
२४	उद्योगबाट थप रोजगारी सिर्जना	जना	-	१०५०
२५	व्यवसायिक कृषि फर्म	सङ्ख्या	५५	११०
२६	दर्ता गरिएका पेटेन्ट	सङ्ख्या	-	३
२७	नगरपालिकाबाट वस्तु निर्यात	रू. लाख		४१००
२८	प्रवर्द्धित स्थापित पर्यटकीय गन्तव्यस्थल	सङ्ख्या	-	९
२९	नयाँ विकास तथा प्रवर्द्धित पर्यटकीय गन्तव्यस्थल	सङ्ख्या	-	१३
३०	पर्यटनबाट सिर्जित नयाँ रोजगारी	सङ्ख्या	-	५४५
३१	उर्जा उपयोगमा नवीकरणीय उर्जाको अनुपात	प्रतिशत	-	२६
३२	आधारभूत स्तरको सरसफाई सुविधाबाट लाभान्वित परिवार	प्रतिशत	-	१००
३३	नगरबासीका उजुरी फछर्यौट	प्रतिशत	-	१००.०
३४	नगरस्तरीय सर्वेक्षण	सङ्ख्या	-	१
३५	वडा कार्यालय भवन	सङ्ख्या	-	१४
३६	कर्मचारीको क्षमता विकास तालिम	सङ्ख्या	-	१०
३७	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त जनशक्ति	सङ्ख्या	-	७०

३.४.५ प्रमुख रणनीतिहरू

१. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र विभिन्न विकास साझेदार संस्थाहरूसँगको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, सुरक्षित खानेपानी र सरसफाइमा सबै नगरबासीको समतामूलक पहुँच स्थापित गराउने।

२. नगरमा रहेका एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, अल्पसंख्यक, उत्पीडित र सीमान्तकृत् समूह लगायतको सामाजिक न्याय र सुरक्षालाई सुदृढ बनाउने।

३. नगरबासीको दैनिकीससँग प्रत्यक्ष सम्बन्ध भएका क्षेत्रलाई सहज बनाउन चाहिने सर्वसुलभ भौतिक पूर्वाधारहरूको निर्माण कार्य निर्धारित समय र लागतमा उच्च गुणस्तरसहित सम्पन्न गरी दिगो विकास र समन्यायिक आर्थिक वृद्धि हासिल गर्ने।

४. नगरमा बढ्दो जनसङ्ख्या र शहरीकरणलाई व्यवस्थित बनाउँदै नगरलाई सुविधासम्पन्न र सुरक्षित आवास भएको क्षेत्रका रुपमा विकास गर्ने।

५. नगरमा गुणस्तरीय प्राविधिक तथा रोजगारमूलक शिक्षा र व्यवसायिक सीप विकासका अवसरको समतामुलक उपलब्धता तथा पहुँच सुनिश्चित गराई स्तरीय मानव संसाधन उत्पादन र व्यवस्थापन गर्ने।

६. नगरपालिकाबाट गरिने सेवाप्रवाहमा उच्चस्तरको सुधार गरी पारदर्शी, जनउत्तरदायी र जनसम्वेदनशील प्रणालीको विकास गर्दै सुशासन सुनिश्चित गर्ने।

७. सार्वजनिक, सहकारी र निजी क्षेत्रसँग सहकार्य गरी रोजगारीका नयाँ क्षेत्र पहिचान गर्ने, उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहित गर्दै नगरबासीमा आत्मनिर्भरताको विकास गराउने।

८. नगरमा हाल विद्यमान निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रीकीकरण र व्यावसायीकरण, सिंचाइ सुविधाको बिस्तार तथा उन्नत बीउबीजन र प्राविधिक सेवाटेवाको बिस्तार गरी कृषि र पशुपन्छीपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।

९. मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य नयाँ उद्योगहरूको स्थापना र बिस्तार गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरी नगरमा औद्योगिक विकासलाई संस्थागत रुपमा सुदृढ बनाउने।

१०. पर्यटन व्यवसाय र स्थानीय मौलिक सम्पदा, संस्कृति र उत्पादक बीच सहकार्यको साथै पर्यटन व्यवसायीको क्षमता वृद्धि र पर्यटन पूर्वाधारको विकास गरी नगरमा गुणस्तरीय पर्यटनको विकास गर्ने।

११. सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा उत्पादन बढाई रोजगार सिर्जना गर्ने, लगानी बढाई दिगो, फराकिलो र समतामूलक उच्च आर्थिक वृद्धि दर हासिल गरी सबै प्रकारका गरिबीको अन्त्य गर्ने।

१२. वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन मार्फत् संरक्षण, संवर्द्धन र बजारीकरण गरी नगरबासीको दिगो आर्थिक उपार्जनको माध्यम बनाउने।

१३. नगरपालिकामा आधुनिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गरी दिगो र योजनावद्ध विकासलाई संस्थागत गर्ने।

परिच्छेद –४

पुतलीबजार नगरपालिकाको समष्टिगत आर्थिक अवस्था र निति

४.१ पृष्ठभूमि

राज्यको पुर्नसंरचना पश्चात स्थानीय तह संवैधानिक हैसियत प्राप्त स्थानीय सरकारका रुपमा स्थापित भएको सन्दर्भमा नगरपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धी नीतिहरुको विश्लेषण आवश्यक हुन्छ । स्थानीय तहको सार्वजनिक वित्तको अवस्था, वार्षिक नीति तथा बजेट आवधिक योजनाको तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । नयाँ संरचनामा नगरपालिका गठन हुनु पुर्व स्थानीय निकाय (नगरपालिका) को आफ्नै छुट्टै वित्तीय स्वरुप नहुने र सबै स्थानीय निकायहरु केन्द्रिय सरकारको वित्तीय नीति र व्यवस्थाको स्वरुप र संरचना अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने निकायका रुपमा रहेका थिए । तर अहिलेका स्थानीय तहहरु आफ्नो वित्तीय नीति (Fiscal policy) आफै वनाउन सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरी अधिकार सम्पन्न भएका छन् । यस सन्दर्भमा पुतलीबजार नगरपालिकाको समष्टिगत आर्थिक तथा वित्तीय अवस्था र त्यसको सुदृढिकरण मार्फत आफ्नै वित्तीय नीति र कार्यक्रम तय गर्ने अभ्यास गर्नुपर्ने हुन्छ । यद्यपी प्रारम्भिक कालमा सबैजसो पालिकाहरु केन्द्रीय (संघिय) र प्रदेश सरकारको राजश्व वाँडफाँड र विभिन्न प्रकारका अनुदानहरुमा भर पर्नुपर्ने अवस्था रहेको देखिन्छ । आफ्नै आन्तरिक राजश्व ज्यादै न्युन रहेको र आन्तरिक ऋण प्राप्त गरी परिचालन गर्न सक्ने वैधानिक प्रावधान र अभ्यास नभएको वर्तमान अवस्थामा स्थानीय तहको समष्टीगत वित्तीय नीति र कार्यक्रमको व्यापकताको क्षेत्र साँघुरो रहेको छ ।

४.२ सार्वजनिक वित्त

वित्तीय संघियताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सन्र्दभमा स्थानीय तहहरुले वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार प्राप्त गरेका छन् । यस अन्तर्गत खर्चका विभिन्न क्षेत्रहरु रहेका छन् । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शीर्षकहरु स्थानीय तहमा पनि लागु हुन्छन् भने स्थानीय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शीर्षकहरु यस अन्तर्गत पर्दछन् । समग्रमा स्थानीय तहको समग्र आय व्ययको संरचनाले स्थानीय तहको सार्वजनिक वित्त जनाउदछ । तर यस अन्तर्गत सार्वजनिक खर्च र राजश्वका साथै अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक र वैदेशिक सहायता–अनुदान) परिचालन, जनसहभागिता परिचालन, सार्वजनिक नीजि, सहकारी साझेदारी जस्ता शीर्षकहरु पर्दछन् । निर्धारित सार्वजनिक खर्चलाई प्राप्त गर्ने श्रोतहरुमा आन्तरिक राजश्व र अन्तर सरकारी वित्त र वाँडफाँड तथा वैदेशिक अनुदान सहायताबाट नपुग भएको अवस्थामा घाटा वित्त व्यवस्था (deficit financing) गर्नुपर्ने र यसका लागि आन्तरिक ऋण तथा वैदेशिक ऋणको परिचालन गर्न सकिने संभावनालाई पनि समेट्न पर्ने हुन्छ ।

४.२.१. सार्वजनिक खर्च

पुतलीबजार नगरपालिकाको सार्वजनिक खर्चको ढाँचालाई हेर्दा यसलाई मूलतः दुई भागमा विभाजन गरेको पाईन्छ - चालु खर्च र पूँजीगत खर्च। चालु खर्च अन्तर्गत नगरपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा र सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारका ससर्त अनुदानमा आधारित सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपक्षिंपालन, उर्जा, खानेपानी लगायतका क्षेत्रका कार्यक्रमहरुको संचालनका खर्चहरु पर्दछन्। विकास खर्चका विभिन्न शीर्षकहरुमा विनियोजित खर्चलाई पूँजीगत खर्च भनिन्छ। यस अन्तर्गत आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, सेवा प्रवाह र सुशासन (संस्थागत विकास), वातावरणीय संरक्षण र विपद् व्यवस्थापनका क्षेत्रमा हुने पूँजीगत (पूँजी निर्माण र क्षमता विकासका० खर्चहरु पर्दछन् ।यस बाहेक नगरपालिकाले वडागतरुपमा विकास निर्माणका लागि र नगरपालिका बाट सिधै हुने खर्च भनेर पनि एकमुस्ट बजेट बिनियोजन गरेको पाइन्छ, जुन वित्तीय अनुशासनका हिसाबले उपयुक्त होइन । तेसैगरी जनसहभागितामा आधारित खर्च पनि पुजीगत खर्चका रुपमा उल्लेखगरेको पाइन्छ। वित्तीय व्यवस्थापन तर्फको खर्च (वैदेशिक तथा आन्तरिक ऋण) हालसम्म परिचालन नभएकोले यहाँ चर्चा गर्नु सान्दर्भिक भएन।

पुतलीबजार नगरपालिकाबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७३/७४, २०७४/२०७५ , २०७५/७६ र २०७६/७७ मा मा कुल सार्वजनिक खर्च क्रमशः २४५,८५२.०, ६५५८४४.२, ७३०,१५९.८ र ९०१,४६४.० हजार रूपैयाँ विनियोजन भएको देखिन्छ। अघिल्लो आ.व.को तुलनामा आ.व.२०७४/७५, २०७५/७६ र २०७६/७७ को कुल व्यय अनुमान क्रमशः १६६.८, ११.३ र २३.५ प्रतिशतले वृद्धि भएको पाइन्छ। कुल खर्च अन्तर्गत आ.व. २०७३/७४, २०७४/२०७५ , २०७५/७६ र २०७६/७७ मा क्रमशः चालु खर्च १५७७०६ (६४.१५%),३९१४२० (५९.२%), ५३२३१९ (७२.९५) र ६२५४२० (६९.४५) हजार रूपैयाँ रहेको थियो भने पूँजीगत खर्च तर्फ क्रमशः ८८,१४६.० (३५.९%), २६४४२३.८ (४०.३५%), १९७८४०.८ (२७.१५%) र २७६०४४ (३०.६५%) हजार रूपैयाँ विनियोजन भएको देखिन्छ । पुँजीगत खर्चको संरचनालाई हेर्दा आ.व. २०७३/०७४ बाहेक पहिलो प्राथमिकतामा पूर्वाधार विकास परेको देखिन्छ । आ.व. २०७३/०७४ मा विनियोजित कुल पुँजीगत खर्च मध्ये २४,८२७ हजार रूपैयाँ (२८.२%) पूर्वाधारमा विनियोजन भएको थियो भने सामाजिक विकासमा १९८९ हजार रूपैयाँ (२.३%), आर्थिक विकासमा १०६१ हजार रूपैयाँ (१.२%), संस्थागत विकासमा १७१४ हजार रूपैयाँ (१.९%) र बाँकी ५०८ हजार रूपैयाँ (०.६%) वातावरण तथा विपद् व्यवस्थापनमा विनियोजन भएको थियो भने नगर स्तरीय योजनामा ४८८५० हजार रूपैयाँ (५५.४५%) र जनसहभागिताका योजनामा ९१९७ हजार रूपैयाँ (१०.४५%) रकम बिनियोजन भएको थियो। त्यसैगरी आ.व. २०७६/७७ पनि खर्चको संरचना करिब समान नै रहेको छ जसअनुसार पूर्वाधार विकासमा १०७८७१ हजार रूपैयाँ (३९.१५%), नगर स्तरीय योजनामा ५३४४५ हजार रूपैयाँ (१९.४५%), वडा स्तरीय योजनामा ४५००० हजार रूपैयाँ (१६.३५%), आर्थिक विकासमा ३२८७२ हजार रूपैयाँ (११.९%) संस्थागत विकास र सुशासनमा ६११३ हजार रूपैयाँ (२.३%), सामाजिक विकासमा १६०८६ हजार रूपैयाँ (५.८%) र वातावरण तथा विपद् व्यवस्थापनमा १७२६ हजार रूपैयाँ (०.६%) क्रमशः प्राथमिकता क्रममा खर्च विनियोजन भएको थियो। यसको विस्तृत विवरण तालिका ४.१ मा उल्लेख गरिएको छ।

तालिका ४.१

नगरपालिकाको सार्वजनिक खर्चको विवरण (आ.व. २०७३/७४—२०७६/७७) रु. हजारमा

क्र. सं	शीर्षक	आ.व. २०७३/७४	%	आ.व. २०७४/७५	%	वृद्धिदर	आ.व. २०७५/७६	%	वृद्धिदर	आ.व. २०७६/७७	%	वृद्धिदर
	कूल व्यय	२४५,८५२.०	१००.०	६५५,८४४.२	१००.०	१६६.८	७३०,१५९.८	१००.०	११.३	९०१,४६४.०	१००.०	२३.५

१.	**चालु खर्च**	**१५७,७०६.०**	**६४.१**	**३९१,४२०.४**	**५९.७**	**१४८.२**	**५३२,३१९.०**	**७२.९**	**३६.०**	**६२५,४२०.०**	**६९.४**	**१७.५**
१.१	प्रशासनिक खर्च (शसर्त समेत)	१५६,२६६.०	९९.१	२८४,६२०.४	७२.७	८२.१	४२३,११९.०	७९.५	४८.७	४४५,६१४.०	७१.३	५.३
१.२	सामाजिक सुरक्षा खर्च	१,४४०.०	०.९	१०६,८००.०	३७.५	७३१६.७	१०९,२००.०	२०.५	२.२	१७९,८०६.०	२८.७	६४.७
२.	**पुंजीगत खर्च**	**८८,१४६.०**	**३५.९**	**२६४,४२३.०**	**४०.३**	**२००.०**	**१९७,८४०.८**	**२७.१**	**(२५.२)**	**२७६,०४४.०**	**३०.६**	**३९.५**
२.१	आर्थिक विकास	१०६१.०	१.२	३,३३६.०	१.३	२१४.४	२२,२२५.०	११.२	५६६.२	३२,८७२.०	११.९	४७.९
२.२	सामाजिक विकास	१,९८९.०	२.३	१,७०२.०	०.६	(१४.४)	१६,३८१.०	८.३	८६२.५	१६,०८६.०	५.८	(१.८)
२.३	पूर्वाधार विकास	२४,८२७.०	२८.२	१३८,९६६.८	५२.६	४५९.७	६९,४२७.८	३५.१	(५०.०)	१०७,८७१.०	३९.१	५५.४
२.४	बातावरण संरक्षण र विपद् व्यवस्थापन	५०८.०	०.६	१,३५३.०	०.५	१६६.३	५,६४५.०	२.९	३१७.२	१,७२६.०	०.६	(६९.४)
२.५	संस्थागत विकास, सेवाप्रवाह र सुशासन	१,७१४.०	१.९	२,८१३.०	१.१	६४.१	५,५४०.०	२.८	९६.९	६,११३.०	२.२	१०.३
३.	नगरपालिका स्तरका योजनाहरु	४८,८५०.०	५.४	५९,२१५.०	२२.४	२१.२	३०,३२४.०	१५.३	(४८.८)	५३,४४५.०	१९.४	७६.२
४.	वडा स्तरका योजनाहरु	-	-	३५,०००.०	१३.२		४३,४००.०	२१.९	२४.०	४५,०००.०	१६.३	३.७
५.	जनसहभागिताका कार्यक्रमहरु	९,१९७.०	१०.४	२२,०३८.०	८.३	१३९.६	४,८९८.०	२.५	(७७.८)	१२,९३१.०	४.७	१६४.०

स्रोतः पुतलीबजार नगरपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका२०७३/७४, २०७४/७५, २०७५/७६, २०७६/७७।

४.२.२. आन्तरिक राजश्व र आय

पुतलीबजार नगरपालिकाको राजश्व अन्तर्गत आन्तरिक राजश्व र विगत आर्थिक वर्षको खर्च हुन नसकेको रकम नगद मौज्दातलाई सामेल गरेको देखिन्छ। पालिकाको आन्तरिक राजश्व अन्तर्गत आर्थिक वर्ष २०७३/०७४ मा कुल राजश्व र नगद मौज्दात रु २७,७२१.१३ हजार परिचालन भएको देखिन्छ जसमध्ये कर तथा गैरकर राजश्व रू. ८,८८४.५० हजार, अन्य आय शिर्षकमा गत बर्षको नगद मौज्दात रकम रू. १५६२६.६३ हजार र राजश्व बाँडफाँडबाट प्राप्त रू. ३२१० हजार मात्र रहेको देखिन्छ। आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिकाको आन्तरिक राजश्व उल्लेख्य वृद्धि भई रू. १४३३८.१५ हजार र नगद मौज्दात रू. ५३७३७.७१ गरी जम्मा रू. ६८०७६.८६ हजार आन्तरिक राजश्व परिचालन भएको देखिन्छ। उक्त आर्थिक वर्षमा राजश्व बाँडफाँड रकम रू. २२३,०३८.५६ हजार प्राप्त भएको देखिन्छ। आन्तरिक राजश्व तर्फ आ.व. २०७६/०७७ मा कूल रू. १५५,७५१.९० हजार राजश्व उठाउने अनुमान गरेको पाइन्छ जसमा गत वर्षको नगद मौज्दात समेत रू. ५८,१९५.७७ हजार परिचालन हुने अनुमान गरेको पाइन्छ। यस आ.व.मा कूल रू. ७३,५४८.१९ हजार संघ र प्रदेश सरकारबाट राजश्व बाँडफाँड प्राप्त हुने अनुमान गरिएको छ । यस नगरपालिकाको समग्र आय को अवस्था सन्तोषजनक देखिदैनर खासगरी हरेकआर्थिक बर्षमा बढ्दै गएको नगद मौज्दात रकमले कमजोर खर्च गर्ने क्षमतालाई संकेत गर्दछ र पालिकाको कुल आयमा राजश्वको हिस्सा ३ प्रतिशत पनि पुग्न सकेको छैन भने नगद मौज्दात र राजश्व बाँडफाँड समेतको हिस्सा २०

प्रतिशत पनि पुग्न नसकेको अवस्था सोचनीय रहेको छ र कुल आय विगत चार आर्थिक बर्षहरुमा सन्तोषजनक रहेतापनि आन्तरिक राजश्वको वृद्धिदर पछिल्ला वर्षमा ऋणात्मक रहनु राम्रो अवस्था होइन । यस नगरपालिकाको आय र राजश्वको विस्तृत विवरण तालिका ४.२ मा उल्लेख गरिएको छः

तालिका ४.२

राजश्व तथा आयस्रोतको अवस्था (आ.व. २०७३/७४—२०७६/७७) रु. हजारमा

क्र.सं.	विवरण	आ.व. २०७३/७४	%	आ.व. २०७४/७५	%	वृद्धिदर	आ.व. २०७५/७६	%	वृद्धि दर	आ.व. २०७६/७७	%	वृद्धि दर
१.	कूल आय	१८८९०७.१३	१००.०	७०३३१८.४२	१००	२७२.३	७८७०३१.२६	१००	११.९	९४०७६७.९०	१००.०	१९.५
१.१	राजश्व र नगद मौज्दात	२७७२१.१३	१४.७	९०११४.४२	१२.८	२२५.१	१५६६०९.३७	१९.९	७३.८	१५५७५१.९०	१६.६	-०.५
१.१.१	आन्तरिक राजश्व	८८८४.५०	४.७	१४३३८.१५	२.०	६१.४	२५८३१.१५	३.३	८०.२	२४००७.९४	२.५	-७.१
१.१.२	अन्य आय	१५६२६.६३	८.३	५३७३७.७१	७.६	२४३.९	५२३७४.२२	६.६	-२.५	५८१९५.७७	६.२	११.१
१.१.३	राजश्व बाडफाड प्राप्ति	३२१०.००	१.७	२२०३८.५६	३.१	५८६.६	७८४०४.००	१०.०	२५५.८	७३५४८.१९	७.८	-६.२
१.२	अन्तर्सरकारी वीत्तिय हस्तान्तरण	१५१९८९.००	८०.५	५९११६६.००	८४.१	२८८.९	६२५५२३.८८	७९.५	५.८	७७२०८५.००	८२.१	२३.४
१.२.१	नेपाल सरकार बाट प्राप्त अनुदान	१५१९८.००	८०.५	५९११६६.००	८४.१	२८८.९	६०२८७०.००	७६.६	२.०	७३०२७३.००	७७.६	२१.१
१.२.२	प्रदेश सरकार बाट प्राप्त अनुदान	०	०.०	०.००	०.०	०.०	१११५३.८८	१.४	०.००	१७७४९.००	१.९	५९.१
१.२.३	स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड	०	०.०	०.००	०.०	०.०	११५००.००	१.५	०.००	२४०६३.००	२.६	१०९.०
१.३	जनसह भागिता	९१९७.००	४.९	२२०३८.००	३.१	१३९.६	४८९८.०१	०.६	-७७.७	१२९३१.००	१.४	१६४.०

स्रोतः पुतलीबजार नगरपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका२०७३/७४, २०७४/७५, २०७५/७६, २०७६/७७ ।

४.२.३ अन्तर सरकारी वित्त

अन्तर सरकारी वित्त स्थानीय तहको आयश्रोतको प्रमुख आधार रहेको छ। यस अन्तर्गत नेपाल सरकारबाट प्राप्त समानिकरण, ससर्त, समपुरक र विशेष अनुदान, प्रदेश सरकारबाट प्राप्त यस्तै प्रकारका अनुदान रकमहरु समावेश हुन्छन्। पुतलीबजार नगरपालिकाको कूल वार्षिक बजेटमा केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको योगदान आ.व. २०७३/०७४ मा ८०.४६ प्रतिशत र आ.व. २०७६/०७७ मा ८२.०७ प्रतिशत रहेको छ। आ. व. २०७६ र ७७ मा त्यसमा प्रदेश सरकारको हिस्सा १.८९ प्रतिशत रहेको थियो भने स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड अन्तर्गत रकमको योगदान २.५६ प्रतिशत रहेको थियो। त्यस वाहेक अन्तर स्थानीयतहबाट प्राप्त हुने रकमहरु पनि यसमा समावेश हुन्छन्।

तालिका ४.३

अन्तरसरकारी वित्तीय हस्तान्तरणको अवस्था (रु. हजारमा)

क्र. सं.	विवरण	आ.व. २०७३/७४	%	आ.व. २०७४/७५	%	वृद्धिदर	आ.व. २०७५/७६	%	वृद्धि दर	आ.व. २०७६/७७	%	वृद्धि दर
१	कुल हस्तान्तरण	१५१९८९.०	८०.५	५९११६६.०	८४.१	२८८.९	६२५५२३.८	७९.५	५.८	७७२०८५.०	८२.१	२३.४
१.१	नेपाल सरकारबाट प्राप्त अनुदान	१५१९८९.०	८०.५	५९११६६.०	८४.१	२८८.९	६०२८७०.०	७६.६	१.९	७३०२७३.०	७७.६	२१.१
१.१.१	समानिकरण अनुदान	१३०५४९.०	८५.९	२३४६०५.००	३९.७	७९.७	१३३१००.००	२२.१	-४३.२७	१४२२००.००	१९.५	६.८
१.१.२	सशर्त अनुदान	०.०	०.०	२४९७६१.०	४२.३		३३५७४४.०	५५.७	३४.४	४००२६७.०	५४.८	१९.२
१.१.३	सामाजिक सुरक्षा	१४४०.०	०.८	१०६८००.०	१८.१	७३१६.७	१०९२००.०	१८.१	२.२५	१७९०८.०	२४.६	६४.७
१.१.४	समपुरक अनुदान	२००००.०	१०.६	०.०	०.०		२४८२६.०	४.१		८०००.०	१.१	-६७.८
१.१.५	विशेष अनुदान	०.०	०.०	०.०	०.०							
१.२	प्रदेश सरकारबाट प्राप्त अनुदान	-	-	-	-	-	१११५३.८८	१.४		१७७४९.०	१.९	५९.१
१.२.१	समानिकरण अनुदान	-	-	-	-	-	१११५३.८८	१.४		१२७४९.०	१.४	१४.३
१.१.२	सशर्त अनुदान	-	-	-	-	-	-	-	-	५०००.०	०.५	
१.२.३	समपुरक अनुदान	-	-	-	-	-	-	-	-	-	-	-
१.१.४	विशेष अनुदान	-	-	-	-	-	-	-	-	-	-	-
१.३	स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड	-	-	-	-	-	११५००.०	१.५		२४०६३.०	२.६	१०९.२

स्रोतः पुतलीबजार नगरपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका२०७३/७४, २०७४/७५, २०७५/७६, २०७६/७७।

पुतलीबजार नगरपालिकाले आ.व. २०७३/७४ मा नेपाल सरकारबाट कूल रू. १५१९८९.० हजार वित्तीय अनुदान प्राप्त गरेको देखिन्छ जसमध्ये रू. १३०५४९.० हजार समानिकरण अनुदान र रू. २०००० हजार ससर्त अनुदान रहेको थियो । आ.व. २०७६/०७७ मा कूल अन्तरसरकारी वित्तीय हस्तातरणको रकम रू. ७७२००८५ हजार रहेकोमा नेपाल सरकारबाट रू. ७३२०७३ हजार र प्रदेश सरकारले रू. १७७४९ हजार अनुदान प्राप्त भएको देखिन्छ भने बाकी रू. २४०६३ हजार स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड अन्तर्गतको योगदान रहेको देखिन्छ। यी दुवै तहबाट प्राप्त भएका अनुदान रकम मध्ये रू. १४२२०० हजार नेपाल सरकारको समानिकरण अनुदान र रू. १२७४९ हजार प्रदेश सरकारको समानिकरण अनुदान रहेको थियोर केन्द्र सरकारको अनुदान मध्ये रू. ४००२६७ हजार सशर्त अनुदान रू. १७९८०६ हजार सामाजिक सुरक्षा अनुदान र रू. ८००० हजार समपुरक अनुदान रहेको थियो। प्रदेश सरकारको अनुदानमा रू. ५००० हजार शसर्त अनुदान रहेको देखिन्छ। नगरपालिकामा विगत आ.व. को तुलनामा नेपाल सरकारबाट र प्रदेश सरकार बाट प्राप्त हुने अनुदान सामान्यतया बढ्दै गएको देखिन्छ । नगरपालिकाको केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने समपूरक अनुदान र विशेष अनुदान बढ्न सकेको देखिदैन। भविष्यमा यस्ता अनुदान लिन आवश्यक म्याचिङ फण्डको व्यवस्था गर्ने, र परियोजना बनाई पहलकदमी गर्नु आवश्यक देखिन्छ।

४.२.४ वैदेशिक सहायता परिचालन

स्थानीय तहले वैदेशिक ऋण अथवा सहायता प्रत्यक्ष रुपमा प्राप्त गर्न नसकेता पनि सम्भावित परियोजनामा द्वीपक्षिय र बहुपक्षिय वैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नेपाल सरकारसग पहल गर्न सक्दछ । यस नगरपालिकाबाट पनि पर्यटन प्रवर्द्धन, उर्जा, शिक्षा, स्वास्थ्य, कृषि विकास, गरीवि निवारण, सांस्कृतिक सम्पदाको संरक्षण, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा वैदेशिक सरकारी तथा गैर सरकारी सहायता (वित्तीय, प्रविधिक) परिचालन गर्न सकिन्छ। यसका लागि नगरपालिकाले विशेषज्ञहरुको सहयोग लिएर परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोग र सहमतिमा पहलकदमी गर्न सक्दछ । पुतलीबजार नगरपालिकाले हाल सम्म प्रत्यक्ष रुपमा यस्तो सहायता परिचालन आफ्नै पहलमा गर्न सकेको छैन। अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय गैरसरकारी संस्थामार्फत यस नगरपालिकाको क्षेत्रभित्र गरिरहेको सहायता परिचालनलाई नगरपालिकाको वैधानिक संरचना र अनुगमन प्रणालीमा आबद्ध गर्नु आवश्यक देखिन्छ।

४.२.५ सार्वजनिक ऋण

नेपालको संवैधानिक व्यवस्था अनुसार स्थानीय तहको सरकारले सार्वजनिक ऋण उठाउन सक्दछ। यसका लागि पुतलीबजार नगरपालिकाले आवश्यक कानुन वनाएर आफ्ने क्षेत्रका वित्तीय संस्थाहरुबाट र जनताबाट सार्वजनिक ऋण उठाउन सक्दछ। खासगरी विद्युत परियोजना, खानी संचालन, कृषि तथा पशुपालन व्यवसाय, उद्योग ग्राम, पूर्वाधार विकास र पर्यटन क्षेत्रमा विशेष परियोजना संचालन गर्न विकास बचत पत्र जारी गरेर जनताबाट दीर्घकालिन प्रकृतिको ऋण उठाउन सक्दछ। तर अहिले सम्म पुतलीबजार नगरपालिकाले यस्ता कार्यक्रम वा परियोजना बनाउने र ऋण उठाउने कार्य शुरु गरेको छैन।

४.२.६ जनसहभागिता परिचालन

स्थानीय तहमा रहेको जनशक्ति जो अल्प रोजगार वा बेरोजगार रुपमा रहेको छ त्यस्तो मानव शक्तिलाई विकास निर्माणको कार्यमा परिचालन गरेर अभियानका रुपमा उपयोग गर्न सकिन्छ । यस्तो कार्य सार्वजनिक भवन निर्माण, वाटो, पुल र अन्य ग्रामीण पूर्वाधार निर्माणमा उपयोग सकिन्छ । खासगरी स्थानीय समुदायसग श्रम वा वस्तु वा नगद सहभागितामा यस्ता विकास निर्माणका कार्य गर्न सकिन्छ । पुतलीबजार नगरपालिकाले आ.व. २०७३/०७४ मा रू. ९१९७ हजार र आ.व. २०७६/०७७ मा रू. १२९३१ हजार बराबर रकमका जनसहभागिता परिचालन मार्फत कार्यक्रमहरु संचालन गरेको देखिन्छ । आफ्नो बजेट र कार्यक्रममा यस्तो विकल्पको उपयोग गर्ने प्रस्ताव सकारात्मक हो र यसले आगामी वर्षहरुमा पनि निरन्तरता पाउनु पर्दछ तर यसका लागि आवस्यक कानून र कार्यविधि बनाइ स्थानीय नागरिकलाई विकास निर्माणमा परिचालन गर्नु वान्छनीय हुन्छ ।

४.३ सार्वजनिक, नीजि र सहकारी साझेदारी

विकास निर्माणका लागि सार्वजनिक (Public), नीजि (Private), सहकारी (Cooperative) को साझेदारी पछिल्लो समय अवलम्वन गरिएको एउटा उत्तम विकल्प हो । यसले वित्तीय अभाव कम हर्ने, सरकारी क्षेत्रको कमजोरी हटाउने र नीजि क्षेत्रको विकासमा सहभागिता र साझेदारी बढाउने कार्यका लागि एउटा समाधान दिन सक्दछ । पुतलीबजार नगरपालिकाले नीजि क्षेत्रका लगानीकर्ता, स्थानीय सहकारीहरु र आफ्नो समेत लगानीमा यस पालिका क्षेत्रको कुनै ड्रीम (रणनीतिक वा गौरवको) परियोजनामा यस्तो साझेदारीको उपयोग गर्न सक्दछ । खासगरी पर्यटन पूर्वाधार विकास गर्न, प्राकृतिक चिडियाखाना विकास गर्न, दृष्यावलोकन स्थलको पूर्वाधार विकास र सेवा प्रवाहमा यस ढाँचाको लगानी संरचना परिचालन गर्न सकिन्छ । जस्तै कतिपय नगरपालिकाका सेवा प्रवाहका क्षेत्रमा— एफएम रेडियो संचालन, स्वास्थ्य उपचार केन्द्र स्थापना, पर्यटन सुचना केन्द्र सञ्चालन, सांस्कृतिक संग्रालय निर्माण र संचालन, सामुहिक आधुनिक कृषि तथा पशुपालन फर्म संचालन, जलविद्युत परियोजना निर्माण र प्रसारण, प्राकृतिक स्रोतहरुको उपयोग जस्ता क्षेत्रमा यस्ता साझेदारीका परियोजनाहरु संचालन गर्न सकिन्छ । यसका लागि नगरपालिकाले विज्ञहरुको सुझाब र सेवा लिएर परियोजना निर्माण र विकास गर्नु र आवश्यक वैधानिक संरचना र कार्यविधिहरु निर्माण गर्नु आवश्यक हुन्छ ।

४.४ वैदेशिक लगानी

विद्यमान कानुनी प्रावधान वमोजिम स्थानीय तहले वैदेशिक लगानीका लागि प्रत्यक्ष तवरले कार्य गर्न सक्दैन तर सम्भाव्य क्षेत्र र परियोजनामा विदेशी लगानी आर्कषित हुने देखिएमा संघीय सरकारको स्वीकृति र समन्वयमा विदेशी लगानी आर्कषित गर्न सकिन्छ । हाल सम्म पुतलीबजार नगरपालिकामा विदेशी लगानी आकर्षित हुन सकेको छैन । भविष्यमा यस्तो सम्भावनालाई नकार्न सकिदैन ।

४.५ आन्तरिक श्रोत (राजश्व) अभिवृद्धिका कार्यक्रमहरु

१. नगरपालिकाको घर जग्गा कर (सम्पत्ति कर) र घरबहाल कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम (कार्यविधि) बनाई कार्यान्वयन गर्ने ।

२. नगरपालिकामा संचालित होटल, रेष्टुरेष्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा ब्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याउने ।

३. नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।

४. वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी वृद्धि गर्ने ।

५. नगरपालिकाका १५०० मी. भन्दा माथिका भू–भागको पर्यटन प्रवद्र्धन गर्ने र पर्यटनमा हरित शुल्क लगाई आय आर्जन गर्ने । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँग साझेदारी र सहकार्य गर्ने ।

६. नगरपालिकाले प्रत्येक घरपरिवार बाट फोहरमैला व्यवस्थापन शुल्क उठाउन सक्दछ र फोहरमैला प्रशोधन गरि फोहर बाट मोहर बनाउने कार्यक्रम मार्फत पनि आय आर्जन गर्ने ।

७. नगरपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालनबाट आय वृद्धि गर्ने ।

८. केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गर्ने ।

९. नगरपालिकाले सम्भाव्य परियोजनाहरु विद्युत, पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग ब्यबसायहरुमा आदिमा लागत सहभागिता वा शेयर लगानी गरि, खासगरी सार्वजनिक नीजि तथा सहकारी संग साझेदारी परियोजनाहरु संचालन गरि दिगो रुपमा आयवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने नीति लागु गर्नु ।

१०. नगरपालिकामा रहेको जैविक विविधता र रैथाने अनुवांशिक प्रजातिका पशुपंक्षी तथा बोटविरुवाको संरक्षण तथा व्यवसायिक विकास र उत्पादनको ब्राण्डिङ र प्याटेन्ट रजिष्ट्रेशनको व्यवस्था गरी आयआर्जनको दायरा विस्तार गर्ने । यसका लागि नगरपालिकाले आवश्यक योजना, कार्ययोजना र वैधानिक व्यवस्था मिलाउने ।

४.६ सार्वजनिक खर्चमा वित्तीय अनुशासनका कार्यक्रमहरु

नगरपालिकाको वीत्तिय स्थितिको बिश्लेषण गर्दा के प्रस्ट हुन्छ भने उसको सार्वजनिक खर्च गर्ने क्षमता ज्यादै कमजोर रहेको छ । खासगरी पुँजीगत खर्चगर्नका लागि चाहिने प्राविधिक र प्रशासनिक क्षमता कमजोर रहेको अवस्था सबै स्थानीय तहमा समस्याका रुपमा रहेको छ । यस चुनौतिलाई पार गर्नका लागि नगरपालिकाले आफ्नो प्राविधिक र प्रशासनिक क्षमता अभिवृद्धिमा तत्कालै ध्यान पुऱ्याउन आवश्यक छ । त्यसैगरी स्थानीय तहमा खर्च व्यवस्थापनमा आर्थिक अनुशासनका समस्याहरु रहेका देखिन्छन । यस सन्दर्भमा देहाय बमोजिमका योजना कार्यन्वयन गर्दा वित्तीय अनुशासनका कार्यहरु गर्नु आवश्यक देखिन्छः

१. नगरपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने तथा आवश्यक कार्यविधिहरु बनाउने र लागु गर्ने ।

२. केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।

३. सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।

४. नगरपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व वृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय नगर्ने ।

५. आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने र यसको अनुगमनलाई प्रभावकारी बनाउने ।

६. वार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिने ।

७. नगरपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।

८. आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यांकन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने ।

९. आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्रका परियोजनाहरुमा मात्र गर्ने ।

१०. नगरपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुत्तानी गर्ने पद्धतिलाई कडाईकासाथ लागु गर्ने ।

११. नगरपालिकाको श्रेस्ता व्यवस्थापन संस्थागत रुपमा गर्ने, व्यक्तिगत जिम्मेवारी तथा जवाफदेहिताको पद्धति विकास गर्ने र भ्रष्टाचारमा सून्य सहनशिलताको नीति अबलम्बन गर्ने ।

१२. नगरपालिकामा बेरुजुलाई निरुत्साहित गर्ने, बेरुजु फछ्र्यौटलाई आ.व. भित्रै सम्पादन गर्ने ।

१३. नगरपालिकाबाट सञ्चालित विकास निर्माणका परियोजनाहरुको गुणस्तर मापन र नियमनको व्यवस्था प्रभावकारी बनाउने, पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण प्रणाली लागु गर्ने ।

४.७ आर्थिक वृद्धिदर

आर्थिक वृद्धिदर गणना गर्न नगरपालिका स्तरको उत्पादन र आयको लेखा आवश्यक पर्ने हुन्छ । अहिलेसम्म राष्ट्रिय आम्दानीको तथ्यांक नगरपालिका स्तरसम्म गणना गर्ने नगरिएकाले यस नगरपालिकाको सम्बन्धित तथ्यांक उपलब्ध हुन सकेन । त्यसैले वार्षिक तथा योजना अवधिको आर्थिक वृद्धिदर गणना गर्न सम्भव भएन । नगरपालिकाले केन्द्रीय तथ्यांक विभागसँगको समन्वयमा आगामी दिनमा राष्ट्रिय आय गणना पद्धती अबलम्बन गरी नगरपालिका स्तरको उत्पादन र आम्दानीको तथ्यांक संकलन गर्ने स्तरीय पद्धतीको विकास गर्नु आवश्यक छ । यसका लागि नगरपालिका स्तरमा तथ्यांक संकलन तथा व्यवस्थापन इकाईको स्थापना र सम्बन्धित विषयका सीपयुक्त जनशक्तिको व्यवस्थापन गरी आय र उत्पादनको तथ्यांक अध्यावबिधक गर्ने कार्यको प्रारम्भ गर्नु आवश्यक छ ।

४.८ लगानीको आवश्यकता र स्रोतको आंकलन

पुतलीबजार नगरपालिकाको आबधिक योजनामा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न ठुलो परिमाणमा खर्च र लगानीको आवश्यकता पर्दछ । लगानीको आवश्यकता निर्धारण गर्दा प्रचलित स्थापित विधि अबलम्बन गर्न तथ्यांकको अभावमा सम्भव भएन । त्यसैले यो प्रथम पाँच वर्षे योजनाका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको प्रक्षेपण सामान्य तथ्यांकीय बिधि अबलम्बन गरीएको छ । खासगरी नगरपालिकाको विद्यमान आम्दानीको

श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरणको अवस्था, थप राजश्व परिचालन हुन सक्ने सम्भाव्य क्षेत्रहरु, नीजि क्षेत्रको लगानीको सम्भावनाका क्षेत्रहरुको आँकलन, वैदेशिक सहायता परिचालनको सम्भावना, गैरसरकारी संस्थाहरुको सहभागिताको सम्भावना र स्थानीय जनसहभागिता समेतको विश्लेषण गरी पाँच वर्षको लागि आवश्यक खर्च, लगानी र सम्भाव्य श्रोतहरुको प्रक्षेपण तालिका ४.४ र ४.५ मा उल्लेख गरिएको छः

तालिका ४.४

योजना अवधिको लागि प्रक्षेपित खर्च तथा लगानीको विवरण (रकम रु. हजारमा)

क्र.सं.	शिर्षक	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	योजना अबधिको जम्मा	प्रतिशत
	कूल व्यय	**१,१५९,५४०.०० ०**	**१,२४६,५०५.५ ०**	**१,३३९,९९३.४१**	**१,४७३,९९२.७ ५**	**१,६२१,३९२.०३**	**६,८४१,४२३.७ ०**	
	प्रतिशत	१६.९	१८.२	१९.६	२१.५	२३.७		**१००**
१	**चालु खर्च**	**६२५,०९५.००**	**६७१,९७७.१३**	**७२२,३७५.४१**	**७९४,६१२.९५**	**८७४,०७४.२५**	**३,६८८,१३४.७३**	**५३.९१**
१.१	प्रशासनिक खर्च (शसर्त समेत)	४४५,०९५.००	४७८,४७७.१३	५१४,३६२.९१	५६५,७९९.२०	६२२,३७९.१२	२,६२६,११३.३६	७१.२०
१.२	सामाजिक सुरक्षा खर्च	१८०,०००.००	१९३,५००.००	२०८,०१२.५०	२२८,८१३.७५	२५१,६९५.१३	१,०६२,०२१.३८	२८.८०
२.	**पुंजीगत खर्च**	**५३४,४४५.००**	**५७४,५२८.३८**	**६१७,६१८.००**	**६७९,३७९.८०**	**७४७,३१७.७८**	**३,१५३,२८८.९७**	**४६.०९**
२.१	आर्थिक विकास	१७,७६६.००	१९,०९८.४५	२०,५३०.८३	२२,५८३.९२	२४,८४२.३१	१०४,८२१.५१	३.३२
२.२	सामाजिक विकास	५५,१५३.००	५९,२८९.४८	६३,७३६.१९	७०,१०९.८०	७७,१२०.७८	३२५,४०९.२५	१०.३२
२.३	पूर्वाधार विकास	१०१,७०९.००	१०९,३३७.१८	११७,५३७.४६	१२९,२९१.२१	१४२,२२०.३३	६००,०९५.१८	१९.०३
२.४	बातावरण संरक्षण तथा विपद् व्यवस्थापन	२,०००.००	२,१५०.००	२,३११.२५	२,५४२.३८	२,७९६.६१	११,८००.२४	०.३७
२.५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२२,१००.००	२३,७५७.५०	२५,५३९.३१	२८,०९३.२४	३०,९०२.५७	१३०,३९२.६२	४.१४
३.	नगरपालिका स्तरका योजनाहरु	५०,०००.००	५३,७५०.००	५७,७८१.२५	६३,५५९.३८	६९,९१५.३१	२९५,००५.९४	९.३६
४.	वडा स्तरका योजनाहरु	३८,०९५.००	४०,९५२.१३	४४,०२३.५३	४८,४२५.८९	५३,२६८.४८	२२४,७६५.०२	७.१३
५.	जनसहभागिताका कार्यक्रमहरु	७,०००.००	७,५२५.००	८,०८९.३८	८,८९८.३१	९,७८८.१४	४१,३००.८३	१.३१
६.	भैपरीआउने	६२२.००	६६८.६५	७१८.८०	७९०.६८	८६९.७५	३,६६९.८७	०.१२
७.	गैरसरकारी **सहभागिताका कार्यक्रमहरु**	**४०,०००.००**	**४३,०००.००**	**४६,२२५.००**	**५०,८४७.५०**	**५५,९३२.२५**	**२३६,००४.७५**	**७.४८**
८.	नीजिक्षेत्रको लगानीका कार्यक्रम	**२००,०००.००**	**२१५,०००.००**	**२३१,१२५.००**	**२५४,२३७.५०**	**२७९,६६१.२५**	**१,१८०,०२३.७५**	**३७.४२**

तालिका ४.४ मा उल्लेख भएअनुसार नगरपालिकाको आबधिक योजना अवधिमा कूल ६ अर्ब ८४ करोड १४ लाख २३ हजार हजार खर्च र लगानी हुने प्रक्षेपित अनुमान गरिएको छ। जसमा पुँजीगत खर्च ३ अर्ब १५ करोड ३२ लाख ८९ हजार (३७.०९%) र चालु खर्चतर्फ ३ अर्ब ६८ करोड ८१ लाख ३५ हजार (५३.९१%) खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ। योजना अवधिमा कुल चालु खर्चमध्ये शसर्त अनुदानसमेतको प्रशासनिक खर्चबाट ७१.२० प्रतिशत (२६२६११३ हजार) र सामाजिक सुरक्षा खर्च २८.८० प्रतिशत (१०६२०२१ हजार) रहेको छ। योजना अवधिमा हुने कूल पुँजीगत खर्चमध्ये पूर्वाधार विकासमा ६०००९८ हजार (१९.०३ प्रतिशत), आर्थिक विकासमा १०४८२२ हजार ३.३० प्रतिशत), सामाजिक विकासमा ३२५४०९ हजार (१०.३२ प्रतिशत), वातवरण संरक्षण र विपद् व्यवस्थापनमा ११८०० हजार (०.३७ प्रतिशत) र संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ १३०३९३ हजार (४.१४ प्रतिशत) रकम विनियोजन गरिएको छ। यस विनियोजनमा गैरसरकारी सस्थाबाट हुने खर्च र निजि क्षेत्रको लगानी सामेल गरिएको छैन। योजना अवधिमा गैरसरकारी संस्थाहरुबाट कुल २३६००५ हजार (७.४८) र निजि क्षेत्रबाट कुल ११८००२४ (३७.४२%) हजार पुँजीगत लगानी हुने अनुमान गरिएको छ जुन मुलत आर्थिक तथा पूर्वाधार विकास र सामाजिक विकासमा खर्च र लगानी हुने अपेक्षा गरिएको छर

उपरोक्त लगानी र खर्च मध्ये योजनाको पहिलो वर्ष आ.व. २०७७।७८ मा कूल ११५९५४० हजार (१६.९%) लगानी हुने प्रक्षेपण गरिएको छ भने दोस्रो वर्ष आ.व. ०७८।७९ मा कूल १२४६५०६ हजार (१८.२%), तेस्रो वर्ष आ.व. ०७९।८० मा कूल १३३९९३३ हजार (१९.३%), चौथो वर्ष आ.व. ०८०।८१ मा कूल १४७३९९३ हजार (२१.५%) र अन्तिम वर्ष आ.व. ०८१।८२ मा १६२१३९२ हजार (२३.७%) रकम खर्च र लगानी हुने प्रक्षेपण गरिएको छ। यो विनियोजन गर्दा पालिकाको संस्थागत क्षमता र आयस्रोतको अभिवृद्धिलाई मुख्य आधार मानिएको छ।

तालिका ४.५

खर्च र लगानीका स्रोतहरुको प्रक्षेपण (रकम रु. हजारमा)

क्र.सं.	शिर्षक	आ.व. २०७७।७८	आ.व. २०७८।७९	आ.व. २०७९।८०	आ.व. २०८०।८१	आ.व. २०८१/८२	योजना अबधिको जम्मा	प्रतिशत
१.	**कूल आय तथा लगानी**	**१,१५९,५४०.००**	**१,२४६,५०५.५०**	**१,३३९,९९३.४१**	**१,४७३,९९२.७५**	**१,६२१,३९२.०३**	**६,८४१,४२३.७०**	**१००**
१.१	**राजश्व र नगद मौज्दात**	**१८३,२५९.००**	**१९७,००३.४३**	**२११,७७८.६८**	**२३२,९५६.५५**	**२५६,२५२.२१**	**१,०८१,२४९.८६**	**१५.८०**
१.१.१	**आन्तरिक राजश्व**	**२७,८००.००**	**२९,८८५.००**	**३२,१२६.३८**	**३५,३३९.०१**	**३८,८७२.९१**	**१६४,०२३.३०**	**२.४०**
	सम्पत्ति कर	७,०००.००	७,५२५.००	८,०८९.३८	८,८९८.३१	९,७८८.१४	४१,३००.८३	
	घरबहाल कर	१,१००.००	१,१८२.५०	१,२७१.१९	१,३९८.३१	१,५३८.१४	६,४९०.१३	
	घरजग्गा रजिष्टेशन	७,०००.००	७,५२५.००	८,०८९.३८	८,८९८.३१	९,७८८.१४	४१,३००.८३	
	सवारी साधन कर	२०.००	२१.५०	२३.११	२५.४२	२७.९७	११८.००	
	सेवा शुल्क (पूर्वाधार तथा सेवा उपयोगमा)	२,०००.००	२,१५०.००	२,३११.२५	२,५४२.३८	२,७९६.६१	११,८००.२४	
	दस्तुर (सिफारिस लगायतमा)	७,६००.००	८,१७०.००	८,७८२.७५	९,६६१.०३	१०,६२७.१३	४४,८४०.९०	
	नक्सापास दस्तुर	१,३००.००	१,३९७.५०	१,५०२.३१	१,६५२.५४	१,८१७.८०	७,६७०.१५	

	व्यक्तिगत घटना दर्ता दस्तुर	१२५.००	१३४.३८	१४४.४५	१५८.९०	१७४.७९	७३७.५१	
	अन्य सेवा शुल्क	७०.००	७५.२५	८०.८९	८८.९८	९७.८८	४१३.०१	
	पर्यटन शुल्क	३५.००	३७.६३	४०.४५	४४.४९	४८.९४	२०६.५०	
	विज्ञापन कर	३००.००	३२२.५०	३४६.६९	३८१.३६	४१९.४९	१,७७०.०४	
	व्यवसाय कर	१,२००.००	१,२९०.००	१,३८६.७५	१,५२५.४३	१,६७७.९७	७,०८०.१४	
	भूमि कर (मालपोत),घरधुरी कर		-	-	-	-	-	
	दण्ड जरिवाना		-	-	-	-	-	
	मनोरन्जन कर		-	-	-	-	-	
	बहाल विटौरी कर	५०.००	५३.७५	५७.७८	६३.५६	६९.९२	२९५.०१	
	अन्य आय		-	-	-	-	-	
	बेरुजु असुली		-	-	-	-	-	
	गत वर्षको नगद मौज्दात	४८,५२२.६०	५२,१६१.८०	५६,०७३.९३	६१,६८१.३२	६७,८४९.४५	२८६,२८९.१०	
	राजश्व बांडफांड		-	-	-	-	-	
१.१.२	**राजश्व बाँडफाँड प्राप्ती**	**१०६,९३६.४०**	**११४,९५६.६३**	**१२३,५७८.३८**	**१३५,९३६.२१**	**१४९,५२९.८४**	**६३०,९३७.४६**	
१.२	**अन्तरसरकारी बित्तीय हस्तान्तरण**	**७२९,२८१.००**	**७८३,९७७.०८**	**८४२,७७५.३६**	**९२७,०५२.८९**	**१,०१९,७५८.१८**	**४,३०२,८४४.५०**	**६२.८९**
	नेपाल सरकारबाट प्राप्त अनुदान	**६८४,५००.००**	**७३५,८३७.५०**	**७९१,०२५.३१**	**८७०,१२७.८४**	**९५७,१४०.६३**	**४,०३८,६३१.२८**	
	समानिकरण अनुदान	१४१,६००.००	१५२,२२०.००	१६३,६३६.५०	१८०,०००.१५	१९८,०००.१७	८३५,४५६.८२	
	सशर्त अनुदान	३६२,९००.००	३९०,११७.५०	४१९,३७६.३१	४६१,३१३.९४	५०७,४४५.३४	२,१४१,१५३.०९	
	सामाजिक सुरक्षा	१८०,०००.००	१९३,५००.००	२०८,०१२.५०	२२८,८१३.७५	२५१,६९५.१३	१,०६२,०२१.३८	
	समपुरक अनुदान	-	-	-	-	-	-	
	विशेष अनुदान	-	-	-	-	-	-	
	प्रदेश सरकारबाट प्राप्त अनुदान	**२२,६३६.००**	**२४,३३३.७०**	**२६,१५८.७३**	**२८,७७४.६०**	**३१,६५२.०६**	**१३३,५५५.०९**	
	समानिकरण अनुदान	१२,६३६.००	१३,५८३.७०	१४,६०२.४८	१६,०६२.७३	१७,६६९.००	७४,५५३.९०	
	सशर्त अनुदान		-	-	-	-	-	
	समपुरक अनुदान	१०,०००.००	१०,७५०.००	११,५५६.२५	१२,७११.८८	१३,९८३.०६	५९,००१.१९	
	विशेष अनुदान		-	-	-	-	-	
	स्थानिय पुर्वाधार विकास साझेदारी र सडक वोर्ड	२२,१४५.००	२३,८०५.८८	२५,५९१.३२	२८,१५०.४५	३०,९६५.४९	१३०,६५८.१३	
१.३	**जनसहभागिता**	**७,०००.००**	**७,५२५.००**	**८,०८९.३८**	**८,८९८.३१**	**९,७८८.१४**	**४१,३००.८३**	**०.६०**
	नगद सहभागिता	७,०००.००	७,५२५.००	८,०८९.३८	८,८९८.३१	९,७८८.१४	४१,३००.८३	

	श्रम तथा बस्तुगत सहभागिता	-	-	-	-	-	-	
१.४	**बैदेशिक सहायता (अनुदान)**	-	-	-	-	-	-	
१.५	**सार्वजनिक ऋण**	-	-	-	-	-	-	
	आन्तरिक ऋण	-	-	-	-	-	-	
	बैदेशिक ऋण	-	-	-	-	-	-	
१.६	**गैरसरकारी संस्थाको सहयोग परिचालन**	४०,०००.००	४३,०००.००	४६,२२५.००	५०,८४७.५०	५५,९३२.२५	२३६,००४.७५	३.४५
१.७	**नीजि क्षेत्रको लगानी**	२००,०००.००	२१५,०००.००	२३१,१२५.००	२५४,२३७.५०	२७९,६६१.२५	१,१८०,०२३.७५	१७.२५

तालिका ४.५ मा उल्लेख भएअनुसार योजना अवधिमा हुने कूल खर्च र लगानीमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको मूख्य भूमिका रहने प्रक्षेपण गरिएको छ। योजना अवधिको लागि आवश्यक पर्ने कूल लगानीमध्ये संघ र प्रदेश बाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट खर्चहुने कार्यक्रमहरुमा कूल ४ अर्ब ३० करोड २८ लाख ४५ हजार (६२.८९%) व्यवस्थापन हुने देखिन्छ। खर्च र लगानीका स्रोतहरुमध्ये आन्तरिक श्रोत र राजश्व बाँडफाँड बाट १०८१२५० हजार (१५.८%) प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी योजना अवधिमा जनसहभागिता तर्फ ४१३०१ हजार (०.६ %), गैरसरकारी संस्थाहरुको सहयोग परिचालनबाट २३ करोड ६० लाख ०५ हजार (३.४५%) को स्रोत परिचालन हुने प्रक्षेपण गरिएको छ । त्यसैगरी योजना अवधिमा निजी क्षेत्रले विभिन्न व्यवसायहरुमा गर्ने लगानी १ अर्ब १८ करोड २४ हजार (१७.२५%) हुने प्रक्षेपित अनुमान गरिएको छ।

परिच्छेद ५

आर्थिक क्षेत्र

५.१ कृषि

५.१.१ पृष्ठभूमि

पुतलीबजार नगरपालिकाले कृषि क्षेत्रलाई समृद्धिको एक महत्वपूर्ण आधार मानेको छ। पुतलीबजार नगर पार्श्वचित्र २०७५/७६ का अनुसार यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसङ्ख्याको ६७.०१ प्रतिशत कृषिमा आश्रित छन्। जस मध्ये करीब पाँच प्रतिशत जनसङ्ख्यालाई मात्र कृषिबाट गुजारा चल्छ भने बाँकी जनसङ्ख्याले आफ्नो गुजारा तथा जीवनयापनका लागि अन्य पेशामा समेत आश्रित हुनु पर्दछ। समग्रतामा, खाद्यान्न उपलब्धताको हिसाबले पुतलीबजार नगरपालिकाको खाद्य सुरक्षित देखिएतापनि ७३ प्रतिशत जनसङ्ख्या अझै पनि मौसमी खाद्य असुरक्षित छन्। कृषिमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ। कुल खेति योग्य जमिनको ४.१५ प्रतिशत जमिन बाँझो छ भने खेति गरिएको ७५ प्रतिशत जमिनमा मात्र सिंचाईको सुविधा पुगेको छ। मूलतः कृषि प्रणाली निर्वाहमुखी रहेको र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ र खाद्यान्नको उत्पादकत्व पनि न्यून रहेको छ। दीगो विकास लक्ष्य, कृषि विकास रणनीति एवम् राष्ट्रिय तथा प्रादेशिक कृषि नीतिलाई मध्यनजर गर्दै सार्वजनिक, सहकारी तथा निजी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा औद्योगिकरण गरी कृषिबाट रोजगारी श्रृजना गर्ने, गरिबी निवारण गर्ने र समग्र कृषि अर्थतन्त्रलाई थप सवल बनाउँदै पुतलीबजार नगरपालिकाको दीगो सामाजिक, आर्थिक सम्वृद्धिको आधारशिला तयार गर्नुपर्ने आवश्यकता छ।

५.१.२ प्रमुख समस्या

जनसङ्ख्याको अधिक संख्या निर्वाहमुखी कृषि प्रणालीमा संलग्न हुनु, जग्गाको खण्डीकरण हुनु, खेतियोग्य जग्गा घर घडेरीको लागि प्लटिंग हुदै जानु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुका साथै उत्पादनमा ह्रास आउनु, युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, भौगोलिक जटिलता तथा जलवायू अनुकुलित कृषि प्रणाली विकास नहुनु, कृषिमा निजि क्षेत्रको लगानी कम हुनु, कृषि उत्पादनको मूल्यको बढी हिस्सा बिचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रीकरण र व्यवसायीकरण हुन नसक्नु, बालीवस्तुहरुमा नयाँ रोग तथा किराहरु देखापर्दै जानु, गुणस्तरीय बीउ, मल, सिंचाई र कृषि सामाग्री आदिको आवश्यकता र मागअनुसार सही समय, मुल्य र स्थानमा सहज उपलब्ध हुन नसक्नु, आवश्यकता अनुसार गुणस्तरीय शीत तथा अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषिमा व्यवसायिक करार सम्झौता नहुनु, अझैपनि कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरु ग्रामिण कृषकहरूको सहज पहुँचमा नहुनु, कृषि उत्पादनलाई मुल्य श्रृङखलासँग जोड्न नसक्दा ब्यबस्थित र दीगो तरिकाले बजारीकरण हुन नसक्नु, स्पष्ट संरचना सहित कृषि प्राविधिकको उपलब्धता कम हुनु आदि पुतलीबजार नगरपालिकाका कृषि क्षेत्रका प्रमुख समस्याहरु हुन्।

५.१.३ चुनौती र अवसर

चुनौती

वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा देखिएको श्रम अभावलाई सम्बोधन गर्नु, भूउपयोग नीति बनाई प्रभावकारी कार्यान्वयन गर्नु, जग्गाको खण्डीकरण र अव्यवस्थित प्लटिंगलाई रोक्ने नीति बनाई प्रभावकारी कार्यान्वयन गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु, खानपिन र आहारविहारमा परिवर्तन ल्याउनु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी वृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि प्रणालीलाई यान्त्रीकीकरण वृद्धि गर्नु, कृषि प्रसार सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु, गुणस्तरीय बीउ, मलखाद, कीटनाशक विषादी तथा कृषि सामाग्रीको समयानुकूल आपूर्ति बढाउनु, कृषि पेशालाई प्रतिस्पर्धी, व्यवसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु, कृषि उत्पादनमा बिचौलियाको प्रभाव कम गर्नु, अनुदानमुखी कृषि कार्यक्रमहरुलाई थप परिस्कृत गर्दै लैजानु, जलवायु परिवर्तन अनुकुलन हुने गरी कृषि प्रणालीको विकास तथा व्यवस्थापन गर्नु, कृषि क्षेत्रमा संलग्न जनसङ्ख्या कम गराउँदै लानु र कृषि विकासको लागि तीन तहको सरकार वीच प्रभावकारी समन्वय कायम राख्नु, स्पष्ट संरचना सहित दक्ष कृषि प्राविधिकको व्यवस्था गर्नु आदि कृषि क्षेत्रका चुनौतीहरु हुन्।

अवसर

पुतलीबजार नगरपालिका सहित संघीय सरकार तथा प्रदेश सरकारले समेत कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, नगरपालिकाको क्षेत्र भौगोलिक तथा जैविक विविधतामा धनी हुनु, कृषि विकास रणनीति–२०७२ र कृषि विकासका अन्य मार्गदर्शनहरुको विकास भई कार्यान्वयन अगाडी बढ्नु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात भई पकेट कार्यक्रम नगरपालिकाबाट सञ्चालन हुनेगरी हस्तान्तरण हुनु, यसै नगरपालिका कार्यक्षेत्र रहने गरी सुन्तला सुपरजोन र कफी सुपरजोन सञ्चालनमा हुनु, सुन्तला, तरकारी, कफीजस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादन सम्भाव्य क्षेत्र हुनु, जलवायु परिवर्तन अनुकुलन हुने गरि कृषि प्रणालीको विकास हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, यातायात तथा सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोग बढदै जानु, प्रांगारिक कृषि प्रणाली प्रति चासो बढदै जानु, कृषि क्षेत्रमा लगानी गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र तथा अन्य संस्थाहरु आकर्षित हुदै जानु, कृषि क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमै परिचय स्थापित गर्न सफल स्रोत व्यक्तिहरू नगरमै उपलब्ध हुनु, पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्दै जानु आदि यस क्षेत्रका अवसरहरु हुन्।

५.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

५.१.४.१ सोच

कृषिमा आधुनिक, व्यवसायिक तथा आत्मनिर्भर, समृद्ध पुतलीबजार।

५.१.४.२ लक्ष्य

कृषिको यान्त्रिकीकरण र व्यावसायीकरणमार्फत समग्र कृषि क्षेत्रबाट उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।

५.१.४.३ उद्देश्य

१. उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर नगर बनाउने।

२. कृषि पेशालाई सम्मानित, नाफामूलक, गुणस्तरिय, दिगो एवम् व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आय तथा रोजगारी वृद्धि गर्ने।

३. कृषि उत्पादनलाई वातावरण मैत्री बनाउने ।
४. कृषिलाई पर्यटनसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्ने ।

५.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. तुलनात्मक रूपमा बढी लाभ हुनसक्ने बाली तथा वस्तुको व्यवसायीकरण गर्ने ।	१. भूउपयोग नीतिले वर्गीकरण गरेका कृषि भूमिको चक्लाबन्दी गरी व्यवसायिक खेती गर्नेलाई सुविधा दिने नीतिगत व्यवस्था गरिनेछ । जग्गा बाँझो नराख्ने उपयुक्त नीति लिइनेछ । २. कृषकमैत्री नीति ऐन र नियमहरू तर्जुमा गरिने छ । कृषक पहिचान तथा वर्गीकरण कार्यविधि तयार गरी कृषक वर्गीकरणको आधारमा अनुदान तथा अन्य सेवालाई उत्पादन लक्षित गरिनेछ। ३. कृषि तथ्यांकलाई अनलाईन तथा वेबमा आधारित एप्लिकेसन समेतको माध्यमबाट व्यवस्थित गरिनेछ । ४. बाली उत्पादन क्षमता र स्थानीय सम्भाव्यताको आधारमा विशिष्टिकृत कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) र नमूना फार्म विकास गरिनेछ। ५. कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गर्ने तथा आवश्यकता अनुसार शीत गृहको व्यवस्था गरिनेछ । ६. अध्ययन अनुसन्धान क्षेत्रसँग सहकार्य र समन्वय गरी उन्नत प्रविधि विकास तथा बिस्तार गर्न नव प्रवर्तन तथा खोज केन्द्र स्थापना गरिनेछ । ७. लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रमलाई प्राथमिकतासाथ लागू गरिनेछ । ८. जंगली जनावरबाट कृषिमा हुने क्षतिलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिको प्रवर्द्धन गरिनेछ । ९. उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका अन्य आवश्यक पूर्वाधार विकासको लागि सहयोग उपलब्ध गराइने छ । १०. बीउविजन लगायतका गुणस्तरीय उत्पादन सामाग्रीहरू र कृषि यन्त्रहरु, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जा ग्यारेण्टी बैंक र भौचर प्रणाली मार्फत व्यवस्था गरिनेछ । ११. बाली संरक्षण, माटो र बीउ बिजन प्रयोगशाला सेवामा सबै कृषकको पहुँच पुऱ्याइनेछ । १२. स्थानीयस्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रर्वद्धन तथा उपयोगमा जोड दिइनेछ। १३. एक वडा एक व्यवसायिक बाली उत्पादन कार्यक्रम अबलम्बन गरिने छ साथै कृषि उपज संकलन र बजारीकरणमा सहयोग गर्ने नीति लिईनेछ । १४. तरकारी तथा फलफूलको मात्र बिक्री वितरण गर्न नगरपालिकाबाट अनुमति लिनुपर्ने व्यवस्था गरिने छ । १५. विशेष कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य कायम गरी बजारीकरण सुनिश्चितताको व्यवस्था नगरपालिकाबाट मिलाईने छ ।

	१६. प्रांगारिक मलको माग अनुसारको आपुर्ति सुनिश्चित हुने व्यवस्था मिलाईने छ। १७. सिंचाइको सुविधा कम भएको र सतह सिंचाइ कम हुने स्थानमा नयाँ प्रविधिमा आधारित सिंचाईको बिस्तार गरिनेछ। १८. कृषि उत्पादन सामाग्रीको सहज पहुँच तथा कृषि उपजको सहज निकासीको लागि कृषि विशेष पकेट क्षेत्रलाइ कृषि सडकले जोडिनेछ। १९. कृषि विकासको लागि सरकारी, नीजि, सहकारी बीचको सम्बन्धलाई कार्यगत साझेदारीमा विकास गरिनेछ। २०. सहकारी खेतीलाई प्रवर्द्धन गरिने छ । कृषि उद्यम एवम् व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने नीतिगत व्यबस्था कार्यान्वयन गरिनेछ। २१. नीजि क्षेत्रले कृषिमा अनुसन्धान गरी प्रविधि विकास गर्न चाहेमा पूर्वाधारमा सहयोग गरी नयाँ प्रविधि प्राप्त गरिनेछ।
२. कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमा संलग्न व्यक्तिहरुको आत्मसम्मान उच्च गराउने।	१. तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ। २. उत्पादन वा आम्दानीको आधारमा अनुदान (Production-based subsidy) उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। ३. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिइनेछ। ४. मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारिकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ। ५. कृषि उपजको बजारीकरणको लागि आवश्यक संरचना विकास तथा यान्त्रिकीकरणमा सहयोग उपलब्ध गराउन कस्टम हायरिँग सेन्टर स्थापना गर्न सहयोग गरिनेछ। ६."पुतलीबजारको आह्वान, व्यवसायिक कृषिमा यूवाको योगदान" नाराको साथ युवाहरुलाई विदेश जान निरुत्साहित गर्न तथा कृषिमा आकर्षित गर्ने विशेष युवा लक्षित कार्यक्रमको व्यवस्था गरिने छ। ७. कृषक र व्यवसायी (होटल, पर्यटन व्यवसायी, थोकबजार) बीच करार सम्झौता गरी आवश्यक परिमाण तथा गुणस्तरको कृषि उपजको बजार तथा आपुर्ति सुनिश्चितता हुने आवश्यक व्यवस्था मिलाईनेछ। ८. कृषकलाई प्रोत्साहित गर्न उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ।
३. प्राङ्गारिक तथा वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गरी खाद्य स्वच्छतामुखि उत्पादनलाई प्राथमिकता दिने।	१. प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ। २. कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै प्रविधिको विकास एवम् बिस्तार गरिनेछ। ३. आवश्यकता अनुसार विभिन्न संस्थासँगको साझेदारीमा कृषि तथा पशुपन्छी पालनका उप-उत्पादनबाट प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गरिनेछ।

४. कृषिलाई पर्यटनसँग जोड्ने नीति तर्जुमा गरी कृषक, स्थानीय सरकार र पर्यटन व्यवसायीको वीचमा समन्वय र सहकार्य गर्ने।	१. पुतलीबजारलाइ सुन्तलाको शहरको रुपमा पहिचान गराउँदै नगरमा सुन्तला पर्यटन विकास गरिनेछ। २. कृषक, पर्यटन व्यवसायी र नगरपालिकाको समन्वयमा स्थानीय गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गरिनेछ। ३. कृषक र होटल तथा पर्यटन व्यवसायीबीच करार सम्झौता गरी उत्पादन तथा बजारीकरण गर्ने व्यवस्था मिलाईनेछ।

५.२.५ कार्यक्रमका प्राथमिकता

- उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने।
- कृषि उपजमा आत्मनिर्भरता।
- कृषिको दिगो एवम् व्यवसायिक प्रणालीमा रूपान्तरण।
- कृषिबाट हुने आय तथा रोजगारी वृद्धि।
- वातावरण मैत्री कृषि उत्पादन।
- कृषिलाई पर्यटनसँग जोड्दै आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरण।

५.२.६ प्रमुख कार्यक्रम

कृषि क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	कृषकमैत्री नीति, ऐन र नियम, भूमिको चक्लाबन्दी गर्ने, भुमिबैंक निर्देशिका, कार्यविधि तयार गर्ने	संख्या		२०७७/७८	निरन्तर	नपा
२.	कृषि सबन्धि तथ्यांक संकलन र व्यवस्थापन गर्ने	पटक	१	२०७७/७८	२०७८/७९	नपा
३.	कृषक वर्गिकरण र परिचयपत्र वितरण	वडा संख्या		२०७७/७८	निरन्तर	संघ/प्रदेश/ नपा सहकार्य
४.	भुमिहिनलाई कृषि योग्य जग्गाको व्यवस्था, बाँझो लिजमा उत्पादन गर्न दिने व्यवस्था गर्ने	संख्या		२०७७/७८	२०७८/७९	संघ/प्रदेश/ नपा सहकार्य
५.	तरकारी, फलफूल, कफी,	संख्या	७०	२०७८/७९	निरन्तर	नपा

	मसलाबालीका नमूना फार्म स्थापना, प्रदर्शन तथा विस्तार					
६.	बाँदर नियन्त्रणका लागि सौर्य तथा विद्युतीय उर्जाबाट चल्ने तारवार तथा, जंगलमा फलफूल रोपण कार्यक्रम	पटक	५	२०७७/७८	२०७८/७९	नपा/डिवका सहकार्य
७.	कृषि उपज बजार तथा एक संकलन केन्द्र स्थापना	संख्या	५	२०७७/७८	निरन्तर	नपा
८.	कोल्डस्टोर तथा कोल्ड रुम स्थापना गर्ने	संख्या	५	२०७७/७८	निरन्तर	संघ/प्रदेश/ नपा सहकार्य
९.	उत्कृष्ट कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रोत्साहन अनुदान, पुरस्कार तथा सम्मान	पटक	५	२०७७/७८	निरन्तर	नपा
१०.	सहुलियत पूर्ण ऋण तथा उत्पादनमा आधारित अनुदान/प्रोत्साहान कार्यक्रम	जना	५	२०७७/७८	२०७८/७९	नपा, वित्तीय संस्था सहकार्य
११.	भौचर प्रणाली तथा ग्यारेण्टी बैंक कार्यक्रम सञ्चालन	पटक	२०	२०७७/७८	निरन्तर	नपा
१२.	एक वडा एक व्यवसायिक उत्पादन कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
१३.	सुन्तला शहरको पहिचानको लागि लागि सुन्तला पर्यटन, एक घर एक बोट, गमलामा सुन्तला, उच्च घनत्व सुन्तला बगैंचा विकास, सुन्ताल प्रशोधित वस्तु उत्पादन सहयोग	पटक	५	२०७७/७८	सालवसाली निरन्तर	नपा
१४.	सुन्तला खोज तथा श्रोतकेन्द्र विकास कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	संघ/प्रदेश/ नपा सहकार्य
१५.	कृषिमा यन्त्रीकीकरण प्रवद्र्धन तथा कष्टम हायरिङ्ग सेन्टरको स्थापना	संख्या	५	२०७८/७९	निरन्तर	नपा
१६.	युवा लक्षित विशेष कृषि कार्यक्रम सञ्चालन गर्ने	संख्या	५	२०७७/७८	निरन्तर	नपा
१७.	कृषि पर्यटन कार्यक्रम प्रवर्द्धनका लागि प्रागांरिक कृषि, पर्माकल्चर	संख्या		२०७८/७९	निरन्तर	नपा

	सहितको होमस्टे सञ्चालनमा प्रोत्साहन गर्ने					
१८.	नयाँ प्रविधिमा आधारित तथा साना सिंचाई कार्यक्रम सञ्चालन	संख्या	१००	२०७७/७८	२०७८/७९	नपा
१९.	कृषि वन प्रणालीको विकास र प्रवर्द्धन	हे.		२०७७/७८	निरन्तर	नपा
२०.	कृषि उपजको प्रशोधन कार्य एवं उद्योग तथा प्रांगारिक मल कारखाना स्थापनालाई प्रोत्साहन अनुदान	संख्या	५	२०७७/७८	निरन्तर	नपा
२१.	एकीकृत शत्रुजीव व्यवस्थापन आई. पी. एम. IPM) कृषक पाठशाला सञ्चालन	संख्या	५०	२०७७/७८	निरन्तर	नपा
२२.	कृषि उत्पादनमा आधारित उद्योगसँग कृषि उपज करार सम्झौता र कार्यान्वयन	संख्या		२०७७/७८	निरन्तर	नपा
२३.	मुख्य बालीको उत्पादनको न्युनतम विक्रि मूल्य निर्धारण गरी प्रकाशन गर्ने	बालीको संख्या		२०७८/७९	निरन्तर	नपा
२४.	सुलभ ब्याजदर ऋण प्रवाह	जना		२०७७/७८	निरन्तर	नपा
२५.	कृषि प्रयोगशाला स्थापना	संख्या	३	२०७७/७८	२०७९/८०	नपा
२६.	निर्यात प्रबर्द्धनको लागि सुन्तला, अदुवा तथा कफी उत्पादन, गुणस्तर नियमन, परीक्षण तथा प्रमाणीकरणमा सहयोग	पटक		२०७७/७८	निरन्तर	नपा

५.२.७ अपेक्षित उपलब्धिहरू

१. योजनाको कार्यान्वयनबाट कृषकमैत्री नीति, ऐन र नियम बनेको हुनेछ भने भूमिको चक्लाबन्दी गर्ने निर्देशिका र कार्यविधि तयार भई कार्यान्वयनमा ल्याईएको हुनेछ।

२. खाद्यान्न उत्पादन हालको भन्दा दोब्बर भएको हुनेछ भने कृषिमा आधारित प्रशोधन जन्य उद्योग स्थापना भई सञ्चालनमा आएका हुनेछन्।

३. आँधीखोला र आसपासका करिडोरका फाँट र टारहरुमा सिंचाईको विकास गरी कृषि पकेट क्षेत्रहरु विकास भएको, व्यवसायिक कृषि पकेट क्षेत्रमा शीतगृह, कृषि उपजबजार र संकलन केन्द्रको निर्माण भएको हुनेछ।

४. कृषि क्षेत्रमा कम्तीमा दुई हजार थप रोजगारी सिर्जना भएको हुनेछ।

५. गुणस्तरीय कृषि उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित भएको हुनेछ।

६. कृषि विकासका उत्पादन देखि भण्डारण तहमा मुल्य श्रृंखलाका क्रियाकलापहरु कार्य संचालन भई कृषकको आय वृद्धि गरिएको हुनेछ।

७. कृषिलाई पर्यटनसँग जोड्न कृषि क्षेत्र र होटल तथा पर्यटन व्यवसायीवीच करार सम्झौता गरी खेती भएको हुनेछ।

८. जलवायु अनुकुलन कृषि प्रणालीको विकास गरी उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुनेछ।

९. पुतलीबजार नगरपालिका कृषि उत्पादनमा आत्मनिर्भर भएको हुनेछ।

५.२ पशुपन्छी तथा मत्स्य विकास

५.२.१ पृष्ठभूमि

कृषिका साथमा पशुपन्छी तथा मत्स्य विकास पनि यस नगरपालिकाको आर्थिक विकासको एक प्रमुख आधार हो। यहाँ अधिक संख्यामा साना तथा मझौला कृषकहरूले पशुपालनलाई अंगाल्दै आइरहेका भएतापनि यहाँ निर्वाहमुखी पशुपन्छीपालनको बाहुल्यता रहेको छ । पशुपन्छीपालनको तुलनामा मत्स्य व्यवसाय भर्खर वामे सर्दै गरेको अवस्थामा रहेको छ। पशुपन्छी तथा मत्स्य पालनमा उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरुको उपयोगिता व्यापक बन्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा पशुपन्छी पालन तथा मत्स्य पालनको क्षेत्रको विकासका लागि सरोकारवालाको प्रभावकारी समन्वय र योगदानको आवश्यकता टड्कारो रूपमा देखिएको छ । यस यथार्थलाई हृदयङ्गम गर्दै नगरपालिकाले यस क्षेत्रलाई आधुनिक व्यवसायिक बनाउँदै स्वच्छ र स्वस्थ उत्पादन र उत्पादकत्व वृद्धि गर्न नेतृत्वदायी भूमिका लिनेगरी आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ।

५.२.२ प्रमुख समस्याहरु

पशुपालन पेशालाई सम्मानित पेशा, लगानी मैत्री, नाफामुलक बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नभई विदेश पलायन हुनु, प्राविधिक ज्ञानको कमीले गर्दा यस क्षेत्रमा ठुला तथा निजिक्षेत्रको लगानी कम हुनु, स्थानीय पशुपन्छीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपन्छीको स्रोत केन्द्रहरु नहुनु,कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरु हावी हुनु, नयाँ नयाँ तथा पटक पटक देखिने जुनोटिक एवम् महामारीजन्य रोगहरुको प्रकोप देखिनु, प्रविधिको प्रसार, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, दाना औषधी लगायतका उत्पादन सामाग्रीको आपुर्ति सहज नहुनु, पशुपन्छीजन्य उत्पादनलाई मुल्य श्रृङखलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस नगरपालिकाका पशुपंक्षी क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

५.२.३ चूनौती तथा अवसर

चूनौती

गुणस्तरीय उत्पादन सामाग्री, दाना घाँस, औषधि लगायतका सामाग्रीको समयानुकूल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको श्रम अभावलाई सम्बोधन गर्नु, बर्डफ्लू, स्वाईन फ्लू जस्ता जुनोटिक रोगहरुको प्रकोप बढ्दै जानु, प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि तथा कृषि बीमा व्यवस्थालाई

प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी वृद्धि गर्नु र कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशा लाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु चुनौतीपूर्ण छन् ।

अवसर

प्रदेशको भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति–२०७२ कार्यान्वयन हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु,कृषि ऋण, कृषि बीमा, नयाँ प्रविधिहरूको उपयोगले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् साथै हालका दिनहरुमा माछामासु तथा दुग्ध जन्य वस्तुहरुको उपभोग वृद्धि हुँदै जानु अवसर हो ।

५.२.४ सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति

५.२.४.१ सोच

पशुपन्छि तथा मत्स्य व्यवसाय मार्फत आर्थिक वृद्धि तथा रोजगारी सिर्जना गर्दै समृद्ध नगर निर्माणमा सहयोग गर्ने ।

५.२.४.२ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने ।

५.२.४.३ उद्देश्य

१. नगरलाई पशुपन्छीजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।
२. पशुपन्छी तथा मत्स्यपालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउने ।
३. पशुपन्छी तथा मत्स्यजन्य पदार्थको स्वच्छ र स्वस्थ उत्पादन प्रवर्द्धन गर्ने।
४. पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्ने ।

५.२.४.४ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रिकरणमा जोड दिने ।	• दिगो विकासका लागि पशुपन्छी तथा मत्स्यपालनसम्बन्धी नीति ऐन र नियमहरू तर्जुमा गरिनेछ । • एक वडा एक पशुपंक्षी उत्पादनमा जोड दिईने छ । • घाँसेवाली स्रोत केन्द्र स्थापना गरिनेछ । • पशुपन्छि तथा मत्स्यपालन क्षेत्रमा निजि, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति लिइने छ । • पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउनको लागि उन्नत प्रविधिको प्रसार गरिनेछ। • पशुपन्छी पालनमा उच्च प्रविधि तथा यन्त्रीकरण प्रयोगमा सहयोग गरिनेछ । • उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईने छ । • पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरण एकीकृत रूपमा प्रदान गरिने छ । • पशुपन्छी पालनमा बढ्दो युवा तथा महिला सहभागितालाई दृष्टिगत गर्दै

	साना तथा व्यावसायिक युवा तथा महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
२. पशुपन्छीजन्य उत्पादन,मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने।	• 'पशुपन्छी विशेष उत्पादन क्षेत्र' तोकी आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बीमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ। • गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप–पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ। • दुध, मासु जस्ता उच्च मूल्यका पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्यश्रृङ्खलामा सहयोग गरिनेछ।
३. स्वस्थ र स्वच्छ उत्पादन साथै वातावरण तथा जलवायु मैत्री पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने।	• पशुपन्छीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिकालागि प्रत्येक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच बिस्तार गरिनेछ। • स्वच्छतालाई कायम राख्न 'स्वच्छ र स्वस्थ मासु' तथा 'स्वच्छ र स्वस्थ दूध' कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। • जुनोटिक तथा महामारी जन्य रोगहरुको नियन्त्रण तथा रोकथामको लागि सरोकारवालाहरुको समन्वय गरिनेछ। • पशुपन्छी तथा मत्स्यजन्य रोगहरुको रोकथाम, उपचारतथा फिड सप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधीलाई नियमा तथा व्यवस्थित गरिनेछ। • जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री प्रविधिको अवलम्बन गरिनेछ। • नविकरणीय उर्जालाई प्राथमिकता दिदै कम्पोस्टिङ प्रांगारिक मल र बायो ग्यास प्लान्ट स्थापनाको लागि फार्महरुलाई प्रोत्साहन दिइनेछ। • अनुत्पादक पशु व्यवस्थापनको लागि गौशाला स्थापना गर्न सरोकार वाला संघ संस्था तथा प्रदेश तथा संघसँग सहकार्य गरिनेछ।

५.२.५ कार्यक्रमका प्राथमिकताहरू

पशुपन्छी क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय

१.	कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम	संख्या	निरन्तर	२०७८/७९	निरन्तर	नपा
२.	कृषक पहिचान तथा वर्गीकरण गर्ने र बर्गीकरणको आधारमा कृषकलाईसेवा तथा सुविधाको स्तर यकिन गर्ने स्पष्ट निर्देशिका निर्माण गर्ने	संख्या	१	२०७७/७८	२०७८/७९	संघीय सरकारको समन्वयमा नगरपालिकाले
३.	नश्ल सुधार कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	पशुपन्छी स्वास्थ्य/उपचार तथा पूर्ण खोप कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	बाख्रा श्रोत केन्द्रको विकास	संख्या	५	२०७७/७८	२०७८/७९	नपा
६.	मत्स्य उत्पादन विशेष कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	बधशाला तथा मिट मार्टहरूको स्थापना तथा सञ्चालन सहयोग	संख्या	४	२०७७/७८	२०७८/७९	नपा
८.	हरेक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
९.	मासु तथा डेरी पसल सुधार कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	छाडा पशु व्यवस्थापन कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा
११.	यन्त्रिकरणको लागि मेशीनरी औजार उपकरण अनुदान	संख्या	१	२०७७/७८	निरन्तर	नपा

५.२.७ अपेक्षित उपलब्धि

१. यस नगरको हालको दूधको उपलब्धता प्रतिव्यक्ति १६० लि., , मासुको उपलब्धता प्रतिव्यक्ति प्रति वर्ष २५ केजी पुग्ने र अन्डाको उपलब्धता प्रतिव्यक्ति प्रति वर्ष ७२ गोटा पुगेको हुनेछ।

२. दूध, मासु र अन्डाको उत्पादनमा नगर आत्मनिर्भर भएको हुनेछ।

३. यस अवधिमा नगरमा थप पाँच सय प्रत्यक्ष रोजगारी सिर्जना भएको हुनेछ।

४. पशुपन्छी तथा मत्स्यजन्य खाद्य उत्पादन स्वास्थ्य र सफा उपलब्ध हुने छन् साथै कच्चा उत्पादनलाई उद्योगमा परिणत गरि मूल्य अभिवृद्धि गरिनेछ।

५.३ खाद्यसुरक्षा

५.३.१ पृष्ठभूमि

खाद्य र पोषण सुरक्षाको महत्वलाई आत्मसात गरी संविधानले खाद्य संप्रभूताको प्रत्याभूति गर्नुका साथै सोको कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ को व्यवस्था गरेको छ । खाद्यसुरक्षालाई 'प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खाना माथि भौतिक र आर्थिक पहुँच भएको अवस्था हो' भनी विश्व खाद्य शिखर सम्मेलन १९९६ ले परिभाषित गरेको आधारमा

उपलब्धता, उपयोग, पहुँच र स्थिरताका चार आयामहरुको भूमिका र यसैका आधारमा खाद्य सुरक्षाको अवस्था विश्लेषण गर्ने गरिएको छ । यसले खाद्य सुरक्षा एक बहुआयामिक विषय भएको र बहुपक्षीय प्रयासको आवश्यकतालाई दर्शाउँछ । नेपाल सरकारले प्रतिबद्धता जनाएको दीगो विकास लक्ष्य (लक्ष्य नं. २) मा भोकमरीको अन्त्यलाइ प्रमुख आधारको रुपमा लिइएको छ जसका लागि पनि बहुपक्षिय सक्रियताको आवस्यकता रहन्छ । खाद्य असुरक्षा तथा न्युन पोषणको समस्याले बालबालिकाको शारीरिक, मानसिक, तथा संवेगात्मक विकासमा प्रतिकुल प्रभाव पार्दछ । यसका असरहरु गम्भिर हुन्छन्, जसलाई परिवर्तन गर्न सकिदैन र जीवनभर रहन्छन् । तसर्थ पुतलीबजार नगरपालिकाले पनि खाद्य तथा पोषण सुरक्षालाई महत्वपूर्ण पक्षको रुपमा अंगीकार गरी खाद्य तथा पोषण सुरक्षा कायम राख्ने गरी आफ्नो नीति तथ कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

५.३.२. समस्या

खाद्य सुरक्षा सम्बन्धि आधारभूत तथ्यांकको अभाव, खाद्यान्न उत्पादन तथा उत्पादकत्व कम हुनु, उत्पादित खाद्यान्नको उपयुक्त वितरण प्रणाली नहुनु, खाद्यान्नको अन्यत्र र अनुचित उपयोग हुनु, उपलब्ध खाद्यवस्तु आवश्यक मात्रामा स्वच्छ, स्वस्थ र पोषिलो नहुनु, सन्तुलित आहारविहार बारे जनचेतनाको कमी, गरीबीमा रहेका नगरबासीको आयस्तर कम भई आवश्यकमात्रामा खाद्यान्न खरिद गर्न नसक्नु आदि नगरका खाद्यसुरक्षाका समस्या हुन् ।

५.३.३ चुनौती तथा अवसर

चुनौती

नगरस्तरमा खाद्य सुरक्षा र पोषण सम्बन्धि तथ्याङकको अभावका कारणले खाद्य असुरक्षित समुदाय, घरधुरीहरु तथा कुपोषित बालवालिकाको पहिचानमा चुनौती रहेको छ । नयाँ संघीय संरचनामा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको संस्थागत संरचना निर्माण तथा सूचना व्यवस्थापनमा ढिलाइको कारणले खाद्य तथा पोषणका नीति तथा कार्यक्रम निर्माणका लागि तथ्य तथा सूचनाको कमी रहेको छ । यसैगरी खाद्यान्न उपभोग सम्बन्धी ज्ञानको अभाव, आनिबानी र खाद्यान्नको अनुचित उपयोगलाई रोकथाम गर्नु प्रमुख चुनौती रहेका छन् ।

अवसर

दीगो विकास लक्ष्यमा भोकमरीको अन्त्य, खाद्य सुरक्षा एवम् सुधार सहितको पोषण हासिल गर्ने लक्ष कार्यान्वयनमा नेपालको प्रतिबद्धता, नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धि हकस्थापित गरेको, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि संघीय स्तरमा नीति तथा कार्यक्रमगत मार्गदर्शन, साथै कृषि विकास रणनीति सन् २०१५ देखि २०३५ ले खाद्य र पोषण सुरक्षालाई महत्वपूर्ण कार्यक्रमका रुपमा राखी कार्यान्वयनको अवस्थामा रहेको, उच्च मूल्यजाने फलफूल तरकारी र अन्य आयमुलक क्रियाकलापबाट नगरबासीको आयस्तर वृद्धि हुँदै जानु, पुतलीबजारको स्थानीय परिवेश तथा विशिष्टतामा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न सकिने अवस्था हुनु अवसरका रुपमा रहेका छन् ।

५.४.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

५.४.३.१ सोच

खाद्य तथा पोषण सुरक्षाका सबै पक्षहरुलाइ सवल पार्दै नगरबासीको खाद्य सम्प्रभुताको सुनिश्चितता ।

५.४.३.२ लक्ष्य

नगरबासीको खाद्य सुरक्षा तथा पोषणको स्थितिमा सुधार ल्याई समृद्ध नगर बनाउनमा उनीहरुको योगदान बढाउने।

५.४.३.३ उद्देश्य

१. जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी खाद्य वस्तुमा पहुँच बढाउदै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु।

२. खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्न कृषि तथा गैर कृषि उत्पादन बृद्धि गर्ने।

३. संकटको बेला आइपर्ने खाद्य सुरक्षा संबन्धि पूर्बतयारी गरि खाद्यमा नियमित पहुँच गराउनु।

५.५ रणनीति र कार्यनीति

रणनीति

रणनीति	कार्यनीति
१. दीगो विकास लक्ष्य (लक्ष्य नं. २) मा भोकमरीको अन्त्य, खाद्य सुरक्षा एवम् सुधार सहितको पोषण हासिल गर्न खाद्य तथा पोषण असुरक्षित समुहहरुको पहिचान तथा नियमनका लागि संस्थागत संरचनाको सुदृढिकरण गर्ने।	• नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई स्थानीय तह स्तरमा संस्थागत गरी खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन गरिनेछ। • पोषणयुक्त स्थानीय बाली वस्तुहरुको संरक्षण तथा उत्पादन प्रबर्धन र उपभोगमा प्रोत्साहन गरिने छ। • खाद्य असुरक्षित क्षेत्रमा सम्भाव्यताका आधारमा स्थानीयस्तरमा उत्पादन हुनसक्ने उच्च मूल्यका कृषि उपज उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरी आयस्तर बढाउन प्राथमिकता दिइनेछ।
२. खाद्य तथा पोषण असुरक्षाको दृष्टिकोणले जोखिमपूर्ण क्षेत्र तथा समुहहरुको लागि स्थानिय सम्भाब्यता भएका बाली तथा वस्तुहरु उत्पादन गरि आयस्तर बढाउन साथै खाद्य वस्तु तथा पोषणको महत्व, ज्ञान, सीप र जनचेतना बढाउन लक्षित कार्यक्रम संचालन गर्ने।	• खाद्य तथा पोषण असुरक्षित क्षेत्रहरूमा स्थानीय स्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपयोगमा जोड दिई खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारमा सुधारिएको गोठेमल, कम्पोष्ट मल, गहुँत व्यवस्थापन जस्ता कार्यमा विशेष सहुलियत उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ। • पशुजन्य उत्पादनको वृद्धि गर्न विशेष सुविधा उपलब्ध गराई पोसिलो खाद्यवस्तुमा पहुँच बढाइनेछ। • भूमिहीन तथा साना किसानको आय तथा उत्पादकत्व वृद्धिका लागि विशेष सहुलियत सहित कार्यक्रम सञ्चालन गरिने छ।
३. संकटको बेला आइपर्ने खाद्य सुरक्षा तथा पोषण संबन्धि समस्या समाधानका लागि पुर्बतयारी गरि खाद्यमा नियमित पहुँच गराउने।	• विपद् (संकट)को बेला आइपर्ने खाद्य सुरक्षा तथा पोषण सम्बन्धी समस्या न्यूनिकरणका लागि सरोकारवाला निकायहरुको सहकार्यमा पूर्वतयारी योजना निर्माण र कार्यान्वयन गरिने छ। • संकटजन्य अवस्थामा रहेका समुदायको खाद्य संकट सामना गर्न् आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । • सरोकारवालाहरुबीच समन्वय संरचना निर्माण गरि संकटजन्य अवस्थाको लागि आवस्यकता अनुसार खाद्यान्न स्टक राख्ने व्यवस्था गरिने छ।

५.६ प्राथमिकताहरू

- संस्थागत संरचना विकास
- पोषणयुक्त बाली उत्पादन
- आयआर्जन

५.७ प्रमुख कार्यक्रमहरू

खाद्य सुरक्षाका विषयमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा तथा पोषणका लागि पैरवी तथा जनचेतनाका कार्यक्रम संचालन।	संख्या	निरन्तर	२०७८/७९	निरन्तर	नपा
२.	तथ्यमा आधारित खाद्य सुरक्षा तथा पोषणका कार्यक्रम कार्यान्वयन।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	नगरपालिका तहमा बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा योजनाको लागि संस्थागत संयन्त्रको विकास तथा मानव संसाधनको क्षमता अभिबृद्धि।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	खाद्य सुरक्षा तथा पोषण सुचना केन्द्रको स्थापना तथा संचालन।	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
५.	पोषणयुक्त स्थानीय बाली वस्तुहरुको संरक्षण तथा उत्पादन प्रबर्धन र उपभोगमा प्रोत्साहन कार्यक्रम।	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
६.	खाद्यान्नको सन्तुलित उपभोग गर्ने बानीको विकास गर्न जनचेताका कार्यक्रम संचालन।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	खाद्य असुरक्षित वर्ग, समुदाय तथा क्षेत्रको पहिचान।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
८.	चरम खाद्य असुरक्षित घरधुरीहरुको आय तथा उत्पादकत्व वृद्धिका लागि विशेष सहुलियत सहितको कार्यक्रम सञ्चालन।	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	भूमिहीन तथा साना किसानको आय तथा उत्पादकत्व वृद्धिका लागि विशेष सहुलियत सहित उन्नत मल, बीउ,	संख्या	१	२०७७/७८	निरन्तर	नपा

	सिंचाइको ब्यवस्था गरि पोषणयुक्त बाली उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन।					
१०.	कुषोषण बढि भएका घर परिवार पहिचान।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	लक्षित परिवारलाइ पोषण वगैचा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदान।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण तथा खाद्य सुरक्षा कार्यक्रम प्राथमिकताका साथ संचालन।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१३.	विपद् पूर्वतयारी योजना निर्माण र कार्यान्वयन।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१४.	संघ तथा प्रदेशको समन्वय संरचना निर्माण तथा आवस्यकता अनुसार खाद्यान्न स्टक राख्ने ब्यवस्था।	संख्या	१	२०७७/७८	निरन्तर	नपा

५.८ अपेक्षित उपलब्धि

- सबै नगरबासीहरुको खाद्य सुरक्षाको स्थितिमा सुधार भई पोषणको अवस्थामा सुधार हुने।
- खाद्य सुरक्षा तथा पोषण सम्बन्धि अनुगमन तथा सूचना व्यवस्थापन प्रणालीको संस्थागत संरचना सुदृढिकरण गरिने छ।
- नगर स्तरमा खाद्य सुरक्षा तथापोषण सम्बन्धि आधारभुत सूचनाहरु संकलन भएको हुनेछ।
- चरम खाद्य असुरक्षित घरधुरीको संख्या घटाई ०.२ प्रतिशतमा ल्याइने छ।

५.४ भूमि व्यवस्था

५.४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले निर्देश गरे अनुरुप कृषक वर्गको भूमिमा पहुँच र यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्थाका साथै भूमिहिन र सुकुम्बासीहरुको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जिवीकोपार्जनको प्रबन्ध र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्दै सामाजिक न्याय र सम्बृद्धिका लागिका भूमिको बैज्ञानिक व्यवस्थापन गर्न आवश्यक छ। यस नगरपालिकाभित्र जग्गा प्रशासन तथा नापीनक्शा कार्यलाई समेत वैज्ञानिक रूपले व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकामा भूमिको पहुँचमा रहेको असमानता, जमीनको विविधता, भूमिको खण्डीकरण एवम् गैरउत्पादनमूलक क्षेत्रमा प्रयोग भएको कारणले भूमिस्रोतको उत्पादकत्व कम हुँदै गइरहेको छ। तसर्थ आर्थिक विकासको लागि अति महत्वपूर्ण हुने यस भूमिस्रोतको वर्गीकरण गरी महत्तम सदुपयोग गर्नका लागि दिगो रुपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ।

५.४.२ प्रमुख समस्या

भूमि व्यवस्थाका सवालमा यस नगरपालिकाका प्रमुख समस्याहरूमा कृषियोग्य भूमिको गैर कृषि क्षेत्रमा प्रयोग बढ्दै जानु र भूमि बाँझै राख्ने तथा खण्डीकरण गर्ने प्रवृद्धि बढ्दै जानु, कृषि उत्पादकत्वमा ह्रास आउनु, अव्यवस्थित र अनियन्त्रित बसोबास बढ्दै जानु, नगरको आफ्नै विशिष्ट भू-उपयोग योजना तयार हुन नसक्नु, भूमि प्रशासन सम्बद्ध निकायहरुबाट प्रदान हुने सेवा सरल र सहज रुपमा उपलब्ध हुन नसक्नु जस्ता रहेका छन्।

५.४.३ चूनौती तथा अवसर

भूमिको उपयोगका आधारमा वर्गीकरण गरी सोही आधारमा उपयोग गर्ने पद्धति स्थापित गर्दै भूमिमा सबैको न्यायिक पहुँच स्थापित एवम् सामाजिक एवम् आर्थिक कारणले पछि परेको सिमान्तकृत, भूमिहिन कमजोर वर्ग समुदायको भूमिमा पहुँच बढाउनु, सुन्दर र सुरक्षित बस्ती विकास र योजनाबद्ध दीगो शहरीकरणका साथै भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनुका साथै स-साना कित्ताहरु एकिकरण गरी चक्लाबन्दीमा आधारित खेती प्रणालीको विकासबाट कृषि उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्नु, सूचना प्रविधियुक्त नगर भू-उपयोग सूचना प्रणालीको विकासका साथै आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय र विश्वसनिय नाप-नक्शा, तथ्यांक तथा भू-सूचना तयार गर्नु, भू-उपयोग नीतिको कार्यान्वयनका लागि आवश्यक कानूनी र सांगठनिक संरचना तयार गरी सेवाको गुणस्तर अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चूनौतिका रूपमा देखिएका छन्।

अवसर

भूमि व्यवस्थाका सवालमा यस नगरपालिकाका मुख्य अवसरहरूमा भूमिको वैज्ञानिक वर्गीकरण गर्न सकिनु, कृषक वर्गको भूमिमाथिको पहुँच स्थापित गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन सबै सरोकारवालाहरुको चासो तथा जागरुकता बढ्दै जानु, सुकुम्बासी समस्या समाधान गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउने वातावरण तयार हुँदै जानु, प्राकृतिक, वातावरणीय एवम् मानविय जोखिम रहित योजनाबद्ध र दीगो शहरीकरण, सुरक्षित र एकीकृत बस्ती विकासमा प्रतिबद्धता बढेको हुनु, सहज भूमि प्रशासनको अपेक्षा नगरबासीहरुबाट गरिएको र कार्यान्वयनमा सहजता ल्याउन प्रविधिको प्रयोग बढ्दो क्रममा हुनु, भूमि प्रशासन पालिकाको कार्यअधिकारमा रहेको हुनु, भूमिस्रोत एवम् प्राकृतिक सम्पदाहरुको संरक्षण र विकासमा स्थानीय चासो र चेतना उत्साहप्रद रुपमा बढ्नुका साथै यसको समुचित व्यवस्थापन गरी भौतिक पूर्वाधार र विकासवीच सन्तुलन कायम गरी नगरको समग्र विकास गर्ने अवसर हुनु रहेका छन्।

५.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनिति, कार्यनिति

५.४.४.१ सोच

भूमिको वैज्ञानिक व्यवस्थापन, सामाजिक न्यायमा आधारित भूस्वामित्व।

५.४.४.२ लक्ष्य

भूमि र भू-उपयोग प्रणालीलाई नगरको दीर्घकालीन हित अनुरूप समृद्धिको आधारका रूपमा विकास गर्ने।

५.४.४.३ उद्देश्य

१. नगरमा भूमि तथा भूमि स्रोतको न्यायोचित वितरण र विवेकशील प्रयोगको वातावरण सृजना गर्ने।
२. विकास निर्माणका लागि आवश्यक नाप, नक्सा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने।

३. भूमि व्यवस्थापन सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउने ।

५.४.४.४ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. भूमि नीति, भू उपयोग नीति तथा योजनाको निर्माण र कार्यान्वयन गर्ने ।	• भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी नीति, कानून र मापदण्डको प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ । • भूमि बैंकको स्थापनाका लागि आवश्यक नीति व्यवस्था गर्ने । • क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन गर्ने । • जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहीन सुकुम्बासीहरूको पहुँच पुऱ्याइनेछ। • बस्ती विकासलाई व्यवस्थित गरिनेछ । • जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृतिलाई निरुत्साहन एवम् चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ । • भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिनेछ । • नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ ।
२. भूमि प्रशासन सम्बद्ध सेवाको सुदृढीकरण गर्ने ।	• भूमि प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरू सरलीकृत, सूचना प्रणालीमा आधारित एकद्वार प्रणालीबाट प्रदान गरिनेछ। • भूमिको अभिलेखलाई व्यवस्थित र वैज्ञानिक बनाउँदै लगिनेछ । • भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्शाङ्कन गरिनेछ ।

५.४.५ प्राथमिकताहरू

१. भूमि तथा भूमि स्रोतको न्यायोचित वितरण
२. भूमिको विवेकशील प्रयोगको वातावरण सृजना ।
२. नाप, नक्सा तथा भौगोलिक सूचना डिजिटल तथा सर्वसुलभ बनाउने ।
३. भूमि व्यवस्थापन सम्बन्धी सेवामा सरलता, सहजता, पारदर्शिता र प्रभावकारिता ।

५.४.६ प्रमुख कार्यक्रमहरू

भूमि व्यवस्थाका विषयमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय

१.	भू-सूचना तथा मालपोत अभिलेख सुदृढीकरण कार्यक्रम	संख्या	निरन्तर	२०७८/७९	निरन्तर	नपा
२.	राष्ट्रिय, प्रादेशिक तथा नगर भू उपयोग नीतिको कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	कित्ता नापी सम्बन्धी कार्य	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	स्थलरूप नापी कार्यक्रम	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
५.	भूमि व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
६.	निजी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
८.	नगर भित्रको नाप नक्शा र अभिलेख	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	जग्गा दर्ता, रजिष्ट्रेशन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति र मापदण्ड निर्धारण	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	भू-उपयोग, भूमिसुधार र चक्लाबन्दी सम्बन्धी मापदण्ड तयारी र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	भूमिको वर्गीकरण अनुसारको लगत राख्ने र खण्डीकरण रोक्ने	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१३.	कार्यलयमा रहेका लिखत तथा श्रेष्ताको सुरक्षणको व्यवस्था	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१४.	सार्वजनिक जग्गाको सुरक्षण, एकीकरण र उपयोग सम्बन्धि नीति तयारी	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१५.	भूमि बैंक मार्फत जग्गाको चक्लाबन्दी गरी करार (लीज) प्रणालीमा भोगाधिकार उपलब्ध गराउने	संख्या	१		निरन्तर	नपा
१६.	खेतीयोग्य बाँझो तथा सरकारी जग्गाको उपयुक्त नीति तर्जुमा गरी कृषि प्रयोजनको लागि उपयोग गर्ने	संख्या	१		निरन्तर	नपा

५.४.७ अपेक्षित उपलब्धि

- नगरको आफ्नै भू-उपयोग नीति तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ।
- नगरस्तरीय भू-उपयोग सम्बन्धी डिजिटल नक्सा र डाटा तयार भएको हुनेछ।

- भूमिको वैज्ञानिक वर्गीकरण भई उपयोगमा ल्याइएको हुनेछ।
- भूमि बैंक मार्फत जग्गाको चक्लाबन्दी गरी करार (लीज) प्रणालीमा भोगाधिकार उपलब्ध गराइएको हुनेछ।
- खेतीयोग्य बाँझो तथा सरकारी जग्गाको उपयुक्त नीति तर्जुमा गरी कृषि प्रयोजनको लागि उपयोग गरिएको हुनेछ।

५.५ सहकारी क्षेत्र

५.५.१ पृष्ठभुमि

सहकारी क्षेत्र अर्थतन्त्रको एक प्रमुख आधार स्तम्भ हो । आर्थिक तथा सामाजिक विकास, गरिबी न्यूनिकरण, उत्पादनमुलक रोजगारीको सिर्जना, सामाजिक एकिकरण तथा वातावरण संरक्षणमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ। यस नगरभित्र वचत तथा ऋण, उत्पादन एवम् सेवामूलक क्षेत्रमा ७१ को संख्यामा सहकारी संघ संस्थाहरु संचालनमा रहेका छन्। सहकारीको सिद्धान्त एवम् भावना अनुरुप यस क्षेत्रमा छरिएर रहेको श्रम, सीप तथा पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी विपन्न एवम् कमजोर वर्ग, लिंग, समुदाय, व्यक्ति एवम् गरिबी न्यूनिकरणको क्षेत्रमा सहकारीताको बिस्तार गर्नु वाञ्छनिय हुन्छ।

५.५.२ प्रमुख समस्या

सहकारी संस्थाहरू विशुद्ध रूपमा सहकारी सिद्धान्त अनुसार नचल्नु, आम नगरबासीमा सहकारीको उपयोग र उपादयेता बारेमा पर्याप्त जानकारी नहुनु, सहकारी संघसंस्थामा अनुशासन तथा सुशासनको अवस्था सन्तोषजनक नहुनु, सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा राज्यको ध्यान कम हुनु तथा सहकारी क्षेत्रमा संकलित पूँजीको उत्पादनशील क्षेत्रमा परिचालन हुन नसक्नु, सहकारिता विकासको लागि बजेट तथा कार्यक्रममा प्राथमिकतामा नपर्नु, सहकारी क्षेत्रको पूँजी उत्पादनशील क्षेत्रमा लगानी तथा परिचालन हुन नसक्नु, सहकारीको यथार्थ तथ्याङ्क तथा बिवरण प्राप्त हुन नसक्नु जस्ता समस्याहरु यस नगरपालिकामा विद्यमान छन्।

५.५.३ चूनौती र अवसर

चुनौति

सहकारी सम्बन्धी नगरको आफ्नै विशिष्ट नीतिगत, कानूनी एवम् संरचनागत व्यवस्था गर्नु, उत्पादनशिल एवम् व्यवासायिक क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु, सहकारी संस्थाहरुमा सिमान्तकृत, वञ्चितीकरणमा परेका वर्ग समुदायलाई समेटी समावेशी बनाउनु, संस्थाहरूमा सस्थागत एवम् वित्तीय स्वअनुशासन बढाउनु र नियमन गर्नु, नगरका सबै भेगमा सहकारीको समन्यायिक पहुँच स्थापित गर्नु, नगरभित्रका सहकारीवीच प्रभावकारी समन्वय स्थापित गर्नु यस नगरका प्रमुख चुनौती रहेका छन्।

अवसर

मुलुकले अवलम्बन गरेको नयाँ संघीय संरचनामा सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि, रोजगारीका अवसर सृजना एवम् गरिवी न्यूनिकरणमा योगदान पुरयाउन सकिनु, सहकारी क्षेत्रको क्षमता विकास तथा बिस्तार गर्ने, सहकारी क्षेत्रको नियमन गरी यस क्षेत्रमा सुशासन कायम गरी सहकारीको सिद्धान्त र मर्म अनुरुप सहकारी एवम् सहयोगको भावनाको विकास गरी प्रादेशिक एवम् स्थानीय अन्तर सम्बन्धका साथै सामाजिक एवम् वित्तीय अन्तर सम्बन्ध कायम गर्न सकिने प्रशस्त अवसर रहेको देखिन्छ।

५.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

५.५.४.१ सोच

सहकारी क्षेत्रको माध्यमबाट समाजवाद उन्मुख समाज निर्माण गर्ने।

५.५.४.२ लक्ष्य

सहकारीता मार्फत स्थानीय, श्रम, सीप, पुँजी र प्रविधिको सामूहिक रुपमा अधिकतम परिचालन गरी जनताको जिवनस्तर अभिवृद्धि गर्ने।

५.५.४.३ उद्देश्य

- सहकारीमा आधारित कृषि उद्यम, उद्योग, व्यवसायको विकास र बिस्तार गरी आर्थिक सम्बृद्धि तथा सामाजिक न्याय हासिल गर्न सघाउ पुऱ्याउने।
- स्थानीय श्रम पूँजी, प्रविधि, साधन स्रोत, सीप र ज्ञानको सामूहिक हितका लागि परिचालन र सामाजिक एकिकरण गर्ने।
- सहकारीको क्षेत्रमा यसका मूल्य र सिद्धान्तहरुको प्रवर्द्धन तथा बिस्तार गरी सहकारी सुशासन कायम गर्ने।

५.५.४.४ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. सहकारी क्षेत्रको संस्थागत विकास एवम् बिस्तारका लागि आवश्यक नीतिगत एवम् कानुनी व्यवस्था संस्थागत संरचना तयार गर्ने।	• सहकारी संस्था सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ। • सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रवर्द्धनका लागि आवश्यक नीतिगत एवम् भौतिक पूर्वाधारको विकास गरिनेछ। • सहकारी संघ संस्थाहरुको स्थापना र सञ्चालनका आधार र मापदण्डहरु स्पष्टरुपले परिभाषित गर्ने र सहकारीलाई मर्जर (एकीकृत) गर्दै लगिनेछ। • बचत तथा ऋण सहकारीको कारोबार एकिकृत गरि अन्तर सहकारी बचत जम्मा र फिर्ताको कारोवारको व्यवस्थापन गरिनेछ। • नगरभित्र विशिष्टीकृत सहकारी संघ स्थापना तथा परिचालनका लागि आवश्यक वातावरण बनाइनेछ।
२. आर्थिक सामाजिक रुपमा पछि परेको वर्ग समुदायलाई सहकारितामा सँगठित गरी सहकारी क्षेत्रलाई नगरको अर्थतन्त्रको आधारस्तम्भका रुपमा विकास गर्ने।	• विपन्न, पिछडिएका, वञ्चितीकरणमा परेका वर्ग लगायतका समुदायलाई सहकारीमा सँगठित गरी वित्तीय क्षेत्रमा सबैको पहुँच बढाउने । • विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकको सहकारीमा पहुँच बिस्तार गर्ने । • महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीनतथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ।
३. सहकारीलाई उत्पादनशील, व्यवायिक एवम् कृषि तथा	• बचत तथा ऋण कारोबार गर्ने सहकारीहरुको न्यूनतम निश्चित प्रतिशत लगानी कृषि उत्पादनका क्षेत्रमा परिचालन गरिनेछ।

पशुजन्य क्षेत्रमा परिचालन गर्ने।	• सहकारी संस्थाहरूलाई उत्पादनमूलक एवम् व्यवासायिक क्षेत्रमा परिचालन गरिनेछ। • कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गरिनेछ। • स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। • सरकारी संस्थाहरुलाई प्रविधिमैत्री बन्न प्रोत्साहित गरिनेछ।
४. सहकारी संघ संस्थाको संस्थागत विकास र सहकारी सम्बन्धी जनचेतनाको बिस्तार, अनुगमन र नियमन कार्यलाई प्रभावकारी तुल्याई यस क्षेत्रमा सुशासन कायम गर्ने।	• सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ। • सहकारी सूचना प्रणालीको विकास तथा बिस्तार गरी यसलाई व्यवस्थित तुल्याईनेछ। • सहकारी क्षेत्रबाट गरिने लगानीको यथार्थता र पारदर्शिता अभिवृद्धि गरिनेछ। • सहकारी संघसंस्थाहरुको स्वनियमनका साथै प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने।

५.५.५ प्राथमिकताहरू

- सहकारीमा आधारित कृषि उद्यम, उद्योग, व्यवसायको विकास र बिस्तार।
- सहकारीमार्फत आर्थिक सम्बृद्धि तथा सामाजिक न्याय हासिल।
- स्थानीय श्रम पूँजी, प्रविधि, साधन स्रोत, सीप र ज्ञानको सामूहिक हितका लागि परिचालन।
- सहकारीको क्षेत्रमा यसका मूल्य र सिद्धान्तहरुको प्रवर्द्धन तथा बिस्तार।
- सहकारी सुशासन।

५.५.६ प्रमुख कार्यक्रमहरु

सहकारी क्षेत्रका विषयमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	सहकारी सम्बन्धी नीति एवम् कानून तर्जुमा गर्ने।	संख्या	निरन्तर	२०७८/७९	निरन्तर	नपा
२.	सहकारी नीति एवम् कानून कार्यान्वयन संरचना तयार गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा

३.	कार्यविधि निर्देशिका एवम् मापदण्ड तर्जुमा गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	पिछडिएको क्षेत्र एवम् समुदायमा सहकारीको पहुँच अभिवृद्धिका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
५.	सहकारी मार्फत गरिवी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
६.	ग्रामीण युवा स्वरोजगार कार्यक्रमहरु सञ्चालन गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	कृषि, उद्योग र सेवाको क्षेत्रमा रोजगारीको सिर्जना तथा उत्पादन वृद्धि गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
८.	कृषि क्षेत्रको व्यावसायिकरणका लागि सहकारी सामूहिक खेती प्रणालीको विकास गरिनेछ।	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकास, बिउ पुँजी, प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान उपलब्ध गराउने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	सहकारीको विकास तथा प्रवर्द्धनको लागि सहकारीका सर्वमान्य सिद्धान्त, मूल्य र स्थापित मान्यतामा आधारित सहकारी विधिहरू सम्बन्धी स्रोत सामाग्रीहरू निर्माण, सुधार तथा प्रचार प्रसार गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	सहकारीको सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने र कृषि, फलफूल, अन्न बाली पशुपंक्षीपाल उत्पादनमा नगरमा कम्तिमा ५० प्रतिशत योगदान सहकारीबाट गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	बचत तथा ऋण सहकारी बाहेक अन्य सहकारीहरुका लागि शेयरमा आधारीत सहकारीका रुपमा रुपान्तरण गर्ने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा

१३.	सहकारी संस्था वा वर्गिकृत सहकारी संस्था वा संघ मार्फत उत्पादनमूलक र सेवामूलक उद्योग स्थापना सञ्चालन गर्न सहयोग उपलब्ध गराउने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१४.	सहकारी सूचना प्रणालीलाई प्रभावकारी तुल्याउने।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१५.	सहकारी सघंसस्थाहरुको अनुगमन निरीक्षण एवम् नियमन कार्यक्रमलाई सघन तुल्याउने।	संख्या	१		निरन्तर	नपा

५.५.७ अपेक्षित उपलब्धि

- नबीनतम प्रविधीको प्रयोग मार्फत सहकारी क्षेत्रको सूचना एवम् व्यवस्थापन प्रणाली सुदृढ भई स्वनियमन एवम् सुशासन कायम भएको हुनेछ।
- सहकारी संघसंस्थामा महिला, विपन्न र वञ्चितीकरणमा परेका वर्ग समुदायको पहुँच अभिवृद्धि भई सामाजिक समावेशीकरण एवम् एकिकरणमा योगदान पुगेको हुनेछ।
- सहकारी शिक्षा, तालिम, सूचना एवम् सञ्चारमा अभिवृद्धि भई सहकारी संघ, संस्थाको क्षमता अभिवृद्धि भएको हुनेछ।
- बचत तथा ऋण सहकारीको कम्तीमा ३० प्रतिशत लगानी कृषि उत्पादन तथा उद्यमका क्षेत्रमा परिचालन भई रोजगारी सृजना तथा आय आर्जनमा यस क्षेत्रको योगदान अभिवृद्धि भएको हुनेछ।
- विषयगत सहकारीको शतप्रतिशत लगानी सम्बन्धित क्षेत्रमा मात्रै परिचालन गरिएको हुनेछ।
- नगरमा कम्तीमा दुई वटा विशिष्टीकृत सहकारी संघ स्थापना भएको हुनेछ।

५.६. पर्यटन

५.६.१ पृष्ठभूमि

पुतलीबजार नगरपालिकाको आर्थिक समृद्धिको प्रमुख बाहक मध्येको एक पर्यटन क्षेत्र हो । पर्यटन आफैंमा सामुदायिक व्यवसायका रुपमा रहेको घरबास पर्यटन देखि साना होटल तथा रेष्टुरेन्ट, अन्य ठुला होटल व्यवसाय, ट्रेकिङ भरियादेखि प्यारामोटरसम्म सबै गतिविधिलाई समेट्न सक्ने क्षेत्र हो। पर्यटकीय स्थलहरुको पूर्वाधार विकास तथा विविधिकरण, नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान र पर्यटकीय सम्भावनालाइ संस्कृति, प्रकृति र नबीनतम प्रविधिसँग एकाकार गरि स्वरोजगार र रोजगार सृजनामार्फत नगरबासीको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यकता हो। हालसम्म यस नगरमा मुलतः आन्तिरक पर्यटन नै प्रमुख रहेको पाइन्छ। बाह्य पर्यटकको संख्या उल्लेख्य रहेको देखिदैन। यद्यपि नगरमा विद्यमान भौगोलिक, प्राकृतिक, ऐतिहासिक, तथा साँस्कृतिक सम्पदाहरूका कारण आन्तरिक र बाह्य दुवै खालका पर्यटक आकर्षण गर्ने प्रसस्तै पर्यटकीय आधारशिलाहरू उपलब्ध रहेका छन्। सतौंकोट, खर्सु, नुवाकोट, बहाकोट, भालु पहाड, कोल्मा, हुनीकोट, टक्सार जस्ता पर्यटकीय सम्पदा तथा सुन्तला र कफीका ठुला बगैचाहरु यस नगरका पर्यटकीय रत्नहरु हुन। नगरका पर्यटकीय सम्पदाको उचित व्यवस्थापन प्रसार र सामुदायिक सहभागिता मार्फत दिगो पर्यटकीय विकास गर्न सकिन्छ। पर्यटन क्षेत्र नगरको आर्थिक विकासको एक

महत्वपूर्ण अंग भएकाले नगरपालिकाले यसलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ । यसैको एक खुड्किलाको रूपमा निर्द्धिष्ट सोंच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमका साथ पर्यटन विकासको यो आवधिक योजना तयार गरिएको छ ।

५.६.२ प्रमुख समस्या

यस नगरपालिकाका पर्यटन क्षेत्रका प्रमुख समस्याका सन्दर्भमा पर्यटन पूर्वाधार अत्यन्तै कमजोर हुनु, पर्यटकीय क्षेत्रको महत्व त्यससँग सम्बन्धित विशेषता र सन्दर्भकथाहरुको संकलन नहुनु, पर्यटकीय उपजहरुको विविधिकरण नहुनु, स्तरिय होटल रेष्टुरेन्टको कमी हुनु, पर्यटन क्षेत्रमा न्यून बजेट विनियोजित हुनु ,पर्यटकीय क्षेत्रको प्याकेजिङ तथा ब्रान्डिङ नहुनु, देशका र विदेशका महत्वपूर्ण पर्यटकीय स्थलहरुसँग सञ्जालीकृत गर्न नसक्नु, पर्यटन क्षेत्रमा सीपयुक्त जनशक्तिको कमी हुनु, आवश्यक जनशक्ति उत्पादनको कुनै योजना नहुनु, पर्यटन उद्यमीहरुको बीचमा समन्वयको कमी हुनु, प्रोत्साहन र अनुभव आदान प्रदानका मञ्च नहुनु, नयाँ पर्यटकीय उपजहरुको खोज अध्ययनमा कमी हुनु, मौजुदा पर्यटकीय स्थलहरुको सांस्कृतिक, भौगोलिक र प्राकृतिक किसिमले सौन्दर्यीकरण नहुनु, पर्यटन मैत्री व्यवहार र नीतिनियमको अभाव हुनु, उपलब्ध पर्यटकीय गन्तव्यहरूको प्रचार प्रसार हुन नसक्नु हुन् ।

सिद्धार्थ राजमार्ग सहित दुई जिल्ला जोड्ने ६ वटा प्रदेशस्तरिय सडक सञ्जाल र सबै वडामा सडक सञ्जाल बिस्तार भएको छ तर सडकमा पर्यटकीय स्थलहरुको जानकारी दिने गरी कुनै पनि सूचनापाटी र सूचना संकेतहरू राखिएको नहुनु, हालसम्म पर्यटक सूचना केन्द्र (Tourist Information Center) पनि स्थापना गरिएको नहुनु, नगरका ऐतिहासिक, पुरातात्विक स्थलहरुको प्रमाणिक अनुसन्धान तथा प्रमाणहरुको संरक्षण गर्न नसकिनु, नगरस्तरीय पर्यटन प्रवर्द्धन, विकास र व्यवस्थापनको लागि कुनै व्यवस्थित निकाय नहुनु, पर्यटन प्रवर्द्धनका निम्ति राष्ट्रिय, अन्तर्राष्ट्रिय उत्सवहरुको आयोजना तथा सहभागिता नरहनु, पर्यटकीय यातायात सेवा र पर्यटक प्रहरीको व्यवस्थापन नहुनु, आन्तरिक तथा बाह्य पर्यटक ल्याउने विशेष नीति कार्यक्रम नहुनु, पर्यटकीय क्षेत्रहरुको व्यवस्थित सुचीकरण, प्रवर्द्धनको विस्तृत योजना नहुनु, पर्यटनको विविध उपज हुनसक्ने श्रोत, प्राकृतिक स्थान, मानवीय संरचनाहरुको खोज तथा प्रवर्द्धनको योजना नहुनु पनि समस्याको रुपमा रहेका छन ।

५.६.३ चुनौती र अवसर

क. चुनौती

नगरमा उपलब्ध पर्यटकीय स्थल तथा गतिविधिहरूको यथेष्ट प्रचारप्रसार तथा प्रवर्द्धन गर्नु, पर्यटन मैत्री व्यवहार विकास गर्नु, पर्याप्त बजेट प्राप्ति र कार्यान्वयन गर्नु, पर्यटकहरुको बैज्ञानिक अभिलेख व्यवस्थित गर्नु, पर्यटकीय स्थलहरुमा सूचना प्रविधीको पहुँच पुऱ्याउनु, सडक लगायतका पूर्वाधारहरुको निर्माण गर्नु, राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गर्नु, यस क्षेत्रको दिगो वातावरण मैत्री व्यवस्थापन गर्नु, निजि तथा सहकारी क्षेत्रसँग समन्वय गरि लगानी प्रवर्द्धन गर्नु, पर्यटकीय उपजहरुको समयानुकुल विविधिकरण गर्नु, पर्यटन क्षेत्रको जनशक्ति उत्पादन र व्यवस्थापन गर्नु, पर्यटकहरुको सुरक्षा व्यवस्थापन गर्नु, पर्यटकका लागि स्थानीय वस्तु तथा सेवाको उत्पादन बढाउनु र यसको प्रयोगमा बढोत्तरी गर्नु प्रमुख चुनौतीहरु रहेका छन् ।

महामारी जस्ता समस्याहरुको व्यवस्थापन गर्नु, प्रदेशस्तर, राष्ट्रिय र अन्तराष्ट्रियस्तरका पर्यटन क्षेत्रका निकायहरुसँग सक्रिय समन्वय कायम गर्नु, आपसी सहयोग आदान प्रदान गर्नु, संघिय सरकार,प्रदेश सरकारका पर्यटन प्रवर्द्धनका

निति कार्यक्रम र बजेट नगरका योजनामा समाबेश गराउनु, सामाजिक वातावरण र प्राकृतिक वातावरण मैत्री पर्यटकीय क्षेत्र व्यवस्थापन गर्नु, पदयात्रा, होटल, घरबास जस्ता पर्यटन सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्नु जस्ता चुनौतीहरु समेत विद्यमान रहेका छन।

ख. अवसर

यो नगर पर्यटकीय सहर पोखरा र लुम्बिनीको सबैभन्दा छोटो र सीधा सडक कनेक्टिभिटीमा हुनु, पोखरा र भैरहवामा क्षेत्रीय अन्तर्राष्ट्रीय विमानस्थल तयार हुने क्रममा हुनु, छिमेकी मुलुक भारतको प्रमुख नाका सुनौली मात्र १४६ किमीको दुरीमा हुनु, नगरले पर्यटन क्षेत्रलाइ आर्थिक समृद्धिको आधार मान्नु, ऐतिहासिक क्षेत्र शाहबंशको शुरुवाती राज्य नुवाकोट, पृथ्वी नारायण शाहको नेपाल एकिकरणको अभियानमा गोरखाली फौज नराम्रोसँग पराजय भएको स्थान सतौंकोट यसै नगरमा हुनु, पर्या पर्यटकीय स्थल खर्सु लेक, प्रशिद्ध धार्मिक स्थल चण्डीकालिका मन्दिर, काला भैरव, मनकामना मन्दिर हुनु, प्रसिद्ध नदी आँधीखोलाको करिव २० किमी बहाव क्षेत्र नगरपालिकामा पर्नु जसमा बर्षाको समयमा ऱ्याफ्टिङ संचालन गर्न सकिनु, नेपाल सरकारले एभियन स्पोटर्सका रुपमा प्याराग्लाइडिङ लगायत हवाइ खेलका लागि मन्त्रीस्तरीय निर्णयबाट पुतलीबजार क्षेत्र छनौट हुनु, गण्डकी प्रदेशको स्याटलाइट सिटीका रुपमा यस नगरले प्रदेशबाट प्राथमिकता पाउनु, सामुदायिक घरबास मध्ये ख्याति कमाएका हुनिकोट, साँदीखोला लगायतका घरबासहरु यसै नगरमा हुनु, सुन्तला र कफिका ठुला बगैचाहरु हुनु, स्थानीय पार्क तथा पार्क बनाउन उत्तम स्थलहरु ठुलो संख्यामा हुनु, मध्य पहाडी क्षेत्रको उत्कृष्ट पदयात्रामध्येको एक मिलेनियम ट्रेकिङ रुटको मुख्य भाग कोल्मा देखि राङभाङ सम्मको क्षेत्र यसै नगरमा हुनु, ध्यान पद मार्ग Meditation Trekking Route, मगर, नेवार, गुरुङ, मुश्लिम, पञ्चेबाजा, गन्धर्व र सारङ्गी लगायतको जाति/जनजातिहरुको मौलिक संस्कृतिले भरिपूर्ण हुनु, ऐतिहासिक रुपमा रहेको मुक्तीनाथ जाने रुट नौडाडा कार्किनेटा कुस्मा जोमसोम मुक्तिनाथ जाने सडक बिस्तार हुदै गरेको हुनु, पर्यटनलाई गण्डकी प्रदेश सरकारको पञ्चबर्षीय योजनाको आधार पत्र २०७६ मा समृद्धिको मुख्य संबाहक मानिनु यस नगरपालिकाका पर्यटन क्षेत्रका अवसरहरु हुन्।

५.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

५.६.४.१ सोच

नगरको समावेशी आर्थिक समृद्धिका लागि दिगो पर्यटनको विकास।

५.६.४.२ लक्ष्य

नगरमा विविधिकृत पर्यटनको विकासबाट नगरको समावेशी अर्थतन्त्र सुदृढ गर्ने।

५.६.४.३ उद्देश्य

१. पर्यटन पूर्वाधार, नयाँ गन्तव्य सृजना, पर्यटकीय उपजको विविधिकरण, नबीनतम प्रविधिसहित विकास र संस्थागत प्रवर्द्धन गर्ने।

२. पर्यटन विकासमा स्थानीय उत्पादन र स्थानीय जनशक्तीको परिचालन गर्ने।

३. पर्यटन क्षेत्रका माध्यमबाट स्वरोजगारी र रोजगारी सृजना नगरवासीको आम्दानीमा वृद्धि गर्ने।

५.६.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. पर्यटन मैत्री पूर्वाधार निर्माण नयाँ गन्तव्य सृजना लागि विविध संस्थागत अभियानको शुरुवात गराउने।	१. पर्यटकीय क्षेत्रमा प्राथमिक पूर्वाधार सडक, पानी, विद्युत, आवास, खाना तथा खाजा, सञ्चार, सुरक्षाको उचित प्रबन्ध गरिनेछ। २. नगरस्तरीय पर्यटन विकासका लागि संस्थागत संरचना तयार गरिनेछ। ३. पर्यटन मैत्री निति निर्माण र कार्यान्वयनमा जोड दिइनेछ। ४. नगरका गन्तव्यहरुको प्रवर्द्धनका लागि नियमित रुपमा **गन्तव्य पुतलीबजार**, **जाँउ है सतौं**, **मनै रमाइलो सुन्तला बारी**मा जस्ता विविध अभियानहरु संचालन गरिनेछ।
२. पर्यटकीय क्षेत्रलाइ भौगोलिक, प्राकृतिक, साँस्कृतिक विशेषता अनुसार प्रविधिकरण, राष्ट्रिय र अन्तराष्ट्रीय स्तरमा प्रचार प्रसार तथा विविधिकरण गरी पर्यटकको आकर्षणको केन्द्र बनाउने।	१. संभाव्य भौगोलिक अवस्थिति, प्राकृतिक स्थल, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी उपयुक्त नविनतम प्रविधिको प्रयोग गरी आकर्षक पर्यटकीय क्षेत्र बनाइनेछ। २. नगरको पर्यटकीय वैभवको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सञ्चार माध्यम, विभिन्न सामाजिक सञ्जालको उपयोग गरि प्रचार प्रसार गरिनेछ। ३. नगरको आँधीखोला भ्याली क्षेत्रलाइ हवाइ खेल पर्यटनको अन्तराष्ट्रिय केन्द्रका रुपमा विकास गरिनेछ। ४. नगरमा संचालित पार्कहरुको थप प्रसार र सौन्दर्यीकरण तथा पार्क हुन योग्य स्थलहरुलाई विविध थिम (Theme) मा आधारित पार्कका रुपमा विकास गरिनेछ।
३. नगरका प्रमुख पर्यटकीय स्थलहरुमा पूर्वाधारहरुको स्तरोन्नती गरी बाह्रै महिना सहजरुपमा पर्यटक जान सक्ने गरी विकास गर्ने।	१. राष्ट्रिय वा अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रुपमा स्थापित हुन सक्ने गन्तव्यहरु तथा प्रदेश र केन्द्र सरकारको गन्तव्य सूचीमा समावेश पर्यटकीय स्थलहरूमा अन्तराष्ट्रियस्तरको पर्यटन पूर्वाधार विकास गरिने छ। २. मन्दिर, गुम्बा, मस्जिद, भवन, पुल, सडक, सभाहल, खेल मैदान, समाज घर, संग्राहलय जस्ता पूर्वाधारहरु निर्माण गर्दा स्थानीय मौलिक संस्कृति झल्कने गरी निर्माण गरिने निती बनाईनेछ। ३. नगरका पर्यटकीय स्थलहरुमा बाह्रै महिना आवत जावत गर्न सकिने बनाउने तथा सम्भाब्य पदमार्गको पहिचान, विकास, सूचना, सौन्दर्यकरण तथा सुरक्षाका पूर्वाधार निर्माण गरिनेछ। ४. समुहगत पर्यटन आकर्षित गर्न प्रदेशस्तरका प्रदर्शनी केन्द्र, ध्यान योगा केन्द्र, आर्युवेद जडिबुटी समावेश गरि प्राकृतिक स्वास्थ्य पर्यटन केन्द्रहरु संचालनमा ल्याइनेछ।
४. पर्यटन व्यवसायमा आउन ईच्छुक	१. पर्यटन व्यवसायी र कृषि उत्पादकहरुसँग प्राङगारिक उपज उत्पादन र

व्यवसायीलाई सहयोग/प्रोत्साहनको नीति लिंदै पर्यटन व्यवसायीहरु तथा कृषि र अन्य पर्यटकीय वस्तुहरुको उत्पादकहरू वीच सहकार्य स्थापित गराउने।	खरिदको व्यवस्थापन गरिनेछ। २. कृषि र पर्यटकीय वस्तुहरु सोभेनियर (Souvenir) हरुको उत्पादन उद्यम स्थापना परिचालनका लागि परामर्श, अनुदान, कर्जा तथा बजार व्यवस्थापनको नितिगत व्यवस्था गरिनेछ। ३. पर्यटकीय क्षेत्रहरुमा कोशेली,उपहार, सम्झना पसलहरुको स्थापना गर्न सहकारी तथा नीजि क्षेत्रलाइ प्रोत्साहन गरिनेछ। ४. पर्यटन व्यवसायीहरुलाइ निश्चित अवधिसम्मका लागि कर छुट, प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि बैंक बित्तिय संस्थाहरुसँग समन्वय गरि सहुलियत दरको कर्जा व्यवस्थापन गरिनेछ। ५. नगरमा स्थापित उद्यमिशलता व्यवसाय प्रवर्द्धन तथा नव प्रवर्तन केन्द्र मार्फत पर्यटन व्यवसायमा लगानी गर्न इच्छुक नयाँ व्यवसायीहरुलाई परामर्श सहकार्य स्टार्ट अप सहयोग गर्ने नीतिगत व्यवस्था गरिनेछ। ६. पर्यटन व्यवसायका नयाँ नयाँ अवसरहरुका बारेमा जानकारी दिने, राष्ट्रीय र अन्तराष्ट्रीयस्तरका व्यवसायीहरु वीच ब्यवसायिक सम्बन्ध स्थापित गर्न आवश्यक सहयोग प्रबन्ध मिलाइनेछ।
५. पर्यटन क्षेत्रका जनशक्तीहरुको माग अधिकतम स्थानीय स्तरबाट परिपूर्ति गराउने	१. पर्यटन विषयलाइ स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ। २. नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गरी पर्यटनको जनशक्ति उत्पादनका लागि पर्यटन तालिम केन्द्र, पर्यटन शिक्षालय/महाविद्यालयको स्थापना गरि संचालनमा ल्याइनेछ। ३. हरेक पर्यटकीय स्थानमा स्थानीय पर्यटनको जनशक्ति परिचालन गरिने नीति बनाइनेछ।
६. पर्यटकको बसाई लम्बाउने तथा खर्च बढाउने वातावरण सृजना गर्ने।	१. नगरका पर्यटकीय स्थलहरुको भ्रमण प्याकेजमा हुने र टुर एजेन्सी/अपरेटरसँगको सहकार्यमा बसाइ लम्बाउने तथा खर्च बढाउने गरि भ्रमण तालिकाको विक्री वितरण गरिने व्यवस्था मिलाइनेछ। २. नीजि, सहकारी क्षेत्र र सरकारी क्षेत्रका आर्थिक प्याकेज सहितको भ्रमण कार्यक्रमहरु पुतलीबजारमा आउने वातावरण बनाउन पर्यटन व्यवसायीहरुको सहकार्य गरिनेछ। ३. पोखरा, लुम्बिनि, काठमाडौ, लगायत नेपालका प्रमुख पर्यटकीय गन्तव्यका पर्यटन व्यवसायीहरुसँग सहकार्य गरी पर्यटकको संख्यामा वृद्धि गरिनेछ। ४. नेपालका पर्यटकीय तथा प्रमुख सहरहरुबाट पर्यटकीय बस संचालनका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ।
७. पर्यटकीय लाभको समुचित प्राप्तिका लागि शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा पर्यटकीय गन्तव्यहरुको बिस्तार तथा सामुदायिक	१. नगरका सामुदायिक घरबास कार्यक्रमलाई विशेष ब्रान्डिङ गरिने तथा सम्भाब्य घरबास हुने क्षेत्रमा बिस्तार गरिनेछ।

पर्यटनको अवधारणा विकास गराउने।	२. आँधीखोला, बाडखोला, अरौदि खोला जल पर्यटनका विविध आयामहरुको खोज गरि सामुदायिक पद्धतिबाट कार्यान्वयन गरिनेछ। ३. ऐतिहासिक बजार पुतलीखेत, राजाका दरबारहरु सतौंकोट तथा नुवाकोट, गामताम, किल्लाहरु, कर्नेलको डाँडा, मनकामना जस्ता ऐतिहसिक पुरातात्विक क्षेत्रहरुको अनुसन्धान दस्तावेजीकरण, सौन्दर्यीकरणलाई व्यापक प्रसार गरि आकर्षक पर्यटकीय गन्तव्य बनाईनेछ। ४. सांस्कृतिक, धार्मिक, पर्या-पयर्टन, साहसिक पर्यटन, कृषि पर्यटनका सम्भावनाहरुलाई एकिकृत ग्रामिण पर्यटकीय प्याकेजका रुपमा विकास गरि कार्यान्वयन गरिनेछ।
८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन तथा संस्थागत सम्बन्ध बिस्तार गराउने।	१. नगरस्तरका, प्रदेशस्तरका, राष्ट्रीयस्तर अन्तराष्ट्रीयस्तरका पर्यटकीय संस्थागत संरचनाहरुसँग भातृत्व, ब्यवसायिक सहसम्बन्ध स्थापित गरिने छ। २. प्रदेशस्तरका,राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तरका पर्यटकीय गन्तव्यहरुसँग प्याकेजिङ तथा कनेक्टिङ गर्न मिल्ने नगरका पर्यटकीय गन्तव्यहरुसँग जोडेर विकास तथा व्यवस्थापन गरिनेछ। ३. भारत, चीन, खाडी मुलुक, युरोप अमेरीका लगायतका मुलुकहरुमा रहेका स्याङ्जाबासीहरु मार्फत तत् देशका सरकारी तथा निजि क्षेत्रसग सहकार्य गरिनेछ। ४. राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन मेला उत्सव महोत्सवहरुमा सक्रिय कार्यमुलक सहभागीता गरिनेछ।

५.६.५ कार्यक्रमका प्राथमिकता

- पर्यटन पूर्वाधार निर्माण, नयाँ गन्तव्य सृजना तथा पर्यटकीय उपजको विविधिकरण।
- नबीनतम प्रविधिसहित पर्यटनको संस्थागत विकास।
- पर्यटनमा स्थानीय उत्पादन र स्थानीय जनशक्तिको परिचालन।
- पर्यटन क्षेत्रका माध्यमबाट स्वरोजगारी र रोजगारी सृजना।

५.६.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	राष्ट्रियस्तरमा सूचीकृत स्थापित (सतौं चण्डी, कोट र खर्सु) पर्यटन पूर्वाधार सुदृढीकरण कार्यक्रम	संख्या	२	२०७७/७८	२०७८/७९	नपा/प्रदेश र संघको सहकार्यमा
२.	प्रदेशस्तरमा सूचीकृत पर्यटन पूर्वाधार विकास	संख्या	३	२०७७/७८	निरन्तर	नपा/प्रदेशको सहकार्यमा
३.	नयाँ पर्यटकीय गन्तव्य पहिचान तथा पूर्वाधार विकास	संख्या	५	२०७७/७८	निरन्तर	नपा
४.	नयाँ विशिष्ट खालका पर्यटकीय गतिविधि/उपज स्थापना	संख्या	४	२०७७/७८	निरन्तर	नपा र नीजि क्षेत्र सहकार्य
५.	नगर पर्यटन गुरुयोजना निर्माण	संख्या	१	२०७९/८०	२०७९/८०	नपा/प्रदेश र संघको सहकार्यमा
६.	पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा, नेपबो
७.	पर्यटन शाखा तथा डिजिटल पर्यटकीय सूचना कर्नरको सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
८.	पर्यटनका व्यवसायिक स्पर्धा आयोजना	संख्या	९	२०७७/७८	निरन्तर	नपा
९.	तालिम, अनुभव आदानप्रदान तथा अभिमुखिकरण	संख्या	वार्षिक २	२०७७/७८	निरन्तर	नपा, नेपबो
१०.	पुतलीबजार भ्रमण वर्ष आयोजना	संख्या	१	२०७९/८०	२०७९/८०	नपा
११.	पर्यटन जनशक्ति (होटेल व्यवस्थापन, भाषा, पर्यटक गाइड, पर्वतारोहण गाइड, उद्धार टोली लगायत) को क्षमता र दक्षता वृद्धि कार्यक्रम	संख्या	वार्षिक ३	२०७७/७८	निरन्तर	नपा, नेपबो
१२.	नगर पर्यटन नीति तर्जुमा	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१३.	पर्यटन व्यवसाय (होमस्टे, होटल, रेष्टुराँ, साहसिक खेल) सञ्चालन सम्बन्धी होमस्टे सञ्चालन मापदण्ड	संख्या	३	२०७७/७८	२०७९/८०	नपा
१४	पर्यटकीय गतिविधिमा स्थानीय उत्पादन उपभोग प्रवर्द्धन कार्यक्रम	प्याकेज	वार्षिक ४	२०७७/७८	निरन्तर	नपा र नीजि क्षेत्र सहकार्य
१५.	ऐतिहासिक पुतलीखेतमा पर्यटन प्रवर्द्धन	संख्या	१	२०७८/७९	निरन्तर	नपा

५.६.७ अपेक्षित उपलब्धिहरू

- नेपाल सरकारद्वारा देशका १०० नयाँ गन्तव्यको रूपमा सूचीकृत सतौंचण्डी तथा खर्सु क्षेत्रको उच्चस्तरमा प्रवर्द्धन भएको हुनेछ।
- नगरभित्र कम्तीमा ४ वटा नयाँ विशिष्ट खालका पर्यटकीय गतिविधिहरू स्थापना गरी सञ्चालनमा ल्याइएको हुनेछ।
- नगरभित्र कम्तीमा ५ वटा नयाँ/लुकेका पर्यटकीय गन्तव्यको पहिचान गरी व्यापक रूपमा प्रवर्द्धन गरिएको हुनेछ।
- नगरको पर्यटन विकासमा सरकारी-सार्वजनिक तथा निजी साझेदारीका विविध खाले मोडेलहरू कार्यान्वयनमा आएका हुनेछन्।
- नगरमा पर्यटकका लागि पर्यटनस्तरका ४ वटा होटल, कम्तीमा ६ वटा थप होमस्टे र ३ वटा ट्राभल तथा पर्यटकीय एजेन्सी सञ्चालनमा आएका हुनेछन्।
- नगरमा नयाँ तथा थप पर्यटकीय गतिविधिहरूमार्फत २५० वटा स्वरोजगारी तथा १५०० वटा रोजगारी सिर्जना भएका हुनेछन्।
- नगरमा वार्षिक रूपमा ५०००० जना पर्यटकले भ्रमण गरेका हुनेछन्।
- नगरमा खेल पर्यटन व्यावसायिक रूपमा सञ्चालनमा आएको हुनेछ।

५.७ प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षण

५.७.१ पृष्ठभूमि

यस पुतलीबजार नगरपालिकाको कुल क्षेत्रफलमध्ये ५१.१२ वर्ग कि.मि. (३४.७३ प्रतिशत) वनले ढाकेको छ। यस्तै जैविक विविधताको हिसाबले पनि यस नगरपालिकालाई धनी मानिन्छ । यहाँका सामुदायिक वन, निजी वन र कृषियोग्य जमीनमा सैयौं प्रकारका जैविक विविधता उपलब्ध छन् र ती जैविक विविधताहरू जसोतसो संरक्षण हुँदै आईरहेका छन् । यस नगरपालिकामा धातुजन्य खनिजहरूको श्रोतको पनि उच्च सम्भावना रहेको छ । यस नगरपालिकाको वडा नं १४ मा अवस्थित जुकेपानी, निलोओडारमा तामाखानी भएको कुरा पहिचान भइसकेको छ भने चुनखानी, स्लेट, अभ्रख, चुनढुङ्गा, क्वार्जाइट आदिका खानीहरू नगरका विभिन्न स्थानमा उपलब्ध छन् । नगरको अधिकांश भू–भाग भिरालो र कमजोर भू–बनोटयुक्त हुनाले वर्षातको समयमा हुने भू–क्षय, बाढी र पहिरोका कारण हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत् जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम विगत देखि नै सञ्चालन हुँदै आएका छन्। समग्रमा, वन, खनिज, जलाधार तथा जैविक विविधता संरक्षणबाट नगरको सम्वृद्धिमा टेवा पुऱ्याउन यस क्षेत्रका समस्याहरूको सम्बोधन गर्ने गरी उपयुक्त नीति, ऐन, नियम र सांगठनिक संरचना अपरिहार्य हुन्छ । साथै वनजङ्गल क्षेत्रको दिगो तथा फलदायी व्यवस्थापनका लागि जनसहभागितामूलक योजना र तदनुरुपका बजेट तथा कार्यक्रमको व्यवस्थित खाका जरुरी रहेको छ र यस आवधिक योजनाले योजना अवधिमा त्यस्तो खाका तयार गर्ने लक्ष्य लिएको छ।

५.७.२ प्रमुख समस्या

प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षणका सवालमा नगरको विकास र नगरबासीको आयवृद्धिमा नगरमा उपलब्ध प्राकृतिक श्रोतको प्रभावकारी रूपमा परिचालन हुन नसक्नु, नगरमा पहिचान भइसकेका खनिजहरूको व्यवस्थित रूपमा उत्खनन् गरी उपयोगमा ल्याउन नसक्नु, नदीजन्य श्रोत बाहेक अन्य प्राकृतिक श्रोतबाट पनि लाभ लिने गरी कार्ययोजना बनाउन नसक्नु, जैविक विविधताको पूर्ण रूपमा पहिचान हुन नसक्नु, जैविक विविधता तथा वातावरणीय सेवाहरूले नगरको अर्थतन्त्र तथा दिगो विकास लक्ष्यमा पुऱ्याउन सक्ने योगदानको उचित मूल्याङ्कन हुन नसकी प्राथमिकतामा पर्न नसक्नु, उत्पादनशील वन तथा प्राकृतिक श्रोतलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिनु, सडक लगायतका भौतिक पूर्वाधारको अव्यवस्थित निर्माणका कारण वन क्षेत्र तथा जैविक विविधताको विनास, क्षयीकरण तथा खण्डीकरण व्यापक बन्दै जानु, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण बढ्दै गएको हुनु, बढ्दो वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका असरहरूको यथोचित समाधान हुन नसक्नु यस नगरपालिकाका प्रमुख समस्याहरू हुन्।

५.७.३ चुनौती र अवसर

क. चुनौती

प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षणको कुरा गर्दा मुलुक तीन तहको संघीय प्रणालीमा अघि बढेसँगै वन तथा जलाधार क्षेत्रको सङ्गठनात्मक पुनर्संरचना तयार पारी कार्यान्वयनमा ल्याउनु, अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपाल सरकारले गरेका प्रतिबद्धता नगरस्तरमा सहज रुपमा कार्यान्वयन गर्नका लागि नीति, कानून र कार्यक्रमहरू स्पष्ट पारी कार्यान्वयनमा ल्याउनु, नगरमा पहिचान भइसकेका खनिजहरूको व्यवस्थित रूपमा उत्खनन् गरी उपयोगमा ल्याउनु, नदीजन्य श्रोत बाहेक अन्य खनिजजन्य प्राकृतिक श्रोतबाट पनि लाभ लिने गरी कार्ययोजना बनाई लागू गर्नु, उपलब्ध जैविक विविधताको पूर्ण रूपमा पहिचान गरी सूचीकृत गर्नु, भूकम्प, बाढी, भूस्खलनबाट जैविक विविधता तथा पारिस्थितिकीय सेवामा भएको विनाश र नोक्सानीको पूर्ति गर्न तथा भूकम्प पीडितहरूको आवश्यकतालाई सहज र सरल तरिकाले परिपूर्ति गर्नका लागि वैकल्पिक योजना तर्जुमा गरेर थप स्रोत जुटाउनु, वनक्षेत्रबाट तुलनात्मक रूपमा टाढा रहेका घरधुरीहरूसम्म वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको सहज पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि नगरबासीको क्षमता र जिम्मेवारी अभिवृद्धि गर्नु तथा नगरको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू विद्यमान रहेका छन।

ख. अवसर

यस नगरका प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षणका सन्दर्भमा उपलब्ध अवसरहरूको कुरा गर्दा नगरमा उपलब्ध महत्वपूर्ण प्राकृतिक श्रोत, जैविक विविधता, वन तथा जलाधार क्षेत्रको दिगो विकास र संरक्षणबाट नगरको समृद्धिमा टेवा दिन सकिने गरी योजना तयार पारी कार्यान्वयनमा ल्याउने अवस्था अनुकुल बन्दै जानु, नगरमा समाविष्ट भागमा विगतमा केही खनिजहरूको उत्खनन् गरी उपयोगमा ल्याई सकेको हुनु, नदीजन्य श्रोत बाहेक अन्य प्राकृतिक श्रोतबाट पनि लाभ लिने गरी कार्ययोजना बनाई लागू गर्न सकिनु, जैविक विविधताको पूर्ण रूपमा पहिचान

गरी दस्तावेजीकरण गर्न सकिनु, समुदायमा आधारित वन व्यवस्थापनमा उपभोक्ता समितिलाई बढीभन्दा बढी सक्रिय बनाउनका लागि नगर कार्यपालिकाको भूमिका बढाउने सकिने अवस्था हुनु, गल्छी संरक्षण तथा पहिरो नियन्त्रण, संवेदनशील जलाधार, पानी मुहान तथा पोखरी संरक्षणबाट जलसंचिति बढाई जलवायु परिवर्तनका असर न्यूनीकरणमा जस्ता कार्य गर्नका लागि दातृनिकाय एवम् प्रदेश सरकार र संघीय सरकारका निकायहरूको समेत चासो तथा लगानी वृद्धि हुँदै जानु, प्राकृतिक श्रोत, वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य तथा समन्वय मार्फत एकीकृत् विकासको अवधारणामा कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन सकिने अवस्था अनुकुल बन्दै जानु मुख्य रूपमा आउँछन्।

५.७.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

५.७.४.१ सोच

प्राकृतिक स्रोत र जैविक विविधताको दिगो परिचालन, पुतलीबजारको समृद्धिमा योगदान।

५.७.४.२ लक्ष्य

दिगो व्यवस्थापनमार्फत जैविक विविधता र प्राकृतिक श्रोतहरूको संरक्षण र उत्पादकत्व वृद्धि गर्दै वातावरणीय सन्तुलन कायम गर्ने।

५.७.४.३ उद्देश्य

१. जैविक विविधता तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, दिगो व्यवस्थापन र व्यावसायीकरण गर्ने।

२. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत् जलाधार व्यवस्थापन गर्ने।

३. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न जनताको क्षमता अभिवृद्धि गर्ने।

५.७.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जैविक विविधतासहित वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, व्यवस्थापन र व्यावसायीकरण गर्ने।	१. मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई प्राविधिक सहयोग पुऱ्याउन डिभिजन वन कार्यालयसँग समन्वय गरिनेछ। २. विभिन्न व्यवस्थापन प्रणालीबाट संकलित काठजन्य वस्तुको प्रशोधनबाट नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ। ३. वनको समुचित संरक्षण तथा व्यवस्थापनबाट कार्बन उत्सर्जन कटौती गरिनेछ। ४. वन व्यवस्थापनलाई संरक्षणमुखीबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्न आवश्यक कार्ययोजना तयार पारी कार्यान्वनमा ल्याइनेछ। ५. नीजि तथा सामुदायिक वनमा गैरकाष्ठ वन पैदावारको खेती बिस्तार गरी

	उत्पादनको बजारीकरणका लागि प्रभावकारी संयन्त्र गठन गरी सञ्चालनमा ल्याइनेछ। ६. व्यवसायिक रूपमा वन्यजन्तु पालन, प्रजनन् तथा बजारीकरण गर्न नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।
२. एकीकृत् जलाधार व्यवस्थापन मार्फत् भूःक्षय नियन्त्रण गरी जल, जमीन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवन स्तर उकास्ने।	१. जलाधार क्षेत्र भित्रको जल, जंगल र जमीनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ। २. जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व वृद्धि गरिनेछ। ३. विकासका पूर्वाधार निर्माणसँगै उपयुक्त भू-संरक्षण प्रविधि सञ्चालन गरिनेछ। ४. प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो तथा खोला किनार संरक्षण गरिनेछ। ५. भूमिको प्रकृति अनुसार भूउपयोगिता प्रणाली अपनाई संरक्षणमुखी खेती प्रविधि अवलम्बन गरिनेछ।
३. जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको दिगो व्यवस्थापनका लागि तुलनात्मक लाभका जडीबुटीको अध्ययन, अनुसन्धान तथा उपयुक्त खेती प्रविधिको विकास, स्रोतको संरक्षण र वृद्धिलाई ध्यानमा राखी यसको उपयोग र उपभोग गर्ने।	१. तुलनात्मक रूपमा बडी लाभका जडीबुटी तथा वनपैदावरको अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ। २. जडीबुटी खेतीको लागि उपयुक्त प्रविधिको अनुसन्धान तथा विकास गरी हस्तान्तरण गरिनेछ। ३. प्राकृतिक स्रोत, गैरकाष्ठ पैदावार तथा जडीबुटीको अध्ययन, अनुसन्धान र प्रशोधन सम्बन्धमा विभिन्न निकायहरूको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ। ४. नगरपालिकामा रहेका सामुदायिक तथा नीजि वनको कार्ययोजना बनाई नीजि तथा सामुहिक जडीबुटी तथा गैरकाष्ठ पैदावारको खेती गर्न प्रोत्साहन गरिनेछ।
४. वन, जैविक विविधता तथा जलाधारको संरक्षणबाट प्राप्त वातावरणीय सेवाको अधिकतम उपयोग तथा जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकुलन गर्न जनताको क्षमता अभिवृद्धि गर्ने।	१. प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र पँहुचमा वृद्धि गर्दै यसबाट प्राप्त प्रतिफल तल्लो तहसम्म पुग्ने कुराको सुनिश्चितता गरिनेछ। २. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकुलन गर्न स्थानीय जनताको क्षमता अभिवृद्धि गरिनेछ। ३. जलवायु परिवर्तनले नगरपालिकाको कृषि, वन, बस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव सम्वन्धी अध्ययन अनुसन्धान गरी अनुकूलन कार्यक्रममा जोड दिइनेछ।

५.७.५ कार्यक्रमका प्राथमिकता

- जैविक विविधता तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, दिगो व्यवस्थापन र व्यावसायीकरण।
- माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि।
- एकीकृत् जलाधार व्यवस्थापन।
- वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि।
- जलवायु परिर्वतनका नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन तथा समानुकूलन गर्न नगरबासीको क्षमता अभिवृद्धि।

५.७.६ कार्यक्रमहरू

प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता संरक्षणक्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	डिभिजन वन कार्यालय र समुदायसँगको सहकार्यमा मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा हाँगाहरू वनबाट हटाउने कार्यक्रम	संख्या	मागका आधारमा	२०७७/७८	निरन्तर	नपा/डिवका
२.	संरक्षणमुखी वन व्यवस्थापनलाई उत्पादनमुखीमा रुपान्तरण गर्न आवश्यक कार्ययोजना निर्माण	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
३.	नीजि तथा सामुदायिक वनबाट उत्पादित गैरकाष्ठ वन पैदावारजन्य उत्पादनको बजारीकरणका लागि प्रभावकारी संयन्त्र गठन तथा परिचालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
४.	जलवायू उत्पन्न प्रकोप विरुद्ध पूर्वतयारी र सचेतना अभिवृद्धि कार्यक्रम	संख्या	प्रति वडा वार्षिक १	२०७८/७९	निरन्तर	नपा
५.	नगरको जैविक विविधता पार्श्वचित्र निर्माण	संख्या	१	२०७९/८०	२०७९/८०	नपा
६.	जलवाय परिवर्तनको प्रभावको अध्ययन अनुसन्धान तथा अनुकूलन कार्यक्रम	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा
७.	माटोको दिगो संरक्षण तथा व्यवस्थापन सम्बन्धी जनस्तरमा सचेतना कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७८/७९	निरन्तर	नपा
८.	विकास पूर्वाधारसँगै उपयुक्त भू-संरक्षण प्रविधि एकीकरण निर्देशिका निर्माण	संख्या	१	२०७८/७९	२०७९/८०	नपा

९.	प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा
१०.	नगरपालिकामा रहेका सामुदायिक तथा नीजि वनको कार्ययोजना निर्माण एवं नीजि र सामुहिक जडीबुटी तथा गैरकाष्ठ पैदावारको खेती गर्न प्रोत्साहन कार्यक्रम	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा
११.	वृक्षारोपण तथा वन संरक्षण अभियान सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	विभिन्न व्यवस्थापन प्रणालीबाट संकलित काठजन्य वस्तुको प्रशोधन नीति तर्जुमा	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१३.	जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकुलन गर्न स्थानीय जनताको क्षमता अभिवृद्धि कार्यक्रम	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा
१४	वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन कार्यक्रम	प्याकेज		२०७७/७८	निरन्तर	नपा
१५.	विद्यालयहरूमा वातावरण शिक्षा तथा यसको प्रचारप्रसारका लागि सहजीकरण कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	नपा

५.७.७ अपेक्षित उपलब्धिहरू

१. नीजि तथा सामुदायिक वनबाट उत्पादित गैरकाष्ठ वन पैदावारजन्य उत्पादनको बजारीकरणका लागि प्रभावकारी संयन्त्र गठन गरी परिचालन गरिएको हुनेछ।
२. आवधिक जलवायु अनुकुलन योजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ।
३. नगरको एक जैविक विविधता पार्श्वचित्र निर्माण गरिएको हुनेछ।
४. कुनैपनि भौतिक विकास निर्माण पूर्व वातावरणीय परिक्षण गराइएको हुनेछ।
५. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकुलन गर्न नगरबासीको क्षमता अभिवृद्धि भएको हुनेछ।

५.८ उद्योग, वाणिज्य र आपूर्ति

५.८.१ पृष्ठभूमि

औद्योगीक विकासका सवालमा यस पुतलीबजार नगरपालिका कमजोर अवस्थामा नै रहेको छ। हाल यहाँ ब्लक बनाउने, फर्निचर बनाउने, कुटानी पिसानी, धुप, मैनबत्ती बनाउने, मेटल उद्योग, कागज, माटाका भाँडा बनाउने जस्ता सानो क्षमताका उद्योगहरु सञ्चालनमा आएका छन्। वर्तमानमा कमजोर स्थितिमा रहेपनि उद्योग क्षेत्रले यस नगरपालिकामा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापन लगायत कुरामा विशिष्ट योगदान

दिनसक्छ भन्ने कुरालाई आत्मसात गर्दै यस नगरपालिकाले नगरमा औद्योगिक वातावरण प्रवर्द्धन गर्दै उद्योगको संख्या बढाउनका लागि योजनावद्ध किसिमले अगाडि बढिरहेको छ । नगरमा निर्माणको क्रममा रहेको औद्योगिक ग्राम यसैको एक महत्वपूर्ण खुड्किलोको रूपमा रहेको छ ।

वाणिज्य क्षेत्रको विकास र बिस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ । नगरभित्र उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत् आयात प्रतिस्थापन एवम् तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै प्रयासहरू अगाडि बढाइएका छन् । सर्वसुलभ र सहज रुपमा गुणस्तरीय अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति हुने वातावरण सिर्जना गर्ने कार्यलाई नगरपालिकाले त्यतिकै महत्व दिंदै आईरहेको छ । यसका अलावा उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्तिको व्यवस्था मिलाउने महत्वपूर्ण जिम्मेवारीलाई समेत नगरपालिकाले बोध गर्दै कार्यहरू अगाडि बढाइरहेको छ ।

५.८.२ प्रमुख समस्या

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रमा यस नगरपालिकाका प्रमुख समस्याहरूमा ठूला तथा मझौला उद्योगहरूको विकासका सम्भावनाको खोज अध्ययन हुन नसक्नु, यस्ता उद्योग सञ्चालनका लागि चाहिने पुँजीको अभाव रहनु, उद्योग स्थापनाको लागि चाहिने यातायात, उर्जा जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता, साना तथा लघु उद्योगको विकासमा पर्याप्त ध्यान पुऱ्याउन नसकिनु, उद्योगका लागि चाहिने सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु, जग्गाको मूल्य उच्च रहँदा उद्योगको लागि आवश्यक जग्गा किन्न ठूलो धनराशि खर्च गर्नुपर्ने अवस्था रहनु, उद्योग व्यापार व्यावसायिक भन्दा पनि बढी कमिसनमुखी रहनु, आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी हुनु, नगरमा वाणिज्य र व्यापार तथा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी कुनै विशेष नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताको लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधि, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, खानेपानी, पाठ्य सामाग्री आदिको व्यापार तथा उपलब्धताको अवस्थाको बारेमा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलव्ध नहुनु जस्ता समस्याहरू मुख्य रूपमा आउँछन् ।

५.८.३ चुनौती र अवसर

क. चुनौती

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रमा यस नगरपालिकामा पर्यटन व्यवसाय र स्थानीय जनताले दैनिक जीवनमा खपत गर्ने वस्तुहरू नगरभित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढावा दिनु, श्रम नीति उद्योगमैत्री बनाउनु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु, नगरमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, नगर औद्योगिक ग्राम निर्माण गरी सञ्चालनमा ल्याउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु,

व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्दै सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, निर्यात व्यापार वृद्धि गर्नु, खोज, अनुसन्धान, विकासमार्फत् व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु, आपूर्ति व्यवस्था सहज र सरल बनाउनको लागि चाहिने प्रष्ट नीति, ऐन, नियम र कार्यविधि बनाई आपूर्ति व्यवस्थामा बीचौलिया प्रथा कम गर्नु, आपूर्ति व्यवस्थामा निजी क्षेत्रको भूमिका प्रभावकारी बनाउनु, बढ्दो जनसंख्या तथा न्यून आय भएका व्यक्तिलाई अत्यावश्यक सामानहरू र गुणस्तरीय वस्तु उपलब्ध गराउनुजस्ता चुनौतीरू विद्यमान रहेका छन्।

ख. अवसर

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रका सवालमा औद्योगिक लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, पूर्वाधार निर्माणमा तीनै तहका सरकारहरूको लगानी बढ्दै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु, जनताको आयमा भएको वृद्धिसँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, प्रत्यक्ष वैदेशिक लगानीको लागि सरकारी नीति तथा कार्यक्रमहरूले जोड दिनु, विदेशमा रहेका गैरनेपाली नागरिकहरूले प्रदेशमा लगानी गर्न चाख व्यक्त गर्नु, पर्यटनमा मौलिक उत्पादनहरुको माग क्रमशः बढ्दै जानु, राजनीतिक स्थिरता, सम्पूर्ण मूल्य श्रृङ्खला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु, एकीकृत् कानूनको व्यवस्था हुनु, विभिन्न तहबीच एकरुपता तथा समन्वय कायम हुनु, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, स्थानीय सरकार भएकाले सक्रिय भई बजार व्यवस्थापनमा अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिता बढाउन सकिनु, व्यापारी तथा उपभोक्तामा सचेतना बढ्नु, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु, जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जाको उत्पादन वृद्धि हुँदै जानु, वैज्ञानिक कृषि प्रणाली अवलम्वन गर्ने प्रयास हुनु आदि यस नगरपालिकामा उपलब्ध मुख्य अवसरहरू हुन्।

५.८.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

५.८.४.१ सोच

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास, नगरको दिगो आर्थिक विकासको आधार।

५.८.४.२ लक्ष्य

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र बिस्तार गरी आय र रोजगारी वृद्धि तथा आयात प्रतिस्थापन गर्ने।

५.८.४.३ उद्देश्य

१. उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धिमार्फत उत्पादन वृद्धि, रोजगारीका अवसर सिर्जना गर्ने तथा आयात प्रतिस्थापनमा योगदान पुऱ्याउने।

२. वाणिज्य सम्बद्ध संरचना र पूर्वाधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्ने।

३. अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ, नियमित तथा गुणस्तरीय रुपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक नीतिगत र संस्थागत संरचना निर्माणका साथ सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने।

५.८.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरमा उद्योग मैत्री वातावरण तयार गरी उद्योगमा बाह्य लगानी आकर्षित गराउने।	१. नगरमा एक नगरस्तरीय औद्योगिक ग्राम निर्माण गरी सञ्चालनमा ल्याइनेछ। २. उद्योग र लगानीसँग सम्बन्धित नीति तथा कानून निर्माण तथा परिमार्जन गर्दै लगिनेछ। ३. उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको प्रर्वद्धन गर्न आवश्यक उपायहरू अबलम्बन गरिनेछ। ४. उद्योग क्षेत्रमा लगानीयोग्य आयोजनाहरूको विवरण तयार गरी लगानी सम्मेलन मार्फत् कार्यान्वयनको स्रोत सुनिश्चित गरिनेछ। ५. उद्योगी व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि वहिर्गमन सम्मका सेवाहरू सहज आकर्षक रूपमा उपलब्ध गराइनेछ।
२. स्थानीय स्रोत साधनमा आधारित थोरै पुँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको स्थापना, संरक्षण र संवर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने।	१. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गरिनेछ। २. गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। ३. नगरको आँधीखोला भ्याली क्षेत्रलाइ सिद्धार्थ आर्थिक करिडोरको रूपमा विकास गर्दै लगिनेछ। ४. उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरी सञ्चालनमा ल्याइनेछ। ५. नगरमा उपलब्ध प्राकृतिक स्रोतहरूमा आधारित उद्यमशीलता प्रवर्द्धनका लागि यस्ता वस्तुको संकलन तथा प्रशोधन केन्द्रको स्थापना गर्न सहयोग गरिनेछ। ६. वन पैदावारमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ। ७. व्यावसायिक लागत घटाउन तथा प्रक्रियागत सरलीकरण गर्नका लागि उद्योग तथा कम्पनी प्रशासनमा सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाइनेछ।
३. व्यापार तथा वाणिज्य सम्बद्ध संरचना र पूर्वाधारहरूको निर्माण तथा क्षमता सुदृढीकरण गर्ने।	१. नगरमा वस्तु तथा सेवा व्यापार गर्ने निकायहरूबीच प्रभावकारी समन्वय स्थापित गर्दै बजार अनुगमन प्रभावकारी बनाउनका लागि एक स्थायी प्रकृतिको संयन्त्र खडा गरिनेछ । २. विद्यमान श्रम शक्तिको सीप तथा क्षमता अभिवृद्धि गरी उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय गरिनेछ।

	३. स्थानीय रूपमा उत्पादित वस्तुहरूको बजार प्रवर्द्धनको लागि आवश्यक पर्ने सूचनाको संकलन, प्रशोधन एवम् वितरणका लागि एक संयन्त्र स्थापना गरिनेछ। ४. मूल प्रवाहमा आउन नसकेका वर्ग समुदाय र क्षेत्रको परम्परागत पेशा, व्यवसायको आधुनिकीकरण, व्यावसायीकरण तथा बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्न समन्वय गरिनेछ। ५. नगरमा रहेका सार्वजनिक कार्यालय र कार्यक्रममा उपलब्ध भएसम्म स्थानीय/स्वदेशी उत्पादनका सामानको प्रयोग गरिनेछ।
४. आपूर्ति प्रभावकारी व्यवस्थापनको लागि आवश्यक ऐन, नियम, कार्यविधीको तर्जुमा तथा पूर्वाधार र संस्थागत संरचनाको व्यवस्था गर्ने।	१. निजी लगानीकर्ता एवम् सहकारी क्षेत्रको सहभागितामा आपूर्ति क्षेत्रको आवश्यक पूर्वाधार र संरचनाको विकास र विस्तारमा गरिनेछ। २. नगरमा खाद्य सुरक्षा सुनिश्चितताको लागि आवश्यक प्रबन्ध मिलाइनेछ। ३. उपभोक्ता हित संरक्षणको लागि गठन भएका संस्थाहरूलाई प्रभावकारी बनाउन तालिम तथा क्षमता विकासका लागि आवश्यक स्रोत साधनको विनियोजन गरिनेछ । ४. अत्यावश्यक वस्तुहरूको कम्तीमा ३ महिनाको लागि आवश्यक परिमाणमा सञ्चय र भण्डारको व्यवस्था मिलाइनेछ। ५. खाद्य वस्तुहरूको गुणस्तरीयता सुनिश्चितताको लागि अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ। ६. स्थानीय उत्पादन, आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणालीलाई प्रभावकारी रुपमा विकसित गरी कृत्तिम मुल्य वृद्धिलाई नियन्त्रण गरिनेछ। ७. उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक र थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिई समय समयमा अद्यावधीक गर्ने प्रणालीको विकास गरिनेछ।

५.८.५ कार्यक्रमका प्राथमिकता

- उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि।
- उत्पादन वृद्धि, रोजगारीका अवसर सिर्जना गर्ने तथा आयात प्रतिस्थापन।
- वाणिज्य सम्बद्ध संरचना र पूर्वाधारको निर्माण।
- स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन।

- अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ, नियमित र गुणस्तरीय रुपमा आपूर्ति हुने व्यवस्थापन।

५.८.६ कार्यक्रमहरू

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रमा क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	नगरस्तरीय औद्योगिक ग्राम स्थापना	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
२.	नगरस्तरीय औद्योगिक ग्राम सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	उद्योग स्थापना र सञ्चालनमा सार्वजनिक–निजी साझेदारीको कार्यविधि निर्माण	संख्या	१	२०७८/७९	२०७९/८०	नपा
४.	उद्योग क्षेत्रमा लगानी सुनिश्चित गर्न लगानी सम्मेलन आयोजना	संख्या	१	२०७९/८०	२०७९/८०	नपा
५.	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन	संख्या	१	२०७९/८०	२०८१/८२	नपा र गप्रको सहकार्यमा
६.	उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको स्थापना तथा सञ्चालन	संख्या	१	२०७९/८०	निरन्तर	नपा
७.	प्राकृतिक स्रोतमा आधारित उद्यमशीलता प्रवर्द्धनका वस्तुको संकलन तथा प्रशोधन केन्द्र सञ्चालन कार्यविधि तयारी	संख्या	१	२०७८/७९	निरन्तर	नपा
८.	स्थानीय रूपमा उत्पादित वस्तुहरूको बजार प्रवर्द्धनको लागि आवश्यक पर्ने सूचनाको संकलन, प्रशोधन एवम् वितरणका लागि तथ्याङ्क शाखाको क्षमता बिस्तार	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	उपभोक्ता हित संरक्षणको लागि गठन भएका संस्थाहरूका लागि तालिम तथा क्षमता विकास कार्यक्रम	संख्या	प्रति वर्ष १	२०७७/७८	निरन्तर	नपा
१०.	कम्तीमा ३ महिनाको लागि अत्यावश्यक वस्तुहरूको आवश्यक परिमाणमा	संख्या	१	२०७८/७९	निरन्तर	नपा

	सञ्चय र भण्डारणलगत सङ्कलनको लागि युनिट स्थापना					
११.	वस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिई समय समयमा अद्यावधीक गर्ने प्रणालीको स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा

५.८.७ अपेक्षित उपलब्धिहरू

- नगरमा एक (१) नगरस्तरीय औद्योगिक ग्राम स्थापना भई सञ्चालन आएको हुनेछ।
- नगरमा एक लगानी सम्मेलन आयोजना गरी उद्योग क्षेत्रमा लगानी सुनिश्चित गरिएको हुनेछ।
- उत्पादित वस्तुहरूको गुणस्तरीयता परीक्षण गरी सुनिश्चित गर्न नगरपालिकाद्वारा संस्थागत संयन्त्र सञ्चालनमा ल्याइएको हुनेछ।
- स्थानीय रूपमा उत्पादित वस्तुहरूको बजार प्रवर्द्धनको लागि आवश्यक पर्ने सूचनाको संकलन, प्रशोधन एवम् वितरणका लागि तथ्याङ्क शाखाको क्षमता बिस्तार गरिएको हुनेछ।
- नबगरमा कम्तीमा ३ महिनाको लागि अत्यावश्यक वस्तुहरूको आवश्यक परिमाणमा सञ्चय र भण्डारणको व्यवस्थापन गर्नका लागि एक युनिट स्थापना गरिइको हुनेछ।
- नगरमा वस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण समय समयमा अद्यावधीक गर्ने प्रणालीको स्थापना गरी सञ्चालनमा ल्याइएको हुनेछ।

परिच्छेद ६

सामाजिक क्षेत्र

६.१ शिक्षा

६.१.१ पृष्ठभूमि

शिक्षा मानवका आधारभूत आवश्यकताहरूमध्येको एक हो । ज्ञान प्राप्त गर्न र त्यसलाई सबलीकृत गर्न शिक्षाले प्रमुख भुमिका खेल्दछ । मानिसको व्यक्तित्वको विकास र समाजको रूपान्तरणकारी परिवर्तनमा शिक्षाले दरिलो आधारशीला तयार गर्दछ् । संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले शिक्षाको हकलाई नागरिकको एक मौलिक हकको रूपमा व्याख्या गर्दै प्रत्येक नागरिकको लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने कुरा प्रत्याभूत गरेको छ । यसका अलावा फरक शारीरिक क्षमता भएका र आर्थिक रूपमा विपन्न नागरिकले उच्चशिक्षा समेत नि:शुल्क पाउने कुराका साथमा कुनैपनि नागरिकले आफ्नो मातृभाषामै शिक्षा पाउन सकुन भनेर आवश्यक पाठ्यक्रम तयार पार्ने र शैक्षिक संस्था सञ्चालन गर्न पाउने हक समेत नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ । यस नगरपालिकाको सन्दर्भमा ५ वर्षमाथिको साक्षरता दर ९३.२५ प्रतिशत रहेको छ । नगर पार्श्वचित्र २०७६ का अनुसार नगरमा जम्मा विद्यालय आधारभूत विद्यालयको संख्या ५७ र माध्यमिक विद्यालयको संख्या २७ रहेको छ ।

संयुक्त राष्ट्र संघद्वारा प्रस्तुत दिगो विकास लक्ष्यमा शिक्षालाई चौंथो लक्ष्यको रूपमा प्रस्तुत गर्दै सन् २०३० सम्ममा सबैको लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा प्रत्याभूत गर्ने कुरा उल्लेख गरिएको छ । नागरिकको आधारभूत आवश्यकता एवम् संवैधानिक हक बनेको शिक्षालाई प्रभावकारी तथा फलदायी बनाउन नेपालको १५ औं योजना तथा गण्डकी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनामा विभिन्न रणनीति, कार्यनीति एवम् कार्ययोजनाहरू तर्जुमा गरि कार्यान्वयनमा ल्याइएका छन् । पुतलीबजार नगरबासीको शिक्षाको आवश्यकता र मौलिक हकलाई कागजमा मात्रै सीमित नराखी वास्तविक रूपमै व्यवहारमा उतार्नको लागि यस आवधिक योजना मार्फत शिक्षाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरू निर्दिष्ट गरि तद्अनुरूप कार्यान्वयनका लागि आवश्यक रणनीति, कार्यनिती र कार्यक्रमहरू तय गरिएको छ ।

६.१.२ प्रमुख समस्या

यस नगरपालिकाको सन्दर्भमा शिक्षा क्षेत्रका कुरा गर्दा सबैका लागि गुणस्तरीय शिक्षमा पहुँच सुनिश्चित गर्न नसक्नु, पाठ्यक्रमले तोके अनुरुपको सिकाइ उपलब्धि हासिल गर्न नसक्नु, तहगत एवम् विषयगत रुपबाट शिक्षक व्यवस्थापन गर्न नसक्नु, यहाँका शैक्षिक संस्थाहरूको गुणस्तरमाथि स्थानीयको बलियो विश्वास नहुनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासलाई कार्यान्वयन गर्नकालागि प्रर्याप्त स्रोतको व्यवस्थापन गर्न नसक्नु तथा सामुदायिक विद्यालयका भौतिक पूर्वाधारहरू कमजोर स्थितिमा रहनु, सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएर विद्यालय मर्ज वा बन्द गर्नुपर्नेजस्तो परिस्थिति सिर्जना हुनु र माध्यमिक तह विशेषत: कक्षा ११ र १२ मा स्तरीय शिक्षाको खोजीमा ठूलो संख्यामा विद्यार्थीहरू जिल्लाबाहिर पुग्न वाध्य हुनु यहाँका प्रमुख समस्याहरू हुन ।

यसैगरी यस नगरपालिकाको शिक्षा क्षेत्रमा विद्यमान समस्याहरूको सवालमा उत्तिकै महत्वपूर्ण समस्याहरू विद्यार्थीहरुमा पठन संस्कृतिको विकास गर्न नसक्नु, शिक्षा क्षेत्रको सबै तह र निकायमा सुशासनको प्रत्याभुति हुन

नसक्नु, सामुदायिक र संस्थागत विद्यालयहरुबीचको खाडल कम गर्न नसक्नु, भौतिक पूर्वाधार लगायत सामुदायिक विद्यालयको अति आवश्यक रूपान्तरणको प्रक्रियामा नेतृत्वदायी निकायको अभाव देखिनु र यस प्रक्रियामा समुदायको भूमिका प्रभावकारी बन्न नसक्नु, शिक्षण सिकाई क्रियाकलापमा नबीनतम प्रविधिको प्रयोग गर्न सक्ने शिक्षक लगायतका अन्य शैक्षिक जनशक्तिको कमी हुनु, राजनैतिक अस्थिरता र राजनीतिक नेतृत्वको असक्षमताको कारण ऐन नियमहरु समयमानै आउन नसक्नु पनि हुन् ।

६.१.३ चुनौती र अवसर

क. चुनौती

वर्तमान शिक्षा प्रणालीलाई परिवर्तित समयको माग अनुसार अनुकूलन गर्न अपरिहार्य छ तर यो कार्य निकै चुनौतीपूर्ण छ । पुतलीबजार नगरपालिकाको शिक्षा क्षेत्रसँग सम्बन्धित चुनौतीहरूको सवालमा सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु, पाठ्यक्रमले तोके अनुरुपको सिकाइ उपलब्धि हासिल गर्नु, तहगत एवम् विषयगत रुपबाट शिक्षक व्यवस्थापन गर्नु, विद्यालयमा सुदृढ भौतिक पुर्वाधार सहितको आर्कषक सिकाइ वातावरणको विकास गर्नु, सामुदायिक विद्यालयहरू मर्ज वा बन्द नै गर्नुपर्ने परिस्थितिको अन्त्य गर्नु र शिक्षणमा सूचना तथा सञ्चारका नबीनतम प्रविधिको प्रभावकारी प्रयोग गर्नु यहाँका प्रमुख चुनौतीहरू हुन् । यी चुनौतीहरू सँगसँगै यहाँका अहिलेका उत्तिकै महत्वपूर्ण चुनौतीहरू यहाँका शैक्षिक संस्थाहरूको गुणस्तरमाथि स्थानीय बासिन्दामा बलियो विश्वासको सिर्जना गर्नु, विद्यालयमा सुशासन कायम गर्नु, सिकाई क्रियाकलापमा सैद्धान्तिक सँगसँगै व्यवहारिक पक्षमा जोड दिनु, बालमैत्री विद्यालय व्यवस्थापन गर्नु, विद्यालयप्रति समुदायको प्रभावकारी चासो र योगदान सुनिश्चित गर्नु, विद्यालयमा विद्यार्थीहरुलाई टिकाई राख्नु र शिक्षाकै लागि हुने बाह्य बसाइसराईको दरमा कमी ल्याउनु हुन् ।

ख. अवसर

पुतलीबजार नगरपालिकाका लागि शिक्षा क्षेत्रसँग सम्बन्धित अवसरहरूको कुरा गर्दा आधारभुत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण हुनु, दिगो विकास लक्ष्य २०३० का लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय उद्देश्य प्राप्त गर्नको लागि लागु गरिएको विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) जस्ता कानूनी ढाँचा एवम् सुस्पष्ट मार्गचित्र तय भएको हुनु, थोरै मात्रामा भएपनि सामुदायिक विद्यालयमा अभिभावकको चासो वृद्धि हुदै जानु, विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी र अधिकारमा वृद्धि, प्राविधिक शिक्षा तर्फको जनचासोमा वृद्धि, नमुना विद्यालय निर्माण र विद्यालयको भौतिक पूर्वाधार विकासमा सुधार, शिक्षणमा समयानुकुल नबीनतम प्रविधिको पहुँच बिस्तार हुनु, आधारभुत तहको खुद भर्नादरमा वृद्धि हुनु, विद्यालय शिक्षामा अक्षराकंन पद्धतिको प्रयोग हुनु, जीपनउपयोगी, व्यवसायिक तथा सीपमुलक शिक्षा प्रदान गर्ने शैक्षिक प्रतिष्ठान सञ्चालन गर्ने संभावना कायमै हुनु, स्थानीय आवश्यकता, समसामयिक विषयवस्तु तथा जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण अवसर हुनु र तालिम प्राप्त शिक्षकको उपलब्धता हुनु प्रमुख रूपमा आउँछन् ।

६.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.१.४.१ सोच

नगरको समग्र रूपान्तरणका लागि शिक्षा

६.१.४.२ लक्ष्य

गुणस्तरीय एवम् जीवनोपयोगी शिक्षा मार्फत दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानवस्रोतको विकास गर्ने।

६.१.४.३ उद्देश्य

१. अनिवार्य तथा नि:शुल्क विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने।

२. शिक्षाको गुणस्तर वृद्धि गर्दै यसलाई प्रविधिमैत्री, नवप्रवर्तनात्मक एवम् खोजमुलक बनाउँदै व्यवहारिक जीवनसँग जोड्ने।

३. गुणस्तरीय प्राविधिक र रोजगारमूलक शिक्षा तथा व्यवसायिक सीप विकासलाई उच्च शिक्षाको केन्द्रमा राख्दै समावेशी र समतामूलक रूपमा नगरबासी वीच पहुँच बिस्तार गर्ने।

६.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई यसलाई सबै बालबालिकाको लागि अनिवार्य बनाउने।	१. कम्तीमा 'एक विद्यालय एक स्तरीय बालविकास केन्द्र'को नीति लिई सबै टोल र बस्तीका बालबालिकाको बालविकास केन्द्रसम्मको सहज एवम् सुरक्षित पहुँच सुनिश्चित हुने गरि बालविकास केन्द्रहरूको पुनर्वितरण गर्ने कार्य संघीय सरकार तथा गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा गरिनेछ। २. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको गुणस्तर वृद्धि गर्न विद्यार्थीको संख्याका अनुपातमा शिक्षकको दरबन्दी कायम गरि शिक्षकको न्यूनतम शैक्षिक योग्यता र तालिम अवधि निर्दिष्ट गर्दै सक्षम र योग्य शिक्षकबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गराइनेछ। ३. बालविकास केन्द्रमा बालबालिकाको उमेर अनुसार वैज्ञानिक बसाई व्यवस्था र सरसफाई कायम गर्दै पर्याप्त सिकाई सामाग्री, खेल सामाग्री तथा मनोरञ्जन सामाग्री सहित आकर्षक, स्तरीय, मनोरञ्जक र बालमैत्री कक्षाकोठाको व्यवस्थापन गरिनेछ।
२. अनिवार्य र नि:शुल्क विद्यालय शिक्षालाई प्रभावकारी एवम् परिणाममुखी रूपमा कार्यान्वयन गराउने।	१. कुनैपनि बालबालिका विद्यालयभन्दा बाहिर नरहेको सुनिश्चित गर्न विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरू, नगरस्तरमा सक्रिय राजनैतिक दल, स्थानीय समाजसेवी एवम् बुद्धिजिवीहरू लगायतको बहुपक्षीय साझेदारी कायम गरिनेछ भने वडा तथा टोल विकास संस्थाहरूलाई सक्रियतापूर्वक परिचालन गरिनेछ। २. विद्यालयको कुनै एक तह पार नगर्दै कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाई राख्न आधारभूत तहमा नि:शुल्क दिवा खाजा, फरक क्षमता भएका, जोखिममा परेका, अल्पसंख्यक, सीमान्तीकृत तथा विपन्न समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा तथा अन्य सुविधाको

	व्यवस्था गरिनेछ। ३. फरक क्षमता भएका विद्यार्थीहरूका लागि फरक क्षमतामैत्री भौतिक पूर्वाधार र समतामूलक सिकाई अवसर सुनिश्चित गर्न फरक क्षमता अनुकुलका पाठ्य तथा शिक्षण सिकाई सामाग्रीको व्यवस्था मिलाईनेछ। ४. बालबालिकामा विद्यालयसम्मको पहुँच सहज तुल्याउनका लागि जनसाङ्ख्यिक सघनता र भौगोलिक अवस्थितिको आधारमा विद्यालयहरूको पुनर्नक्शाङ्कन गरी विद्यालय सार्ने तथा नयाँ स्थापना गरिनेछ। ५. आधारभूत तहमा मातृभाषा शिक्षण गर्नका लागि आवश्यक पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरिनेछ।
३. विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्दै यसलाई प्रविधिमैत्री, नवप्रवर्तनात्मक, खोजमुलक एवम् जीवनापयोगी बनाउने।	१. नगरभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूको कक्षाकोठालाई बालमैत्री बन्ने किसिमले स्तरवृद्धि गरि नबीनतम प्रविधियुक्त हुने कुराको सुनिश्चितता गरिनेछ। २. नगरका सामुदायिक विद्यालयहरूको कक्षाकोठा र वातावरण नै नवप्रवर्तनको शुरूआती केन्द्र बनाउनका लागि आवश्यक साधन, स्रोत तथा प्रविधिको उपलब्धता सुनिश्चितता गरिनेछ। ३. विद्यालय शिक्षाको गुणस्तरमा नगरबासीले अनुभुत गर्नसक्ने गरी विद्यालय सुधारमा लगानी वृद्धि गरिनेछ। ४. शिक्षकहरूको विषयगत दक्षता तथा सीप अभिवृद्धि एवम् समयानुकुल अद्यावधिक गर्न नियमित तालिम एवम् एक्सपोजरका अवसरहरू प्रदान गरिनेछ। ५. विद्यार्थीहरूले गर्ने कुनैपनि खोजमुलक तथा नवप्रर्वनात्मक कार्यको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन नगरपालिकाद्वारा गरिनेछ। ६. नगरमा सञ्चालित निजी तथा गैर नाफामुलक विद्यालयको गुणस्तरियता सुनिश्चित गर्नका लागि न्यूनतम मापदण्ड तय गरी त्यसको कार्यान्वनको सुनिश्चितता गराइनेछ। ७. नगरका प्रत्येक वडामा कम्तीमा एक (१) विद्यालयलाई नमुना विद्यालयको रूपमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।
४. नगरमा गुणस्तरीय प्राविधिक तथा रोजगारमूलक शिक्षा र व्यवसायिक सीप विकासका अवसरको समतामुलक पहुँच तथा उपलब्धता सुनिश्चित गराउने।	१. नगरमा मध्यम स्तरको प्राविधिक तथा व्यावसायिक जनशक्तिको आवश्यकतालाई सम्बोधन गर्ने गरी शिक्षा प्रदान गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ। २. प्रत्येक वर्ष प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहने जेहेन्दार, विपन्न, अल्पसंख्यक तथा पिछडिएको वर्ग/समुदायका विद्यार्थीहरूको लागि पूर्ण छात्रवृत्ति प्रदान गरिनेछ। ३. विद्यालय तहका विद्यार्थीहरूमा आधारभूत तहको प्राविधिक तथा

	व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न प्रशिक्षकको व्यवस्था तथा शिक्षकहरूको दक्षता अभिवृद्धि गरिनेछ। ४. विद्यालय शिक्षामा जीवनोपयोगी सीप विकासलाई प्रभावकारी रुपमा समावेश गर्न आवश्यक प्रबन्ध गरिनेछ। ५. माध्यमिक विद्यालयमा नगरको आवश्यकता अनुरूपका पर्यटन, कृषि, जडीबुटी लगायतका विषय समावेश गर्नका लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी पठनपाठन गराइनेछ। ६. नगरमा कुनै एक विश्वविद्यालयको आंगिक क्याम्पस स्थापना गरी सञ्चालन गर्नका लागि नगरपालिकाले सम्बन्धित निकायसँग पहल गर्ने कार्यको नेतृत्व लिनेछ।

६.१.५ कार्यक्रमका प्राथमिकता

- अनिवार्य तथा नि:शुल्क शिक्षाको पहुँच सुनिश्चितता।
- माध्यमिक शिक्षाको गुणस्तरवृद्धि।
- प्राविधिक तथा व्यवसायिक शिक्षालयको संचालन।

६.१.६ प्रमुख कार्यक्रमहरू

शिक्षा क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका क्षेत्रगत तथा विषयगत लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	टोल विकास संस्थासँगको समन्वयमा विद्यार्थी भर्ना र टिकाउका लागि सचेतना कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा, टोविसं सहकार्य
२.	आधारभूत तहमा निःशुल्क खाजा व्यवस्थापन	प्याकेज		२०७७/७८	निरन्तर	नपा
३.	बालविकास केन्द्रमा दिवा खाजा व्यवस्थापन	प्याकेज		२०७७/७८	निरन्तर	नपा, संघ सहकार्य
४.	बालविकास केन्द्र सुदृढीकरण	संख्या	७७	२०७७/७८	निरन्तर	नपा, प्रस र केस सहकार्य
५.	शिक्षकहरूको क्षमता विकास तथा	संख्या	१	२०७७/७८	निरन्तर	शिताके, नपा

	शैक्षिक गुणस्तर अभिवृद्धि तालिम					
६.	कक्षागत पाठ्यक्रम प्रवोधिकरण	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	कक्षागत रूपमा स्थानीय/मातृभाषा पाठ्यपुस्तक निर्माण	संख्या	१	२०७७/७८	निरन्तर	नपा
८.	फरक क्षमता भएका, जोखिममा परेका, अल्पसंख्यक, सीमान्तीकृत तथा विपन्न समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति व्यवस्थापन	संख्या	१	२०७७/७८	निरन्तर	नाप
९.	प्राविधिक र व्यावसायिक शिक्षा अध्ययन गर्ने जेहेन्दार, विपन्न, पिछडिएको समुदायका विद्यार्थीहरूको लागि पूर्ण छात्रवृत्तिको व्यवस्थापन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	विद्यालयको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षमा सुधार	प्याकेज		२०७७/७८	निरन्तर	नपा, असं
११.	शैक्षिक अन्तरक्रिया, शिक्षक सँग मेयर, विद्यार्थी सँग मेयर, वि. व्य. स. सँग मेयर कार्यक्रम	संख्या	२	२०७७/७८	निरन्तर	नपा
१२.	विद्यालयमा शुद्द खानेपानीको व्यवस्थापन	संख्या		२०७७/७८	निरन्तर	नपा
१३.	नमुना आवासीय विद्यालय विकास, सञ्चालन र व्यवस्थापन	संख्या	१४	२०७७/७८	निरन्तर	नपा समुदाय सहकार्य
१४	विद्यालयमा आधारभूत तहको प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न प्रशिक्षक व्यवस्थापन	संख्या	माग अनुसार	२०७७/७८	निरन्तर	नपा
१५.	सामुदायिक माध्यमिक विद्यालयमा नवप्रवर्तन केन्द्र व्यवस्थापन	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
१६.	निजी तथा गैर नाफामुलक विद्यालयको गुणस्तरियता सुनिश्चित गर्न न्यूनतम मापदण्ड निर्धारण	संख्या	१	२०७९/८०	२०७९/८०	नपा

६.१.७ अपेक्षित उपलब्धिहरू

- यस आवधिक योजनाको अन्त्यसम्ममा यस नगरपालिकाको ५ वर्षमाथिको साक्षरता ९८ प्रतिशत र युवा साक्षरता दर ९९ प्रतिशत पुगेको हुनेछ।
- प्रारम्भिक बालविकासमा खुद भर्नादर शत प्रतिशत, आधारभूत तहमा खुद भर्नादर ९९ प्रतिशत तथा माध्यमिक तहमा खुद भर्नादर ९० प्रतिशत पुगेको हुनेछ।

- माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये ५० प्रतिशतले प्राविधिक धारका विषय अध्ययन गरेको हुनेछन् ।
- ९५ प्रतिशत शिक्षकहरूले उच्चस्तरको पेशागत तालिम हासिल गरेका हुनेछन् ।
- नगरमा एक बहुप्राविधिक शिक्षालय र एक आङ्गिक क्याम्पस स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

६.२ स्वास्थ्य र पोषण

६.२.१ पृष्ठभूमि

स्वास्थ्य र पोषण उत्पादनमूलक मानव संशाधनको लागि अपरिहार्य आधारशिला हुन् । संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले स्वास्थ्यको हकलाई नेपाली नागरिकको मौलिक हकको रूपमा परिभाषित गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त हुने कुरा प्रत्याभूत गरेको छ । यसरी संविधान प्रदत्त मौलिक अधिकार बनेको नागरिकको स्वास्थ्यको हकलाई सुनिश्चित गर्ने दायित्व तीनै तहका सरकारहरूसमक्ष आइपुगेको छ । आफ्ना नागरिकको संविधानप्रदत्त अधिकारलाई सुनिश्चित गर्न संघीय सरकारले राष्ट्रिय स्वास्थ्य क्षेत्र रणनीति (२०७२–२०७७) र राष्ट्रिय स्वास्थ्य नीति (२०७६) बाट निर्देशित भई आफ्ना समग्र स्वास्थ्य र पोषणका योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ । यसै अन्तर्गत रहेर चालू पन्ध्रौं योजनामार्फत स्वास्थ्य तथा पोषण क्षेत्रका विभिन्न कार्ययोजनाहरू कार्यान्वयनमा ल्याइएका छन् । यसैगरी राष्ट्रीय लक्ष्यहरूलाई आत्मसात गर्दै गण्डकी प्रदेश सरकारले चालू आफ्नो पहिलो पञ्चवर्षीय योजनामा स्वास्थ्य तथा पोषण क्षेत्रका विभिन्न कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइरहेको छ । पुतलीबजार नगरको सन्दर्भमा स्वास्थ्य र पोषण क्षेत्रलाई नगरपालिकाले उच्च प्राथमिकतामा राख्दै आएको छ ।

पछिल्ला केही दशकहरुमा नेपाल सरकारले मातृ मृत्यु दर र पाँच भन्दा कम उमेरका बाल मृत्युदर जस्ता स्वास्थ्य क्षेत्रका अत्यन्तै महत्वपूर्ण सूचकहरूमा उल्लेख्य प्रगति हासिल गरेको छ । सोही अवधिमा नेपालले पोलियो, मातृ तथा नवजात शिशुको टिटानस र कुष्ठरोग उन्मूलनको साथ क्षयरोग, मलेरिया र एचआईभी जस्ता घातक रोगहरूको ट्रेन्डहरू रोक्न र उल्ट्याउन सफल भएको थियो । तर नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण (NDHS) २०१६ ले यस्ता स्वास्थ्य क्षेत्रका उपलब्धिहरू देशैभरि समान किसिमको नरहेको तथ्य सार्वजनिक गरेको छ । पुतलीबजार नगरपालिकाका केही महत्वपूर्ण स्वास्थ तथा पोषणका सूचकाङ्कहरूको कुरा गर्दा यहाँ २०७६ मा ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थासम्मको पहुँच पुगेको परिवार संख्या ७५ प्रतिशत पुगेको छ भने नवजात शिशु र बाल मृत्युदर घट्दै गइरहेको छ । त्यसै गरी त्यसैगरी पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना घट्दै गइरहेको छ । यसैगरी यस नगरपालिका पूर्ण खोप सुनिश्चित बन्ने क्रममा रहेको छ । यस नगरपालिकाले यसै आवधिक योजना मार्फत आधुनिक तथा वैकल्पिक चिकित्सालाई परिपुरकको रूपमा प्रयोगमा ल्याउँदै स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल गर्दै **समृद्ध पुतलीबजार सुखी नगरबासी**को सोचलाई साकार पार्दै यूनिवर्सल हेल्थ कभरेज (Universal Health Coverage) र दिगो विकास लक्ष्य (Sustainable Development Goals) का महत्वाकांक्षी लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रयासमा समेत केही योगदान दिने अपेक्षा लिइएको छ ।

६.२.२ प्रमुख समस्या

पुतलीबजार नगरपालिकाको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्याहरूको कुरा गर्दा यसै नगरपालिकाभित्र रहेको जिल्ला अस्पतालमा ब्लड बैंकसहित २४ सै घण्टा विशेषज्ञसहितको आकस्मिक सेवा उपलब्ध नहुनाले स्वास्थ्यमा समस्या हुँदा नगरबासीलाई पोखरा लगायत अन्य शहरमा जानैपर्ने अवस्था विद्यमान हुनु, नगरभित्र उपलब्ध स्वास्थ्य संस्थाहरु भौगोलिक हिसावले अपायक स्थानमा हुनु, सबै स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती सेवा तथा आधारभूत प्रयोगशाला सेवा उपलब्ध नहुनु, खोप केन्द्र तथा गाँउघर क्लिनिकको लागि सबै स्थानहरुमा उपर्युक्त भवन/संरचना नहुनु, सबै वडाहरुमा स्वास्थ्य चौकी नहुनु, नगरको आफ्नो स्वामित्व वा आफ्नो व्यवस्थापनमा संचालन हुने नगर अस्पताल नहुनु, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी तय गरी स्थायी रूपमा पूर्ति गर्न नसक्नु, आवश्यक संख्यामा एम्बुलेन्सको उपलब्धता नहुँदा आपत्कालीन स्वास्थ्य सेवा सहज बनाउन नसक्नु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु, कुपोषण विद्यमान हुनु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, सन्तुलित भोजन तथा पोषण सम्बन्धमा आधारभूत ज्ञानको कमी हुनु, कम पोषिलो तथा मिसावटयुक्त खाद्यवस्तुको उपयोग व्यापक बन्दै जानु प्रमुख रूपमा आउँछन् ।

६.२.३ चुनौती र अवसर

क. चुनौती

पुतलीबजार नगरपालिकाको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित चुनौतीहरूको सवालमा नगरपालिका भित्र रहेको जिल्ला अस्पतालमा ब्लड बैंक सहितको २४ सै घण्टा आकस्मिक सेवाको लागि विशेषज्ञ चिकित्सक, नर्स लगायतका अन्य स्वास्थ्यकर्मीको व्यवस्थापन गर्नु, स्वास्थ्यमा कुनै किसिमको समस्या आउँदा नगरबासीलाई पोखरा लगायत अन्य शहरमा जानैपर्ने अवस्था हटाउनु, जिल्ला अस्पतालमा सेवाहरू थप गर्दै प्रभावकारी रूपमा संचालन गर्न प्रदेश सरकारसँग सहकार्य गर्नु, भौगोलिक विकटता भएका क्षेत्रहरूमा सहज र सुलभ न्यूनतम स्वास्थ्य सेवाको उपलब्धताको प्रत्याभुति गर्नु, स्वास्थ्य क्षेत्रमा प्रर्याप्त साधन स्रोतको उपलब्धता सुनिश्चित गर्नु, स्वास्थ्य क्षेत्रमा नयाँ नयाँ अनुसन्धान भै रहने र समय समयमा प्रोटोकल परिवर्तन भै रहने हुनाले सो को आधारमा स्वास्थ्यकर्मीको क्षमता वृद्धि गर्नु, शारिरीक रूपमा असामान्य अवस्था भएका वा फरक क्षमता भएका र ज्येष्ठ नागरिकहरूलाई घरदैलोसम्म आधारभूत स्वास्थ सेवाको पहुँचलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नु, खानपान तथा जीवन शैलीमा आएको परिवर्तनका कारण बढ्दै गएका नसर्ने रोगहरू तथा मानसिक समस्याहरूको प्रभावकारी उपचार तथा व्यवस्थापन गर्नु, नगरमा विद्यमान कुपोषणको दरमा कमी ल्याउनु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार आवश्यक सुधार ल्याउनु, सन्तुलित भोजन तथा पोषण सम्बन्धमा ज्ञान वृद्धि गर्दै व्यवहारिक जीवनमा उपयोगमा ल्याउनु, कम पोषिलो तथा मिसावटयुक्त खाद्यवस्तुको बेचविखन तथा उपयोगलाई प्रभावकारी ढंगले नियन्त्रण गर्नु मुख्य चुनौतिहरू रहेका छन् ।

ख. अवसर

पुतलीबजार नगरपालिकाको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अवसरहरूको कुरा गर्दा भौगोलिक रुपले ठूला तथा अपायक स्थानमा स्वास्थ्य संस्था भएको वडामा पायक पर्ने स्थानमा शहरी स्वास्थ्य केन्द्र स्थापना/व्यवस्थापन गर्न

सकिने अवस्था हुनु, सबै स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीको पर्याप्त दरबन्दी सहित आवश्यक सेवा सुविधा, साधन र स्रोतहरु थप गरी स्वास्थ्य सेवा प्रभावकारी बनाउने संभावना बलियो हुनु, नगरपालिकाले आफ्नै स्वामित्वमा वा विभिन्न सामाजिक संस्थाहरूसँगको सहकार्यमा एम्बुलेन्स व्यवस्थापन गरि नगरबासीलाई आकस्मिक स्वास्थ्य सेवा सहज बनाउने अवस्था हुनु, नगरभित्र नगर अस्पताल स्थापना गर्न सकिनु, नगरपालिका भित्र रहेको जिल्ला अस्पतालमा ब्लड बैंक सहितको २४ सै घण्टा आकस्मिक सेवाको लागि विशेषज्ञ चिकित्सक, नर्स लगायतका अन्य स्वास्थ्यकर्मीको व्यवस्थापन गरी प्रभावकारी रूपमा संचालन गर्न प्रदेश सरकारसँग सहकार्य गर्न सकिने अवस्था हुनु, नगरमा बढ्दै गएका नसर्ने रोगहरू तथा मानसिक समस्याहरूको प्रभावकारी उपचार तथा व्यवस्थापन गर्नका लागि नगरबासीको खानपान तथा जीवन शैलीमा सकरात्मक परिवर्तन ल्याउन भूमिका खेल्न सक्ने अवस्था हुनु, नगरमा विद्यमान कुपोषणको दरमा कमी ल्याउन सकिनु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार आवश्यक सुधार ल्याउन विभिन्न कार्यहरू गर्न सकिने अवस्था हुनु, नगरबासीमा सन्तुलित भोजन तथा पोषण सम्बन्धमा ज्ञान वृद्धि गर्दै व्यवहारिक जीवनमा उपयोगमा ल्याउन सक्ने बनाउन सक्नु, कम पोषिलो तथा मिसावटयुक्त खाद्यवस्तुको बेचविखन तथा उपयोगलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने अवस्था हुनु लगायतका रहेका छन्।

६.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.२.४.१ सोच

स्वस्थ, उत्पादलशील र सुखी नगरबासी।

६.२.४.२ लक्ष्य

सबै नगरबासीमा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवाको सहज पहुँच स्थापित गर्ने।

६.२.४.३ उद्देश्य

१. नगरका सबै वडा तथा टोलहरूमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास एवम् बिस्तार गर्ने।

२. नगरबासीमा स्वास्थ्य र पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने।

६.२.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. निःशुल्क स्वास्थ्य सेवाको पहुँच वृद्धिका लागि जनसङ्ख्याको वितरण र भौगोलिक अवस्थितिका आधारमा वडा तथा टोलहरूमा दक्ष स्वास्थ्यकर्मीहरू सहितको स्वास्थ्य सुविधाको विकास एवम् बिस्तार गराउने	१. प्रत्येक वडामा कम्तीमा एक आधारभूत स्वास्थ्य केन्द्र र भौगोलिक हिसाबले ठूला तथा जनघनत्व धेरै भएका वडामा सबै खाले आधारभूत स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य केन्द्रका अलावा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गरिनेछ। २. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा जिल्ला अस्पतालमा सघन उपचार

।	कक्षसहित जटिल प्रकृतिका बाहेकका शल्यक्रिया र प्राथमिक ट्रमा केयर सहितको स्वास्थ्य सेवा सुनिश्चित हुने गरी स्तरवृद्धि गरिनेछ। ३. निश्चित विधि र मापदण्ड तयार गरी शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य केन्द्रको लागि आवश्यक स्वास्थ्य जनशक्तिको दरबन्दी निर्धारण गरी लागू गरिनेछ। ४. नगरको आवश्यकता र वित्तीय स्रोतको उपलब्धता हेरी प्राथमिकताको आधारमा स्वास्थ्यका विभिन्न विधामा छात्रवृत्ति प्रदान गरिनेछ। ५. नगरस्थित सबै खाले स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तरलाई सुधार गर्नका लागि आवश्यक बजेट सुनिश्चित गरिनेछ। ६. आचारसंहितामार्फत चिकित्सक/स्वास्थ्यकर्मी तथा बिरामी बीच सौहार्दपूर्ण तथा सुमधुर सम्बन्ध कायम गरी सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न विभिन्न खाले प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। ७. नगरका स्वास्थ्यसंस्थाहरूको लागि आवश्यक स्वास्थ्य सामाग्रीहरू, औषधी र औषधीजन्य सामाग्रीको आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ।
२. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरू बिस्तार गर्ने।	१. आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्सा तथा अन्य पूरक एवम् वैकल्पिक चिकित्सा पद्धति तथा स्वास्थ्य सेवाहरूको पहुँच सबै वडाहरूसम्म बिस्तार गरिनेछ। २. नगरमा उपलब्ध औषधीजन्य जडीबुटी, वनस्पति, खनिज एवम् जान्तव द्रव्यको पहिचान, सङ्कलन, संरक्षण र प्रवर्द्धनको लागि एक खोजकेन्द्र स्थापना गरिनेछ। ३. नगरका सम्भाव्य स्थानमा आयुर्वेद, पञ्चकर्म, योग, ध्यान, मनोपरामर्श तथा प्राकृतिक चिकित्सा सेवा केन्द्रको स्थापना गरी स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ।
३. जीवनचक्र अवधारणा अनुरूप सबै उमेर समूहका नागरिकको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्नका लागि स्वास्थ्य सेवालाई थप सुधार तथा बिस्तार गर्ने।	१. नगरका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने मातृशिशु, बालबालिका, किशोरकिशोरीको सर्वाङ्गीण विकासका लागि आवश्यक सेवा, ज्येष्ठ नागरिकका लागि स्वास्थ्य सेवा र परिवार व्यवस्थापन सेवालाई बिस्तार गर्दै प्रभावकारी बनाईनेछ। २. नगरका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइनेछ। ३. विभिन्न उमेर समूहमा हुनसक्ने स्वास्थ्य जोखिमको बारेमा परामर्श सेवालाई प्रभावकारी बनाउँदै नसर्ने रोगको जोखिम पहिचान गर्नका लागि नियमित रूपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। ४. महिलामा बढ्दो क्रममा देखापर्दै आइरहेको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सरजस्ता रोगहरूको जोखिम पहिचान गर्न निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ।

४. नगरबासीमा स्वास्थ्य, पोषण र सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गराउने।	१. कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवम् स्वास्थ्यवर्धक खाद्य पदार्थको पहुँच र उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गरिनेछ। २. नगरमा स्थानीय रूपमा स्वस्थकर खाद्यवस्तुको उत्पादन, प्रशोधन र उपभोग गर्न प्रोत्साहित गरिनेछ। ३. स्वास्थ्यलाई प्रतिकुल असर पार्ने सुर्तीजन्य, मदिरा, रासायनिक, विषादि तथा अखाद्य वस्तुहरूको मिसावट, प्रयोग र प्रचारप्रसारलाई प्रभावकारी ढंगले नियन्त्रण तथा नियमन गरिनेछ। ४. नेपाल सरकारको 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' अवधारणालाई प्रभावकारी बनाउन स्वस्थ भान्सा र स्वस्थ खाना, स्वस्थ वातावरण तथा सक्रिय जीवनशैलीको प्रवर्द्धन गर्न टोल विकास संस्था, संघ-सँगठन लगायतका विभिन्न सरोकारवालाहरूसँग समन्वय गरी कार्यक्रमहरू संचालन गरिनेछ। ५. नगरबासीमा स्वास्थ्य बीमाको पहुँच बिस्तार गर्दै यसको उपयोगिता बढाउने तर्फ नागरिकलाई प्रोत्साहित गरिनेछ।
५. जनस्वास्थ्य विपद्हरूका विरुद्ध पूर्वतयारी तथा व्यवस्थापनका लागि एकीकृत उपायहरू अवलम्बन गर्ने।	१. नगरमा आइपर्ने जनस्वास्थ्य विपद् तथा महामारीको तत्काल सम्वोधन गर्नका लागि न्यूनतम साधन सम्पन्न तथा तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोली तयारी अवस्थामा राखिनेछ। २. एम्बुलेन्स सेवाको पहुँच बिस्तार गर्दै यसलाई अत्यन्तै प्रभावकारी बनाइनेछ। ३. अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन गरिनेछ।

६.२.५ कार्यक्रमका प्राथमिकता

- नगरका सबै वडा र टोलहरूमा आधारभूत स्वास्थ्य सेवाहरूको सन्तुलित विकास एवम् बिस्तार गर्ने।
- स्वास्थ्य र पोषण सम्बन्धी सचेतना मार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने।

६.२.६ कार्यक्रमहरू

स्वास्थ्य क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	जेष्ठनागरिक स्वास्थ्य उपचार सेवा व्यवस्थापन	संख्या	प्रति टोल प्रति वर्ष १	२०७७/७८	निरन्तर	नपा
२.	सुरक्षित गर्भपतन सेवा बिस्तार	संख्या		२०७७/७८	निरन्तर	नपा/जिअ
३.	गर्भवती तथा सुत्केरी महिलाहरुको	संख्या	आवश्यकता	२०७७/७८	निरन्तर	नपा

	लागि क्याल्सियम चक्की व्यवस्थापन		अनुसार			
४.	सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकलाइ जुकाको औषधी व्यवस्थापन	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा
५.	पाठेघर खस्ने महिलाहरुको उपचार कार्यक्रम	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा/जिअ
६.	आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य पूरक एवम् वैकल्पिक चिकित्सा पद्धति र स्वास्थ्य सेवाको पहुँच बिस्तार	संख्या	आवश्यकता अनुसार	२०७८/७९	निरन्तर	नपा/ जिआस्वाके
७.	औषधीजन्य जडीबुटी, वनस्पति, खनिज एवम् जान्तव द्रव्यको पहिचान, सङ्कलन, संरक्षण र प्रवर्द्धनको लागि खोजकेन्द्र स्थापना	संख्या	१	२०७८/७९	२०७९/८०	जिआस्वाके सँगको सहकार्यमा नपा
८.	शहरी स्वास्थ्य केन्द्र स्थापना	संख्या	६	२०७७/७८	निरन्तर	नपा
९.	स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, स्तरोन्नति तथा जनशक्ति व्यवस्थापन	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा
१०.	स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर आदिको जोखिम पहिचान गर्न निःशुल्क परीक्षणको व्यवस्थापन	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा/जिअ
११.	औषधी र औषधीजन्य सामाग्रीको आयात, भण्डारण र वितरण व्यवस्थापन	संख्या		२०७७/७८	निरन्तर	नपा
१२.	सम्भाव्य जनस्वास्थ्य विपद् तथा महामारीका लागि चिकित्सक र स्वास्थ्यकर्मीको टोली परिचालन	संख्या	आवश्यकता अनुसार	२०७८/७९	निरन्तर	नपा
१३.	स्वास्थ्य बीमाको उपयोगिता तथा पहुँच बिस्तार	संख्या		२०७७/७८	निरन्तर	नपा, स्वाबीबो
१४	कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानी र व्यवहारको प्रवर्द्धन	संख्या	प्रति टोल प्रति वर्ष १	२०७७/७८	निरन्तर	नपा
१५.	प्रत्येक टोलमा पोषण तथा सन्तुलित आहार विहार सम्बन्धी सचेतना कार्यक्रम	संख्या	प्रति टोल प्रति वर्ष १	२०७७/७८	निरन्तर	नपा/टोविसं
१६.	एम्बुलेन्स सेवाको क्षमता तथा पहुँच बिस्तार	संख्या	३	२०७७/७८	निरन्तर	नपा
१७.	नेपाल सरकारको 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' अवधारणाको प्रभावकारी कार्यान्वयनका कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
१८.	स्वास्थ्यलाई असर पार्ने मदिरा, विषादि, रासायनिक पदार्थ तथा अखाद्यवस्तुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन	संख्या	१	२०७९/८०	निरन्तर	नपा

६.२.७ अपेक्षित उपलब्धिहरू

- आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा उपलब्ध भएको हुनेछ।
- बढीमा ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थाको पहुँच भएका घर परिवार सत प्रतिशत हुनेछन्।
- कुल प्रजनन दर २ बच्चा प्रति महिला तथा किशोरी अवस्थाको प्रजनन झरेर पाँच प्रतिशतमा पुगेको हुनेछ।
- स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको हुनेछ।
- प्रोटोकल अनुसार चारपटकसम्म गर्भवती जाँच सेवा लिने महिला ९६ प्रतिशत, दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला शत प्रतिशत तथा पूर्ण खोप पाउने बालबालिका शत प्रतिशत पुगेका हुनेछन्।
- ५ वर्षमुनिका कम तौल भएका बालबालिकाको संख्या दश प्रतिशतमा झरेको हुनेछ।

६.३ जनसङ्ख्या व्यवस्थापन

६.३.१ पृष्ठभूमि

जनसङ्ख्या व्यवस्थापनको कार्यभारलाई संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीको सूचीमा राखेको छ। तीन तहका सरकारको एकल तथा साझा अधिकारको कार्य विस्तृतीकरणले व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद र बसाइँसराइँ) सम्बन्धित तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा लिएको छ। राष्ट्रिय सन्दर्भमा हरेक नागरिकले गुणस्तरीय जीवनयापन गर्नसक्ने अवसरको वृद्धि गर्न जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना (२०६७–२०८७), राष्ट्रिय जनसङ्ख्या नीति २०७१, दिगो विकास लक्ष्य र पन्ध्रौं योजनामार्फत विभिन्न कार्ययोजनाहरू कार्यान्वयनमा ल्याइएका छन्। यसैगरी गण्डकी प्रदेशले आफ्नो पहिलो पञ्चवर्षीय योजनामा जनसङ्ख्या तथा बसाइसराई व्यवस्थापनका सवालमा विभिन्न कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइरहेको छ। राष्ट्रिय जनगणना २०६८ का अनुसार पुतलीबजार नगरपालिकाको जनसङ्ख्या ४४,८७६ रहेको थियो। तर नगरपालिकाद्वारा २०७५ मा गरिएको घरधुरी सर्वेक्षणले नगरको जनसंख्या ५६,२६२ रहेको कुरा देखाएको छ। जनशक्ति विकासको परिचालक तथा प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो। यस नगरमा बाह्य बसाईसराईका कारण जनसङ्ख्या वितरणमा असन्तुलन आई आर्थिक, सामाजिक लगायतका क्षेत्रमा प्रत्यक्ष प्रभाव पारिरहेकाले जनसङ्ख्या र बसाईसराईलाई बुद्धिमत्तापूर्वक व्यवस्थापन गर्नु अहिलेको आवश्यकता हो।

६.३.२ प्रमुख समस्या

विशेषत: उच्च शिक्षा तथा रोजगारीको लागि यस नगरबाट उल्लेख्य संख्यामा विद्यार्थी र युवाहरू पोखरा, काठ्माण्डौं जस्ता देशका प्रमुख शहरहरू र विदेशका कैयन गन्तव्यतिर जाने गरेको यथार्थ हामीमाझ विद्यमान छ। यस्तै विभिन्न सुविधाको खोजीमा यस नगरबाट कैयन परिवारहरू छिमेकी जिल्लाहरूमा बसाई सरिरहेका छन्।

यसरी उत्पादनशील जनशक्तिको रूपमा यस नगरबाट उच्च रूपमा भैरहेको बाह्य बसाईसराईले जनसङ्ख्या वितरणमा असन्तुलन ल्याई आर्थिक, सामाजिक लगायतका क्षेत्रमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । यसैगरी बढ्दो शहरीकरणको प्रक्रियालाई व्यवस्थित बनाउन नसक्दा नगरभित्रै जनसङ्ख्या वितरणमा असन्तुलन आईरहेको छ । यसका अलावा विस्तृत एवम् खण्डीकृत तथ्याङ्कसहितको जनसाङ्ख्यिकीय सूचना प्रणालीको स्थापना गर्न सकिएको छैन ।

६.३.३ चुनौती र अवसर

क. चुनौती

नगरबाट उच्चदरमा भईरहेको बाह्य बसाईसराई, डाँडाबाट फाँटतिरको आन्तरिक बसाईसराई र जनसाङ्ख्यिक वितरणमा असन्तुलन यहाँका प्रमुख चुनौतिहरू हुन् । नगरका नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा जनसाङ्ख्यिक र आर्थिक तथा भौतिक विकासका सूचकहरू वीच सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्तिलाई रोजगारीका माध्यमबाट नगरमै रहने वातावरण तयार गर्नु, हरेक स्तरका नगरवासीले यसै नगरलाई नै आफ्नो बसोबासको स्थलको रूपमा उपयोग गर्दा गौरव महसुश गर्ने वातावरण निर्माण गर्नु, विदेशबाट फर्किएका जनशक्तिको सीप र स्रोतको समुचित व्यवस्थापन गर्नु यस नगरका प्रमुख चुनौतीहरू हुन् । यसका अलावा आवश्यक पूर्वाधारहरूसहितको एकीकृत बस्तीको विकास गर्नु, व्यवस्थित जनसाङ्ख्यिकीय सूचना प्रणालीको स्थापना गर्नु, उच्चसंख्यामा रहेका ज्येष्ठ नागरिकको सम्मानजनक हेरचाह गर्नु, नगरभित्र छरिएर रहेका बस्तीहरूमा समानुपातिक विकास मार्फत जनसाङ्ख्यिक वितरणमा सन्तुलन कायम गर्नु जस्ता चुनौतीहरू समेत नगरपालिकासामु विद्यमान छन् ।

ख. अवसर

जनसङ्ख्या व्यवस्थापनका सवालमा उपलब्ध अवसरहरूको कुरा गर्दा राष्ट्रिय रूपमा जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना हुनु, जम्मा ६७.५९ प्रतिशतसहित नगरको कुल जनसङ्ख्यामा १५-५९ वर्ष समूहका नागरिकको हिस्सा सबैभन्दा उच्च रहनु, नगरका नागरिकले सानो तथा सुखी परिवारको अवधारणालाई आत्मसात गर्दै लैजानु, स्थानीयदेखि राष्ट्रियस्तरमै एकीकृत बस्ती लगायतका बस्ती व्यवस्थापनका सवालमा मतैक्यता बढ्दै जानु जस्ता अवसरहरू रहेका छन् । यीसँगै जनसङ्ख्या व्यवस्थापन संघ र प्रदेश सरकार दुवैको उच्च प्राथमिकतामा पर्नु, वैदेशिक रोजगारबाट प्राप्त सीप तथा विप्रेषणलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न र नगरभित्र कृषि, पर्यटन तथा पूर्वाधार विकास मार्फत रोजगारीको सिर्जना गर्नको लागि अनुकुल वातावरण बन्दै जानु जस्ता अवसरहरूसमेत रहेका छन् ।

६.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.३.४.१ सोच

सन्तुलित जनसाङ्ख्यिक वितरण र उत्पादनशील उपयोग ।

६.३.४.२ लक्ष्य

जनसङ्ख्या तथा बसाइँसराइँको प्रभावकारी व्यवस्थापन गर्ने ।

६.३.४.३ उद्देश्य

१. सबै नागरिकलाई स्वस्थ, सवल र सक्रिय बनाई जीवन स्तर वृद्धि गर्ने।

२. बसाइँसराइँ तथा शहरीकरणको व्यवस्थापन र जनसाङ्ख्यिक लाभांशको सदुपयोग गर्ने।

३. विस्तृत एवम खण्डीकृत तथ्याङ्कसहितको जनसाङ्ख्यिकीय सूचना प्रणालीको स्थापना गर्ने।

६.३.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सबै उमेर समूहका नागरिकको असल स्वास्थ्यका लागि स्वस्थ, सक्रिय एवम् सुसुचित जीवनशैली प्रवर्द्धन गराउने।	१. गुणस्तरीय जनसङ्ख्या शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्य शिक्षालाई नागरिकको अधिकारको रूपमा विकास गरी नगरबासीमाझ पहुँच वृद्धि गरिनेछ। २. कम उमेरमा हुने गर्भाधारणलाई घटाउन सचेतनासहित सुरक्षित गर्भपतन सेवाको गुणस्तर तथा पहुँच वृद्धि गरिनेछ। ३. किशोर-किशोरी तथा युवाहरूमा सुरक्षित यौन व्यवहार, जिम्मेवार चालचलन र बानी-व्यहोरा प्रवर्द्धन तथा जीवनोपयोगी क्षमता विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। ४. सबै पक्षको सक्रिय सहभागिता सुनिश्चित गर्दै नगरमा बालविवाह न्यूनीकरण गरिनेछ। ५. नेपाली समाजको मौलिक पारिवारिक मुल्य र मान्यतालाई केन्द्रमा राख्दै व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गरिनेछ। ६. बालबालिकाहरूलाई पूर्ण खोपको सुनिश्चितता तथा गुणस्तरीय बाल स्वास्थ्य सेवाको पहुँच बढाइ बाल मृत्युदर घटाइनेछ। ७. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
२. जनसाङ्ख्यिक लाभांशको उच्चतम सदुपयोग गर्नका लागि स्थानीयस्तरमै रोजगारीका अवसरहरूको व्यापक खोज एवम् वृद्धि गर्ने।	१. नगरका लागि आवश्यक मानव संशाधन विकासका लागि विस्तृत कार्य योजना बनाई लागु गरिनेछ। २. नगरमा रहेका युवाहरूलाई बेरोजगारीको अवस्थामा पुग्न नदिनका लागि युवाहरूको रूचि, चाहना, दक्षता र क्षमता अध्ययन गरी तद्अनुरुप रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्य गरिनेछ। ३. वैदशिक रोजगारीबाट फर्केका जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, खुबी, संस्कृति तथा साधन स्रोत पहिचान तथा सूचीकृत गरी उद्यमशीलता, स्वरोजगार र व्यावसायिक कार्यमार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ। ४. ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीपलाई समाज र नगरको विकासमा लगाउने वातावरण सिर्जना गरिनेछ।

	५. नगरमा स्वास्थ्य, विकास कार्यक्रम र जनसङ्ख्याबीच सामञ्जस्यता कायम गर्दै जनसङ्ख्या व्यवस्थापनलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ। ६. नगरमा रहेका व्यवसायिक, क्षमतावान, विशिष्ट सीपयुक्त जनशक्तिको रोष्टर तयार गरी सदुपयोगमा ल्याउने नीति अबलम्बन गरिनेछ।
३. ग्रामीण तथा दुर्गम क्षेत्रमा व्यवस्थित बस्ती विकासको माध्यमबाट आन्तरिक बसाइँसराइँ र शहरीकरणलाई व्यवस्थित गराउने।	१. नगरका सबै क्षेत्रमा विकासलाई सन्तुलित तथा समन्यायिक किसिमले बिस्तार गर्दै बाह्य बसाईसराईलाई कम गरिनेछ। २. नगरका ग्रामीण परिवेश भएका क्षेत्रमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको अभाव सम्बन्धी समस्या समाधान गरी यी सेवाको लागि शहरी क्षेत्रमा हुने बसाइँसराइँलाई न्यूनीकरण गरिनेछ। ३. नगरका विभिन्न स्थानमा आवश्यक शहरी पूर्वाधारहरू सहितका नमुना बस्तीहरूको विकास गरि बाह्य बसाइसराईलाई निरुत्साहित गरिनेछ। ४. अनियन्त्रित शहरीकरणलाई व्यवस्थित गर्नका लागि शहरी विकास योजना तर्जुमा गरि लागू गरिनेछ।
४. जनसङ्ख्या तथा बसाइँसराइँ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई जनसङ्ख्या सूचनालाई व्यवस्थित गराउने।	१. व्यक्तिगत घटनाको दर्ता प्रणालीलाई प्रोत्साहन गर्नुका साथै कानूनी रुपमा समेत अनिवार्य गराइनेछ। २. आन्तरिक र बाह्य बसाइँसराइँ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई वैज्ञानिक व्यवस्थापन गरिनेछ। ३. स्वास्थ्य संस्थामा हुने मृत्यु तथा जन्मलाई समेत् व्यक्तिगत घटना दर्ता प्रणालीसँग आबद्ध गरिनेछ। ४. जनसङ्ख्या र विकासका विविध क्षेत्रमा विभिन्न अध्ययन र अनुसन्धानहरू गराई प्राप्त निष्कर्षलाई नगर नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग गरिनेछ। ५. विकास आयोजना तर्जुमा गर्दा जनसाङ्ख्यिक पूर्वसम्भाव्यता अध्ययन प्रणालीलाइ पारदर्शी र वैज्ञानिक बनाइनेछ।

६.३.५ कार्यक्रमका प्राथमिकता

६.३.६ कार्यक्रमहरू

जनसंख्या व्यवस्थापनका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	टोलस्तरमा परिवार स्वास्थ्य, परिवारको आकार, यौन तथा प्रजनन् स्वास्थ्यबारे सचेतना कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा/वडा
२.	समुदायस्तरमा सुरक्षित गर्भपतन सेवा	संख्या	प्रति टोल	२०७७/७८	निरन्तर	नपा/जिअ

	बिस्तार, गुणस्तर वृद्धि एवं सचेतना कार्यक्रम		वार्षिक १			
३.	किशोर-किशोरी र युवाहरूमा सुरक्षित यौन व्यवहार, जिम्मेवार चालचलन र जीवनोपयोगी क्षमता विकास कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा/वडा
४.	बालबालिकालाई पूर्ण खोपको सुनिश्चितता र गुणस्तरीय बाल स्वास्थ्य सेवाको पहुँच वृद्धि कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीप पुस्तान्तरण तथा संग्रहण कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा
६.	नगरका व्यवसायिक, प्राज्ञिक, विशिष्ट सीपयुक्त जनशक्तिको रोष्टर तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	आवश्यक शहरी पूर्वाधारहरू सहितका नमुना बस्ती विकास कार्यक्रम	संख्या	१४	२०७८/७९	निरन्तर	नपा
८.	व्यक्तिगत घटना दर्ताको महत्वबारे सचेतना कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
९.	आन्तरिक र बाह्य बसाइँसराइँ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीको वैज्ञानिक व्यवस्थापन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	स्वास्थ्य संस्थामा हुने मृत्यु तथा जन्मलाई समेत् व्यक्तिगत घटना दर्ता प्रणालीसँग आबद्ध गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	जनसङ्ख्या र विकासका क्षेत्रमा अध्ययन र अनुसन्धानका लागि वृत्ति प्रदान	संख्या	२	२०७७/७८	निरन्तर	नपा
१२.	विकास आयोजनामा पारदर्शी र वैज्ञानिक जनसाङ्ख्यिक पूर्वसम्भाव्यता अध्ययन प्रणालीको विकास कार्यक्रम	संख्या		२०७८/७९	निरन्तर	नपा
१३.	नगरका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक विकास सुनिश्चित गर्ने मापदण्ड निर्माण तथा कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा

६.३.७ अपेक्षित उपलब्धिहरू

- वडाका सबै टोलका समुदायस्तरमा सुरक्षित गर्भपतन सेवा बिस्तार गुणस्तर वृद्धि गरी एवं सचेतना कार्यक्रम सञ्चालन गरिएको हुनेछ।
- औसत आयू ७५ वर्ष पुगेको हुनेछ।

- हरेक वर्ष प्रत्येक टोलमा एक ज्येष्ठ नागरिकको अनुभव, ज्ञान, क्षमता र सीप पुस्तान्तरण तथा संग्रहण कार्यक्रम सञ्चालनमा ल्याइएको हुनेछ।
- पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता शत प्रतिशत पुगेको हुनेछ।
- वैज्ञानिक जनसङ्ख्या व्यवस्थापन सूचना प्रणालीमार्फत जनसङ्ख्याको अद्यावधिक तथ्याङ्क उपलब्ध भएको हुनेछ।
- वार्षिक रूपमा २ जनालाई नगरको जनसङ्ख्या र विकासका क्षेत्रमा अध्ययन र अनुसन्धानका लागि वृत्ति प्रदान गरिएको हुनेछ।

६.४ युवा तथा खेलकूद

६.४.१ पृष्ठभूमि

जनसङ्ख्यामा १६ देखि ४० वर्ष उमेर समूहमा पर्ने युवाशक्ति विकासको एक पूर्वाधारको रूपमा रहेको मानवीय स्रोतका प्रमुख अंश हुन्। नेपालको संविधानले नै राष्ट्रिय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यले समेत युवाको विकास तथा विकासमा युवाहरूको सहभागितालाई जोड दिएको छ। पुतलीबजार नगरपालिकाले युवाहरूको महत्वलाई आत्मसात गरेर जनसाङ्ख्यिकी पुँजीको रूपमा रहेका उनीहरूको बाह्य पलायन रोक्दै स्वरोजगार तथा उद्यमशीलताको विकास गराउने, खेलकुदको क्षेत्रमा उनीहरूको पहुँच एवम् संलग्नता व्यापक बनाई नगरले गौरव गर्नसक्ने खेलाडी उत्पादन गर्ने, नगरपालिकाका विकासका हरप्रयासमा युवाहरूको अर्थपूर्ण सहभागिता बढाउने र युवाहरूलाई शिक्षित, दक्ष, लगनशील एवम् अनुशासित बनाई सामाजिक आर्थिक रूपान्तरणमा मूलप्रवाहीकरण गराउने लक्ष्य लिई काम गर्दै आइरहेको छ।

यसैगरी मानिसको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुद मानव जातिका लागि अभिन्न अङ्ग रहेकाले वर्तमान सन्दर्भमा नेपाल सरकारले 'सबैका लागि खेलकुद' भन्ने अभियान सञ्चालनमा ल्याएको छ। प्रदेश सरकारले समेत यस अभियानलाई प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ। यसै अभियान अन्तर्गत समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई नगर, प्रदेश अनि देश विकासको पथमा संलग्न गराउनु अहिलेको महत्वपूर्ण आवश्यकता हो। खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नभई मानव विकास सूचकाङ्कको रूपमा समेत लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा यस नगरको विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ। यस नगरपालिकामा लोकप्रिय रहेका खेलहरू खेल्ने खेलाडीलाई समुचित प्रशिक्षण तथा तालिम दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई नगर एवम् राष्ट्रको गौरव बढाउने विश्वास लिई नगरपालिकाले प्रत्येक वर्ष खेलकुदलाई विशेष प्राथमिकता दिई कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। यसका अलावा यस नगरलाई प्याराग्लाइडिङ, प्याराजम्प, र्‍याफ्टिङ लगायतका विभिन्न साहसिक खेलकुदको केन्द्रस्थल (हव) का रूपमा विकास गरी आर्थिक समृद्धि हाँसिल गर्न सकिने संभावना देखिएकाले नगरपालिकाले आफ्नो दीर्घकालीन योजनामा यसलाई महत्वकासाथ समावेश गर्ने लक्ष्य लिएको छ।

६.४.२ प्रमुख समस्या

युवा तथा खेलकुदको सन्दर्भमा यस पुतलीबजार नगरपालिकका प्रमुख समस्याहरूमा युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, रोजगार सिर्जनाका लागि बजारको माग र आपूर्ति बीच योजना बनाई जनशक्ति उत्पादन हुन नसक्नु, उर्जाशील युवाशक्तिको बाह्य पलायन हुनु, युवा लक्षित विकासका लागि ठोस नीति, योजना र कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, युवाहरूलाई सामाजिक र साँस्कृतिक विकृति विसँगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु, खेलकुदको यथेष्ट विकासका लागि पूर्वाधार र खेल सामाग्रीको कमी हुनु, भएका पूर्वाधारहरू स्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण तथा प्रर्याप्त अवसरहरू प्रदान गरी उनीहरूको मनोवल उच्च बनाई खेलकुदलाई उनीहरूको जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, नगरका खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धा गराउन नसक्नु, परम्परागत तथा साहसिक खेलकुदको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदको ठूलो सम्भावना हुँदाहुँदै पनि पर्याप्त ध्यान दिन नसकिनु जस्ता रहेका छन् ।

६.४.३ चुनौती र अवसर

क. चुनौती

यस पुतलीबजार नगरपालिकाका युवा तथा खेलकुद क्षेत्रको विकासका लागि मुख्य चुनौतीहरूको कुरा गर्दा युवाहरूलाई रोजगारमूलक र व्यावसायिक शिक्षा तथा तालिम उपलब्ध गराई बेरोजगारी न्यून गर्नु, युवा प्रतिभाहरूको बाह्य पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वय सुदृढ गर्नु, युवा लक्षित कार्यक्रमहरूको वृद्धि गर्नु, सामाजिक आर्थिक क्षेत्रहरूमा युवाहरूको सहभागिता वृद्धि गर्नु, नगरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका सुविधा सम्पन्न खेल पूर्वाधारहरू निर्माण गर्नु, वडा तहसम्म खेलकुदका आधारशीलाहरू निर्माण गर्नु, निजी क्षेत्रलाई खेलकुद क्षेत्रमा लगानीका लागि आकर्षित गरी सार्वजनिक निजी लगानीलाई प्रोत्साहित गर्नु, खेलकुदमा अध्ययन अनुसन्धान गर्ने पद्धतिको विकास गर्नु, खेलकुदलाई जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्दै व्यवसाय र रोजगारीका रूपमा विकास गर्नु, यहाँका खेलाडीमा खेलकूद नै उनीहरूको जीवनयापनको भरपर्दो माध्यम बन्न सक्छ भन्ने कुराको प्रत्याभूति दिलाउनु, समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको उत्पादन एवम् खेल संस्कृतिको विकास गर्नु प्रमुख रूपमा आउँछन् ।

ख. अवसर

नेपालको संविधानमा युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, युवा तथा खेलकुद मन्त्रालयद्वारा राष्ट्रिय युवा परिषद्मार्फत राष्ट्रिय युवा नीति-२०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न

'युथ भिजन – २०२५' सहितको दश बर्षे रणनीतिक योजना ल्याउनु, प्रादेशीक तथा नगर युवा परिषद कार्यान्वयनको चरणमा हुनु, देशमा विकास आयोजना र उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, वैदेशिक रोजगारीमा रहेका युवाहरूबाट पूँजी र सीप भित्रिइरहनु, युवालाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने सोच राजनैतिक पार्टी लगायत सरकारमा आउनु, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सबै प्रकारका सरकारको उच्च प्राथमिकता रहनु, नेपालको संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, प्रदेश सरकारले खेलकुदको विकासलाई उच्च प्राथमिकतामा राख्नु, स्थानीय तहलाई समेत खेलकुदको सवालमा महत्वपूर्ण जिम्मेवारी प्राप्त हुनु, नगरका विभिन्न भागमा परम्परागत देखि नयाँ नयाँ साहसिक खेलहरूको प्रशिक्षण केन्द्र स्थापना गर्न सकिने प्रचुर सम्भावना रहनु, समुदायस्तरमा खेल, शारीरिक अभ्यास, योग तथा व्यायामप्रति रुचि तथा महत्व बढ्न गई पूर्वाधारको विकास हुँदै जानु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, संघ र प्रदेशले खेलकुदलाई पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा स्वीकार गर्नु, विद्यालय तहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु, पदक विजेता खेलाडी र खेल व्यवस्थापकलाई सम्मान गर्ने वातावरण सिर्जना हुनु आदि यस नगरपालिकामा खेलकुद क्षेत्रका प्रमुख अवसरका रूपमा रहेका छन् ।

६.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.४.४.१ सोच

युवा जनशक्ति तथा खेलकुदको विकास, नगर समृद्धिको आधार ।

६.४.४.२ लक्ष्य

युवा जनशक्तिलाई सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्दै पुतलीबजार नगरपालिकालाई उद्यम तथा खेलकुद केन्द्रको रूपमा स्थापित गर्ने ।

६.४.४.३ उद्देश्य

१. नगरका युवाहरूको क्षमता विकास गर्दै उनीहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक रूपान्तरणमा सार्थक रूपमा सहभागी हुन सक्षम बनाउने ।

२. युवाहरूलाई सिर्जनशील, आत्मनिर्भर एवम् स्वाबलम्बी बनाउँदै व्यवसायिकता, नवप्रवर्तन, र उद्यमशिलतासँग जोड्ने योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

३. विभिन्न स्थानमा खेलकुद पूर्वाधारको विकास, बिस्तार र स्तरोन्नति गर्दै नगरलाई खेलकुद पर्यटनको केन्द्र बनाउने ।

४. खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउने ।

६.४.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. युवालाई उद्यमशील, व्यवसायीक र	१. नगरका युवामा व्यावसायिकता एवम् उद्यमशीलता विकासका लागि बजारको

आत्मनिर्भर बनाउन युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू बिस्तार गर्दै वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।	माग अनुरूप तथा स्थानीय स्रोतमा आधारित व्यावसायिक र प्राविधिक शिक्षा तथा तालिम उपलब्ध गराइनेछ । २. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक-निजी एवम् निजी-निजी साझेदारी र वित्तीय स्रोत सुनिश्चितताका लागि वित्तीय संस्थाहरूमार्फत् सहुलियत ब्याजदरमा कर्जा प्रवाहका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। ३. परम्परागत पेशा र व्यवसायलाई समयानुकुल संबर्द्धन, जगेर्ना तथा परिष्कृत गर्दै व्यावसायीकरण गर्न युवाहरूलाई प्रोत्साहित गरिनेछ । ४. वैदेशिक अध्ययन तथा रोजगारीबाट युवाहरूले आर्जन गरेका पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई नगरमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । ५. युवाहरूलाई उद्यमशील, सिर्जनात्मक तथा नवप्रवर्तनका कार्यमा लाग्न प्रेरित एवम् मार्गदर्शन गर्नको लागि नगरमा मार्गदर्शक डेस्क स्थापना गरी सञ्चालनमा ल्याउने ।
२. युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।	१. सिर्जनात्मक कार्य, अन्वेषण र नवप्रवर्तन कार्यमा संलग्न भई देश र नगरको गौरव बढाउन योगदान दिनका लागि युवाहरूलाई प्रोत्साहित गरिनेछ । २. नगरद्वारा निर्माण गरिने नीति नियमहरू युवामैत्री बनाउँदै नीति निर्माण एवम् कार्यान्वयन र विकासका योजना छनौट तथा कार्यान्वयनमा युवाहरूको सहभागितामा वृद्धि गरिनेछ । ३. युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, नगर तथा समाजप्रति जिम्मेवार एवम् उत्तरदायी बन्न उत्प्रेरित गरिनेछ । ४. युवाहरूको क्षमता विकासका लागि तालिम, अनुभव आदानप्रदान जस्ता कार्यमा संलग्न गराइनेछ । ५. नगरको सामाजिक तथा आर्थिक रूपान्तरणमा युवालाई जिम्मेवार बनाउन स्वयंसेवा कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
३. नगरमा खेलकुदको समुचित विकासका लागि आवश्यक खेल पूर्वाधारको निर्माण, संरक्षण एवम् स्तरोन्नति गर्ने ।	१. नगरमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुविधा सम्पन्न कम्तीमा एक फुटबल मैदान, एक क्रिकेट मैदान, बहुउद्देश्यीय कभर्ड हल, भलिबल तथा बास्केटबल कोर्ट लगायतका पूर्वाधार निर्माण गरिनेछ । २. खेलकुद शैक्षिक संस्थाका रूपमा विभिन्न खेलका खेलकुद एकेडेमीको स्थापना गरी सञ्चालनमा ल्याइनेछ । ३. विभिन्न ठाउँमा स्थानीयस्तरमा निर्मित खेल मैदान तथा कोर्टहरूको यथोचित किसिमले संरक्षण तथा स्तरवृद्धि गरिनेछ । ४. एक वडा एक स्तरीय खेल मैदानको नीति अबलम्बन गरी नगरपालिका आफैं वा सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढीकरण गरिनेछ । ५. नीजि क्षेत्रलाई खेलकुद प्रतियोगिता आयोजना तथा प्रशिक्षणको लागि लगानी

	गर्न उत्प्रेरित गरिनेछ।
४. नगरमा लुकेर रहेका प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था मिलाउने।	१. बालबालिकालाई आफ्नो अन्तर्निहीत क्षमताको विकास गर्न प्रत्येक विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई जोड दिदैं विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। २. वडा तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ। ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक जित्दै नगरको गौरव राख्न सफल खेलाडी र प्रशिक्षकलाई सम्मान, पुरस्कार तथा पेन्सनको व्यवस्था गरिनेछ। ४. नगरबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक हासिल गर्न सम्भाव्यता बोकेका खेलहरूलाई प्रोत्साहन गरिनेछ। ५. नगरभित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी तथा प्रशिक्षकलाई नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको व्यवस्था तथा प्रतियोगितामा भाग लिने व्यवस्था मिलाइनेछ। ६. नगरद्वारा आयोजित खेलकूद प्रतियोगितामा सहभागी हुने सबै खेलाडीको बीमा गर्दै डोपिङ, म्याच फिक्सिङ तथा बल टेम्परिङ जस्ता गैरकानुनी कार्य निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
५. पुतलीबजार नगरपालिकालाई खेल पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने।	१. हरेक वर्ष खेलकूदका प्रादेशिक वा राष्ट्रिय प्रतियोगिताहरूको आयोजना गरिनेछ। २. नगरले आयोजना गर्ने खेलकूद प्रतियोगिता संचालन गर्नका लागि विभिन्न खेलकुद संघ संस्थाहरू, युवा संघ सँगठनहरू तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ। ३. नगरमा सम्भाव्य विभिन्न साहसिक, पर्यटकीय, व्यवसायिक तथा मनोरञ्जनात्मक खेलकुदलाई प्रवर्द्धन गरिनेछ।

६.४.५ कार्यक्रमका प्राथमिकता

१. युवामा उद्यमशीलता, व्यवसायिकता र आत्मनिर्भरताको विकास।

२. युवाको निर्णयक्षमता तथा नेतृत्व विकास मार्फत नगरको सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक रूपान्तरण।

३. खेलकुद पूर्वाधारको विकास तथा खेलकूद मार्फत पर्यटन प्रवर्द्धन।

४. स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक खेलाडी उत्पादन।

६.४.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	रोजगार तथा स्वरोजगार सिर्जनाका लागि वित्तीय स्रोत सुनिश्चित गर्न सहुलियत ब्याजदरमा कर्जा प्रवाहका कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	नपा/विसं
२.	परम्परागत पेशा र व्यवसा संबर्द्धन, जगेर्ना तथा परिष्कृत गर्दै व्यावसायीकरण गर्न युवालाई प्रोत्साहन कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा
३.	विदेशबाट फर्केका युवाको पुँजी, ज्ञान, सीप र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन कार्यविधि तयार गरी कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	युवालाई उद्यमशील, सिर्जनात्मक तथा नवप्रवर्तनका कार्यमा लाग्न प्रेरित गर्न मार्गदर्शक डेस्क स्थापना तथा सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	नीतिनिर्माण एवम् कार्यान्वयन र विकास योजना छनौट तथा कार्यान्वयनमा युवाको सहभागिता वृद्धि गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	वडा स्तरीय युवा क्षमता विकासका लागि तालिम र अनुभव आदानप्रदान कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा
७.	सामाजिक तथा आर्थिक रूपान्तरणमा युवालाई जिम्मेवार बनाउन स्वयंसेवा कार्यलाई अभियानको रूपमा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
८.	सुविधासम्पन्न स्तरीय फूटबल मैदान निर्माण	संख्या	२	२०७७/७८	२०८१/८२	नपा/प्रस
९.	नगरमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट मैदान निर्माण	संख्या	१	२०७८/७९	२०८१/८२	नपा/प्रस
१०.	बहुउद्देश्यीय कभर्ड हल निर्माण	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	विभिन्न खेलका खेलकुद एकेडेमीको स्थापना गरी सञ्चालन	संख्या		२०७७/७८	निरन्तर	नपा
१२.	विभिन्न ठाउँमा स्थानीयस्तरमा निर्मित खेल मैदान र कोर्टको दिगो संरक्षण तथा स्तरवृद्धि कार्यक्रम	प्याकेज		२०७८/७९	निरन्तर	नपा
१३.	एक वडा एक स्तरीय खेल मैदान निर्माण र सुदृढीकरण	संख्या	१४	२०७७/७८	निरन्तर	सानिसा

१४.	नीजि क्षेत्रलाई खेलकुद प्रतियोगिता आयोजना तथा प्रशिक्षणको लागि लगानी गर्न उत्प्रेरित गर्ने।	संख्या		२०७७/७८	निरन्तर	
१५.	विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१६.	प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१७.	राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने नगरका खेलाडी र प्रशिक्षकलाई सम्मान, पुरस्कार र पेन्सन	संख्या		२०७७/७८	निरन्तर	नपा
१८.	खेलाडी तथा प्रशिक्षकलाई नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको तथा प्रतियोगितामा भाग लिने व्यवस्था	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१९.	खेलाडीको बीमा तथा खेलमा निषेधित कार्य निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	नपा
२०.	खेलकूद प्रतियोगिताहरूको आयोजना	संख्या	४	२०७७/७८	निरन्तर	नपा
२१.	साहसिक, पर्यटकीय, व्यवसायिक तथा मनोरञ्जनात्मक खेलकुद प्रवर्द्धन कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२२.	वडामा भलिबल र बास्केटबल कोर्ट निर्माण	संख्या		२०७७/७८	निरन्तर	नपा

६.४.७ अपेक्षित उपलब्धिहरू

- नवप्रवर्तन केन्द्रबाट प्रशिक्षित हुने युवा ५०० जना, सहुलियत कर्जाप्राप्त गरी स्वरोजगारमा आवद्ध युवा २८० जना तथा स्वरोजगार कर्जा प्राप्त गरी सञ्चालित व्यवसायमा रोजगार प्राप्त गर्ने युवा ५६० जना हुनेछन्।
- नेतृत्व अभ्यास गर्ने युवा १४० जना विपद् व्यवस्थापन तथा स्वयंसेवकीय कार्यमा सहभागी युवा ५६० जना र खेलकूदलाई रोजगारी बनाएका युवा कम्तीमा ४० जना हुनेछन्।
- नगरका २५०० जना युवा/विद्यार्थीले खेलकुदको आधारभूत प्रशिक्षण प्राप्त गरेका हुनेछन्।
- नगरका प्रत्येक वडामा हरेक वर्ष एउटा प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास कार्यक्रम सञ्चालन गरिएको हुनेछ।
- नगरमा दुई वटा स्तरीय फुटबल मैदान, एक स्तरीय क्रिकेट मैदान तथा प्रत्येक वडामा कम्तीमा एक-एक वटा स्तरीय भलिबल तथा बास्केटबल कोर्ट बनेका हुनेछन्।

६.५ कला, भाषा, साहित्य र संस्कृति

६.५.१ पृष्ठभूमि

यस पुतलीबजार नगरपालिका जाति/जातियता, भाषा, धर्म र संस्कृतिका हिसाबले विविधतापूर्ण छ । आधुनिक नेपालको एकीकरण अभियान पूर्व नेपालको पश्चिममा रहेका चौबिसे राज्यहरूमध्ये दुई शक्तिशाली राज्य सतौं र नुवाकोटको राजधानी यस नगरपालिका रहेको भू-भाग क्रमशः सतौंकोट र नुवाकोटमा अवस्थित थिए; त्यसैले ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक रूपले समेत यस नगरपालिका महत्वपूर्ण रहेको छ । कला तथा साहित्यका क्षेत्रमा पनि यस नगरपालिका अवस्थित भेगले आँधीखोले कला, साहित्य र संस्कृतिको रुपमा देशमै आफ्नो विशिष्ट परिचय स्थापित गरिसकेको छ । यहाँका सर्जकहरूले विगतदेखि नै आफ्ना सिर्जनाहरूद्वारा देशैभरका धेरैलाई प्रभावित तुल्याइसकेका छन; पुराना पुस्ताले खडा गरेको त्यो कला, सांस्कृतिक र साहित्यिक वैभवलाई नयाँ पुस्ताले निरन्तरता दिन सफल भएका छन् । यहाँका विभिन्न जातजातिको भाषा, कला, साहित्यिक वैभव र मौलिक एवम् परम्परागत सँस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकुल हस्तान्तरण गर्नु आवश्यक छ भने धार्मिक, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदाहरूको संरक्षण, पुनर्निर्माण, संवर्द्धन र प्रचारप्रसार गर्न पनि उत्तिकै जरुरी छ ।

६.५.२ प्रमुख समस्या

यस नगरपालिकाको कला, भाषा, साहित्य र संस्कृतिका प्रमुख समस्याहरूको सवालमा यहाँका समुदाय र जातजातिको भाषा, कला, मौलिक एवम् परम्परागत सीप र सँस्कृतिमाथि वाह्य प्रभाव बढ्दै जानु, नगरमा बोलिने सबै भाषा/भाषिकाहरूको समान रूपमा विकास र संरक्षण हुन नसकी केही भाषा र भाषिकाहरू लोप हुने खतरामा पुग्नु, नेपाली भाषा, साहित्यको बाहेक अन्य भाषा र साहित्यको समुचित विकास र प्रवर्द्धन हुन नसक्नु, कला, साहित्य र संस्कृतिमा सक्रिय हुनेलाई पर्याप्त प्रोत्साहन दिन नसक्नु, नगरभित्र रहेका ऐतिहासिक सम्पदा, पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू, सांस्कृतिक वैभवहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण, संवर्द्धन र प्रचारप्रसार हुन नसक्दा लोप हुने वा विनाश हुने खतरामा हुनु मुख्य रूपमा आउँछन ।

६.५.३ चुनौती र अवसर

क. चुनौती

यस नगरपालिकाको कला, भाषा, साहित्य र संस्कृतिका प्रमुख चनौतिहरूको कुरा यहाँका समुदाय र जातजातिको भाषा, कला, मौलिक एवम् परम्परागत सीप र सँस्कृतिमाथि बढ्दो वाह्य प्रभावलाई कम गर्नु, नगरमा बोलीचालीमा रहेका तर हाल लोप हुने खतरामा रहेका भाषा र भाषिकाहरू लगायत सबैको समतामुलक रूपमा संरक्षण गर्नु, नगरमा रहेका सबै भाषा र साहित्यको समुचित विकास र प्रवर्द्धन गर्नु, कला, साहित्य र संस्कृतिमा सक्रिय हुनेलाई पर्याप्त प्रोत्साहन दिई यसैलाई जिवीकोपार्जनको माध्यम बन्न सक्ने कुराको प्रत्याभुति दिलाउनु, नगरभित्र रहेका ऐतिहासिक सम्पदा, पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू, सांस्कृतिक वैभवहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण, संवर्द्धन एवम् मौलिक तरिकाले पुनर्निर्माण गरि प्रचारप्रसार गर्नु मुख्य रूपमा आउँछन ।

ख. अवसर

संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा स्रोत साधनको परिचालन गर्दै साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूको संरक्षण, संवर्द्धन तथा मौलिक स्वरूपमै पुनर्निर्माण गर्न सकिने सम्भावना हुनु, यसरी संरक्षित साँस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा पर्यटन विकासको माध्यम बनाउन सकिनु, यस नगरमा रहेका सबैखाले विशिष्ट तथा मौलिक कला, भाषा, साहित्य र संस्कृतिलाई आफ्नै छुट्टै संरचनाद्वारा संरक्षण, संवर्द्धन तथा जगेर्ना गर्दै भावी पुस्तालाई समयानुकुल हस्तान्तरण गर्ने अवस्था हुनु लगायतका यस नगरपालिकाको कला, भाषा, साहित्य र संस्कृतिका प्रमुख अवसरहरू हुन्।

६.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.५.४.१ सोच

सांस्कृतिक विविधतामा एकता, पुतलीबजारको विशेषता।

६.५.४.२ लक्ष्य

नगरका सबैखाले जात/जातिका तथा समुदायका संस्कृतिका अवयवहरू भाषा, धर्म, कला, साहित्य, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन तथा विकास गरी प्रचारप्रसार गर्ने।

६.५.४.३ उद्देश्य

१. नगरमा रहेका विभिन्न जात, जाति र समुदायको धर्म, भेषभूषा र परम्पराको संरक्षण र संवर्द्धन गर्ने।

२. नगरमा बोलिने भाषा/भाषिका, मौलिक कला, लिपी, नाटक र साहित्यको बृहत्तर विकास तथा संवर्द्धन गर्ने।

३. नगरमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक एवम् धार्मिक सहित सम्पूर्ण साँस्कृतिक सम्पदाको संरक्षण, पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्ने।

६.५.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरमा रहेका सबै जातजाति र समुदायको संस्कृतिका अभिन्न हिस्साहरूको रूपमा रहेका धर्म, भेषभूषा र मौलिक परम्परा लगायतको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने।	१. नगरकै गौरवको रूपमा रहेका सामाजिक तथा धार्मिक सहितको साँस्कृतिक विविधतामा आधारित एकता एवम् सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरिनेछ। २. नगरका सबै जातजातिको मौलिक संस्कृतिका अभिन्न अङ्गको रूपमा रहेका भेषभूषा, जात्रा, रीतिरिवाज र परम्पराको खोज, अध्ययन तथा अनुसन्धान गर्दै आवश्यक संरक्षणको लागि बहुसाँस्कृतिक खोज तथा स्रोत केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ। ३. नगरमा रहेका विभिन्न जातजातिद्वारा स्थानीय रूपमा आफ्नो मौलिक ज्ञान तथा सीपको उपयोग गरी उत्पादित मौलिक सामाग्रीहरूको उत्पादन वृद्धिको

	लागि वित्तीय स्रोतको सुनिश्चितता गर्दै बजारीकरण र प्रवर्द्धन गरिनेछ।
२. नगरमा रहेका सबै भाषा, कला, लिपी, नाटक र साहित्य लगायत यहाँको बहुसंस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने।	१. नगरको गहनाको रूपमा रहेका सबै बहुसंस्कृतिको संरक्षण, भाषा, कला, लिपी, नाटक र साहित्य, संवर्द्धन र विकास गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। २. नगरका सबै भाषा, कला र साहित्यको विकास गर्नका लागि एक नगरस्तरीय कला तथा वाङमय केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। ३. नगरका मौलिक नाटक, कला तथा सांस्कृतिक विशेषताहरूलाई प्रवर्द्धन गर्नका लागि नगरमा एक डबली र एक रङ्गमञ्चको स्थापना गरी सञ्चालनमा ल्याइनेछ। ४. नगरमा क्रियाशील कला-संस्कृतिकर्मी, साहित्यकार तथा प्राज्ञहरूलाई सम्मान र पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ।
३. नगरमा रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने।	१. नगरका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदा र स्थानहरूको जीर्णोद्धार, संरक्षण, पुनर्जागरण र विकास गर्दै पर्यटन प्रवर्द्धनका लागि स्रोत बनाइनेछ। २. नगरमा रहेका सबै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक क्षेत्र र विभिन्न स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको पार्श्वचित्र तयार गरी संरक्षण गरिनेछ। ३. नगरमा रहेका धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ।

६.५.५ कार्यक्रमका प्राथमिकता

१ विभिन्न जात, जाति र समुदायको धर्म, भेषभूषा र परम्पराको संरक्षण र संवर्द्धन।

२. भाषा/भाषिका, मौलिक कला, लिपी, नाटक र साहित्यको बृहत्तर विकास तथा संवर्द्धन।

३. नगरमा रहेका ऐतिहासिक, पुरातात्विक एवम् धार्मिकसहित सम्पूर्ण साँस्कृतिक सम्पदाको संरक्षण, पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन।

६.५.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	बहुसाँस्कृतिक खोज तथा स्रोत केन्द्रको स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा

२.	मौलिक ज्ञान र सीपद्वारा उत्पादित मौलिक सामाग्रीको उत्पादन वृद्धिको लागि वित्तीय स्रोतको सुनिश्चितता गर्दै बजारीकरण र प्रवर्द्धन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	प्रत्येक समुदायको धार्मिक एवम् साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	बहुसंस्कृतिको संरक्षण, भाषा, कला, लिपी, नाटक र साहित्यको संवर्द्धन र विकास गर्ने नीति तर्जुमा तथा कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
५.	नगरस्तरीय कला तथा वाङमय केन्द्र स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
६.	नगरमा एक डबली स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
७.	नगरमा एक रङ्गमञ्चको स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
८.	नगरमा क्रियाशील कला-संस्कृतिकर्मी, साहित्यकार तथा प्राज्ञहरूलाई सम्मान र पुरस्कार वितरण	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदा र स्थानको जीर्णोद्धार, संरक्षण, पुनर्जागरण र विकास	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	ऐतिहासिक, पुरातात्विक, धार्मिक क्षेत्र र विभिन्न संस्कृतिको श्रव्यदृश्यसहितको पार्श्वचित्र तयार गरी संरक्षण कार्यक्रम	संख्या	१	२०७८/७९	२०७९/८०	नपा
११.	धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूको व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा

६.५.७ अपेक्षित उपलब्धिहरू

- नगरमा बहुसाँस्कृतिक खोज तथा स्रोत केन्द्रको स्थापना भई सञ्चालनमा आएको हुनेछ।
- एक नगरस्तरीय कला तथा वाङमय केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ।
- नगरमा एक डबली र एक रङ्गमञ्चको स्थापना भई सञ्चालनमा आएको हुनेछ।
- नगरभित्रका सबै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक क्षेत्र र विभिन्न स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको डिजिटल पार्श्वचित्र तयार भएको हुनेछ।

- वार्षिक रूपमा कम्तीमा ३ जना कला-संस्कृतिकर्मी, साहित्यकार तथा प्राज्ञहरूलाई सम्मान र पुरस्कृत गरिएको हुनेछ।

६.६ लक्षित समूह विकास

६.६.१ पृष्ठभूमि

दशकौंका योजनावद्ध विकास प्रयास तथा राजनीतिक व्यवस्थामा आएको परिवर्तनका बाबजुद नेपालमा विकास संस्थागत हुन नसकेपछि र आम नागरिकको जीवनमा आशातित किसिमले सकरात्मक परिवर्तन आउन नसकेपछि केही दशक यता विकासको बहस जोडदार किसिमले शुरू भएको छ । यस बहसको क्रममा उठेका महत्वपूर्ण मुद्दाहरूमध्येको एकचाहिँ हालसम्मका विकास प्रयासहरूले समाजमा रहेका केही वर्ग तथा समूहलाई विकास र शासनप्रणालीको मुलप्रवाहमा ल्याउन सकेनन् भन्ने हो । यसपछि नै विकास समन्यायिक खालको हुनुपर्छ, यसको प्रभाव सबैलाई समान किसिमले पर्नुपर्छ, यसको मुलप्रवाहमा समाजका सबै जात/जाति, समुदाय, वर्ग तथा समूह आउनुपर्दछ भन्ने मान्यता स्थापित भएर नै "लक्षित समूह"को अवधारणा अगाडि आएको हो । "लक्षित समूह" भन्नाले सबै जातजातिका विपन्न परिवार तथा आर्थिक, राजनीतिक र सामाजिक रुपमा पछाडि परेका वर्गहरु (महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, लोपोन्मुख तथा सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मुश्लिम तथा पिछडावर्ग) एवम् दुर्गम तथा पिछडिएको क्षेत्रका साथै नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले सूचना प्रकाशन गरी लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदायलाई बुझाउँदछ।

६.६.२ प्रमुख समस्या

यस पुतलीबजार नगरपालिकामा लक्षित समूह विकास तथा संरक्षणका मुख्य समस्याहरूमा लक्षित वर्ग र समूहको विकास तथा संरक्षणको नीति बनेपनि सो अनुरुप कार्यक्रम निर्माण तथा कार्यान्वयन नहुनु, महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक लगायतका लक्षित समूह विकास एवम् संरक्षण सम्बन्धी कार्यक्रमहरूसमेत भौतिक पूर्वाधार निर्माणमा केन्द्रित गरि बजेट खर्च गरिनु, लक्षित समूह विकास सम्बन्धी योजना तर्जुमा गर्दा विषयगत समितिको बैठकद्वारा पासगरि प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो अनुरुप नहुनु, लक्षित वर्ग/समूहलाई वार्षिक बजेटमा निश्चित प्रतिशत विनियोजन गर्नुपर्नेमा सो अनुरुप नहुनु, लोपोन्मुख तथा सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबैखाले लक्षित समूहका नागरिकले सामाजिक रूपमा सम्मानित जीवन बाँच्न पाएको कुरा अनुभुत नगर्नु, विकासको सवालमा लक्षित समूह, समुदाय तथा वर्ग मुलप्रवाहिकरण तथा सामाजिक समावेसीकरण नारामा मात्र सिमित रहनु, लक्षित समूह नै आफ्नो अधिकार तथा त्यसलाई उपयोग गर्ने सवालमा सचेत एवम् जागरूक नहुनु, ज्येष्ठ नागरिक, महिला, जनजाति, दलित आदिबाट विकास र समृद्धिको लागि पाउन सकिने महत्वपूर्ण उर्जा तथा योगदानलाई उपयोगमा ल्याउन नसक्नु लगायतका रहेका छन्।

६.६.३ चुनौती र अवसर

क. चुनौती

लक्षित समूह विकास तथा संरक्षणका सन्दर्भमा यस पुतलीबजार नगरपालिकाका चुनौतीहरूमा लक्षित समुदाय, वर्ग र समूहलाई विकासको उपभोक्तामात्रै नभई विकास र उन्नतिको संवाहक तथा उर्जाको रूपमा रूपान्तरण गर्नु, लक्षित समुदाय, वर्ग र समूहको विकास तथा संरक्षणको लागि बनाइएको नीति अनुरुप कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउनु, विपन्न, लोपोन्मुख तथा सीमान्तकृत समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबैखाले लक्षित समूहका नागरिकलाई सामाजिक रूपमा सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्नु, फरक क्षमता भएका र ज्येष्ठ नागरिकलाई दिनुपर्ने अति आवश्यक विशिष्ट सेवाहरूको उपलब्धता सुनिश्चित गर्नु, लक्षित समूह विकास एवम् संरक्षण सम्बन्धी कार्यक्रमहरूसमेत भौतिक पूर्वाधार निर्माणमा केन्द्रित गर्ने परिपाटीको अन्त्य गर्नु, लक्षित वर्ग/समूहको लागि गरिनुपर्ने निश्चित प्रतिशत बजेट विनियोजनलाई सुनिश्चित गर्नु, विकासको सवालमा मूल रूपमा नारामा मात्र सिमित लक्षित समूह, समुदाय तथा वर्ग मुलप्रवाहिकरण तथा सामाजिक समावेसीकरणलाई वास्तविक रूपमा प्रभावकारी कार्यान्वयनमा ल्याउनु, लक्षित समूहलाई आफ्नो अधिकार तथा त्यसलाई उपयोग गर्ने सवालमा सचेत एवम् जागरूक बनाउनु लगायतका प्रमुख रूपमा आउँछन्।

ख. अवसर

लक्षित समूह विकासका सवालमा यस पुतलीबजार नगरपालिकासँग उपलब्ध अवसरहरूमा लक्षित समुदाय, वर्ग र समूहको विकास तथा संरक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमै महत्वकासाथ उच्च प्राथमिकता पाएको विषय हुनु, यस्ता वर्ग तथा समुदायको विकासका निम्ति धेरै पक्षले चासो लिई लगानी गर्दै आएको तथा थप लगानी गर्न समेत तयार भएको अवस्था हुनु, लक्षित समुदाय, वर्ग र समूहलाई विकासको उपभोक्तामात्रै नभई विकास र उन्नतिको संवाहक तथा उर्जाको रूपमा रूपान्तरण गर्न सकिने अवसर हुनु, विकासको सवालमा मूल रूपमा नारामा मात्र सिमित लक्षित समूह, समुदाय तथा वर्ग मुलप्रवाहिकरण र सामाजिक समावेसीकरणलाई वास्तविक रूपमै प्रभावकारी कार्यान्वयनमा ल्याउने अवस्था हुनु, लक्षित समूहमा आफ्नो अधिकारप्रति सकरात्मक चासो बढ्दै जानु लगायतका प्रमुख रूपमा आउँछन्।

६.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

६.६.४.१ सोच

पुतलीबजारको प्रतिबद्धता, सबैको आत्मसम्मान एवम् समन्यायिक विकासको सुनिश्चितता।

६.६.४.२ लक्ष्य

नगरमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, विपन्न, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मुश्लिम लगायत सबैखाले लक्षित समूहको विकास एवम् संरक्षण गर्ने।

६.६.४.३ उद्देश्य

१. नगरभित्र रहेका सबैखाले लक्षित समूहका नागरिकका सबै प्रकारका हक, अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।

२. लक्षित समूहका नागरिकले प्राप्त गर्नुपर्ने आधारभूत सेवा र सुविधाहरूको उपलब्धताको सुनिश्चिततासहित उनीहरूको आर्थिक सामाजिक सशक्तीकरणमार्फत् जीवनस्तर वृद्धि गर्ने।

६.६.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत् सामाजिक समूह लगायत सबैखाले लक्षित समूहको हक, अधिकारको संरक्षण र प्रवर्द्धन गराउने।	१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरुप जनसङ्ख्या तथा दिगो विकासका कार्यक्रमहरूमा सबै खाले लक्षित वर्ग/समूहको सहभागिता सुनिश्चित गरिनेछ। २. लक्षित समूहको लागि विनियोजित बजेट सो समूहको विकास, संरक्षण र सवलीकरणमा उपयोग हुने कुराको सुनिश्चित गरिनेछ। ३. बालबालिका, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्ग तथा ज्येष्ठ नागरिकका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, श्रमशोषण, बलात्कार, बेचविखन लगायत सबैखाले हिंसा तथा अपराधविरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ। ४. प्रत्येक विद्यालयहरूमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ। ५. बाल क्लब, बाल सञ्जाल, महिला सञ्जाल जस्ता लक्षित समूहका व्यक्तिहरूलाई एकतावद्ध बनाउने संयन्त्रको गठन, बिस्तार तथा परिचालन गरी नीति निर्माण तथा कार्यान्वयन तहमा उनीहरूको सहभागिता सुनिश्चित गरिनेछ।
२. लक्षित वर्ग/समूहका नागरिकले प्राप्त गर्नुपर्ने आवश्यक सेवा तथा सुविधाको उपलब्धता सुनिश्चित गराउने।	१. जिल्ला अस्पतालमा जेरियाट्रिक वार्डको विकास र बिस्तार गरिनेछ साथै अन्य स्वास्थ्य संस्थाहरूमा पनि ज्येष्ठ नागरिकहरूको सहज पहुँचको व्यवस्था मिलाइनेछ। २. नगरका विभिन्न स्थानमा आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र सुविधा सम्पन्न आश्रम सञ्चालनका लागि सामाजिक संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। ३. ज्येष्ठ तथा अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्यकर्मीद्वारा घरदैलो मै सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। ४. ज्येष्ठ नागरिक, सीमान्तकृत लगायत सबै लक्षित समूहको लागि प्रदान गरिएका सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणका कार्यहरूको समीक्षा गरी नपुग भएका खण्डमा थप कार्यक्रमहरू तयार गरी आवश्यकता सम्वोधन गरिनेछ। ५. नगरका सबैखाले सार्वजनिक भवन, संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनाईनेछ। ६. लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईनेछ।

३. आर्थिक सामाजिक सशक्तीकरणमार्फत् लक्षित वर्ग/समूहका नागरिकको जीवनस्तर वृद्धि गराउने।	१. अनाथ, असहाय, बेवारिसे, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका सबैखाले नागरिकहरूको संरक्षण गरी जीवनोपयोगी सीप सिकाई आत्मनिर्भर बनाउने तथा समाजमा पुनर्स्थापित गर्नका गर्न नगरस्तरीय पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ। २. नगरमा रहेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत् एवम् लोपोन्मुख जातिको संरक्षण गर्दै उनीहरूको सशक्तिकरण र स्वरोजगारको विकास गर्नका लागि विशेष कार्यक्रम सञ्चालन एवम् संस्थागत व्यवस्था समेत गरिनेछ। ३. उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको सामाजिक आर्थिक सशक्तीकरण गर्नको लागि जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ। ४. महिलाद्वारा प्रवर्द्धित सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ। ५. महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ। ६. घरायसी क्रियाकलापमा महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

६.६.५ कार्यक्रमका प्राथमिकता

१. लक्षित समूहका नागरिकका सबै प्रकारका हक, अधिकारको संरक्षण र प्रवर्द्धन।

२. लक्षित समूहका नागरिकले प्राप्त गर्नुपर्ने आधारभूत सेवा र सुविधाहरूको उपलब्धताको सुनिश्चितता।

३. लक्षित समूहको आर्थिक सामाजिक सशक्तीकरणमार्फत् जीवनस्तरमा वृद्धि।

६.६.६ कार्यक्रमहरू

लक्षित समूह विकासका क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	जनसङ्ख्या र दिगो विकासका कार्यमा सबैखाले लक्षित वर्ग र समूहको सहभागिता सुनिश्चित गर्ने कार्यविधी निर्माण तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	लक्षित समूहको लागि विनियोजित बजेट	संख्या	१	२०७८/७९	२०७८/७९	नपा

	सो समूहको विकास, सवलीकरण र संरक्षणमा उपयोग गर्ने कार्ययोजना तर्जुमा					
३.	विद्यालयमा बालबालिकाको उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन	प्याकेज		२०७७/७८	निरन्तर	नपा
४.	लक्षित समूहका व्यक्तिहरूलाई एकतावद्ध बनाउने संयन्त्रको गठन, बिस्तार तथा परिचालन गर्ने कार्ययोजना तर्जुमा	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
५.	सामाजिक समावेशीकरणको मर्मलाई व्यवहारमा उतार्न जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकास तालिम	संख्या	२	२०७७/७८	निरन्तर	नपा
६.	जिल्ला अस्पतालमा जेरियाट्रिक वार्डको विकास र बिस्तार गर्ने	संख्या	१	२०७९/८०	निरन्तर	नपा
७.	नगरका विभिन्न स्थानमा आवश्यकता अनुसार सुविधा सम्पन्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र आश्रम सञ्चालन	संख्या	१४	२०७८/७९	निरन्तर	नपा
८.	ज्येष्ठ, अशक्त र अपाङ्गका लागि स्वास्थ्यकर्मीद्वारा घरदैलो मै सेवा प्रदान गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
९.	ज्येष्ठ नागरिक सहित सबै लक्षित समूहको लागि नपुग सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमहरू तयार गरी थप गर्ने	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	नगरका सबै सार्वजनिक भवन, संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनाउने कार्ययोजना निर्माण र कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
११.	लैङ्गिक समानता र सशक्तीकरण मापन सूचक तयार गरी अनुगमन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१२.	विशेष संरक्षणको आवश्यकता भएका सबैखाले नागरिकहरूको लागि नगरस्तरीय पुनर्स्थापना केन्द्र स्थापना	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१३.	लक्षित समूहका निगरिकको सशक्तिकरण र स्वरोजगारका लागि विशेष कार्यक्रम सञ्चालन एवम् संस्थागत व्यवस्था	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१४	महिलाको सामाजिक आर्थिक सशक्तीकरणको लागि जीवनस्तर सुधार र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१५.	महिलाद्वारा प्रवर्द्धित सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगार	संख्या	१	२०७७/७८	निरन्तर	नपा

	सिर्जना गर्ने कार्यक्रम					
१६.	महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१७.	घरायसी क्रियाकलापमा महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगलाई प्रोत्साहन कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा

६.६.७ अपेक्षित उपलब्धिहरू

- जनसङ्ख्या र दिगो विकासका कार्यमा सबैखाले लक्षित वर्ग र समूहको सहभागिता सुनिश्चितको कार्यविधी निर्माण भई कार्यान्वयनमा आएको हुनेछ।
- नगरका कम्ती १४ स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएका हुनेछन्।
- नगरका सबै सार्वजनिक भवन, संरचना र कार्यक्रमहरू अपाङ्गता मैत्री बनेका हुनेछन्।
- विशेष संरक्षणको आवश्यकता भएका सबैखाले नागरिकहरूको लागि एक नगरस्तरीय पुनर्स्थापना केन्द्र स्थापना स्थापना भई सञ्चालनमा आएको हुनेछ।
- महिलाको सामाजिक आर्थिक सशक्तीकरणको लागि सञ्चालित जीवनस्तर सुधार र उद्यमशीलता विकास कार्यक्रमबाट प्रत्येक वडाका कम्तीमा ५० महिला लाभान्वित भएका हुनेछन्।

परिच्छेद ७

भौतिक पूर्वाधार क्षेत्र

७.१ यातायात पूर्वाधार व्यवस्थापन

७.१.१ पृष्ठभूमि

शहरीकरणको प्रक्रियाले बिस्तारै गति लिन थालेको यस नगरमा यातायातको मुख्य पूर्वाधार सडक सञ्जाल नै हो। आधारभूत शहरी पूर्वाधारको कुरा गर्दा सडक पूर्वाधार सबैभन्दा महत्वपूर्ण पूर्वाधारहरूमध्येको एक हो। हरेक वर्ष नगरबासीले आफ्ना आवश्यकताको प्राथमिकीकरण गर्ने क्रममा यसलाई सबैभन्दा उच्च प्राथामिकतामा राख्ने गर्दछन् तद्अनुरूप बिनियोजित बजेटमा सडक पूर्वाधारले ठूलो हिस्सा ओगट्ने गर्दछ। यस नगरमा विद्यमान सडक पूर्वाधारको सवालमा वि. सं. २०२० को दशकमा निर्मित सिद्धार्थ राजमार्ग यस नगरपालिकाको प्रमुख यातायात पूर्वाधार हो। नगरको लगभग वीच हुदै उत्तर-दक्षिण जाने यस राजमार्गको २६ कि.मी. सडक यस नगरपालिकाको क्षेत्रभित्र पर्दछ। ५० वर्ष भन्दा लामो समयदेखि यहाँका बासिन्दाहरूलाई पुऱ्याउँदै आएको सेवालाई मध्यनजर गर्दा यस राजमार्ग पुतलीबजार नगरको मेरूदण्ड नै हो भन्दा अत्युक्ति हुँदैन्।

सिद्धार्थ राजमार्गका सँगसँगै नगरको केन्द्रसँग विभिन्न वडाका केन्द्रलाई जोड्ने गरि बनिसकेका वा बन्ने क्रममा रहेका आठवटा रणनैतिक महत्वका सडकहरू यस नगरका उत्तिकै महत्वपूर्ण भौतिक पूर्वाधारहरू हुन्। करीब ९८ कि.मी. लम्बाई रहेका यी रणनैतिक सडकहरू हाल भर्खर ट्र्याक खुलेको, ग्रावेलदेखि ओटासिलसम्मको अवस्थामा रहेका छन्। यी मध्ये ओटासिल भएका सडकहरू एकातर्फ प्राय साँघुरा छन भने अर्कोतर्फ ओटासिलको पत्र छियाँछियाँ बनेर जीर्ण अवस्थामा पुगिसकेका छन्। यसबाहेक नगरका विभिन्न बस्तीहरू जोड्ने गरी बनेका वा बन्ने क्रममा रहेका सडकहरू नगरबासीको दैनिकीसँग प्रत्यक्ष जोडिएका हुनाले यिनले बेग्लै महत्व बोकेका छन्। यस नगरपालिकाको भौतिक पूर्वाधार शाखाको रेकर्ड अनुसार यस नगरपालिकामा २०७६/७७ सम्ममा सिद्धार्थ राजमार्ग बाहेक कालोपत्रे सडक ५७ कि.मी., पि.सि.सी. सडक २ कि.मी. र कच्ची सडक ५५९ कि.मी. निर्माण भएको छ।

७.१.२ प्रमुख समस्या

यस पुतलीबजार नगरपालिकाका यातायात पूर्वाधारका प्रमुख समस्याहरूमा नगरको वीचबाट जाने नगरकै लाइफलाइनको रूपमा रहेको सिद्धार्थ राजमार्गको अति आवश्यक स्तरोन्नति गर्न नसक्नु, विभिन्न बस्तीहरू जोड्नका लागि बनाइएका सडकहरूको स्तरोन्नति गर्न नसक्नु, नगरका सबै वडासम्म बाह्रैमास यातायातको पहुँच स्तरीय र भरपर्दो नहुनु, वडागत हिसाबमा भौतिक विकासका पूर्वाधारको वितरण असमान तथा असन्तुलित खालको हुनु, सडकको नियमित मर्मत संभारका लागि भरपर्दो संरचना तयार गर्न नसक्नु, बस्तीहरू छरिएर रहेकाले त्यस्ता बस्तीहरू जोड्नकालागि धेरै सडकहरूको आवश्यकता हुनु, नगरमा आवश्यक सडक निर्माणका लागि ठूलो बजेटको आवश्यकता हुने हुनाले त्यसको लागि वित्तीय स्रोत सुनिश्चित गर्न नसक्नु, नगरबासीमा निर्माण हुँदै गरेका र सम्पन्न भएका सडक पूर्वाधारको दिगोपना तथा संरक्षणप्रति अपनत्व र जिम्मेवार भूमिकाको अभाव हुनु, नगरमा रहेका सडक पूर्वाधारको व्यवस्थापनमा तीन तहका सरकारका निकायहरूबीच समन्वयको अभाव हुनु प्रमुख छन्।

७.१.३ चुनौती र अवसर

क. चुनौती

यातायातका पूर्वाधारको विषयमा यस नगरपालिकाका मुख्य चुनौतीहरूको कुरा गर्दा नगरमा रहेका सडक पूर्वाधारको व्यवस्थापनमा तीन तहका सरकारी निकायहरूबीच समन्वय कायम गर्नु, सिद्धार्थ राजमार्गलाई कम्तीमा २ देखि ४ लेनमा स्तरोन्नति गर्नु, नगरका १४ वटै वडासम्म बाह्रैमास यातायातको सहज, स्तरीय, विश्वसनीय तथा सुदृढ पहुँच स्थापित गर्नु, निर्माण सम्पन्न भएका सडक पूर्वाधारहरूको नियमित मर्मत संभारका लागि अति आवश्यक पूर्वाधार तयार पार्नु, नगरबासीमा निर्माण हुँदै गरेका र सम्पन्न भएका पूर्वाधारप्रति अपनत्व र जिम्मेवार भूमिकाको विकास गर्नु, आवश्यक भौतिक पूर्वाधारहरूको निर्माणका लागि आवश्यक जग्गा प्राप्त गर्नु, छरिएर रहेका बस्तीहरू जोड्नकालागि धेरै संख्यामा सडकको आवश्यकता हुनु, आवश्यक सडक निर्माणका लागि ठूलो बजेटको आवश्यकता हुने हुनाले त्यसको वित्तीय स्रोत सुनिश्चित गर्नु मुख्य हुन्।

ख. अवसर

यस पुतलीबजार नगरपालिकाका यातायात पूर्वाधारका प्रमुख अवसरहरूका विषयमा सिद्धार्थ राजमार्गको अति आवश्यक स्तरोन्नति गर्न संघीय सरकार र प्रदेश सरकारको चासो बढ्दै गएको हुनु, सिद्धार्थ राजमार्गको स्तरोन्नतिका लागि स्थानीय बासिन्दाहरू सकरात्मक बन्दै गएकाले दबाब सिर्जनाका लागि वातावरण निर्माण हुनु, नगर केन्द्र स्याङजा बजारबाट प्रदेश राजधानी पोखरासम्मको दूरी उल्लेख्य रूपमा घटाउने गरी सुरुङ मार्ग निर्माण गर्न सकिने अवस्था हुनु, साविक धौलागिरी अञ्चलबाट तनहुँ हुँदै काठमाडौं, नारायणगढ र नवलपुरसम्म पुग्ने द्रुत मार्ग यही नगरपालिका हुँदै निर्माण गर्न सकिने उच्च सम्भावना हुनु, नगर केन्द्रसँग विभिन्न वडा र विभिन्न पालिका जोड्ने गरि पक्की सडक संघीय तथा प्रदेश सरकारद्वारा निर्माण शुरूआत गर्नु, संघीय सरकार र प्रदेश सरकार लगायतका सरोकारवालाहरूसँगको सहकार्यमा सबै १४ वटा वडाका बस्तीहरूमा बाह्रैमास यातायातको सहज, स्तरीय तथा सुदृढ पहुँच स्थापित गर्न सकिने अवस्था हुनु, नगर केन्द्रको रूपमा रहेको स्याङजा बजारमा बसपार्क निर्माण सम्पन्न भैसकेको हुनु, सिद्धार्थ राजमार्ग फैलिएको साविकका गण्डकी र लुम्बिनी अञ्चलको क्षेत्रलाई सिद्धार्थ आर्थिक करिडोरको रूपमा विकास गर्नका लागि राजमार्ग आसपासका नगर/गाउँपालिकाहरूको सञ्जाल गठन भई सक्रिय बनेको अवस्था हुनु, आवश्यक सडक पूर्वाधारहरूको निर्माणका लागि आवश्यक सार्वजनिक जग्गा प्रशस्त उपलब्ध हुनु पर्दछन्।

७.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

७.१.४.१ सोच

समृद्ध पुतलीबजारका लागि सुदृढ र सुरक्षित यातायात पूर्वाधार।

७.१.४.२ लक्ष्य

नगरका सम्पूर्ण बस्तीहरूसम्म स्तरीय, दिगो एवम् सुरक्षित सडक सञ्जाल स्थापित गर्ने ।

७.१.४.३ उद्देश्य

१. नगरक्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्गलाई दुईदेखि चारलेनको स्तरीय सडकको रूपमा स्तरोन्नति गर्ने।

२. वडा केन्द्रलाई नगर केन्द्रसँग जोड्ने सबै मुख्य रणनीतिक सडकहरूलाई स्तरीय कालोपत्रे तथा नगरका सबै बस्तीहरू जोड्ने सडकलाई बाह्रैमास यातायात सहज रूपमा सञ्चालन गर्न मिल्ने गरी निर्माण सम्पन्न गर्ने।

३. नगरभित्र चल्ने सार्वजनिक यातायातलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्ने।

७.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरको आर्थिक र सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी एवम् गतिशील बनाउने कार्यमा योगदान पुऱ्याउनका लागि सुदृढ सडक सञ्जाल तयार पार्ने।	१. संघीय सरकारसँगको सहकार्यमा नगरक्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्गको खण्डलाई कम्तीमा २ देखि ४ लेनको स्तरीय सडकको रूपमा स्तरोन्नति गरिनेछ। २. संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा नगर केन्द्रलाई वडाकेन्द्रहरू तथा अन्य पालिकासम्म जोड्ने मुख्य रणनीतिक सडकहरूलाई डबल लेनको स्तरीय कालोपत्रे सडकको रूपमा स्तरोन्नति गरिनेछ। ३. नगरका १४ वटै वडाका मुख्य सडकहरूलाई पक्की सडकको रूपमा स्तरोन्नति गरिनेछ। ४. नगरभित्रका सम्पूर्ण बस्तीहरु जोड्नका लागि खनिएका वा आवश्यक थप सडकहरूको ट्र्याक खोली कम्तीमा ग्राबेल गरी बाह्रैमास यातायात सहज रूपमा सञ्चालनको सुनिश्चितता गरिनेछ।
२. नगरभित्र बनेका सडकको नियमित मर्मत संभार गर्दै सुरक्षित यातायात, साइकलयात्रा तथा पैदलयात्रा प्रत्याभुत गर्ने।	१. नगरभित्रका सडकहरूको नियमित मर्मत संभार गर्नका लागि एक 'सडक मर्मत संभार युनिट' तयार गरि परिचालित गरिनेछ। २. सडकमा सुरक्षित यात्रा सुनिश्चित गर्नका लागि सडकको अवस्था हेरी पर्खाल, सडक सुरक्षा अवरोधक तथा अन्य संरचनाहरू तयार गरिनेछ। ३. नगरका सडकलाई साइकलयात्री एवम् पैदलयात्री मैत्री बनाउन शहरी क्षेत्र वा बस्तीको वीचबाट जाने पुराना वा नयाँ सडकमा एक विशिष्ट साइकल लेन तथा सम्भव भए सडकको दुवैतर्फ र नभए एकतर्फ सडकपेटी (फुटपाथ) अनिवार्य रूपमा निर्माण गरिनेछ। ४. सडकको सुरक्षालाई सुनिश्चित गर्नका लागि नियमित रूपमा रङ्गरोगन गरिनेछ। ५. बस्ती जोड्ने सडकको नियमित मर्मत संभारमा टोल विकास संस्थालाई सक्रिय बनाइने छ।
३. नगरभित्र चल्ने सबैखाले यातायातका साधनको प्रभावकारी व्यवस्थापन गर्ने।	१. नगरपालिकाको केन्द्रदेखि विभिन्न वडाका बस्तीहरूसम्म यातायातका साधन नियमित रूपमा सञ्चालन हुने कुराको सुनिश्चितता गर्न विभिन्न

	सरोकारवालाहरूसँग सहकार्य गरिनेछ। २. नगरभित्र चल्ने नगरबस, ट्याक्सी, जीप, टेम्पो आदिको प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि आवश्यक नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन र नियमन गरिनेछ। ३. नगरभित्रका स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गर्नका लागि एक छुट्टै इकाई सञ्चालनमा ल्याइनेछ। ४. नगरभित्र चल्ने नीजि एवम् सार्वजनिक यातायातलाई वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री बनाइनेछ।

७.१.५ कार्यक्रमका प्राथमिकता

- सिद्धार्थ राजमार्गको स्तरोन्नति गर्ने।
- वडा केन्द्रलाई जोड्ने मुख्य रणनीतिक सडकहरू कालोपत्रे गर्ने।
- नगरका सबै बस्तीहरू जोड्ने सडकलाई बाह्रैमास यातायात सञ्चालन गर्न मिल्ने बनाउने।
- नगरभित्र चल्ने सार्वजनिक यातायातलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्ने।

७.१.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
क)	**प्रमुख रणनीतिक सडक सडक स्तरोन्नति**					
१.	पुतलीखेत-सतौं-दरौं-पञ्चमूल-आरूचौर सडकको पुतलीबजार खण्ड	कि.मी.	११	२०७८/७९	२०८०/८१	केन्द्र/प्रदेश र नपा सहकार्य
२.	बाड्खोला-पौवैगौंडे-टक्सार सडक	कि.मी.	२३ कि.मी.	२०७७/७८	२०८०/८१	केन्द्र/प्रदेश र नपा सहकार्य
ख)	**प्रमुख रणनीतिक सडक निर्माण**					
१.	घुम्ती-ज्यामिरे-चिसापानी सडकको पुतलीबजार खण्ड	कि.मी.	९	२०७७/७८	२०८१/८२	प्रदेश र नपा सहकार्य

४.	जाँडखोला-पेल्काचौर-गुमार्दी सडकको पुतलीबजार खण्ड	कि.मी.	१३	२०७७/७८	२०८१/८२	नपा
५.	नयाँबजार-मसर्का-मोहोरिया-दुलेगौंडा सडकको पुतलीबजार खण्ड	कि.मी.	९.५	२०७७/७८	२०८१/८२	नपा
६.	पुतलीखेत-कुलबाँध-लाम्पाटा-अर्जुनचौपारी सडक पुतलीबजार खण्ड	कि.मी.	१०	२०७७/७८	२०८१/८२	नपा
७.	शिक्षाचोक-बहाकोट सडक	कि.मी.	१७	२०७७/७८	२०८१/८२	नपा
८.	पुतलीखेत-बरबोट-ठुलीबेंशी-उनियाचौर सडक	कि.मी.	६	२०७७/७८	२०८१/८२	नपा
९.	पुतलीबजार नगर परिधि सडक	कि.मी.		२०७९/८०		केन्द्र/प्रदेश र नपा सहकार्य
ग)	**नगरस्तरीय सडक निर्माण**					
१.	गोदगोदे-नुवाकोट सडक	कि.मी.		२०७७/७८	निरन्तर	नपा
२.	स्याङ्गजा बजार-हुनीकोट सडक	कि.मी.		२०७८/७९	निरन्तर	नपा
३.	राहाले-भुजुङ्गे सडक	कि.मी.		२०७७/७८	निरन्तर	नपा
४	अम्वोट-सेवादी-भुजुङ्गे सडक	कि.मी.		२०७७/७८	निरन्तर	नपा
५.	तोरीखोला-छहरीखोला सडक	कि.मी.		२०७७/७८	निरन्तर	नपा
घ)	**सडक पुल, कल्भर्ट निर्माण**					
१.	रणनीतिक सडक, नगर परिधि सडक तथा नगरस्तरीय सडकमा आवश्यक देहाय बमोजिमका पुल निर्माण १. सिंहाले पुल, बाडखोला (पुतलीबजार -३) २. भाइटारी पुल, बाडखोला (पुतलीबजार -३) ३. पुतलीखेत पुल, बाडखोला (पुतलीबजार -३) ४. विचारीपँधेरा पुल, अरौदीखोला (पुतलीबजार -३) ५. दुइघरे पुल, आँधीखोला (नगर परिधि सडक, पुतलीबजार – १४ र ४) ६. गौंडेपुल, पौवीखोला (पुतलीबजार -५) ७. प्यूरीदोभान पुल, प्यूरीखोला (नगर परिधि सडक, पुतलीबजार -६)	संख्या	१५	२०७८/७९	२०८०/८१	केन्द्र/प्रदेश र नपा सहकार्य

	८. साँधीखोला पुल, साँधीखोला (पुतलीबजार -७) ९. राङखोला पुल, आँधीखोला (पुतलीबजार -१३ र १०) १०. राङखोला पुल, राङखोला (पुतलीबजार -१०) ११. कान्छीबजार पुल, राङखोला (पुतलीबजार -१०) १२. चम्डिल्ला पुल, आँधीखोला १३. झापाकोट पुल, दरौंखोला (पुतलीबजार -१३) १४. रिङ्गदीखोला पुल (पुतलीबजार - १३) १५. अलैंचीबारी पुल, बैदीखोला छिपेहट्टी-भञ्ज्याङ्ग-आमडाँडा सडक (पुतलीबजार -१४)					
२.	रणनीतिक सडक, नगर परिधि सडक तथा नगरस्तरीय सडकमा आवश्यक कल्भर्ट निर्माण	संख्या	२७	२०७८/७९	२०८०/८१	केन्द्र/प्रदेश र नपा सहकार्य

७.१.७ अपेक्षित उपलब्धिहरू

- यस आवधिक योजनाको अन्त्यसम्ममा नगरभित्रका शत प्रतिशत घरपरिवारलाई बढीमा ३० मिनेटको दूरीमा पक्की यातायातको पहुँच पुगेको हुनेछ।
- राष्ट्रिय राजमार्ग बाहेक करीब ९८ कि.मी. रणनीतिक सडक निर्माण, पुनर्स्थापना तथा पुनर्निर्माण भएको हुनेछ।
- राष्ट्रिय राजमार्ग तथा प्रमुख रणनीतिक सडक बाहेक नगरमा जम्मा ७० कि.मी. कालोपत्रे सडक निर्माण तथा पुनर्स्थापित भएको हुनेछ।
- नगर परिधि सडकको रेखाङ्कन भई निर्माण शुरु गरिएको हुनेछ।
- नगरका सम्पूर्ण बस्तीहरूमा सबैयाममा यातायात सुविधाको सहज पहुँच सुनिश्चित भएको हुनेछ।
- नगरका विभिन्न शहरी/नगर सडकमा १५ वटा नयाँ पक्की पुल एवम् २७ वटा नयाँ कल्भर्ट निर्माण सम्पन्न भई सञ्चालनमा आएका हुनेछन्।

७.२ आवास, बस्ती तथा शहरी विकास

७.२.१ पृष्ठभूमि

योजनावद्ध किसिमले बनाइएको आवास र व्यवस्थित बस्तीलाई कुनैपनि नगरको विकासको महत्वपूर्ण सूचकको रूपमा लिने गरिन्छ । नगरबासीको लागि नगरपालिकाले उनीहरूको बस्तीमा ग्यारेन्टी गर्नुपर्ने न्यूनतम शहरी सुविधाहरू अथवा शहरी पूर्वाधारहरूको उपलब्धतालाई सुनिश्चितता गर्ने कार्य व्यवस्थित बस्ती भएको खन्डमा मात्रै सहज हुने गर्दछ र यसो गर्न सकेमा मात्रै शहरी विकास प्रक्रियाले निश्चित दिशा एवम् गति प्राप्त गर्दछ । त्यसैले व्यवस्थित किसिमले आवास वा भवनको निर्माण गर्ने र आफ्ना ग्रामीण तथा शहरी गरी दुवै खालका बस्तीको विकास योजनावद्ध किसिमले गर्ने कार्यलाई नगर विकास कार्य योजनामा उच्च प्राथमिकता दिएर राख्ने गरिन्छ । नगरपालिकाको रूपमा पुतलीबजारको २० वर्षभन्दा लामो ईतिहास भएपनि यस अवधिमा व्यवस्थित रूपमा बस्तीहरू विकास गर्नेतर्फ पर्याप्त काम गर्न सकिएन फलस्वरूप यस नगरपालिकाका अधिकांश आवाशीय तथा अन्य भवनहरू एवम् बस्तीहरू अझैपनि परम्परागत ग्रामीण परिवेशका छन् भने सीमित संख्यामा रहेका शहरी वा बजार क्षेत्रहरूपनि व्यवस्थित र योजनावद्ध किसिमले विकसित हुन सकिरहेका छैनन् । वि.सं. २०७२ को पुर्नसंरचनापछि यस नगरपालिकामा तत्कालीन सात (७) वटा गाविसहरू गाभिएपछि एकातिर आफूखुशी बनाइएका आवासहरू तथा छिरलिएर रहेका बस्तीहरूको संख्या झनै बढेर गएको छ भने अर्कोतर्फ शहरी इलाकाको अनुपात साविक नगरपालिकामा भन्दा घटेर गएको छ ।

७.२.२ प्रमुख समस्या

व्यवस्थित बस्ती एवम् शहरी विकासका सवालमा यस पुतलीबजार नगरपालिकाका प्रमुख समस्याहरूमा मुख्य बजार क्षेत्रका अधिकांश भवनहरू आफूखुशी बनाइएका हुनु, मुख्य बजार क्षेत्र धेरै पुरानो र अवैज्ञानिक किसिमले बिस्तार गरिइएको हुनु, वर्तमानमा समेत बिना ठोस योजना अव्यवस्थित तथा अवैज्ञानिक किसिमले आवास एवम् भवन निर्माण तथा शहरी क्षेत्रहरूको बिस्तार हुनु, नगरभित्रका अधिकांश बस्तीमा घरहरू छरिएर रहेको वा आफूखुशी बनाईएको हुनु, भवन निर्माण गर्दा भवन निर्माण मापदण्ड तथा आचार संहिताको प्रभावकारी रूपमा पालना तथा त्यस कार्यको प्रभावकारी अनुगमन नगरिनु, ग्रामीण परिवेशका क्षेत्रहरूमा व्यवस्थित बस्ती विकास र नगरका उपयुक्त स्थानहरूमा शहरी विकासका लागि नगरपालिकाले आफ्नै ठोस कार्ययोजना तयार पारी लागू गर्न नसक्नु, सम्पूर्ण जमीनको वैज्ञानिक रूपमा वर्गीकरण गरी आवासीय र गैरआवासीय क्षेत्र भनेर पारिभाषित गर्न वा त्यस्ता क्षेत्रको मापदण्ड तयार पार्न नसक्नु रहेका छन् ।

७.२.३ चुनौती र अवसर

क. चुनौती

यस नगरपालिकाका व्यवस्थित आवास, बस्ती र शहरी विकासका सवालमा मुख्य चुनौतीहरूको कुरा गर्दा नगरमा अवैज्ञानिक किसिमले विकास गरिएको पुरानो बजार क्षेत्रलाई समयानुकुल पुनर्ताजगी गर्नु, अव्यवस्थित, बिना ठोस योजना तथा अवैज्ञानिक किसिमले शहरी क्षेत्रमा भइरहेको भवन वा आवास निर्माण तथा बस्ती बिस्तार गर्ने प्रक्रियालाई नियन्त्रण गर्नका लागि व्यवस्थित शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु, 'घर' के हो भन्नेबारे आमनगरिकमा व्याप्त अवधारणामा परिवर्तन ल्याउनु, नगरभित्रका अधिकांश बस्तीमा छरिएर रहेका वा

आफूखुशी बनाईएका आवासहरूलाई व्यवस्थित बस्तीका रूपमा रूपान्तरण गर्नु, नगरपालिकाको मौलिकता झल्किने किसिमको बस्ती एवम् शहरी विकास कार्ययोजना तर्जुमा गरी लागू गर्नु, भवन निर्माण मापदण्ड तथा आचार संहितालाई अझ वैज्ञानिक बनाउँदै शहरी क्षेत्रको विकास एवम् बिस्तारलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानु, एकीकृत बस्ती विकास तथा नमुना बस्ती विकासको सम्भाव्यता अध्ययन गरी तद्अनुरूप कार्ययोजना निर्माण गरी लागू गर्नु, उर्वर खेतीयोग्य जमीनमा बढ्दो रूपमा भईरहेको आवास निर्माण कार्यलाई निरूत्साहित गर्नु, शहरी विकास प्रक्रियालाई योजनावद्ध र दिगो विकासको एक कोसेढुङ्गाको रूपमा कार्यान्वयनमा ल्याउनु, भवन निर्माण आचार संहितालाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु प्रमुख हुन्।

ख. अवसर

यस पुतलीबजार नगरपालिकाका व्यवस्थित आवास, बस्ती विकास तथा शहरी विकासका प्रमुख अवसरहरूका विषयमा नगर क्षेत्रभित्रको सम्पूर्ण जमीनको वैज्ञानिक रूपमा वर्गीकरण गरी आवासीय र गैरआवासीय क्षेत्र छुट्ट्याई योजनावद्ध किसिमले आवासीय क्षेत्रको विकास तथा व्यवस्थापन गर्न सकिने अवस्था हुनु, नगरभित्र विभिन्न ठाउँमा रहेका ऐतिहासिक महत्व बोकेका भवनहरू तथा बस्तीहरूलाई मौलिक तथा परम्परागत शैलीमा पुननिर्माण, संरक्षण, सम्वर्द्धन एवम् पुनर्जागृत गर्दै प्रवर्द्धन गर्न सकिनु, बिस्तार हुने नयाँ शहरी क्षेत्रहरूलाई योजनावद्ध तथा वैज्ञानिक किसिमले विकास गर्न सकिने संभावना हुनु, एक वडा एक नमुना बस्ती विकास गर्न सक्ने अवस्था हुनु, एकीकृत बस्तीको विकास राष्ट्रिय सरोकारको विषय बन्दै जानु, व्यवस्थित शहरी विकासका लागि प्रशस्त संख्यामा नयाँ ठाउँहरू हुनु, यस नगरलाई गण्डकी प्रदेश सरकारले समेत पोखरा शहरको सेटलाईट सिटीका रूपमा विकास गर्ने लक्ष्य लिएर कामहरू अगाडि बढाइरहेको हुनु मुख्य रूपमा आउँछन्।

७.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

७.२.४.१ सोच

व्यवस्थित बस्ती अनि शहर, सुरक्षित र सुसंस्कृत पुतलीबजार।

७.२.४.२ लक्ष्य

व्यवस्थित नयाँ बस्तीहरूको विकास सँगसँगै योजनावद्ध किसिमले पुराना आवास, शहरी क्षेत्र र बस्तीहरूको दिगो रूपमा व्यवस्थापन गर्ने।

७.२.४.३ उद्देश्य

१. सबै वर्गका नगरबासीका निम्ति सुलभ, सुरक्षित र वातावरणमैत्री आवास निर्माण तथा स्तरोन्नति गर्ने।
२. पुराना आवास एवम् बस्ती एवम् शहरी क्षेत्रहरूको योजनाबद्ध किसिमले समयानुकल रूपान्तरण, पुनःनिर्माण तथा व्यवस्थापन गर्ने।
३. नगरका विभिन्न स्थानमा एकीकृत बस्ती, नमुना बस्ती तथा योजनावद्ध बस्तीको विकास गर्ने।

७.२.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रत्येक नगरबासीको व्यवस्थित तथा सुरक्षित आवासको अधिकारलाई सुनिश्चित गराउने।	१. संघीय सरकारको जनता आवास कार्यक्रमसँगको सहकार्यमा नमुना/एकीकृत बस्ती विकास गरी अति विपन्न तथा भुमिहीन नागरिकलाई न्यूनतम मापदण्डको आवास निर्माण गरी आवासको स्वामित्व हस्तान्तरण गरिनेछ। २. नयाँ बन्ने आवास तथा अन्य भवनहरू वातावरणमैत्री हुने कुरा सुनिश्चित गरिनेछ। ३. आवास निर्माण गर्दा स्थानीय मौलिक ढाँचामा निर्माण गर्न र निर्माणमा स्थानीय निर्माण सामाग्री प्रयोगका लागि प्रोत्साहित गरिनेछ। ४. भौगोलिक रुपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती बिस्तारलाई निरुत्साहित गरिनेछ। ५. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ। ६. विपन्न तथा पिछडिएको परिवारको पुरानो जीर्ण आवास मर्मत गर्नका लागि समेत विशेष सहयोग उपलब्ध गराइनेछ।
२. नगरमा नयाँ बन्ने तथा पुनर्निर्माण हुने भवनमा नगरको पहिचान झल्किने गरी एकरूपता ल्याउने।	१. नगरको आफ्नै भवन निर्माण आचारसंहिता तयार पारी कडाईकासाथ कार्यान्वयनमा ल्याइनेछ। २. नक्शा पास नगरीकन कुनैपनि किसिमको आवास तथा भवन निर्माण गर्ने कार्यलाई पूर्ण रूपमा निरूत्साहित गरिनेछ। ३. नगरको विशिष्ट पहिचान झल्किने गरी एकरूपता ल्याउन तयार गरिएको आवास/भवन निर्माण कार्यविधिलाई पूर्णरूपमा पालना गरी नयाँ वा पुनर्निर्माण कार्य गरिएमा विशेष सहुलियत प्रदान गरिनेछ। ४. गैरआवासीय क्षेत्रमा आवास/भवन निर्माण गर्न निरुत्साहित गरिनेछ। ५. पुराना घर/भवनको ठाउँमा नयाँ निर्माण गर्दा पुरानो मौलिक स्वरूपलाई पुनर्जागृत गर्नाका लागि प्रोत्साहित गर्न आवश्यक प्राविधिक सहयोगका साथमा विशेष सहुलियतको व्यवस्था समेत गरिनेछ।
३. नगरका विभिन्न ठाउँमा नयाँ व्यवस्थित बस्ती विकासको साथमा पुराना बस्ती एवम् शहरी क्षेत्रहरूको योजनाबद्ध किसिमले समयानुकल रूपान्तरण, पुनःनिर्माण तथा व्यवस्थापन गराउने।	१. नगरभित्रका शहरी एवम् ग्रामीण दुवै परिवेशका बस्तीहरूलाई सन्तुलित विकासको अवधारणालाई केन्द्रमा राख्दै क्रमागत रुपमा व्यवस्थित बस्ती विकासका लागि वैज्ञानिक ढंगले पूर्वाधार तथा सेवाहरूको बिस्तार गरिनेछ। २. नयाँ बस्ती तथा पुराना बजार क्षेत्रमा पूर्वाधार विकास गर्दा बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी नेटवर्क, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट, पार्किङ आदिको एकीकृत् डिजाईन तथा निर्माणलाई प्रोत्साहन गरिनेछ

	। ३. पुराना शहरी तथा बजार क्षेत्रलाई पुनर्निर्माण गरी पुर्नजागृत गराउनका लागि स्थानीयलाई विशेष सहुलियतको व्यवस्था गर्दै एक पुनर्जागरण योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ। ४. शहरी क्षेत्रमा हरियाली पार्क तथा मनोरञ्जन स्थल निर्माणलाई प्रोत्साहन गरिनेछ। ५. शहरी पूर्वाधार विकास गर्दा स्थानीय निर्माण सामाग्री प्रयोगका लागि प्रोत्साहन गरिनेछ। ६. शहरी पूर्वाधार विकास गर्दा धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका वस्तुहरूको जगेर्ना तथा प्रवर्द्धन गरिनेछ।
४. बजार र ग्रामीण क्षेत्रको जनसाङ्ख्यिक असन्तुलनलाई थप बढ्न नदिने।	१. प्रत्येक वडामा बस्ती बसाल्न योग्य क्षेत्रको पहिचान गरि आधारभूत शहरी पूर्वाधार तथा सेवा सुविधाहरूको व्यवस्थापन गरी एकीकृत्, नमुना तथा व्यवस्थित बस्ती निर्माण गरिनेछ। २. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ। ३. नयाँ सडकको छेउमा हुनसक्ने थप बस्ती बिस्तारलाई निरुत्साहित गरिनेछ।

७.२.५ कार्यक्रमका प्राथमिकता

- सबै नगरबासीका निम्ति सुलभ, सुरक्षित र वातावरणमैत्री आवास निर्माण तथा स्तरोन्नति।
- पुराना आवास एवम् बस्तीहरूको योजनाबद्ध किसिमले रूपान्तरण, पुनःनिर्माण र व्यवस्थापन।
- विभिन्न स्थानमा एकीकृत बस्ती, नमुना बस्ती तथा योजनावद्ध बस्तीको विकास।

७.२.६ कार्यक्रमहरू

आवास, बस्ती र शहरी विकासका क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	अति विपन्न तथा भुमिहीन नागरिकलाई न्यूनतम मापदण्डको आवास निर्माण गरी	प्याकेज		२०७७/७८	निरन्तर	जनता आवास कार्यक्रमसँगको

	स्वामित्व हस्तान्तरण					सहकार्यमा
२.	नयाँ बन्ने आवास तथा अन्य भवनहरू वातावरणमैत्री हुने कुरा सुनिश्चित गर्ने नीति तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	आवास स्थानीय मौलिक ढाँचामा निर्माण गर्न र स्थानीय निर्माण सामाग्री प्रयोगका गर्न प्रोत्साहित गर्ने कार्यक्रम।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती बिस्तारलाई निरुत्साहित गर्न जनचेतना कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा/वडा
५.	अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को परेका व्यक्तिका लागि विशेष सामाजिक आवास निर्माण	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
६.	विपन्न तथा पिछडिएको परिवारको पुरानो जीर्ण आवास मर्मत गर्नका लागि समेत विशेष सहयोग कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	नपा
७.	व्यवस्थित बस्ती विकासका लागि वैज्ञानिक ढंगले पूर्वाधार तथा सेवाहरूको बिस्तार गर्ने नीति तर्जुमा	संख्या	१	२०७८/७९	२०७९/८०	नपा
८.	बजार क्षेत्रमा पूर्वाधार विकास गर्दा बाटो, पैदल मार्ग, साइकल लेन, खानेपानी, इन्टरनेट, ढल, बिजुली, ट्राफिक लाइट, पार्किङ आदिको एकीकृत डिजाईन र निर्माण प्रोत्साहन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
९.	भवन निर्माण कार्यविधि/आचारसंहिता तयार पारी कडाईकासाथ कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	भवन निर्माण कार्यविधिलाई पूर्णरूपमा पालना गरी नयाँ वा पुनर्निर्माण गर्नेलाई विशेष सहुलियत प्रदान गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	पुराना बजार क्षेत्रलाई पुर्नजागृत गराउनका लागि एक पुनर्जागरण योजना तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	स्थानीय बासिन्दाको सहभागितामा पुतलीखेत बजारलाई पुनर्जागृत गर्ने कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१३.	शहरी क्षेत्रमा हरियाली पार्क तथा मनोरञ्जन स्थल निर्माणलाई प्रोत्साहन गर्ने नीति तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा

१४	पुराना घर/भवनको ठाउँमा नयाँ निर्माण गर्दा पुरानो मौलिक स्वरूपलाई पुनर्जागृत गर्न आवश्यक प्राविधिक सहयोगका साथमा विशेष सहुलियत प्रदान कार्यक्रम	संख्या	मागका आधारमा	२०७७/७८	निरन्तर	नपा
१५.	शहरी पूर्वाधार विकास गर्दा धार्मिक, साँस्कृतिक र पर्यटकीय महत्वका वस्तुको जगेर्ना तथा प्रवर्द्धन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१६.	प्रत्येक वडामा बस्ती बसाल्न योग्य क्षेत्रको पहिचान गरि एकीकृत्, नमुना तथा व्यवस्थित बस्ती निर्माण	संख्या		२०७७/७८	निरन्तर	नपा/गप्रस
१७.	कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गर्ने नीति तर्जुमा तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१८.	स्याङजा बसपार्क सुदृढीकरण	संख्या	१	२०७८/७९	निरन्तर	नपा/निजी क्षेत्र सहकार्य
१९.	सुरक्षित बस बिसौनी निर्माण	संख्या	५०	२०७७/७८	२०८१/८२	नपा

७.२.७ अपेक्षित उपलब्धिहरू

- सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या शत प्रतिशत पुगेको हुनेछ।
- प्रत्येक वडामा कम्तीमा एक-एक वटा गरी जम्मा १४ वटा बस्तीलाई सुविधासम्पन्न नमुना बस्तीको रूपमा विकास गरिएको हुनेछ।
- नगरका बजार/शहरी क्षेत्रमा रहेको सबै शहरी सडकको निर्माण, स्तरोन्नति तथा आवधिक मर्मत एवम् सतह नाली निर्माण/मर्मत सम्भार गरिनेछ।
- नगरभित्र स्याङजा बजारमा रहेको बसपार्कलाई दिगो व्यवस्थापन तथा सुदृढिकरण गर्दै यसको उपयोगिता वृद्धि गरिएको हुनेछ।
- नगरका विभीन्न स्थानमा कम्तीमा ५० वटा बस बिसौनीको निर्माण गरिएको हुनेछ।
- विभिन्न स्थानमा रहेका उद्यानहरूलाई स्तरीय मनोरञ्जनस्थलको रूपमा स्तरोन्नति तथा व्यवस्थापन गरिएको हुनेछ।

७.३ उर्जा

७.३.१ पृष्ठभूमि

जलविद्युत उर्जा र आयातित खनिज उर्जा यस नगरपालिकाको उर्जाको माग पूर्तिका प्रमुख स्रोत हुन्। यसैगरी नवीकरणीय उर्जाको पनि उपयोगिता बिस्तार हुँदै गइरहेको छ। नगरपालिकाको सबै भू-भागमा विद्युत सेवा बिस्तार

भइसकेको छ तर केही बस्तीमा वितरित विद्युत सेवालाई भरपर्दो तथा सुरक्षित बनाउन बाँकी नै छ। बहु-उपयोग गर्न सकिने भएकाले विश्वभर नवीकरणीय ऊर्जाको महत्व तथा उपयोगिता व्यापक बन्दै गइरहेको छ । विद्युत् उत्पादनबाहेक बायोग्याँस, बायोमास, बायोइन्धन जस्ता क्षेत्रमा पछिल्ला वर्षहरूमा भएका अध्ययनले निकै उर्जादक्ष र प्रयोगकर्ता मैत्री प्रविधिहरू विकास भैरहेका छन् । दिगो विकास लक्ष्य (२०१५–२०३०) तथा नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ। त्यसैले नगरपालिकाका शहरी तथा ग्रामीण क्षेत्रमा बढ्दो उर्जा मागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित उर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास तथा दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मूल प्रवाहमा ल्याउनका लागि पुतलीबजार नगरपालिकाले आफ्ना प्रयासहरू केन्द्रित गरिरहेको छ।

७.३.२ प्रमुख समस्या

उर्जाका सवालमा यस पुतलीबजार नगरपालिकाका प्रमुख समस्याहरूमा उर्जाको माग सम्बोधनका लागि जलविद्युत वा आयातित खनिज उर्जामा ठूलो निर्भरता हुनु, विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न आवश्यक पूर्वाधारहरूको निर्माण नहुनु, विद्युत वितरण प्रणाली सुरक्षित तथा भरपर्दो नहुनु, उर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र बिस्तारको लागि सहुलियत ऋण, जोखिम व्यवस्थापन र बीमाको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रुपमा आकर्षित हुन नसक्नु, नगरपालिकामै वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुनु रहेका छन्।

७.३.३ चुनौती र अवसर

क. चुनौती

यस नगरपालिकाका उर्जाका सवालमा मुख्य चुनौतीहरूको कुरा गर्दा इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युतले प्रतिस्थापन गरी इन्धन आयात घटाउनु र विद्युतको आन्तरिक खपत बढाउनु, बत्ती बाल्नको निर्माण गरिएका पुराना वितरण प्रणाली (वितरण लाइन तथा विद्युत् मिटर) लाई खान पकाउन, विद्युतीय सवारी साधन चलाउन र ठूला उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ्ग केन्द्रहरूको बिस्तार गर्नु, सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ र सामुदायिक संस्थाहरूको सहकार्यमा सञ्चालित ग्रामीण विद्युतीकरण सेवालाई थप बिस्तार तथा वितरित विद्युत् सेवालाई थप भरपर्दो, दिगो, उत्पादनमूलक प्रयोग र खपतमा अभिवृद्धि गर्नु, घरेलु उद्योगहरूमा खाद्यान्न प्रशोधन गर्न र खानेपानी र सिंचाई आयोजनाहरूमा पानी तान्न सौर्य उर्जाको प्रयोग वृद्धि गर्नु, ग्रामीण क्षेत्रमा लघु जल तथा सौर्य विद्युत् आयोजना सञ्चालन गरी विद्युत् प्रसारण लाइनमा प्रवाह गरी आय वृद्धि गर्नु, खाना पकाउन स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नु, नवीकरणीय उर्जा क्षेत्रमा सहुलियत कर्जाको व्यवस्था गर्नु, सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु र कार्यक्रमहरूको दिगो विकास र व्यवस्थापन गर्नु प्रमुख हुन्।

ख. अवसर

यस पुतलीबजार नगरपालिकाका उर्जाका प्रमुख अवसरहरूमा नेपाल सरकारको आगामी १२ वर्षमा १५,००० मेगाबाट विद्युत् उत्पादन गर्ने र प्रतिव्यक्ति प्रति वर्ष विद्युत् खपत १,५०० किलोबाट पुऱ्याउने लक्ष्य भएको र गण्डकी प्रदेश सरकारले पनि उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको मुख्य सम्बाहक मान्नु, नगरपालिकाका खोलाहरूमा जलविद्युत् आयोजनाहरू विकासको सम्भावना रहनु, जलविद्युत् अध्ययन तथा निर्माणको लागि चाहिने दक्ष नेपाली प्राविधिक तथा कम्पनीहरू तयार हुनु, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले विद्युतीय सवारी साधन तथा चुल्हो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति लिनु, विश्व बजारमा नवीकरणीय तथा वैकल्पिक ऊर्जाका प्रविधिहरू द्रुत गतिमा सस्तो हुदै जानु, स्वच्छ उर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, नेपाल सरकारले नवीकरणीय ऊर्जा विकासलाई प्राथमिकतामा राख्नु, नेपालमा नवीकरणीय ऊर्जा विकास र व्यवस्थापन गर्न सक्ने जनशक्ति विकास हँदै जानु, नगरपालिकाका विभिन्न ठाउँमा सौर्य तथा वायु उर्जा उत्पादनको सम्भावना हुनु, ग्रामीण तथा शहर दुवै क्षेत्रमा वैकल्पिक ऊर्जा प्रतिको आकर्षण बढ्दै जानु, नवीकरणीय ऊर्जा क्षेत्रमा निजी क्षेत्र लगायतका विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जाका प्रविधि तथा कार्यक्रमहरूलाई कार्बन परियोजनाको रुपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु मुख्य रूपमा रहेका छन् ।

७.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

७.३.४.१ सोच

जलविद्युत र नवीकरणीय उर्जा, पुतलीबजारको दिगो सामाजिक आर्थिक विकासको आधारशीला ।

७.३.४.२ लक्ष्य

जलविद्युत तथा नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापन मार्फत् नगरको अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

७.३.४.३ उद्देश्य

१. नगरपालिका क्षेत्रमा विद्युत् व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने ।
२. नवीकरणीय उर्जाको उपयोगिता बिस्तार, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने ।
३. नवीकरणीय तथा वैकल्पिक उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण, व्यावसायिक प्रवर्द्धन र उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गर्ने ।

७.३.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरपालिका क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई सुरक्षित, दिगो र भरपर्दो बनाउने ।	१. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर विद्युत् वितरण लाइनलाई भरपर्दो एवम् सुरक्षित बनाउनका लागि सम्पूर्ण जीर्ण तार, ट्रान्सफर्मर र पोलहरू प्रतिस्थापन गर्ने एवम् आवश्यक अन्य उपायहरू अबलम्बन गरिनेछ ।

	२. नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गरी खाना पकाउन, विद्युतीय सवारी साधन चार्जिङ् गर्न र ठूला उद्योगमा खपत गर्न उपयुक्त हुने गरी वितरण लाइन तथा सबस्टेशनहरूको सञ्जाल बिस्तार गरिनेछ। ३. नेपाल सरकार, गण्डकी प्रदेश सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर मुख्य शहरी क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई भूमिगत गर्न सम्भाव्यता अध्ययन र निर्माण कार्य अगाडि बढाइनेछ। ४. निजी क्षेत्रसँगको सहभागितामा विद्युतबाट सञ्चालित सवारी साधनको क्रमिक रूपमा प्रवर्द्धन गरिनेछ। ५. नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरेर विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको क्रमिक रूपमा विकास गर्दै लगिनेछ। ६. नगरपालिका क्षेत्रका लागि विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन गरिनेछ।
२. नवीकरणीय, वैकल्पिक उर्जा तथा सुधारिएको चुल्होको प्रयोग वृद्धि गराउने।	१. राष्ट्रिय प्रसारण लाइनमा आधारित सामुदायिक विद्युतीकरण भएका क्षेत्रमा विद्युतीय चुल्हो प्रयोगको लागि प्रोत्साहन गरिनेछ भने विद्युतीय चुल्होको प्रयोग सम्भव नभएका ग्रामीण भेगमा स्वच्छ र किफायती धुवाँरहित सुधारिएको चुल्होहरू जडान गर्न प्रोत्साहन गरिनेछ। २. सार्वजनिक संस्थाहरू जस्तै विद्यालय, अस्पताल, आर्मी व्यारेक, प्रहरी चौकी, धार्मिक स्थल, वृद्धाश्रम, अनाथाश्रम इत्यादिमा स्वच्छ तथा किफायती सुधारिएको चुल्हो र बायोग्याँस प्लान्ट जडान गरी त्यसबाट उत्पादित ग्याँस संकलन गरी उपयोगमा ल्याइनेछ। ३. ब्यावसायिक कृषि फार्महरूमा तथा शहरी क्षेत्रबाट निस्किने फोहोरजन्य वस्तुबाट बायोग्याँस तथा प्राङ्गारिक मल उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। ४. सम्भाव्यता अध्ययन गरी नगर क्षेत्रबाट निस्किने प्लाष्टिक जन्य फोहोरबाट डिजेल उत्पादन गर्ने कार्य अगाडि बढाईनेछ।
३. नवीकरणीय तथा वैकल्पिक उर्जाको स्रोतलाई उत्पादन वृद्धि र रोजगारसँग जोड्दै ब्यावसायिक उर्जाको रुपमा विकास गर्ने।	१. नवीकरणीय उर्जाको प्रयोग बढाई नगदेबाली, तरकारी, फलफूल तथा जडीबुटी प्रशोधन (काट्ने, सुकाउने) गरी आयआर्जन वृद्धि गर्न प्रोत्साहन गरिनेछ। २. नवीकरणीय ऊर्जामा आधारित घरेलु उद्योग तथा पर्यटन लगायतका व्यवसाय सञ्चालन गर्न स्थानीय निजी क्षेत्र र समुदायलाई प्रोत्साहन गरिनेछ। ३. ग्राविटी सिस्टमबाट सिंचाई तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य उर्जाको प्रयोग गरी लिफ्ट खानेपानी तथा सिंचाईको सञ्चालन गरिनेछ। ४. नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरेर लघु जलविद्युत् आयोजना तथा

	रूफटप सौर्य उर्जा लगायतका नवीकरणीय उर्जालाई नेट मिटरिङ् प्रविधि मार्फत् ग्रीडमा जोड्ने र नेट पेमेन्ट गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाईनेछ। ५. मझौला तथा ठूला साइजका सौर्य, वायु तथा जैविक उर्जा प्लान्ट मार्फत् व्यावसायिक उर्जा उत्पादन गर्न सार्वजनिक, निजी, सहकारी तथा समुदाय र अन्तर्राष्ट्रिय क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

७.३.५ कार्यक्रमका प्राथमिकता

- नगरपालिका क्षेत्रमा विद्युत वितरण प्रणालीको दिगो, सुरक्षित र भरपर्दो व्यवस्थापन।
- नवीकरणीय उर्जाको उपयोगिता बिस्तार, विकास र व्यवस्थापन।
- नवीकरणीय तथा वैकल्पिक उर्जाको माध्यमबाट ग्रामीण विद्युतीकरण, व्यावसायिक प्रवर्द्धन र उद्योग सञ्चालन गरी रोजगार सिर्जना।

७.३.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	जीर्ण तार, ट्रान्सफर्मर र पोलहरू प्रतिस्थापन तथा विद्युत वितरण प्रणाली सुदृढीकरण कार्यक्रम	प्याकेज		२०७७/७८	निरन्तर	नेविप्रा र गप्रससँगको सहकार्यमा
२.	खाना पकाउन, विद्युतीय सवारी साधन चार्जिङ् गर्न र ठूला उद्योगमा खपत गर्न उपयुक्त हुने गरी वितरण लाइन तथा सबस्टेशनहरूको सञ्जाल बिस्तार	संख्या		२०७७/७८	निरन्तर	नेविप्रासँगको सहकार्यमा
३.	मुख्य शहरी क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई भूमिगत गर्न सम्भाव्यता अध्ययन र व्यवस्थापन कार्य सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नेविप्रा र गप्रससँगको सहकार्यमा
४.	विद्युतबाट सञ्चालित सवारी साधनको क्रमिक रूपमा प्रवर्द्धन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा/निक्षे
५.	स्मार्ट मिटर, स्मार्ट ग्रिड र बिलको अनलाइन भुक्तानीको क्रमिक रूपमा	संख्या		२०७७/७८	निरन्तर	नेविप्रासँगको सहकार्यमा

	विकास गर्ने					
६.	विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा/निक्षे
७.	विद्युतीय चुल्हो वा किफायती धुवाँरहित सुधारिएको चुल्होहरू जडान गर्न प्रोत्साहन कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा/निक्षे
८.	सार्वजनिक संस्थाहरूमा सुधारिएको चुल्हो र बायोग्याँस प्लान्ट जडान कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/सासं
९.	व्यावसायिक फर्म र शहरी क्षेत्रको फोहोरबाट बायोग्याँस र प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/निक्षे
१०.	नगर क्षेत्रबाट निस्किने प्लाष्टिक जन्य फोहोरबाट डिजेल उत्पादन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/निक्षे
११.	नगदेबाली, तरकारी, फलफूल, जडीबुटी काट्न र सुकाउन नवीकरणीय उर्जाको प्रयोग गर्न प्रोत्साहन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	नवीकरणीय ऊर्जामा आधारित घरेलु उद्योग व्यवसाय सञ्चालन गर्न निजी क्षेत्र र समुदायलाई प्रोत्साहन गर्ने कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा/निक्षे
१३.	सौर्य उर्जाको प्रयोग गरी लिफ्ट खानेपानी तथा सिंचाईको सञ्चालन	संख्या		२०७७/७८	निरन्तर	नपा
१४	लघु जलविद्युत् आयोजना र रूफटप सौर्य उर्जा नेट मिटरिङ् मार्फत् ग्रीडमा जोड्ने र नेट पेमेन्ट गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	निक्षे/ नेविप्रासँगको सहकार्यमा
१५.	मझौला र ठूला साइजका सौर्य, वायु तथा जैविक उर्जा प्लान्ट मार्फत् व्यावसायिक उर्जा उत्पादन गर्न सार्वजनिक, निजी, सहकारी तथा समुदाय र अन्तर्राष्ट्रिय क्षेत्रलाई प्रोत्साहन कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	निक्षे/ नेविप्रासँगको सहकार्यमा
१६.	स्थानीय बासिन्दाको सहभागितामा सौर्य वा जलविद्युत उर्जामा आधारित स्वचालित सडकबत्तीहरू सञ्चालन	प्याकेज		२०७७/७८	निरन्तर	नपा

७.३.७ अपेक्षित उपलब्धिहरू

- उर्जामा नवीकरणीय उर्जाको उपयोग अनुपात उल्लेख्य रुपमा हुनेछ।

- विद्युत सुविधा पुगेको जनसङ्ख्या शत प्रतिशत पुगेको हुनेछ।
- विभिन्न स्थानमा सौर्य वा जलविद्युत उर्जामा आधारित स्वचालित सडकबत्तीहरू सञ्चालनमा आएका हुनेछन् ।
- नगरभित्र रहेको सम्पूर्ण विद्युत वितरण लाइन सुदृढीकरण गरी भरपर्दो तथा सुरक्षित बनाइएको हुनेछ।
- नगरमा कम्तीमा ४ वटा सोलार प्लाण्ट एवम् ४ वटा बायोग्याँस प्लाण्ट स्थापना गरी सञ्चालनमा ल्याइएको हुनेछ।

७.४ सञ्चार तथा सूचना प्रविधि

७.४.१ पृष्ठभूमि

सूचना तथा सञ्चारलाई सामाजिक, आर्थिक, राजनीतिक लगायतका परिवर्तनको एक प्रमुख माध्यमका रूपमा लिने गरिन्छ। अहिलेको विश्वमा सञ्चार तथा सूचना प्रविधिको महत्त्व दिनानुदिन बढ्दो क्रममा छ। त्यही बढ्दो महत्वका कारण विश्वभर सञ्चार तथा सूचना प्रविधिको तीब्र रूपमा विकास एवम् बिस्तार भइरहेको छ र हाम्रो नगरपालिका पनि त्यसबाट अछुतो छैन्। नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । हाल यस नगरपालिकाका १४ वटै वडाहरूमा मोबाइल सेवा, आठ वटा वडाहरूमा पि.एस.टि.एन वा ल्याण्डलाइन सेवा, १४ वटै कार्यालयहरूसम्म र सबै वडाका मुख्य बस्तीहरूसम्म तारवाला ईन्टरनेटको पहुँच बिस्तार भइसकेको छ । नगरपालिकाभित्र एक ईजाजतप्राप्त एफ. एम्. रेडियो, एक ईजाजतप्राप्त टेलिभिजन प्रसारण संस्था र चार वटा पत्रिका नियमित रूपमा प्रकाशनमा रहेका छन्। नगरपालिकाका सबै बस्तीहरूमा सूचना तथा सञ्चार क्षेत्रका नबीनतम प्रविधिको व्यापक एवम् सुलभ बिस्तार गर्दै नगरबासीका लागि प्रशासनिक सेवा प्रवाहलाई छरितो एवम् थप प्रभावकारी बनाउने, नगरबासीको दैनिक जीवनलाई अझै सहज बनाउने, शिक्षा र स्वास्थ्यका सेवाहरूलाई सवलीकृत बनाउँदै लैजाने जस्ता लक्ष्यहरू नगरपालिकाले लिएको छ।

७.४.२ प्रमुख समस्या

यस नगरपालिकामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विद्यमान समस्याहरूको कुरा गर्दा पि.एस.टि.एन वा ल्याण्डलाइन सेवाको बिस्तार केही वडाहरूमा मात्र सीमित रहनु, मोबाइल सेवा सबै वडाहरूमा पुगेको भएतापनि केही बस्तीहरूमा मोबाइलको नेटवर्कमा समस्या हुनु, सबै वडाका सबै मुख्य बस्तीहरूसम्म द्रुत गतिको तारवाला इन्टरनेट सेवाको उपलव्धता नहुनु, उपलव्ध सञ्चार माध्यमहरू समेत शहर केन्द्रित हुनु, भएका सञ्चार संस्थाहरूको गुणात्मक विकास हुन नसक्नु प्रमुख रूपमा आउँछन् । यी समस्याहरू सँगसँगै यहाँ विद्यमान उत्तिकै महत्वपूर्ण समस्याहरूमा बजार क्षेत्रदेखि ग्रामीण परिवेशका बस्तीहरूसम्ममै पोलमा जथाभावी बेरेर राखिने वा झुण्ड्याएर लगिने तारयुक्त सञ्चार प्रविधिले बजार तथा बस्तीहरूको सौन्दर्यता घट्दै जानु, नगरमा साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधीकरण गर्न नसक्नु, विभिन्न ठाउँमा खोलिएका सूचना केन्द्रहरूको उपयोगिता घट्दै जानु रहेका छन्।

७.४.३ चुनौती र अवसर

क. चुनौती

यस नगरपालिकाका लागि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विद्यमान चुनौतीहरूको कुरा गर्दा मोबाइल सेवाको गुणस्तर तथा यसका पूर्वाधारहरू थप गर्दै सबै वडाका बस्तीहरूमा गुणस्तरीय सञ्चारसेवाको उपलब्धताको प्रत्याभूति गर्नु, पि.एस.टि.एन वा ल्याण्डलाइन सेवालाई सबै वडाहरूका केन्द्रसम्मै बिस्तार गर्नु, छरिएर रहेका तथा भौगोलिक रूपमा ठूला वडाहरू रहेकाले सबै वडाका बस्तीहरूसम्म द्रुत गतिको तारवाला इन्टरनेट सेवा उपलब्ध गराउनु, उपलव्ध सञ्चार माध्यमहरूको सहज सेवा नगरपालिकाको सबै ठाउँहरूसम्म पुऱ्याउनु, नगरमा भएका सञ्चार संस्थाहरूको गुणात्मक विकास गर्नु, बजार क्षेत्रदेखि ग्रामीण परिवेशका बस्तीहरूसम्ममै पोलमा जथाभावी बेरेर राखिने वा झुण्ड्याएर लगिने तारयुक्त सञ्चार प्रविधिको प्रभावकारी किसिमले व्यवस्थापन गर्नु, नगरमा साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्ति तयार गर्नु, टेलिसेन्टरहरूको सेवामा विविधीकरण गर्दै थप प्रभावकारी बनाउनु, विभिन्न ठाउँमा खोलिएका सूचना केन्द्रहरूको उपयोगिता बढाउनु प्रमुख रूपमा रहेका छन् ।

ख. अवसर

यस नगरपालिकामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा उपलब्ध अवसरहरूका सवालमा सूचना तथा सञ्चार सम्बन्धी अधिकार संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध हुनु, सूचना तथा सञ्चार क्षेत्रको विकासका लागि केन्द्र र प्रदेश सरकारसँग सहकार्य गर्ने अवस्था हुनु, नगरका शहरीदेखि ग्रामीण क्षेत्रसम्मै मोबाइल, इन्टरनेटजस्ता सञ्चार माध्यमहरूको पहुँचमा क्रमश: वृद्धि हुदै जानु, नगरभित्रका १४ वटै वडाका केन्द्रहरूसम्म ईन्टरनेटको पहुँच बिस्तार हुनु, सबै वडाका मुख्य बस्तीहरूसम्मै द्रुतगतिको ब्रोडब्याण्ड इन्टरनेट सेवा बिस्तार गर्न सकिने अवस्था हुनु, मोबाइल तथा इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदै जानु, नगरबासीमा डिजिटल साक्षरता बढ्दै जानु, बहुसंख्यक जनताको हातमा मोबाइल सेवा पुग्नु, शिक्षा, स्वास्थ्य, बैंकिङ आदि क्षेत्रमा सञ्चार प्रविधिको उपयोगिता झनझन वृद्धि हुँदै जानु, सामुदायिक सूचना केन्द्र तथा टेलिसेन्टरहरूको सेवामा विविधीकरण गर्दै थप प्रभावकारी बनाउन सकिने अवस्था हुनु मुख्य रूपमा आउँछन् ।

७.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

७.४.४.१ सोच

सूचना प्रविधि र सञ्चार, समृद्ध पुतलीबजार निर्माणको आधार ।

७.४.४.२ लक्ष्य

सूचना तथा सञ्चारका नबीनतम प्रविधिहरूमा नगरबासीको पहुँच तथा उपयोगितामा वृद्धि गर्दै जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने ।

७.४.४.३ उद्देश्य

१. नगरबासीमा सूचना तथा सञ्चारका नबीनतम प्रविधिको पहुँच तथा उपयोगिता वृद्धि गर्दै दैनिक जीवनलाई सहज तुल्याउने।

२. शिक्षा, स्वास्थ्य, आर्थिक गतिविधि लगायतका क्षेत्रमा सूचना प्रविधिको विश्वसनीयता तथा सुरक्षित प्रयोग सुनिश्चित गर्ने।

७.४.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सबै नगरबासीमा सूचना तथा सञ्चारका नबीनतम प्रविधिको पहुँच बिस्तार गर्ने।	१. नगरका सबै ठाउँमा विश्वासनीय दूरसञ्चारको सुविधा सुनिश्चित गर्नका लागि एकीकृत नेटवर्क प्रयोग, नेटवर्क सुधार, टावर बिस्तार, क्षमता बिस्तार आदिका लागि सेवा प्रदायकसँग सहकार्य गरिनेछ। २. नगरमा सञ्चालित आम सञ्चारका माध्यमको पहुँच नगरभरि नै बिस्तार गरिनेछ। ३. सूचना प्रविधि तथा सञ्चार क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ। ४. नगरमा सञ्चालित आमसञ्चारका माध्यमबाट सम्प्रेषण हुने विषयवस्तुको गुणस्तर सुधार गर्नका लागि सञ्चार माध्यम, पत्रकार तथा सञ्चारकर्मीलाई तालिम, अभिमुखिकरण तथा प्रोत्साहनको व्यवस्था गरिनेछ। ५. नगरमा केबल सेवा प्रदान गर्ने सेवाप्रदायकहरूको गुणस्तरीयता सुनिश्चित गर्न आवश्यक नियमन तथा अनुगमन गरिनेछ।
२. सबै नगरबासीमा इन्टरनेट सेवा पुऱ्याउने।	१. नगरका १४ वटै वडाका केन्द्रहरूसहित बाक्ला बस्तीहरूमा सेवा प्रदायक र गण्डकी प्रदेश सरकारसँगको लागत साझेदारीमा ब्रोडव्याण्ड इन्टरनेट बिस्तार गरिनेछ। २. इन्टरनेटको सेवा नपुगेका नगरका ग्रामीण भेगहरूमा इन्टरनेट सेवा बिस्तार गर्नका लागि सेवाप्रदायक कम्पनीहरूलाई प्रोत्साहित गरिनेछ। ३. नगरका सबै भेगमा गुणस्तरीय मोवाइल डाटासेवा उपलब्ध गराउनका लागि सेवाप्रदायक कम्पनीहरूसँगको सहकार्यमा आवश्यक पूर्वाधार विकास गरिनेछ।
३. शिक्षा, स्वास्थ्य, शैक्षिक, आर्थिक गतिविधि लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोग बिस्तार गर्ने।	१. आधुनिक सूचना प्रविधिको पहुँच नगरका सबै विद्यालयका कक्षाकोठासम्म बिस्तार गदै प्रत्येक विद्यालयमा एक विशिष्ट आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना गरिनेछ। २. नगरबासीमा डिजिटल साक्षरता बढाउन टोल विकास संस्थासँगको सहकार्यमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। ३. नगरका प्रत्येक विद्यालयमा निशुल्क WiFi सेवा उपलब्ध गराइनेछ।

	४. संघीय सरकार, प्रदेश सरकार तथा अन्य संस्थासँगको साझेदारीमा वडा तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
४. नगरमा सूचना तथा सञ्चार क्षेत्रको व्यवसायिकतालाई प्रवर्द्धन गर्ने।	१. नगरका पर्यटकीय क्षेत्रहरूमा चलचित्र छायांकनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ। २. नगरको मौलिक संस्कृतिमाथि निर्माण हुने वृत्तचित्र, चलचित्र लगायतलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

७.४.५ कार्यक्रमका प्राथमिकता

- नगरबासीमा सूचना तथा सञ्चारका प्रविधिको उपयोगिता वृद्धि गर्ने।
- शिक्षा, स्वास्थ्य, आर्थिक गतिविधि लगायतमा सूचना प्रविधिको उपयोगिता बढाउने।
- आमसञ्चारका माध्यमलाई व्यावसायिक र थप जवाफदेही बनाउने।

७.४.६ कार्यक्रमहरू

सञ्चार तथा सूचना प्रविधि क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	सञ्चारमा एकीकृत नेटवर्क प्रयोग, नेटवर्क सुधार, टावर बिस्तार, क्षमता बिस्तार कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	सेवा प्रदायकसँग सहकार्य
२.	नगरमा सञ्चालित आम सञ्चारका माध्यमको नगरभरि पहुँच नै बिस्तर गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	सेवा प्रदायकसँग सहकार्य
३.	सूचना प्रविधि तथा सञ्चार क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/निक्षे सहकार्य
४.	सञ्चार माध्यम प्रवर्द्धक, पत्रकार तथा सञ्चारकर्मीलाई तालिम, अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	केबल सेवाप्रदायकहरूको गुणस्तरीयता	संख्या	१	२०७७/७८	निरन्तर	नपा

	सुनिश्चितताका लागि आवश्यक नियमन अनुगमन कार्यविधि तयारी र कार्यान्वयन					
६.	नगरका १४ वटै वडाका केन्द्रहरूसहित बाक्ला बस्तीहरूमा ब्रोडव्याण्ड इन्टरनेट बिस्तार गर्ने	प्याकेज	१४	२०७७/७८	२०७८/७९	सेप्र र गप्रससँगको साझेदारीमा
७.	नगरभरी गुणस्तरीय मोवाइल डाटासेवा र इन्टरनेट सेवा उपलब्ध गराउन सेवाप्रदायक कम्पनीसँग सहकार्यको मोडेल तयार पारी कार्यान्वयन गर्ने	संख्या	१	२०७८/७९	२०७९/८०	नपा र सेप्र साझेदारीमा
८.	प्रत्येक विद्यालयमा एक विशिष्ट आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना	संख्या	प्रति विद्यालय १	२०७८/७९	२०७९/८०	नपा र गप्रसको साझेदारीमा
९.	टोल विकास संस्थासँगको सहकार्यमा डिजिटल साक्षरता तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन	संख्या	प्रति टोल वार्षिक १	२०७८/७९	२०७९/८०	नपा
१०.	प्रत्येक विद्यालयमा निशुल्क WiFi सेवा उपलब्ध गराउने	संख्या	प्रति विद्यालय १	२०७८/७९	२०७९/८०	नपा
११.	वडा तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन	संख्या	१४	२०७७/७८	निरन्तर	नपा, गप्रस, केस सहकार्यमा
१२.	कर्मचारीको सूचना प्रविधि क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१३.	नगरमा चलचित्र छायांकनका लागि आवश्यक पूर्वाधार विकास गर्न कार्ययोजना तर्जुमा तथा कार्यान्वयन	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१४.	नगरको बारेमा निर्माण हुने वृत्तचित्र, चलचित्र लगायतलाई प्रोत्साहन-प्रवर्द्धन गर्न कार्ययोजना तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१५.	सुविधासम्पन्न सूचना प्रविधि पार्क स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	२०७९/८०	नपा

७.४.७ अपेक्षित उपलब्धिहरू

- मोबाइल फोनको पहुँच पुगेको जनसङ्ख्या शत प्रतिशत तथा इन्टरनेटको पहुँच पुगेको जनसङ्ख्या ९० प्रतिशत पुगेको हुनेछ।
- रेडियो प्रसारणको पहुँचप्राप्त जनसङ्ख्या शत प्रतिशत तथा आधुनिक टेलिभिजनको प्रसारणको पहुँचप्राप्त जनसङ्ख्या शत प्रतिशत पुगेको हुनेछ।
- नगर सबै क्षेत्रभित्र अप्टिकल फाइबर बिस्तार भएको हुनेछ।

- नगरका सबै विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा बिस्तार भएको हुनेछ।
- नगरको डिजिटल साक्षरता शत प्रतिशत पुगेको हुनेछ।
- एक सूचना प्रविधि पार्क स्थापना भई सञ्चालनमा आएको हुनेछ।

७.८ खानेपानी तथा सरसफाई

७.८.१ पृष्ठभूमि

मानवका आधारभूत आवश्यकताहरूमध्ये खानेपानी एक हो। सुरक्षित खानेपानीको उपलब्धतालाई संघीय गणतन्त्र नेपालको संविधान २०७२ ले नेपाली नागरिकको एक मौलिक हकको रुपमा व्यवस्था गरेको छ। आ.व. २०७६/७७ को अन्त्यसम्ममा यस पुतलीबजार नगरपालिकाका शत प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानीको सुविधा उपलब्ध भइसकेको छ भने मध्यम तथा उच्च स्तरको खानेपानी सुविधाबाट न्युन प्रतिशत जनसङ्ख्या मात्रै लाभान्वित छन्। सरसफाईको सवालमा तत्कालीन पुतलीबजार नगरपालिका सात वर्ष अघि नै खुल्ला दिशामुक्त नगरपालिका घोषित भैसकेको थियो भने हाल यस नगरपालिकामा गाभिएका तत्कालीन सात गाविसहरू समेत सोही समयको वरिपरि नै खुल्ला दिशामुक्त घोषणा भएका थिए। स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार पार्न गुणस्तरीय खानेपानी र सरसफाइको सुविधाको व्यवस्था गर्नु स्थानीय सरकारको दायित्व रहेको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रलाई यस पुतलीबजार नगरपालिकाले उच्च प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ।

७.८.२ प्रमुख समस्या

खानेपानी र सरसफाईको सन्दर्भमा यस पुतलीबजार नगरपालिकाका प्रमुख समस्याहरूमा तीन तहका सरकार बीच कार्यक्षेत्र स्पष्ट नहुनु, खानेपानीको विकास, वितरण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग हुन नसक्नु, खुल्ला दिशामुक्त क्षेत्र घोषणाका बाबजुद अहिले पनि नगरका केही घरधुरीमा सुरक्षित शौचालयको सुविधा नहुनु, राजमार्ग तथा अन्य सड्क छेउछाउमा खुल्ला दिशाको समस्या विद्यमान रहीरहनु, सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, न्यून बजेटका कारण निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्नु, गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूलप्रवाहबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन, जथाभावी सडक निर्माण, बढ्दो शहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, वितरण गरिएको पानीको गुणस्तर अनुगमन र गुणस्तर वृद्धिमा पर्याप्त ध्यान पुऱ्याउन नसक्नु, वातावरणीय सरसफाईलाई सामाजिक जीवनको एक अभिन्न हिस्साको रूपमा विकास गर्नका लागि टोल विकास संस्थाहरूलाई प्रभावकारी बनाउन नसक्नु, आफ्नो बस्तीमा सरसफाई कायम गर्ने कार्यमा स्थानीय बासिन्दामा अपनत्वको भावना विकास हुन नसक्नु, बजार क्षेत्रमा फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधि मैत्री बनाउन नसक्नु, फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रुपले अगाडि बढाउन नसक्नु, फोहरमैला व्यवस्थापन प्रणाली कमजोर भएका कारण मुख्य बजार क्षेत्रबाहेकका बस्तीहरूमा उत्पादित नकुहिने फोहरको व्यवस्थापनमा ध्यान पुऱ्याउन नसक्नु रहेका छन्।

७.८.३ चुनौती र अवसर

क. चुनौती

खानेपानी र सरसफाईको कुरा गर्दा यस पुतलीबजार नगरपालिकाका मुख्य चुनौतीहरूमा तीन तहका सरकार बीच कार्यक्षेत्र स्पष्ट गरि एकीकृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु, बजार क्षेत्र तथा ग्रामीण क्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्थापन गर्नु, खानेपानीको विकास, वितरण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग सुनिश्चित गर्नु, सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी गरी निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्नु, गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूलप्रवाहमा ल्याउनु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्नु, बढ्दो शहरीकरण र बसाइँसराइँबाट खानेपानी, सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, वितरण गरिएको खानेपानीको गुणस्तर नियमित रूपमा मापन तथा अनुगमन गरि गुणस्तरीयता सुनिश्चित गर्नु, योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु, बजार क्षेत्रमा फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधि मैत्री बनाउनु, फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रुपले अगाडि बढाउनु, फोहरमैला व्यवस्थापन प्रणालीलाई थप सुदृढ बनाउँदै मुख्य बजार क्षेत्रबाहेकका बस्तीहरूबाट उत्पादित नकुहिने फोहरको समेत प्रभावकारी रूपमा व्यवस्थापन गर्नु, राजमार्ग तथा अन्य सड्क छेउछाउमा हुने खुल्ला दिशा विसर्जनलाई नियन्त्रण गर्नु रहेका छन् ।

ख. अवसर

खानेपानी र सरसफाईको सन्दर्भमा यहाँका मुख्य अवसरहरू खानेपानी तथा सरसफाई नगरबासीले अति नै महत्वका साथ हेर्ने विषय हुनु, खानेपानी तथा सरसफाईको सुविधालाई नेपालको संविधानले नै नागरिकको मौलिक हकको रुपमा व्याख्या गर्नु, आधारभूत खानेपानी तथा सरसफाई क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, खानेपानी तथा सरसफाईको क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको चासो तथा लगानी आकर्षित हुँदै जानु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बजार क्षेत्र र शहरी तथा ग्रामीण बस्ती नजिकै पानीका स्रोतहरू जस्तै नदी, खोलानाला, मूल र भूमिगत पानीको उपलब्धता प्रचुर मात्रामा रहनु, पाइप प्रणालीबाट मात्र खानेपानी सुविधा पुऱ्याउन सकिने धेरैजसो ठाउँमा विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु, शहरी क्षेत्रबाट निस्कने फोहोर मैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको चासो एवम् सहभागिता वृद्धि हुँदै जानु, घरबाट फोहरलाई आयआर्जनको स्रोतको रूपमा समेत विकास गर्न सकिनु लगायतका हुन् ।

७.८.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

७.८.४.१ सोच

नगरबासीको सुस्वास्थ्य र नगरको स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई ।

७.८.४.२ लक्ष्य

सबै बस्तीहरूमा भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा बिस्तार गर्ने ।

७.८.४.३ उद्देश्य

१. नगरका सबै घरधुरीसम्म आधारभूत खानेपानी सुविधाको पर्याप्त, सर्वसुलभ र सहज पहुँच सुनिश्चित गर्दै व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने।

२. सबै नगरबासीलाई आधारभूत सरसफाई सेवाको पहुँच सुनिश्चित गर्दै मानव मल-मूत्र तथा घरायसी फोहोरको उचित व्यवस्थापन गरी जनस्वास्थ्यको सुरक्षा गर्ने।

३. नगरमा जलवायु परिवर्तन अनुकुल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाई सेवा सुनिश्चित गर्ने।

७.८.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. आधारभूत खानेपानी सुविधा सहज रूपमा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरूको निर्माण तथा सुविधा बिस्तार गर्ने।	१. आधारभूत खानेपानीको सुविधा नपुगेका ठाउँ तथा घरधुरीहरूमा उपयुक्त विधिको प्रयोग गरी पर्याप्त तथा सुरक्षित आधारभूत खानेपानीको सुविधाको उपलब्धता सुनिश्चित गरिनेछ। २. खानेपानीको सुविधा भरपर्दो रूपमा नपुगेका ठाउँहरूमा नयाँ योजना वा पुरानो योजनाको क्षमता सुधार गरी आधारभूत खानेपानीको सुविधाको पर्याप्त, सर्वसुलभ र सहज उपलब्धता सुनिश्चित गरिनेछ। ३. नगरमा नयाँ निर्माण हुने खानेपानी योजनामा स्थानीय बासिन्दा/उपभोक्ताको सक्रिय तथा जिम्मेवार सहभागिता सुनिश्चित गरिनेछ।
२. सञ्चालित सबै खानेपानी योजनाको व्यवस्थापनलाई सुदृढ बनाउँदै गुणस्तरीता कायम गराउने।	१. जीर्ण अवस्थामा रहेका तथा सञ्चालित अन्य खानेपानी योजनाको आवश्यक मर्मतसंभार तथा क्षमता बिस्तार गरी सेवा नियमित एवम् प्रभावकारी बनाइनेछ। २. नगरमा सञ्चालित खानेपानी योजनाबाट वितरित पानीको गुणस्तर कायम राख्न नियमित जाँच गर्नका लागि एक गुणस्तर नियन्त्रण युनिट तयार गरी परिचालन गरिनेछ। ३. एकै बस्तीमा रहेका २ वा २ भन्दा बढी खानेपानी आयोजनाहरूलाई एकीकृत गरी वितरण तथा व्यवस्थापन प्रणाली थप सुदृढ बनाइनेछ। ४. नगरमा सञ्चालित खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत संभार कार्यमा उपभोक्ता समितिको क्षमता वृद्धि गर्नका लागि विभिन्न कार्यक्रम गर्दै बढीभन्दा बढी जिम्मेवार तथा सक्रिय बन्न प्रोत्साहित गरिनेछ। ५. आधारभूत बाहेकका मध्यम तथा उच्च स्तरका खानेपानी योजनाको दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूबाट न्यूनतम शुल्क संकलन गरिनेछ। ६. नगरभित्रका सम्पूर्ण विद्यालयमा सुरक्षित पिउनेपानी पर्याप्त मात्रामा उपलब्ध गराईनेछ।

३. नगरका शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको उपलब्धता तथा पूर्ण उपयोगिता सुनिश्चित गराउने।	१. सबै टोल/बस्तीका व्यक्तिगत घरहरूमा आधारभूत शौचालय निर्माण तथा पूर्ण उपयोगिता सुनिश्चित भएको कुरा अनुगमन गर्नका लागि टोल विकास संस्थालाई सक्रिय बनाइनेछ। २. सबै सामुदायिक भवन, सार्वजनिकस्थल, विद्यालय तथा धार्मिक स्थलहरूमा प्रभावकारी किसिमले आवश्यक संख्यामा आधारभूत शौचालयको निर्माण तथा व्यवस्थापन गरिनेछ। ३. घरहरूबाट निस्कने फोहोर पानी संभव भएसम्म करेसाबारीमै व्यवस्थापन गर्न तथा संभव नभए त्यसलाई प्रशोधन गरेपछि मात्र नदी, खोला तथा खोल्सीमा प्रवाह गर्नका लागि मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ। ४. बजार तथा शहरी क्षेत्रमा ढल व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय लाभग्राहीको सहभागिता सुनिश्चित गर्दै अप्रशोधित ढलको खुला निश्काशनलाई निरूत्साहित गरिनेछ।
४. मानव मल-मुत्र र घरायसी तथा सार्वजनिकस्थलमा निस्काशित फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने।	१. शौचालयबाट उत्पादित फोहोरहरू जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने कार्यका लागि पूर्वाधारहरूको निर्माण तथा बिस्तार गरिनेछ। २. घरायसी तथा सार्वजनिकस्थलमा ठोस फोहोरको वर्गीकरणका लागि स्थानीय बासिन्दा तथा सेवाग्राहीलाई सक्षम तुल्याइ फोहोरहरू जम्मा गर्ने तथा प्रशोधन गर्ने नगरस्तरीय पूर्वाधार तयार गरी सञ्चालनमा ल्याइनेछ। ३. पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री शौचालयको निर्माण, मर्मत तथा व्यवस्थापन गरिनेछ। ४. निजी क्षेत्रसँगको सहकार्य र सहलगानीमा शहरी क्षेत्रको फोहोरमैलाबाट बायो ग्याँस, प्राङ्गारिक मल तथा पेट्रोलियम पदार्थ निकाल्न सम्भाव्य क्षेत्रहरू पहिचान गरी निर्माण कार्य अगाडि बढाइनेछ। ५. विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी तालिमहरू सञ्चालन गरी लाभग्राहीको सक्रियता तथा जागरूकता वृद्धि गरिनेछ।
५. खानेपानी तथा सरसफाई आयोजनालाई जलवायु परिवर्तन अनुकुल तथा विपद जोखिम न्यूनीकरणमैत्री बनाउने।	१. नयाँ खानेपानी तथा सरसफाई योजनाको डिजाइन तथा निर्माणमा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा प्राकृतिक विपद् व्यवस्थापन अनुकुलनका अवयवलाई समाविष्ट गरिनेछ। २. खानेपानीका मुल, ढुङ्गेधारा एवम् परम्परागत स्रोत संरक्षण तथा जलाधार क्षेत्रको संरक्षणका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा स्थानीय लाभग्राही/बासिन्दालाई सक्रिय बनाइनेछ। ३. भूमिगत पानीको पुनर्भरण गर्ने सम्भाव्य प्रविधिलाई कार्यान्वयनमा ल्याइनेछ। ४. पानीका स्रोतहरूको बहुउपयोग, एकीकृत उपयोग तथा पुनर्उपयोगलाई प्रोत्साहन एवम् प्रवर्द्धन गरिनेछ।

७.८.५ कार्यक्रमका प्राथमिकता

- आधारभूत खानेपानी सुविधाको उपलब्धता पर्याप्त, सर्वसुलभ र सहज बनाउने।
- आधारभूत सरसफाई सेवाको पहुँच सुनिश्चित गर्ने
- मानव मल-मूत्र तथा घरायसी फोहोरको उचित व्यवस्थापन गर्ने।
- खानेपानी र सरसफाई सेवा जलवायु परिवर्तन अनुकुल र विपद् व्यवस्थापनमैत्री बनाउने।

७.८.६ कार्यक्रमहरू

खानेपानी र सरसफाईका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	खानेपानी योजनामा स्थानीय उपभोक्ताको सक्रिय र जिम्मेवार सहभागिता सुनिश्चित गर्न कार्यविधी तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	जीर्ण अवस्थाका तथा सञ्चालित अन्य खानेपानी योजनाको मर्मतसंभार, क्षमता बिस्तार र सेवा प्रभावकारी अभियान	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा
३.	खानेपानी योजनाबाट वितरित पानीको गुणस्तर जाँच गर्नका लागि एक गुणस्तर नियन्त्रण युनिट स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा/ खापाससडि सहकार्य
४.	एकै बस्तीमा रहेका २ वा २ भन्दा बढी खानेपानी आयोजनाको वितरण प्रणाली एकीकरण तथा व्यवस्थापन सुदृढीकरण	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा/ खापाससडि सहकार्य
५.	उपभोक्ता समितिको क्षमता वृद्धि गर्नका लागि तालिम तथा अभिमुखीकरण सञ्चालन	संख्या	प्रति समिति वार्षिक १	२०७७/७८	निरन्तर	नपा/ खापाससडि सहकार्य
६.	खानेपानी योजनाको दिगो व्यवस्थापनका लागि उपभोक्ता सहभागिताको कार्यविधी तयारी र कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
७.	सम्पूर्ण विद्यालयमा सुरक्षित पिउनेपानी पर्याप्त मात्रामा उपलब्ध गराउने	संख्या		२०७८/७९	२०७९/८०	नपा

८.	ढडुवा लिफ्टिङ्ग खानेपानी योजना निर्माण	संख्या	१	२०७७/७८	२०७८/७९	नपा
९.	खानेपानी र सरसफाई योजनाको डिजाइन तथा निर्माणमा जलवायु परिवर्तनका अनुकुलन तथा विपद् व्यवस्थापनका अवयवलाई समाविष्ट गर्ने	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१०.	स्थानीय बासिन्दाको सक्रियतामा खानेपानीका मुल, ढुङ्गेधारा, परम्परागत स्रोत र जलाधार क्षेत्रको संरक्षणका अभियान सञ्चालन	संख्या		२०७७/७८	निरन्तर	नपा
११.	भूमिगत पानीको पुनर्भरण गर्ने सम्भाव्य प्रविधि अध्ययन तथा कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१२.	घरमा आधारभूत शौचालय निर्माण तथा पूर्ण उपयोगिता सुनिश्चितता भएको कुरा सुनिश्चित गर्न विशेष अभियान सञ्चालन	संख्या	प्रति टोल १	२०७८/७९	निरन्तर	नपा/ टोविसं
१३.	सबै सामुदायिक भवन, सार्वजनिकस्थल, विद्यालय र धार्मिक स्थलमा आवश्यक संख्यामा आधारभूत शौचालयको निर्माण	संख्या	आवश्यकता अनुसार	२०७७/७८	निरन्तर	नपा
१४	घरहरूबाट निस्कने फोहोर पानी संभव विसर्जनका लागि मापदण्ड तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा/ टोविसं
१५.	शौचालयबाट उत्पादित फोहोरहरू जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्नका लागि पूर्वाधारको निर्माण तथा बिस्तार	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१६.	घरायसी र सार्वजनिकस्थलमा ठोस फोहोरको वर्गीकरणका लागि स्थानीय बासिन्दालाई सक्षम तुल्याउन तालिम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा/वडा/ टोविसं
१७.	अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री शौचालयको निर्माण, मर्मत तथा व्यवस्थापन	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा/वडा/ टोविसं
१८.	फोहोरमैलाबाट बायो ग्याँस, प्राङ्गारिक मल तथा पेट्रोलियम पदार्थ निकाल्न सम्भाव्य क्षेत्रहरू पहिचान कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१९.	विद्यार्थी तथा समुदायका लागि सरसफाई सम्बन्धी तालिम एवम् अभिमुखिकरण सञ्चालन	संख्या	प्रति विद्यालय वार्षिक १	२०७७/७८	निरन्तर	नपा

२०.	सरसफाई केन्द्रको प्रभावकारी सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा

७.८.७ अपेक्षित उपलब्धिहरू

- उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या ६० प्रतिशत तथा पूर्ण रूपमा सञ्चालित खानेपानी सुविधा पुगेको जनसङ्ख्या शत प्रतिशत पुगेको हुनेछ।
- आधारभूत स्तरको सरसफाई सुविधाबाट लाभान्वित परिवार संख्या शत प्रतिशत पुगेको हुनेछ।
- खानेपानी वितरण प्रणाली सुदृढीकरण आयोजना तथा खानेपानी गुणस्तर सुधार कार्यक्रम सञ्चालन आई सबै टोल तथा बस्तीमा खानेपानी वितरण व्यवस्थित तथा गुणस्तरमा वृद्धि आएको हुनेछ।
- नगरभरिका सबै खानेपानीका प्राकृतिक स्रोत/मुल संरक्षण गरिएको हुनेछ।
- नगर सरसफाई केन्द्र प्रभावकारी रूपमा सञ्चालनमा आएको हुनेछ।

परिच्छेद ८

संस्थागत विकास र सुशासन

८.१ प्रशासनिक सुशासन र सेवा प्रवाह

८.१.१ पृष्ठभूमि

वि.सं. २०७२ को संविधानले नागरिकका लागि सरकारद्वारा दिइनुपर्ने प्रशासनिक सेवा प्रवाहका धेरै कार्यहरूलाई स्थानीय सरकारको दायित्वका रूपमा परिभाषित गरिदिएको छ । पुतलीबजार नगरपालिकाबाट नगरबासीहरूका लागि पुऱ्याइनुपर्ने सबै खाले सेवा प्रवाहमा सरलता एवम् सहजता ल्याई सुशासन कायम गर्नु नगरपालिकाको मूलभूत दायित्व हो । नगरपालिकाले विभिन्न प्रकारका तालिम तथा प्रशिक्षणको माध्यमबाट प्रशासनिक सेवा प्रवाहमा खटिने नगरको नेतृत्व तथा कर्मचारीहरूको क्षमता एवम् दक्षता अभिवृद्धि गर्दै प्रशासनिक सुशासन कायम गर्न तथा सेवा प्रवाहको कार्यलाई अझै जवाफदेही तथा जिम्मेवार बनाउनका लागि विविध गतिविधीहरू सञ्चालन गर्दै आइरहेको छ । सार्वजनिक प्रशासन तथा सेवा प्रवाहलाई सहज, स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी, भेदभावरहित र सहभागितामूलक बनाउँदै नगरपालिकाबाट प्रदान गरिने सबै खाले सेवा सुविधामा सबै नगरबासीको समान तथा सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउने लक्ष्य नगरपालिकाले लिएको छ ।

८.१.२ प्रमुख समस्या

यस पुतलीबजार नगरपालिकाको सन्दर्भमा नगरका जनप्रतिनिधि तथा कार्यरत सबै कर्मचारीमा प्रशासनिक सुशासन कायम गर्न चाहिने सुझबुझ, सीप र ज्ञानको कमी हुनु, सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश र क्षमता विकास गराउन जिम्मेवार नेतृत्वको भूमिका प्रभावकारी नहुनु, सेवाग्राहीमा सेवा प्राप्त गर्ने सवालमा तोकिएको प्रक्रियामार्फत आउने भन्दापनि भनसुनमार्फत सेवाप्रवाह प्राप्त गर्न सकिन्छ भन्ने सोंच हावी हुनु, स्थानीय तहमा निजामति सेवा सम्बन्धी कानूनको अभाव हुँदा प्रशासनिक प्रमुख छिटो छिटो परिवर्तन भइरहनु, प्रशासनिक क्षेत्र पार्टीगत राजनीतिको प्रभावबाट मुक्त हुन नसक्नु, प्रशासनिक अनुशासनमा ह्रास आउनु, न्यून वेतनधारी कर्मचारी हुनु, पूर्वानुमानयोग्य वृत्ति विकास प्रणालीको अभाव हुनु, सेवा प्रवाहमा ढिलासुस्ती हुनु, नगरपालिकाका कार्यालय र वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरुको कार्यक्षमता, कार्यकुशलता, जिम्मेवारीवोध र जनउत्तरदायित्वको कमी हुनु, कर्मचारीको कार्यसम्पादन मुल्यांकनका आधारमा पुरस्कृत वा दण्डित गर्ने व्यवस्था लागू गर्न नसक्नु, कर्मचारीमा अति आवश्यक प्रोत्साहन, प्रशिक्षण र अनुभव आदानप्रदानको अभाव हुनु लगायतका कुरा प्रशासनिक सुशासन र सेवा प्रवाहका प्रमुख समस्याहरू हुन् ।

८.१.३ चुनौती र अवसर

क. चुनौती

प्रशासनिक सुशासन र सेवा प्रवाहका सवालमा यस नगरपालिकामा नगर नेतृत्वमा नयाँ संवैधानिक व्यवस्थाप्रति प्रष्ट बुझाई, जिम्मेवारीवोध, प्रशासनिक कार्यकुशलता तथा नेतृत्व क्षमता भएको कुराको विश्वास नागरिकमा पैदा गराउनु, संविधानले गरेका व्यवस्था अनुरुप प्रभावकारी ढंगले प्रशासनिक पुनर्संरचना गरि प्रशासकीय संक्रमणकालको

व्यवस्थापन गर्ने कार्य अझै सम्पन्न नहुनु, सेवाग्राहीमा सेवा प्राप्त गर्ने सवालमा तोकिएको प्रक्रियामार्फत नै सेवा सहजै प्राप्त गर्न सकिन्छ भन्ने विश्वास कायम गराउनु, जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता गर्नु, नगरको प्रशासनिक प्रमुख छिटो छिटो परिवर्तन भइरहने परिपाटीको अन्त्य गर्नु, सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरूमा नगरपालिका र नगरबासीप्रति समर्पण र सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरुप नागरिकमा स्थानीय सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, स्थानीय सरकार निजामति सेवा ऐन तर्जुमा गर्नु, कर्मचारीको क्षमता विकास गर्नु, कर्मचारीमा सदाचार सँस्कृतिको विकास गर्नु, प्रभावकारी स्थानीय सरकारको अनुभूति जनतामा दिलाउनु जस्ता चुनौती रहेका छन् ।

ख. अवसर

प्रशासनिक सुशासन र सेवा प्रवाहका सवालमा यस नगरपालिकामा संवैधानिक रूपमा अधिकारसम्पन्न तथा शक्तिशाली जननिर्वाचित स्थायी स्थानीय सरकार गठन भई नेतृत्वमा हुनु, नयाँ संवैधानिक व्यवस्थाका कारण प्रशासनिक सेवाप्रवाहको प्रक्रिया सहज, छोटो र छरितो भएको हुनु, संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुनु, संविधानको मर्म र जनताको चाहना अनुरुप सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा आफैं गर्न सकिने व्यवस्था हुनु, प्रशासनिक लगायतका सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु, कर्मचारी समायोजनका कारण केन्द्रिय स्तरका कार्यालयहरूमा अनुभव प्राप्त कर्मचारीहरू, जिल्ला तहमा अनुभवप्राप्त कर्मचारीहरू र स्थानीय तहमा खारिएका केही कर्मचारीको उपस्थितिले अन्य कर्मचारीलाई अनुभव आदानप्रदान गर्ने र क्षमता विकास हुने अवस्था हुनु जस्ता अवसरको रुपमा रहेका छन् ।

८.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

८.१.४.१ सोच

जनसेवी तथा परिणाममुखी सार्वजनिक प्रशासन ।

८.१.४.२ लक्ष्य

सार्वजनिक प्रशासनलाई नगरबासीप्रति उत्तरदायी, विकासमैत्री, सेवामूलक, सक्षम, व्यवसायिक तथा जवाफदेही बनाउने ।

८.१.४.३ उद्देश्य

१. नगरपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही तथा उत्तरदायी बनाई सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।

२. सार्वजनिक सेवाप्रवाहलाई भरपर्दो, प्रविधिमैत्री, गुणस्तरीय तथा सर्बसुलभ बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

८.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरको सार्वजनिक प्रशासनलाई, प्रभावकारी, जवाफदेही तथा जनउत्तरदायी बनाउने।	१. जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey) गरी विद्यमान सांगठनिक संरचनामा आवश्यक परिर्माजन गरिनेछ। २. नगरपालिकाको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन (e-governance) लागू गरिनेछ। ३. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, जवाफदेही तथा जनउत्तरदायी बनाउन बहुसरोकारवालाहरूबाट निगरानी तथा अनुगमन गर्न सकिने व्यवस्था मिलाइनेछ। ४. नगरपालिकाका सबै शाखा तथा सबै १४ वटै वडा कार्यालयहरूका लागि आफ्नै सुविधासम्पन्न भवनहरू निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।
२. प्रशासनिक सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीको प्रशासनिक क्षमता वृद्धि गर्ने।	१. नगरपालिकामा कार्यरत कर्मचारीको प्रशासनिक क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण, अनुभव आदानप्रदानका लागि exposure visit सञ्चालन गरिनेछ। २. कार्य सम्पादन प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि तालिम अलावा उत्प्रेरणा तथा प्रोत्साहनका कार्यक्रम समेत सञ्चालन गरिनेछ। ३. कार्यरत कर्मचारी र उनीहरूका आश्रित परिवारको लागि स्वास्थ्य बीमाको प्रबन्ध गरिनेछ। ४. कर्मचारीको आचरण तथा कार्यसम्पादनमा सकरात्मक परिवर्तन ल्याउनका लागि सूचकसहित कार्यसम्पादन सम्झौता गरि मुल्याङ्कनका आधारमा उचित तथा प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ। ५. कर्मचारीहरूको कार्य कुशलता वृद्धि गर्दै पेशागत स्थायित्वमा ठोस मद्दत पुऱ्याउन करियर डेभेलपमेण्ट प्लान बनाई लागू गरिनेछ।
३. सेवाप्रवाह र विकास लगायतका सवालमा नगरबासीका गुनासाहरू प्रभावकारी रूपमा सम्बोधन गर्ने।	१. सेवाप्रवाह र विकास आयोजनाका बारेमा नगरबासीका गुनासा तथा सुझाव संकलन गर्नका लागि प्रभावकारी व्यवस्था मिलाइनेछ। २. संकलित सुझाव तथा गुनासाको तत्काल यथोचित सम्बोधन गर्नका लागि आवश्यक व्यवस्था मिलाई कसरी त्यस्ता गुनासा सम्बोधन गरिए भन्ने कुरालाई पारदर्शी रूपमा सार्वजनिक गरिनेछ। ३. क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गर्ने व्यवस्था बिस्तार गर्दै लगिनेछ।
४. विकास आयोजना कार्यान्वयन प्रक्रियालाई जनउत्तरदायी बनाउँदै	१. आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि गर्दै जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता सूचकसहितको कार्यसम्पादन

प्रभावकारिता वृद्धि गर्ने।	सम्झौता गर्ने कानूनी व्यवस्था गरिनेछ। २. सञ्चालित आयोजनाको प्रगति अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरुप कार्यान्वयनमा लगिनेछ। ३. विकास आयोजना कार्यान्वयनको लागि भरपर्दो सुरक्षा व्यवस्था सुनिश्चित गरिनेछ। ४. सञ्चालित आयोजनामा स्थानीय लाभग्राहीको सहभागिता बढाउन कार्यान्वयन प्रक्रियाको अनुगमन कार्यमा जिम्मेवार पदाधिकारी बाहेकका नागरिकको समेत प्रतिनिधित्व गराइनेछ।

८.१.५ कार्यक्रमका प्राथमिकता

- सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही एवम् उत्तरदायी बनाउने।
- सार्वजनिक सेवालाई भरपर्दो, प्रविधिमैत्री, गुणस्तरीय तथा सर्बसुलभ बनाउने।

८.१.६ कार्यक्रमहरू

प्रशासनिक सुशासन तथा सेवा प्रवाहका क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	वडा कार्यालय भवन (फरक क्षमता, ज्येष्ठ नागरिक मैत्री) निर्माण	संख्या	१४	२०७७/७८	२०८०/८१	नपा
२.	पूर्ण रूपमा विद्युतीय सुशासन (e-governance) प्रवर्द्धन (कर तथा दस्तुरको ई-पेमेण्टसहित) कार्यक्रम	संख्या	१	२०७८/७९	निरन्तर	नपा
३.	संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey)	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
४.	सेवाग्राही सन्तुष्टी सर्वेक्षण	संख्या	वार्षिक १	२०७७/७८	निरन्तर	नपा
५.	प्रगति विवरण सार्वजनिक सुनुवाई कार्यक्रम	संख्या	वार्षिक ३	२०७७/७८	निरन्तर	नपा
६.	सुझाव, पृष्ठपोषण, उजुरी र गुनासो सम्बोधनको सुनुवाई विद्युतीय माद्यमबाट सार्वजनिकीकरण	संख्या	मासिक १	२०७८/७९	निरन्तर	नपा

७.	वार्षिक योजना/कार्यक्रमको प्रगति विवरणको वेभमा आधारित web-based डिजिटल सार्वजनिकीकरण	संख्या	१५	२०७८/७९	निरन्तर	नपा
८.	कर्मचारीको उत्प्रेरणा क्षमता विकास तालिम, अनुभव आदानप्रदान तथा अभिमुखीकरण कार्यक्रम	संख्या	वार्षिक २	२०७७/७८	निरन्तर	नपा
९.	जनप्रतिनिधिको क्षमता विकास तालिम तथा अभिमुखीकरण	संख्या	वार्षिक २	२०७८/७९	निरन्तर	नपा
१०.	क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	सेवाग्राही मैत्री (आवश्यक पूर्वाधार जडित) कार्यालय व्यवस्थापन	संख्या	१५	२०७७/७८	निरन्तर	नपा
१२.	सेवाप्रवाह प्रक्रिया सम्बन्धी नागरिक सचेतना कार्यक्रम (टोलस्तरमा)	संख्या	प्रति टोल वार्षिक १	२०७८/७९	निरन्तर	नपा
१३.	नगरमा सेवाप्रवाह प्रक्रिया सम्बन्धी नागरिक सचेतना कक्ष स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१४	कर्मचारी र उनीहरूका आश्रित परिवारको लागि स्वास्थ्य बीमा कार्यक्रम	संख्या	सबै कर्मचारी	२०७७/७८	निरन्तर	नपा
१५.	उत्कृष्ट कर्मचारी पुरस्कार	संख्या	वार्षिक ५	२०७७/७८	निरन्तर	नपा
१६.	कर्मचारीको करियर डेभेलपमेण्ट प्लान निर्माण	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१७.	प्रतिफलमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रम	संख्या	वार्षिक १	२०७७/७८	निरन्तर	नपा

८.१.७ अपेक्षित उपलब्धिहरू

- नगरपालिकाका सबै शाखा र १४ वटै वडा कार्यालयका आफ्नै सुविधासम्पन्न भवनहरू निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको हुनेछ।
- नगरपालिकामा प्राप्त नगरबासीका उजुरीको फछ्र्यौट शत प्रतिशत पुगेको हुनेछ।
- कुल खर्चमा बेरूजुको अंश उल्लेखनीय रूपमा कम भएको हुनेछ।
- नगरपालिकाका सबै सेवाहरू विद्युतीय/अनलाइन प्रणालीमा आधारित भई प्रवाह गरिएको हुनेछ।
- वार्षिक रूपमा गरिने कम्तीम दुई वटा विभिन्न खाले क्षमता विकास तालिम मार्फत कर्मचारीको दक्षता अभिवृद्धि गरिएको हुनेछ।
- सबै खालका सेवाहरू पूर्णरूपमा नागरिक वडापत्रमा उल्लेख गरिएको प्रक्रिया अनुरूप प्रवाह गरिएको हुनेछ।

- प्रतिफलमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रमबाट वार्षिक रूपमा कम्तीमा १५ जना कर्मचारी लाभान्वित भएका हुनेछन् ।

८.२ भ्रष्ट्राचार निवारण

८.२.१ पृष्ठभूमि

नेपालको सार्वजनिक प्रशासन तथा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरू भ्रष्ट्राचारका विभिन्न खाले घट्नाहरूका कारण बेला बेलामा चर्चामा आइरहने तथा आलोचित भइरहने गर्दछन् । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जनउत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानूनसम्मत रुपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरुपका भ्रष्ट्राचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ । नगरपालिकासम्बद्ध सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्ट्राचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको कुरालाई आत्मसात गर्दै नगरपालिकाले विभिन्न खालका गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । पुतलीबजार नगरपालिकाले आफ्नो मातहतका कार्यालयहरूमा भ्रष्ट्राचार विरुद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आफ्नो अभियान केन्द्रित गर्दै आइरहेको छ र सो कार्यमा निर्वाचित जनप्रतिनिधिहरू, कार्यरत कर्मचारीहरू र नगरबासीबाट सकरात्मक योगदानको अपेक्षा गर्दछ ।

८.२.२ प्रमुख समस्या

भ्रष्ट्राचार निवारणका सवालमा यस नगरपालिकाका मुख्य समस्याहरूमा नगरबासीमा भ्रष्ट्राचार विरोधी सँस्कृतिको प्रभावकारी विकास नहुनु, सार्वजनिक निकाय र कार्यरत कर्मचारीहरूमा अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु, भ्रष्ट्राचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु, विश्वमा आएका विभिन्न परिवर्तनसँगै भ्रष्ट्राचारका आयाम तथा स्वरुपमा पनि परिवर्तन आएकाले त्यसै अनुरुपको अनुसन्धान तथा तहकिकातको व्यवस्था नहुनु, समाजमा भ्रष्ट्राचारबाट गरेको कमाईबाट समेत सामाजिक प्रतिष्ठा कमाइने वातावरण हुनु रहेका छन् ।

८.२.३ चुनौती र अवसर

क. चुनौती

भ्रष्ट्राचार निवारणका सवालमा यस नगरपालिकाका मुख्य चुनौतीहरूमा नागरिकमा भ्रष्ट्राचार विरोधी सँस्कृतिको विकास गर्नु, सार्वजनिक निकाय र कार्यरत कर्मचारीहरूमा जनअपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृतिको विकास गर्नु, आयोजना कार्यान्वयनका क्रममा हुने भ्रष्ट्राचारलाई पूर्ण रूपमा निरूत्साहित गर्नु, भ्रष्ट्राचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य स्थापित गर्नु, नगरमा भ्रष्ट्राचार नियन्त्रणका लागि अधिकारसम्पन्न कानुनी संयन्त्र विकास गर्नु, विश्वमा आएका विभिन्न परिवर्तनसँगै भ्रष्ट्राचारका आयाम तथा स्वरुपमा पनि परिवर्तन आएकाले त्यसै अनुरुपको अनुसन्धान तथा तहकिकातको

व्यवस्था गर्नु, समाजमा विद्यमान भ्रष्ट्राचारबाट गरेको कमाईबाट समेत सामाजिक प्रतिष्ठा कमाइने वातावरणलाई बदल्नु पर्दछन्।

ख. अवसर

भ्रष्ट्राचार निवारणका सवालमा यस नगरपालिकाका मुख्य अवसरहरूमा नेपाल भ्रष्ट्राचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र हुनु, भ्रष्ट्राचार विरुद्ध राष्ट्रिय रूपमा कानूनी संरचनाको निर्माण हुनु, भ्रष्ट्राचार विरुद्ध नागरिक समाज तथा सञ्चार जगतलाई सक्रिय बनाउने वातावरण क्रमशः निर्माण हुँदै जानु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापना भई भ्रष्ट्राचार विरुद्धको अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाइएको हुनु रहेका छन्।

८.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

८.२.४.१ सोच

पुतलीबजार, सदाचारयुक्त नगर।

८.२.४.२ लक्ष्य

भ्रष्ट्राचार विरूद्ध शून्य सहनशीलताको नीति लागू गरी सुशासन कायम गर्दै मर्यादित र स्वच्छ समाज निर्माण गर्ने।

८.२.४.३ उद्देश्य

१. नगरपालिकामा भ्रष्ट्राचारजन्य कार्यहरूलाई नियन्त्रण गरी सुशासनको प्रत्याभुति गर्ने।

२. नगरबासीमा सदाचारयुक्त व्यवहारहरूलाई दैनिक जीवनको पाटो बनाउन अभिप्रेरित गर्ने।

८.२.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरमा भ्रष्ट्राचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।	१. नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी सार्वजनिक प्रशासन तथा विकास आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा जवाफदेही बनाइनेछ। २. भ्रष्ट्राचारजन्य क्रियाकलाप नियन्त्रणका लागि नगरबासीको भूमिका बढाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। ३. निजी क्षेत्रमा हुने भ्रष्ट्राचार नियन्त्रण गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ। ४. भ्रष्ट्राचार निवारणका लागि विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाका बारेमा कर्मचारीहरूलाई पूर्ण रूपमा सुसुचित बनाउँदै आ–आफ्नो व्यावसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाह

	गर्न प्रेरित गरिनेछ। ५. कार्यरत कर्मचारीको मासिक रूपमा आधारभूत आवश्यकता पूरा गर्न आवश्यक हुने गरी पारिश्रमिकको व्यवस्था गरिनेछ। ६. नगरमा हुने कुनैपनि भ्रष्ट्राचारका विषयमा सूचना संकलन गर्न प्रभावकारी संयन्त्र विकास गरिनेछ।
२. नेपाल सरकारले अनुमोदन गरेका भ्रष्ट्राचार विरुद्धका अन्तर्राष्ट्रिय सन्धिहरू तथा भ्रष्ट्राचार नियन्त्रण सम्बन्धी ऐन, कानून र नियमको कार्यान्वयनमा सहयोगी भूमिका निर्वाह गर्ने।	१. भ्रष्ट्राचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानून निर्माण, सपुर्दगी र पारस्परिक कानूनी सहयोगका लागि नेपाल सरकारलाई सहयोग गरिनेछ। २. भ्रष्ट्राचार नियन्त्रण सम्बन्धी ऐन, कानून र नियमको प्रभावकारी कार्यान्वयनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिनेछ। ३. भ्रष्ट्राचारका आरोपी माथिको अनुसन्धान र छानविनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाइनेछ।
३. नगरबासीमा सदाचारयुक्त व्यवहारहरूलाई दैनिक जीवनको पाटो बनाउन अभिप्रेरित गर्ने।	१. भ्रष्ट्राचार निवारणका लागि बनाइएका विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाका बारेमा सम्बद्ध पक्षहरूको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। २. शिक्षण संस्थाको पाठ्यक्रममा सदाचारको महत्व तथा भ्रष्ट्राचार विरुद्धको विषयवस्तु समावेश गरिनेछ। ३. सदाचारको पक्षमा तथा भ्रष्ट्राचारको विरूद्धमा जनमत बलियो बनाउन नगरमा सञ्चालित आमसञ्चारका माध्यमसँग सहकार्य गरिनेछ।

८.२.५ कार्यक्रमका प्राथमिकता

- सबै किसिमका भ्रष्ट्राचार नियन्त्रण।
- सुशासन तथा पारदर्शिताको सुनिश्चितता।
- दैनिक जीवनमा सदाचारयुक्त व्यवहारको उपयोगितामा वृद्धि।

८.२.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको	शुरु हुने	सम्पन्न	कार्यान्वयन

			लक्ष्य	वर्ष	हुने वर्ष	ढाँचा/निकाय
१.	नगरमा हुने भ्रष्ट्राचारका विषयमा सूचना संकलन गर्ने युनिट स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	भ्रष्ट्राचारका नियन्त्रण सम्बन्धी नागरिक जनचेतना कार्यक्रम (रेडियो, टेलिभिजन कार्यक्रम सहित)	संख्या	वार्षिक ३	२०७७/७८	निरन्तर	नपा
३.	निजीक्षेत्रको भ्रष्टचार नियन्त्रण गर्ने बारे आवश्यक ऐन कानून निर्माण	संख्या	१	२०७८/७९	२०७९/८०	नपा
४.	कर्मचारी, जनप्रतिनिधिका लागि भ्रष्ट्राचारका विरुद्धका कानूनबारे प्रशिक्षण कार्यक्रम	संख्या	वार्षिक २	२०७७/७८	निरन्तर	नपा
५.	भ्रष्ट्राचारकाविरुद्ध काम गर्ने नागरिक संस्थाहरूसँग सहकार्य	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	भ्रष्ट्राचार निवारण सम्बन्धमा अन्तर निकाय समन्वय स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	वार्षिक भ्रष्ट्राचार मापन सर्वेक्षण	संख्या	वार्षिक १	२०७८/७९	निरन्तर	नपा

८.२.७ अपेक्षित उपलब्धिहरू

- नगरपालिकाका कामकारवाही सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरिने उजुरीको सङ्ख्या घटेको हुनेछ।
- जनस्तरदेखि सेवा प्रवाह तथा योजना कार्यान्वयन सहित नगरपालिकाका हरेक क्रियाकलापमा भ्रष्ट्राचार न्यूनीकरण भएको हुनेछ।

८.३ मानव अधिकार तथा सामाजिक न्याय

८.३.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। संयुक्त राष्ट्र संघको वडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेर नेपाल ती वडापत्र तथा महासन्धिको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि संवैधानिक, कानूनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ। राष्ट्रिय प्रतिबद्धता अनुरुप गण्डकी प्रदेश सरकारले पनि मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्दै आफ्ना कार्यक्रमहरू अगाडि बढाएको छ। आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । मानव अधिकार तथा सामाजिक न्यायलाई सुनिश्चित गर्न नेपाल सरकारले देखाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता र सोही अनुरुप गण्डकी प्रदेश सरकारले तय गरेका

कार्यक्रमहरूलाई मध्यनजर गर्दै यस नगरपालिकाले आफ्नो सम्पूर्ण क्षेत्रभित्र नगरबासीलाई न्यूनतम मानव अधिकारको प्रत्याभूति दिलाउन तथा सामाजिक न्याय स्थापित गर्न पूर्ण प्रतिबद्ध रहँदै केन्द्र र प्रदेश सरकारका जिम्मेवार निकायहरूसँग सहकार्य गर्दै आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ।

८.३.२ प्रमुख समस्या

नगरपालिका क्षेत्रभित्र मानव अधिकार तथा सामाजिक न्यायको पूर्ण प्रत्याभूति गर्न मानव अधिकार र सामाजिक न्यायको विषय धेरै बहसमा आएपनि व्यवहारिक प्रयोगमा सकरात्मक चिन्तनको विकास हुन नसक्नु, अझै पनि नगरका विभिन्न भागमा भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैंगिक हिंसा जस्ता कुप्रथा विद्यमान रहनु, आर्थिक, तथा सामाजिक पछौटेपन विद्यमान हुनु जस्ता कुरा प्रमुख समस्याको रुपमा रहेका छन्। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी नगर स्तरमा संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु, राजनीतिक, सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु, संस्थागत रुपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता विषय पनि यहाँका प्रमुख समस्याका रुपमा रहेका छन्।

८.३.३ चुनौती र अवसर

क. चुनौती

नगरपालिका क्षेत्रभित्र मानव अधिकार तथा सामाजिक न्यायको पूर्ण प्रत्याभूति गराउनका लागि यस्तो अति महत्वपूर्ण तथा संवेदनशील विषयलाई बहसको घेराबाट माथि उठाउनु, प्रत्येक नागरिकले आफ्नो दैनिक जीवनमा व्यवहारिक प्रयोगमा ल्याउनको निम्ति सकरात्मक चिन्तनको विकास गराउनु, संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु, मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवम् आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्नु, मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धमा नगरस्तरीय संस्थागत र नीतिगत व्यवस्था कायम गर्नु जस्ता चुनौतीहरू विद्यमान रहेका छन्।

ख. अवसर

नगरपालिका क्षेत्रभित्र मानव अधिकार तथा सामाजिक न्यायको पूर्ण प्रत्याभूति गराउने सम्बन्धमा विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्यमान्यतालाई नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गर्नु, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था हुनु, मानव अधिकारसँग सम्बन्धित क्षेत्रीय, अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा ऐच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुनु, संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी नागरिकले वास्तविक रुपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनु, संविधान एवम् कानूनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लघंनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु, मानव अधिकारको संरक्षण र सम्मान गर्न नगर कार्यपालिका प्रतिबद्ध रहनु जस्ता अवसर रहेका छन्।

८.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

८.३.४.१ सोच

समावेशी, समतामूलक एवं स्वअनुशासित समाज निर्माण।

८.३.४.२ लक्ष्य

समतामूलक तथा न्यायमैत्री शासन प्रणाली र प्रभावकारी सेवा प्रवाहमार्फत् नगरबासीले संविधान प्रदत्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने।

८.३.४.३ उद्देश्य

१. मानव अधिकार तथा सामाजिक न्यायको सम्मान, संरक्षण, संवर्द्धन तथा उपभोग गर्ने।

२. जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका वर्ग र समुदायको अधिकार सुनिश्चित गर्ने।

३. मानव अधिकार प्रवर्द्धन तथा सामाजिक न्याय कायम हुने गरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्ने।

८.३.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नागरिकका मौलिक हक सम्बन्धी कानूनहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।	१. संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहबाट मौलिक हक कार्यान्वयन गर्ने कानूनहरूको कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था गरिनेछ। २. न्यायमा पहुँच सुनिश्चित गर्न नेपाल सरकारसँगको समन्वयमा निःशुल्क कानूनी सहायता सम्बन्धी नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था गरिनेछ।
२. मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गराउने।	१. नगरमा हुने कुनैपनि प्रकारका मानव अधिकार उल्लघंनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ। २. मानव अधिकार उल्लघंनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिनेछ।
३. नगरबाट सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने।	१. नगरभित्र जोखिममा रहेका विपन्न, सीमान्तकृत् एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ। २. समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम प्रभावकारी तथा परिणाममुखी किसिमले सञ्चालन गरिनेछ। ३. मानव अधिकार तथा सामाजिक न्यायलाई सुनिश्चित गर्न नगरमा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्थाहरूसँग आवश्यकता अनुसार सहकार्य गरिनेछ।

४. नगरपालिकाबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने।	१. नगरपालिकाबाट तयार हुने नीति तथा कार्यक्रम, कार्ययोजना र विकास क्रियाकलाप मानव अधिकार मैत्री हुने गरी सञ्चालन गरिनेछ। २. मानव अधिकारमैत्री नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने र परिणाम अनुभुत गर्न सकिने गरी कार्यान्वयनमा ल्याइनेछ। ३. नगरपालिकाको न्यायिक समितिका पदाधिकारी तथा कानुन शाखाको क्षमता बिस्तार गरिनेछ।

८.३.५ कार्यक्रमका प्राथमिकता

- मानव अधिकार तथा सामाजिक न्यायको सम्मान, संरक्षण, संवर्द्धन तथा उपभोग गर्ने।
- जोखिममा रहेका सीमान्तकृत्, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवम् पिछडिएका वर्ग र समुदायको अधिकारको सुनिश्चितता।

८.३.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	स्थानीय तहबाट मौलिक हक कार्यान्वयन गर्नका लागि आवश्यक कानून निर्माण तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायता केन्द्रको स्थापना र सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा/नेस
३.	नगरमा हुने कुनैपनि प्रकारका मानव अधिकार उल्लघंनका घटनाको अनुसन्धानमा सहजीकरण	संख्या		२०७७/७८	निरन्तर	नपा
४.	समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध प्रभावकारी तथा परिणाममुखी जनचेतनामूलक कार्यक्रम सञ्चालन	संख्या		२०७७/७८	निरन्तर	नपा
५.	नगरपालिकाको न्यायिक समितिका पदाधिकारी तथा कानुन शाखाको क्षमता बिस्तार कार्यक्रम	संख्या	२	२०७७/७८	निरन्तर	नपा
६.	मानव अधिकारमैत्री नीति, योजना तथा	संख्या	१	२०७८/७९	निरन्तर	नपा

	कार्यक्रम तर्जुमा तथा कार्यान्वयन					

८.३.७ अपेक्षित उपलब्धिहरू

- सबै नगरबासीले मानव अधिकारको व्यवहारिक रूपमा उपभोग गर्ने कुराको सुनिश्चितता भएको हुनेछ।
- नगरमा मानव अधिकार उल्लंघनका घट्नामा उल्लेख्य कमी आएको हुनेछ।
- मानव अधिकार तथा सामाजिक न्यायको सुनिश्चितता गर्न वार्षिक रूपमा २ वटा सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएका हुनेछन्।

८.४ सन्तुलित विकास

८.४.१ पृष्ठभूमि

वि.सं. २०७२ मा नेपालको राज्य पुनर्संरचना गर्दा तत्कालीन पुतलीबजार नगरपालिकामा स्याङ्जा जिल्लाका सातवटा गाउँ विकास समितिहरूलाई पूर्ण वा आंशिक रूपमा समाहित गरिएकाले नगरका सबै ठाउँको विकास अवस्थामा एकरूपता छैन्। विकासको दृष्टिकोणबाट यस नगरपालिकाको भूगोलभित्र समेटिएका १४ वडाका क्षेत्रहरूमध्ये सीमित शहरी (बजार) क्षेत्र र अधिकांश अर्ध शहरी तथा ग्रामिण परिवेशका गरी फरक फरक प्रकृतिका रहेकाले कुल १४७.२१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाका भिन्न भिन्न भू-भागका विकासका आवश्यकताहरू स्वभाविक रूपमा भिन्न भिन्न प्रकृतिका रहेका छन्। देशैभरि नै सन्तुलित विकासको अवधारणालाई मुर्त रूप दिनेगरि मुलुक नै संघीय प्रणालीमा गइसकेको सन्दर्भमा यस नगरपालिकाले आफ्नो भूगोलभित्र समेटिएका सम्पूर्ण क्षेत्रहरूमा विकासका सबैखाले पूर्वाधारहरू अर्थात भौतिक, आर्थिक, सामाजिक तथा मानवीय पूर्वाधारहरूको समन्यायिक एवम् सन्तुलित हिसाबले विकास गर्ने उद्देश्यले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आईरहेको छ।

८.४.२ प्रमुख समस्या

सन्तुलित विकासका सवालमा यस नगरपालिकाका मुख्य समस्याहरूमा एउटै वडाको भूगोलभित्र समेत छरिएर रहेका बस्तीहरूका कारण जनसङ्ख्याको असमान किसिमले वितरण हुनु, लगभग दुई दशक लामो समयदेखि कार्यान्वयनमा आएको तत्कालीन पुतलीबजार नगरपालिका र यसमा पूर्ण वा आंशिक रूपमा समेटिएका गाउँ विकास समितिरूको शिक्षा र स्वास्थ्य लगायत समग्र सामाजिक क्षेत्र, भौतिक पूर्वाधार, औद्योगिक विकास र रोजगारी सिर्जना लगायत आर्थिक क्षेत्र तथा विकासका अन्य पूर्वाधारहरूको अवस्था भिन्न भिन्न खालको हुनु, अप्ठ्यारो भौगोलिक अवस्थिति भएका क्षेत्रहरूले तुलनात्मक रूपमा नगरको ठूलो क्षेत्रफल ओगटेको हुनु, क्षेत्रफल ठूलो भएकाले वडाहरूका सबै क्षेत्रहरूको सन्तुलित विकासका लागि ठूलो बजेटको आवश्यकता रहेको अवस्था हुनु, नगरको सन्तुलित विकासमा मुख्य भूमिका खेल्नसक्ने जनशक्ति नगरभन्दा बाहिरै रहनु, जनताले विकासको आकांक्षालाई अभिव्यक्त गर्ने तथा विकासलाई व्यवहारमा रूपान्तरण गर्ने प्रक्रिया अझैपनि प्रधान रूपमा परम्परागत खालको रहनु रहेका छन्।

८.४.३ चुनौती र अवसर

क. चुनौती

सन्तुलित विकासका चुनौतीको सवालमा यस नगरपालिकाको एउटै वडाका भूगोलभित्र समेत छरिएर रहेका बस्तीहरूमा असमान किसिमले वितरित जनसङ्ख्यामाझ विकासका विविध खाले पूर्वाधारको उपलब्धता सुनिश्चित गर्नु, तत्कालीन पुतलीबजार नगरपालिका र यसमा पूर्ण वा आंशिक रूपमा समेटिएका गाउँ विकास समितिहरूमा शिक्षा र स्वास्थ्य, भौतिक पूर्वाधार, औद्योगिक विकास र रोजगारी सिर्जना तथा विकासका अन्य पूर्वाधारहरूको सन्तुलित रूपमा विकास गर्नु, गरिबीको अवस्थामा रहेका तथा विभिन्न किसिमले पछाडि परेका वर्ग तथा समुदायको समन्यायिक विकासलाई कार्यान्वयन गर्नु, विकास क्रियाकलापमा समावेशिता तथा सामाजिक न्यायलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउनु, क्षेत्रफल ठूलो भएकाले सबै क्षेत्रहरूमा विकासका पूर्वाधारहरूको सन्तुलित विकासका लागि आवश्यक हुने ठूलो बजेटको उपलब्धता सुनिश्चित गर्नु, नगरको सन्तुलित विकासमा मुख्य भूमिका खेल्नसक्ने तर विविध कारणले नगरबाट बाह्य बसाइसराई भई बाहिरिन पुगेको दक्ष तथा क्षमतावान जनशक्तिलाई उपयुक्त विकल्प तथा अवसरको सुनिश्चितता सहित नगरमै फर्काउनु प्रमुख रूपमा रहेका छन्।

ख. अवसर

यस नगरपालिकामा सन्तुलित विकासका सवालमा उपलब्ध अवसरहरूको कुरा गर्दा नगरबासीमा विभिन्न खाले विकास पूर्वाधारहरूको औचित्य तथा आवश्यकताका बारेमा सकरात्मक सोचको वृद्धि हुँदै जानु, नगरमा शिक्षा र स्वास्थ्य, भौतिक पूर्वाधार, औद्योगिक विकास र रोजगारी सिर्जना तथा अन्य पूर्वाधारहरूको विकासका लागि संघीय सरकार तथा प्रदेश सरकारको चासो बढ्दै जानु, गण्डकी प्रदेश सरकारद्वारा नगरलाई गण्डकी प्रदेशको राजधानी पोखरा शहरको सेटेलाइट शहरको रूपमा विकास गर्ने लक्ष्य लिई काम अगाडि बढाइनु, नगरको सन्तुलित विकासमा मुख्य भूमिका खेल्नसक्ने तर विविध कारणले नगरबाट बाहिरिन पुगेको दक्ष तथा क्षमतावान जनशक्तिलाई उपयुक्त विकल्प तथा अवसरको सुनिश्चितता सहित नगरमै फर्काउन सकिने संभावना बलियो बन्दै जानु, गरिबीको अवस्थामा रहेका तथा विभिन्न किसिमले पछाडि परेका वर्ग तथा समुदायको समन्यायिक विकासका लागि संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको लगानी आकर्षित गर्न सकिने अवस्था हुनु, विकास क्रियाकलापमा समावेशिता तथा सामाजिक न्यायका पक्षमा जनमत बलियो बन्दै जानु, अप्ठ्यारो भौगोलिक अवस्थिति वीच पनि यहाँ उपलब्ध संभावनाहरूलाई विकासका स्रोत बनाउन सकिने अवस्था हुनु प्रमुख रूपमा आउँछन्।

८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

८.४.४.१ सोच

नगरको विकासमा भौगोलिक सन्तुलन, नगरबासीको जीवनस्तरमा समानता।

८.४.४.२ लक्ष्य

नगरभित्रका सबै क्षेत्रको सन्तुलित विकास गरी नगरबासीको जीवन स्तरमा उल्लेख्य सुधार ल्याउने।

८.४.४.३ उद्देश्य

१. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आय आर्जनका विकल्पहरूलाई व्यापक बनाउदै लैजाने।

२. नगरभित्रका पिछडिएका क्षेत्र, वर्ग, समुह तथा समुदाय लगायत सबैको समन्यायिक विकास गर्ने।

८.४.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरभित्र उपलब्ध स्रोत साधनको पहिचान एवम् अधिकतम परिचालन गरी आवश्यकताका आधारमा लगानी बढाउँदै आर्थिक विकास तथा रोजगारी सिर्जना गर्ने।	१. नगरका विभिन्न प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पछि परेका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। २. स्थानीय स्रोत साधनमा आधारित उत्पादन क्रियाकलाप तथा लघु उद्यमजस्ता आर्थिक क्रियाकलापद्धारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ। ३. स्थानीयस्तरमा रोजगारी सिर्जना तथा आय आर्जनको विकल्प बढाउनका लागि स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ। ४. कृषि तथा गैरकृषि क्षेत्रबाट रोजगारीका अवसर सिर्जना गर्नका लागि निजी लगानीलाई प्रोत्साहित गरिनेछ।
२. नगरभित्र पिछडिएका क्षेत्र, वर्ग, समुह तथा समुदायको समन्यायिक विकास गर्ने।	१. नगरका वडाहरू र अरू स्थानीय तह जोड्ने सडक पूर्वाधारको स्तरोन्नति गरी वडा वडा वीच र स्थानीय तहहरूसँग सहसम्बन्ध र सम्भावनाको उच्चतम उपयोग गरिनेछ। २. नगरमा पछाडि परेका वा पारिएका क्षेत्र, वर्ग वा समुदाय लक्षित विकासका क्रियाकलापहरू सञ्चालन गरिनेछ। ३. दैनिक उपभोग्य वस्तुको पहुँच नगरका सबै क्षेत्र, वर्ग र समुदायका जनतामा सहज रूपमा पुऱ्याउने व्यवस्थाको सुनिश्चितता गरिनेछ। ४. पछाडि परेका वा पारिएका क्षेत्र, भाषा, संस्कृति, वर्ग तथा समुदायको उत्थान एवम् संरक्षणको लागि प्राथमिकताकासाथ विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ५. विकास आयोजना छनौट गर्दा वडागत, जनसाङ्ख्यिक तथा आवश्यकतापरक सन्तुलन मिलाइनेछ।

८.४.५ कार्यक्रमका प्राथमिकता

- स्थानीय स्तरमा रोजगारी सिर्जना तथा आय आर्जनमा वृद्धि।
- पिछडिएका क्षेत्र, वर्ग तथा समुदायको समन्यायिक विकास।

- आयोजनाहरू छनौट गर्दा पिछडिएको क्षेत्रलाई प्राथमिकता।

८.४.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	नगरका विभिन्न प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान	संख्या		२०७७/७८	निरन्तर	नपा
२.	स्थानीय स्रोत साधनमा आधारित उत्पादन क्रियाकलाप तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा/वडा
३.	स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा/वडा
४.	नगरका वडाहरू र बस्तीहरू जोड्ने सडक पूर्वाधारको स्तरोन्नति	संख्या		२०७७/७८	निरन्तर	नपा
५.	नगरमा पछाडि परेका वा पारिएका क्षेत्र, वर्ग वा समुदाय लक्षित विकास कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	पछाडि परेका वा पारिएका क्षेत्र, भाषा, संस्कृति, वर्ग तथा समुदायको उत्थान एवम् संरक्षण कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	नपा
७.	विकास आयोजना छनौट गर्दा भौगोलिक, जनसाङ्ख्यिक तथा आवश्यकतापरक सन्तुलन कायम गर्ने	संख्या		२०७८/७९	२०७९/८०	नपा

८.४.७ अपेक्षित उपलब्धिहरू

१. नगरमा नयाँ थप ३००० रोजगारी सिर्जना गरिएको हुनेछ।

२. नगरभित्रका पिछडिएका क्षेत्र, वर्ग, समुह तथा समुदायको समन्यायिक विकास गरिएको हुनेछ।

३. पछाडि परेका वा पारिएका क्षेत्र, भाषा, संस्कृति, वर्ग तथा समुदायको उत्थान एवम् संरक्षणको लागि प्रत्येक वर्ष कम्तीमा १४ वटा विशेष कार्यक्रमहरू सञ्चालन गरिएको हुनेछ।

परिच्छेद ९

अन्तर सम्बन्धित विषय

९.१ गरिबी निवारण

९.१.१ पृष्ठभूमि

गरिबी शव्दले नागरिकको दैनिक जीवनयापन गर्नका लागि आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न कठिनाई हुनु, नागरिकहरूलाई आधारभूत अवसर एवम् मौकाहरूमा पहुँच नहुनु साथै मानवीय मर्यादा कायम नहुनुलाई बुझाउँदछ। नेपालमा वि. सं २०६८ को जीवन मापन सर्भेक्षणले वार्षिक रु. १९,२६१।- नकमाउने व्यक्तिलाई निरपेक्ष गरिब भनी परिभाषित गरेको र यही परिभाषा हालसम्म कायम छ। पुतलीबजार नगरपालिकामा हाल ६.९५ प्रतिशत जनसंख्या अति गरिब रहेका छन्। दिगो विकासको लक्ष्य नं १ ले सबै प्रकार र रुपका गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको र नेपाल सरकारले त्यसप्रति प्रतिबद्धता जाहेर गरेको छ। यसैगरी गण्डकी प्रदेश सरकारको अपेक्षा पनि सबै प्रकारका गरिबीको अन्त्य गरी समृद्ध प्रदेश स्थापित गर्नु रहेकाले नगरको गरिबी निवारणमा केही सकरात्मक योगदान पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ । नगरमा विद्यमान गरिबी घटाउने आफ्नो प्रमुख अभिभारलाई आत्मसात गर्दै पुतलीबजार नगरपालिकाले यहाँ उपलब्ध प्राकृतिक स्रोत साधनको पहिचान, आँकलन एवम् दीर्घकालिन क्षय नहुने गरी महत्तम उपयोग गर्ने लक्ष्य लिएको छ। यसका अलावा हरेक परिवारमा पूर्ण रोजगार सिर्जना गर्न भूमि, पुँजी र श्रमसँगको सम्बन्ध स्थापना गर्दै तीनै तहका सरकारहरूले कार्यान्वयन गर्ने कार्यक्रमहरूबीच समन्वय र सहकार्य गर्दै सरकारी, सहकारी, सामुदायिक, निजी एवम् गैरसरकारी क्षेत्रहरूबीच आपसमा समन्वयात्मक भूमिका स्थापित गर्न नगरपालिका प्रतिबद्ध रहँदै आएको छ।

९.१.२ प्रमुख समस्या

गरिबी निवारणका विषयमा यस नगरपालिकाका मुख्य समस्याहरूमा वास्तविक गरिबको पहिचान हुन नसक्नु, राज्यको स्रोत साधनमा गरिबको पहुँच पुग्न नसक्नु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, कृषियोग्य जमिन खण्डीकृत हुनु वा बाँझै रहनु, विप्रेषणलाई उत्पादनसँग जोड्न नसक्नु, नगरमा उद्योग लगायतका उत्पादन क्षेत्रको विकास उल्लेख्य रूपमा हुन नसक्नु, गरिब लक्षित कार्यक्रम कार्यान्वयनमा समावेशिताको सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसम्म पुग्न नसक्नु, बौद्धिक पलायन रोक्न नसक्नु, श्रमको सम्मान हुने वातावरण सिर्जना हुन नसक्नु, युवाहरू अर्धरोजगार वा बेरोजगार हुनु रहेका छन्।

९.१.३ चुनौती र अवसर

क. चुनौती

गरिबी निवारणका चुनौतीको सवालमा यस नगरपालिकामा वास्तविक गरिबहरू पहिचान गरी गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, नगरपालिकाभित्र प्रचुर सम्भावनाको रुपमा रहेका पर्यटन, कृषि, उद्योग र खेलकुद क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु, रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना गरी दिगो आयस्रोतको सुनिश्चितता गर्नु, श्रमको सम्मान हुने वातावरण बनाउँदै जुनसुकै रोजगारमूलक काममा नगरबासीले

निर्धक्क संलग्न हुनसक्ने कुरा सुनिश्चित गर्नु, युवाहरूमा आत्मनिर्भरता र स्वरोजगारको भावना स्वतः स्फूर्तरूपमा जागृत हुने माहौल तयार गर्नु, उत्पादित वस्तु तथा सेवाको गुणस्तर कायम गर्दै नगरपालिकाको आफ्नो आवश्यकता पूरा गरी निर्यात गर्न सक्षम बन्दै गरिबीको अन्त्य गर्नु प्रमुख रूपमा रहेका छन् ।

ख. अवसर

यस नगरपालिकामा गरिबी निवारणका सवालमा उपलब्ध अवसरहरूको कुरा गर्दा देश संघीय व्यवस्थामा रुपान्तरण भएसँगै राजनीतिक स्थायित्व र शान्ति सुव्यवस्था कायम हुनु, गरिबी निवारण गर्ने विषय तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, प्रदेश सरकारले आर्थिक गरिबी निवारणका लागि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाको काम अगाडि बढाउनु, परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित साना तथा लघु उद्योगलाई प्रवर्द्धन गरेमा स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सिर्जना हुनु, यो नगरपालिका प्राकृतिक, धार्मिक, साँस्कृतिक विविधताले सजिएको हुँदा पर्यटन क्षेत्रको विकास र बिस्तारका कार्यक्रमहरू तर्जुमा गरी आन्तरिक एवम् बाह्य पुँजी भित्र्याउन सकिने प्रशस्त सम्भावना रहनु प्रमुख रूपमा आउँछन् ।

९.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

९.१.४.१ सोच

सबै प्रकारको गरिबीमुक्त नगरपालिका ।

९.१.४.२ लक्ष्य

धनी र गरीबवीचको खाडल मेटाउँदै नगरमा रहेको गरिबीको जनसङ्ख्यालाई उल्लेख्य रूपमा घटाउने ।

९.१.४.३ उद्देश्य

१. गरिबी निवारणलाई नगरपालिकाद्वारा सञ्चालन गरिने सबै विकास कार्यक्रममा एकीकृत् गर्ने ।

२. राज्यका स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच बिस्तार गर्ने ।

९.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरपालिकामा रहेका वास्तविक गरिबहरूको पहिचान गरी विवरण अद्यावधिक गर्ने ।	१. नगरपालिकाभरि छरिएर रहेका सम्पूर्ण गरिबहरूको विवरण अद्यावधिक गरिनेछ । २. संघ र प्रदेश सरकारसँगको समन्वयमा गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ ।
२. गरिबी निवारणको मर्मलाई नगरपालिकाका सबै विकासका कार्यक्रमहतरूमा एकीकृत् गर्ने ।	१. नगरपालिकाद्वारा लगानी हुने वा कार्यान्वयनमा ल्याइने सबै विकास आयोजनाहरूमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत् गरिनेछ । २. नगरपालिकाबाट सञ्चालन हुने शिक्षा, स्वास्थ्य, खानेपानी, आवास,

	सामाजिक न्याय, सूचनाको उपलव्धता जस्ता आधारभूत सेवामा सबैको पहुँच सुनिश्चित गर्न समन्वय एवम् सहकार्य गरिनेछ। ३. परिवारको आम्दानीलाई बचत र बचतलाई लगानीमा परिणत गर्न टोल/बस्ती स्तरमा वित्तीय संस्थाहरूको पहुँच वृद्धि तथा वडा विकास कार्यकमलाई प्रभावकारी बनाइनेछ।
३. नगरपालिकामा उत्पादनमूलक रोजगारीका अवसरहरूको वृद्धि गर्ने।	१. गरिबी निवारणका लागि स्थानीय स्तरमा उपलव्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान गरिनेछ। २. स्थानीय स्तरमा सञ्चालित पेशा व्यवसायबाट उत्पादित वस्तुहरूलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने व्यवस्था मिलाइनेछ। ३. नगरमा भित्रिने विप्रेषणलाई रोजगारी सिर्जना र लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। ४. महिला, सीपयुक्त जनशक्ति र उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ। ५. सम्भाव्य क्षेत्रमा घरबास सञ्चालन अनुदानमा परिचय पत्रको आधारमा गरिब परिवारलाई प्राथमिकता दिइनेछ। ६. गरिबी निवारण लक्षित संघीय सरकार तथा प्रदेश सरकारका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
४. नगरस्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरूको पहुँच बिस्तार गर्ने।	१. गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा गरिनेछ। २. नगर स्तरमा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा गरिबी निवारणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ। ३. उद्यमशीलता विकास गर्नका लागि समयको माग र बजार अनूकुल हुने सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। ४. गरिब परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराइनेछ। ५. पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९.१.५ कार्यक्रमका प्राथमिकता

- गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत् गर्ने।
- राज्यका स्रोत साधनहरूलाई गरिबहरूको पहुँच बिस्तार गर्ने।

९.१.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	गरीब पहिचान तथा गरीब परिचय पत्रको वितरण	संख्या		२०७७/७८	२०७८/७९	नपा/केस
२.	गरिबलाई निशुल्क/सहुलियत दरमा स्वास्थ्य सेवा पहुँच बिस्तार कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	गरीब परिवारका विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	नगरपालिकाद्वारा लगानी हुने वा सबै विकास आयोजनामा गरिबी निवारणलाई प्राथमिकता दिने कार्यविधि तयारी	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
५.	वित्तीय संस्थाहरूको पहुँच वृद्धि तथा वडा विकास कार्यकमको प्रभावकारी कार्यान्वयन	संख्या		२०७७/७८	निरन्तर	नपा
६.	गरिबी निवारणका लागि उपलब्ध रैथाने ज्ञान, सीप, पेशा एवम् व्यवसायको पहिचान तथा प्रवर्द्धन कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	सीपयुक्त जनशक्ति र उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण प्रदान गर्न कार्यविधि तयारी र कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा/विसं
८.	गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित गर्न गरिबी निवारण नीति तर्जुमा र कार्यान्वयन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	गरिबी निवारण गर्नका लागि समयको माग र बजार अनूकुल हुने सीप विकास कार्यक्रम वडास्तरमा सञ्चालन	संख्या	१४	२०७७/७८	निरन्तर	नपा/वडा
१०.	पोषणको अभावमा कुपोषित बालबालिकाहरूको समस्या समाधान गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/गप्रस/केस

९.१.७ अपेक्षित उपलब्धिहरू

- यस आवधिक योजनाको अन्त्यसम्ममा नगरपालिकामा निरपेक्ष गरीबीमा रहेको जनसङ्ख्या घटेर पाँच प्रतिशतमा आएको हुनेछ।
- गरिबलाई निशुल्क/सहुलियत दरमा स्वास्थ्य सेवा पहुँच बिस्तार कार्यक्रम सञ्चालन गरिएको हुनेछ।

- संघीय सरकारसँगको सहकार्यमा नगरभित्रका गरीबको पहिचान गरी गरीब परिचय पत्रको वितरण गरिएको हुनेछ।
- नगरपालिकामा आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात १.११ कायम भएको हुनेछ।
- गरिबी निवारणका लागि बजार अनूकुल हुने सीप विकास कार्यक्रम वडास्तरमै सञ्चालन गरिएका हुनेछन्।

९.२ जनशक्ति विकास, उद्यमशीलता र रोजगारी

९.२.१ पृष्ठभूमि

आत्मनिर्भर र समृद्ध नगरपालिका निर्माणको प्रमुख साधन जनशक्ति हो । जनशक्ति विकास, उद्यमशीलता र रोजगारीको सवालमा पुतलीबजार नगरपालिकाको अहिलेको प्रमुख आवश्यकता शिक्षालाई सीपसँग, सीपलाई रोजगारसँग, रोजगारलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु हो । युवा जनशक्तिमा युगानुकुल प्रविधियुक्त सीप विकास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु हाम्रो अहिलेको दायित्व बनेको छ । नगरभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ। भूमि, पुँजी र श्रम उत्पादनका मुख्य तत्व हुन् भने उद्यमशीलताबाट उत्पादन प्राप्त गर्ने सीप हो। परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भएपनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुऱ्याउँछ । सिर्जनशिल सोच, उपयुक्त वातावरण र सामूहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ। उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलताले स्वरोजगारको सुनिश्चितता गर्ने गर्दछ । त्यसैले यस नगरपालिकाले उद्यमशीलता विकासलाई उच्च प्राथमिकता दिंदै आइरहेको छ।

९.२.२ प्रमुख समस्या

जनशक्ति विकास, उद्यमशीलता र रोजगारीका सवालमा यस नगरपालिकाका मुख्य समस्याहरूमा शिक्षालाई सीप अनि सीपलाई उद्यमसँग जोड्न नसक्नु, उद्यमीहरूलाई शुरु गरेको उद्यममा टिकाइराख्न सम्मान र प्रोत्साहनको अभाव हुनु, बजारको सहज पहुँच नहुनु, वितीय क्षेत्रबाट गरिने लगानी उद्यम विकास गर्नमा कम हुनु, विकास निर्माण र सामाजिक क्षेत्रको विकासको लागि चाहिने जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार शैक्षिक संस्थाले जनशक्ति उत्पादन गर्ने प्रणालीको विकास नभएको हुँदा देश, प्रदेश र नगरको लागि कुन कुन क्षेत्रका लागि कति मात्रामा जनशक्ति उत्पादन गर्नु पर्ने हो भन्ने तथ्याङ्क उपलब्ध नहुनु, बजार वा उत्पादन क्षेत्रमा मागको आधारमा जनशक्ति परिपूर्ति हुन नसक्नु, ठूलो मात्रमा अनुत्पादक जनशक्ति उत्पादन भएकोले बेरोजगारको संख्या उल्लेख्य रहनु, उत्पादित जनशक्तिलाई टिकाई राख्न नसक्नु, विद्यालय तथा विश्वविद्यालयको शिक्षालाई बजारसँग आवद्ध गर्न नसक्नु रहेका छन्।

९.२.३ चुनौती र अवसर

क. चुनौती

जनशक्ति विकास, उद्यमशीलता र रोजगारीका चुनौतीको सन्दर्भमा यस नगरपालिकामा उद्यमीहरूलाई आफ्नो उद्यममा टिकाइराख्न सम्मान, प्रोत्साहन तथा अभिभावकीयको संरक्षण सुनिश्चित गर्नु, सीप तथा उद्यम विकास गर्ने शिक्षाको उपलब्धता सुनिश्चित गर्नु, तालिममा सिकेको सीपलाई उद्यमसँग आबद्ध गराउनु, उद्यमीहरूलाई वित्तीय पहुँच बढाउनु, उद्यमीहरूले नयाँ प्रविधिहरूको प्रयोग गर्नु, लगानी बढाउनु, नाफामूलक क्षेत्रको पहिचान गर्नु, उद्यमशील सँस्कृतिको विकास गर्नु, उद्यमीले उत्पादन गरेका वस्तुहरू बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु, नागरिकको रोजगारीको हकलाई कार्यान्वयन गर्न नयाँ श्रम क्षेत्रको पहिचान गर्नु, जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नु, विद्यालय तथा विश्वविद्यालयका सबै खालका शिक्षालाई श्रम तथा सीपसँग जोड्नु, वैदेशिक रोजगारलाई व्यवस्थित बनाई वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउनु तथा विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्नु, छोटा, मध्यम तथा लामो अवधिका सीपमूलक तालिम सञ्चालन गरी रोजगारको क्षेत्रमा पठाउनु प्रमुख रूपमा रहेका छन्।

ख. अवसर

यस नगरपालिकामा जनशक्ति विकास, उद्यमशीलता र रोजगारीकाका सवालमा उपलब्ध अवसरहरूको कुरा गर्दा बैंक तथा वित्तीय संस्थाका शाखाहरूको पहुँच सुदृढ हुनु, उद्यमशील संस्कृति क्रमिक रुपमा विकास हुँदै जानु, व्यक्तिहरू उद्यमशील हुन प्रयत्न गर्नु तथा आकर्षित हुनु, उद्यमीहरूवीचको एकता कायम हुनु, सक्रिय उमेरको जनसङ्ख्याको अनुपात बढी हुँदै जानु, अर्थतन्त्र सुदृढीकरणमा साना तथा मझौला उद्योगको योगदान वृद्धि हुँदै जानु, संघीय तथा प्रदेश सरकारको शिक्षालाई बजारसँग जोडने कुरा प्राथमिकतामा रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, वर्तमान अवस्थामा नगरपालिकामा बहु-प्राविधिक शिक्षालय स्थापना सम्बन्धी प्रारम्भिक कार्य हुनु, रोजगारमूलक क्षेत्रको विकास तथा बिस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवा शक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु प्रमुख रूपमा आउँछन्।

९.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

९.२.४.१ सोच

उद्यमशील संस्कृति, उत्पादनशील र सीपयुक्त जनशक्ति।

९.२.४.२ लक्ष्य

नयाँ सीपको विकास र प्रविधिमा पारंगत जनशक्तिको उत्पादन र उपयोग गरी उद्यमशीलताको विकास गर्ने।

९.२.४.३ उद्देश्य

१. नागरिकमा उद्यमशील बन्ने संस्कृतिको विकास गरी नगरमा रोजगारीका अवसर बढाउने।
२. समग्र पुतलीबजारको विकासको लागि आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने।

९.२.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नागरिकमा उद्यमशीलताको विकास गर्न नीतिगत तथा संस्थागत सहजीकरण गर्ने।	१. विद्यालयहरूमा उद्यमशीलता विकासको पढाइ शुरु गर्न प्रोत्साहन गरिनेछ। २. साना व्यवसायहरूमा कर्जा लगानी गर्न बैंक, वित्तीय संस्था र सहकारीहरूलाई प्रोत्साहन गरिनेछ। ३. उद्यमीहरूको जोखिम कम गर्न बीमा कार्यक्रमलाई बिस्तार गरिनेछ। ४. नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ। ५. परम्परागत सीपको प्रयोग गर्ने उद्यमीलाई संरक्षण र प्रोत्साहन दिइनेछ।
२. समग्र नगरका निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गरी उत्पादन गर्ने।	१. पुतलीबजार नगरपालिकाभित्र सरकारी र निजी क्षेत्रलाई निश्चित अवधिको लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरिनेछ। २. प्रक्षेपण अनुसार, दक्ष, अदक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने योजना तयार गरी कार्यान्वयन गरिनेछ। ३. विद्यालय, महाविद्यालय, शिक्षालय र अन्य शैक्षिक संस्थासँग सहकार्य गरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गरिनेछ। ४. विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गरिनेछ।
३. जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने।	१. युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिको व्यवसायिक सीप विकास तालिम प्रदान गर्नका लागि एक नगरस्तरीय तालिमकेन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ। २. उत्पादन क्षेत्रलाई चाहिने प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ। ३. नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ। ४. आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रवृत्ति लगायत सुविधाहरू प्रदान गरिनेछ। ५. जनशक्तिलाई उद्यमशील, सिर्जनात्मक तथा नवप्रवर्तनका कार्यमा लाग्न प्रेरित एवम् मार्गदर्शन गर्नको लागि नगरमा छुट्टै शाखा स्थापना गरी सञ्चालनमा ल्याउने।

९.२.५ कार्यक्रमका प्राथमिकता

- नागरिकमा उद्यमशील बन्ने संस्कृतिको विकास।
- नगरमा रोजगारीका अवसरमा वृद्धि।
- समग्र पुतलीबजारको विकासको लागि आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन।

९.२.६ कार्यक्रमहरू

जनशक्ति विकास, उद्यमशीलता र रोजगारी क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	मेयरसँग रोजगार कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	विद्यालय तहका लागि उद्यमशीलता विकासको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी	संख्या	१	२०७७/७८	निरन्तर	नपा
३.	अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	व्यवसायलाई वित्तीय सेवाका लागि बैंक, वित्तीय संस्था र सहकारीसँग समन्वयको कार्यविधि निर्माण।	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	लघु व्यवसाय बीमा कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	नगरमा सरकारी र निजी क्षेत्रलाई आवश्यक जनशक्तिको प्रक्षेपण अध्ययन	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
७.	विशिष्ट जनशक्ति उत्पादन कार्ययोजना तर्जुमा	संख्या	१	२०७७/७८	निरन्तर	नपा
८.	उद्यम विकासलागि ग्यारेण्टी बैंक स्थापना	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	नगरस्तरीय तालिमकेन्द्र स्थापना	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१०.	उद्यमशीलता, व्यवसायिकता तथा नवप्रवर्तन प्रवर्द्धन शाखा स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	नयाँ नवप्रवर्तनीय सोच प्रतियोगिता	संख्या	१	२०७७/७८	निरन्तर	नपा

९.२.७ अपेक्षित उपलब्धिहरू

- यस आवधिक योजनाको अन्त्यसम्ममा नगरपालिकामा तीन हजार जनाको लागि रोजगारी सिर्जना भएको हुनेछ।

- प्रति वर्ष कम्तीमा १०० नगरबासीका लागि स्वरोजगारका अवसरहरू सिर्जना गरिएका हुनेछन् ।
- नगरबासीले माग बमोजिम सीप विकासका अवसरहरू प्राप्त गर्नेछन् ।
- नगरपालिकामा एक सीप विकास तालिम केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
- नगरपालिकाभित्र एउटा नवप्रवर्तन केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
- नगरका सबै माध्यमिक विद्यालयहरूमा उद्यमशीलता विकासको पढाइ शुरुआत गरिएको हुनेछ ।
- यस नगरपालिकाभित्र सरकारी र निजी क्षेत्रलाई निश्चित अवधिको लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी त्यस्तो जनशक्ति उत्पादनका लागि कार्ययोजना बनाई लागू गरिएको हुनेछ ।

९.३ समानता र समावेशिता

९.३.१ पृष्ठभूमि

यस पुतलीबजार नगरपालिकामा अझै पनि व्यावहारिक रुपमा महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, सीमान्तकृत्, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य आदि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका छन् । नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधान प्रदत्त हकलाई सबै वर्ग र क्षेत्रको समानतामूलक सहभागिता तथा समावेशिताका माध्यमबाट उपयोग गर्नका लागि विभिन्न संरक्षण तथा संवर्द्धनका कार्यक्रमहरू सञ्चालन हुँदै आएको भएतापनि विभिन्न जाति वर्ग एवम् क्षेत्र बीच देखिएको असमानताको अन्त्य भएको छैन् । साथै नगरपालिकाको विविधतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी समग्र नगरको समावेशी विकासलाई प्रमुख माध्यमको रुपमा अंगीकार गर्नुपर्ने आवश्यकता रहेको छ ।

९.३.२ प्रमुख समस्या

समानता र समावेशीताका सन्दर्भमा यस नगरपालिकाका मुख्य समस्याहरूमा ठूलो भूगोल र लामो समयदेखि चल्दै आएको सामाजिक आर्थिक संरचनाले गर्दा विभिन्न लक्षित वर्ग र समुदायका बीच समानताका क्षेत्रमा ठूलो भिन्नता कायम रहनु, नगरका हरेक क्षेत्रमा समावेशी विकास कार्यान्वयन हुन नसक्नु, समाजमा धनी र गरिब बीचको असमानता कायम रहनु, समावेशिताका व्यवहारहरू अर्थपूर्ण परिवर्तन ल्याउने भन्दापनि केवल प्रतिनिधित्व सुनिश्चित गर्ने खालको मात्रै हुनु, समावेशिताका आवाजहरू सँगठित रूपमा मुखरित हुन नसक्नु रहेका छन् ।

९.३.३ चुनौती र अवसर

क. चुनौती

समानता र समावेशीताका चुनौतीको विषयमा यस नगरपालिकामा विभिन्न समूह र विपन्न समुदायमा व्याप्त गरिबी तथा असमानता घटाउनु, विभिन्न समुदाय तथा वर्ग बीच रहेको आर्थिक, सामाजिक, शैक्षिक अन्तर कम गर्नु, स्रोत

साधन तथा सेवा सुविधामा हरेक वर्गको सहभागिता सुनिश्चित गर्नु, समाजमा व्याप्त विसँगति अन्त्य गरी समावेशी तथा समतामूलक समाज निर्माण गर्नु, सामाजिक न्याय सहितको समावेशी विकास हाँसिल गर्नु प्रमुख रूपमा रहेका छन्।

ख. अवसर

यस नगरपालिकामा समानता र समावेशीताका सवालमा उपलब्ध अवसरहरूको कुरा गर्दा नागरिकको समानता तथा समावेशिताको हक संरक्षण र संवर्द्धन गर्न नगर नेतृत्व प्रतिबद्ध रहनु, मुलुकले नै समावेशी नीति अंगिकार गर्नु, राज्यका तीनै तहमा विभिन्न लक्षित वर्गको सहभागिता उत्साहजनक रहनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, यस क्षेत्रमा विभिन्न सामाजिक संघसंस्थाहरू क्रियाशील रहनु, नेपाल समानता तथा समावेशीकरणका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्ष राष्ट्र हुनु प्रमुख रूपमा आउँछन्।

९.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

९.३.४.१ सोच

विकासमा सबै नगरबासीको अपनत्वसहितको अर्थपूर्ण समावेशी सहभागिता।

९.३.४.२ लक्ष्य

मानव विकास सूचकाङ्कमा पछाडि परेका वर्ग तथा समुदायहरूको सशक्तिकरण एवम् समानुपातिक विकास गर्ने।

९.३.४.३ उद्देश्य

१. नगरमा उपलब्ध स्रोत, साधन, अवसर तथा सेवा सुविधामा सबै नागरिकको समानुपातिक पहुँच बढाई समावेशी विकास गर्ने।

२. नगरको विकास तथा शासकीय प्रक्रियामा सबै वर्ग, समूह र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

९.३.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरपालिकामा उपलब्ध स्रोत तथा साधनमा सबै नागरिकको समानुपातिक पहुँच वृद्धि गर्ने।	१. नगरपालिकामा रहेका लोपोन्मुख, पिछडिएका तथा सीमान्तकृत् वर्गको आर्थिक तथा सामाजिक विकास लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. नगरपालिकामा उपलब्ध स्रोतमा पिछडिएका क्षेत्र र वर्ग जस्तै महिला, आदिवासी जनजाति, मुस्लिम, दलित र अल्पसंख्यक वर्गका नागरिकको समन्यायिक पहुँच वृद्धि गरिनेछ। ३. स्वरोजगार तथा उद्यमशीलता मार्फत आत्मनिर्भरताको विकास गर्नका लागि लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि

	गरिनेछ।
२. विकास तथा शासकीय प्रक्रियामा सबै वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।	१. शासन सञ्चालन र विकासका हरेक आयामहरूमा सबै वर्ग र क्षेत्रका नागरिकहरूको सहभागिता सुनिश्चितताका लागि विशेष जागरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। २. आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास गरिनेछ।

९.३.५ कार्यक्रमका प्राथमिकता

- नगरमा उपलब्ध स्रोत, साधन, अवसर तथा सेवा सुविधामा सबैको समानुपातिक पहुँच स्थापित गर्ने।
- समावेशी विकासमार्फत लोपोन्मुख, पिछडिएका तथा सीमान्तकृत् समुदायलाई शासकीय प्रक्रिया तथा विकासको मूलधारमा ल्याउने।

९.३.६ कार्यक्रमहरू

समानता र समावेशीताका क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	शासन सञ्चालन र विकासका कार्यहरूमा सबै नागरिकको सहभागिता बढाउनका लागि जागरणका कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा/वडा
२.	वडाका निर्णयहरूमा गरिब र सीमान्तकृत् वर्गको सहभागितामा वृद्धि कार्यक्रम	संख्या	१४	२०७७/७८	निरन्तर	वडा
३.	नगरका श्रोतमा पिछडिएका वर्ग र क्षेत्रको पहुँच वृद्धि कार्यक्रम	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	स्वरोजगार तथा उद्यमशीलता विकासका लागि लक्षित वर्ग सीप विकास तालिम	संख्या	वार्षिक १४	२०७७/७८	निरन्तर	नपा/गप्रस
५.	लक्षित वर्ग सीप विकास तालिमको प्रभावकारिता मुल्याङ्कन	संख्या	दुई वर्षमा १	२०७९/८०	२०८१/८२	नपा
६.	समानता र समावेशिताको प्रभावकारिता वृद्धिका लागि पृष्ठपोषक अध्ययन	संख्या	वार्षिक १	२०७७/७८	निरन्तर	नपा

९.३.७ अपेक्षित उपलब्धिहरू

- पुतलीबजार नगरपालिकामा उपलब्ध साधन तथा स्रोतहरूमा सबैखाले समुदाय र समूहको पहुँच बढेको हुनेछ।
- प्रत्येक वर्ष हरेक वडामा एउटा लक्षित समुहका सीप विकास तालिम सञ्चालन गरिएको हुनेछ।
- प्रत्येक वर्ष हरेक वडाबाट कम्तीमा १० जना लक्षित समुहका व्यक्ति सीप विकास तालिमबाट लाभान्वित भएका हुनेछन्।
- आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नगरबासीहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा देखिने किसिमले सहभागितामूलक समावेशी विकास गरिएको हुनेछ ।

९.४ वन तथा वातावरण संरक्षण

९.४.१ पृष्ठभूमि

वन तथा वातावरण व्यवस्थापन मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । नेपालको संविधानमा नै प्रत्येक नागरिकले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ । वन तथा वातावरण संरक्षणको विषय संघ, प्रदेश र स्थानीय तहका सरकारको संयुक्त जिम्मेवारीभित्र पर्दछ। हाल योजनाविहीन भौतिक विकास निर्माणका कारण विभिन्न क्षेत्रमा वातावरण प्रदूषण जस्ता वातावरणीय समस्याहरु टड्कारो रूपमा देखिंदै आएका छन्। तसर्थ, वातावरण संरक्षणका लागि सरकारी निकाय र स्थानीय समुदाय वीच सहकार्य गर्दै मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको छ।

पुतलीबजार नगरपालिकामा तत्काल वातावरण प्रदुषण सम्वन्धी जटिल समस्या नभएता पनि वातावरणको दिगो रूपमा संरक्षण गर्नु जरुरी छ। पुतलीबजार नगरपालिकाको नगरपार्श्वचित्र २०७६ का अनुसार यस नगरपालिकाको करिब ३४.७३ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ र यहाँको वातावरण संरक्षणको कुरा गर्दा वनजंगलको प्रभावकारी व्यवस्थापन मुख्य विषयको रूपमा आँउछ । समष्टिगत रूपमा भन्नुपर्दा फोहोरमैला व्यवस्थापन, वनजंगल संरक्षण, नदी तथा खोला नियन्त्रण, प्राकृतिक श्रोत साधनको समुचित व्यवस्थापन, निर्माण सामाग्रीको व्यवस्थापन, शौचालय र ढलको निर्माण आदि वातावरणसँग प्रत्यक्ष सम्बन्धित पक्षहरु हुन् र यी कार्यहरुका लागि स्थानीय सरकार प्रमुख रुपमा जिम्मेवार रहने गर्दछ।

९.४.२ प्रमुख समस्या

पुतलीबजार नगरपालिकामा बढ्दो शहरीकरण, बिस्तारित सडक सञ्जाल र यातायात, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन, आगलागी र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण हुनु, वनमासा, वनमाराजस्ता बाह्य मिचाहा झारको प्रकोप बढनु, संक्रामक रोग र कीराको प्रकोप बढ्दै जानु, विभिन्न बालीमा रासायनिक मल तथा विषादीको प्रयोग बढ्दो क्रममा हुनु मुख्य वातावरणीय समस्याका रूपमा रहेका छन्। यसैगरी फोहरमैला संकलन, प्रशोधन र विर्सजनको प्रभावकारी व्यवस्थापन गर्न नसकिनु, सडकका नाला र ढलको व्यवस्थापन वातावरण मैत्री बन्न नसक्नु, भूक्षय, बाढी, पहिरो, चट्टयाङ, आगलागी, जोखियूक्त बस्ती लगायतका

विपद्को पूर्व सूचना दिन र पूर्व सावधानी अपनाउन नसकिनु, नविकरणीय उर्जाको विकास नहुनु, प्रदूषण नियमन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयन गर्न नसकिनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, जल तथा वायू प्रदुषण सम्बन्धि नागरिक सचेतना कम हुनु, जलवायू परिवर्तन सम्वन्धि मापन केन्द्रको अभाव हुनु, वातावरण संरक्षण र पूर्वाधार विकासवीच सामञ्जस्यता स्थापित हुन नसक्नु, वातावरण संरक्षणमा वार्षिक बजेट विनियोजन र कार्यान्वयनमा असन्तुलन रहनु, वातावरणीय संरक्षणका सवालमा क्षमता विकास कार्यक्रम तर्जुमामा कमी हुनु, नगर सौन्दर्यीकरणका योजना छनौट गरि कार्यान्वयनमा ल्याउन नसकिनु आदि समेत यहाँका प्रमुख वातावरणीय समस्या रहेका छन्।

९.४.३ चुनौती र अवसर

क. चुनौती

यस नगरपालिकामा वातावरणमैत्री विकास संस्थागत गर्नु, फोहोरमैला, ढल निकास, भूक्षय, नदीखोला कटान, वनविनास, धुँवाधुलोको उचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्नु, जलवायू परिवर्तन सम्वन्धी तथ्यांकहरु संकलन गरी अनुकुलन कार्यक्रम संचालन गर्नु, जलवायू परिवर्तन सम्वन्धी सूचनामूलक र सचेतनामूलक कार्यक्रम संचालन गरी जनतालाई सुसुचित गर्नु, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको व्यवस्था गर्नु, नागरिकहरूमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु मुख्य चुनौती हुन् । यसका साथै नगरपालिकाबाट वातावरण संरक्षणमैत्री बजेट तर्जुमा गर्न, विभिन्न खाले प्रकोप तथा प्रदुषणलाई प्रभावकारी किसिमले नियन्त्रण गर्नु, IEE/EIA को मुल्य मान्यतानुसार विकासका कार्यक्रम अगाडी बढाउनु, वन तथा वातावरण संरक्षणसँग सम्बद्ध सरोकारवालाको क्षमता विकास गर्नु आदि चुनौती समेत रहेका छन्।

ख. अवसर

नेपालको संविधानमा नै वातावरण संरक्षणलाइ स्थानीय तहको एक मुख्य कार्यजिम्मेवारीको रुपमा परिभाषित हुनु, वातावरण संरक्षण ऐन र नियमावली लागु भै विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण संरक्षण सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने निकाय, वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको नेपाल पक्ष राष्ट्र भएकाले यसबाट प्रत्यक्ष वित्तीय फाईदा लिने अवसर हुनु, मुलुक संघीयता कार्यान्वयनको शुरुवाती अवस्थामा भएकोले स्थानीय स्तरमा नयाँ नीति, कानून, कार्यविधि र सँगठनात्मक संरचना निर्माण गरी वातावरण र जलवायुमैत्री, क्षमतावान् र सवल स्थानीय सरकार निर्माण गर्न सकिनु, भौतिक विकासका महत्वपूर्ण क्षेत्र खासगरी सडक, पुल पुलेसा र ढल निकासको निर्माण तथा व्यवस्थापनका लागि नगरपालिका, प्रदेश र संघीय सरकारसँग समन्वय गरी काम गर्न सकिनु, यस नगरपालिकामा रहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था तथा आम जनसमुदायको समेत वातावरण संरक्षणमा विशेष चासो रहनु, नगरपालिकाले आफ्नो आवधिक योजना र विपद् व्यवस्थापन रणनैतिक योजना निर्माण गरिरहेको स्थितिमा सन्तुलित बजेट निर्माण र वातावरण मैत्री विकास एवम् जलवायू अनुकुलन कार्यक्रमको तर्जुमा गर्न सकिनु यस नगरपालिकाका वन तथा वातावरण संरक्षणसँग सम्बन्धित प्रमुख अवसरहरू हुन्।

९.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

९.४.४.१ सोच

पुतलीबजारको शान, स्वच्छ र स्वस्थ वातावरण।

९.४.४.२ लक्ष्य

दिगो र वातावरणमैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरणसहितको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने।

९.४.४.३ उद्देश्य

१. दिगो र वातावरणमैत्री पूर्वाधारको निर्माण गरी स्वच्छ र सन्तुलित वातावरण कायम गर्ने।
२. जलवायू परिवर्तन सम्वन्धी अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्ने।
३. वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण, व्यवस्थापन र व्यवसायीकरण गर्ने।

९.४.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरको वातावरणको दिगो संरक्षणमा जोड दिने।	१. वातावरण संरक्षण सम्वन्धी शिक्षा एवम् सचेतनालाई समुदायस्तरसम्म प्रभावकारी ढंगले पुऱ्याइनेछ। २. भौतिक पूर्वाधार निर्माणलाई वातावरणमैत्री बनाइनेछ। ३. वातावरण संरक्षण सम्वन्धी कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ। ४. विकास निर्माणका कार्यक्रम संचालन पूर्व वातावरणीय प्रभाव मूल्यांकनलाई जोड दिइनेछ।
२. जलवायू अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्ने।	१. जलवायू उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी र सचेतना अभिवृद्धि गरिनेछ। २. जलवायू परिवर्तन सम्वन्धी भरपर्दो सूचना प्राप्त गर्न जलवायू मापन केन्द्रको स्थापना गरिनेछ। ३. जलवाय परिवर्तनले नगरपालिकाको कृषि, वन, बस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव सम्वन्धी अध्ययन अनुसन्धान गरी अनुकूलन कार्यक्रममा जोड दिइनेछ।
३. वन तथा पारिस्थीतिकीय प्रणालीको संरक्षण, व्यवस्थापन र व्यावसायीकरण गर्ने।	१. मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा रुखका हाँगाहरू जङ्गलबाट हटाउन समुदायलाई प्राविधिक सहयोग पुऱ्याउन डिभिजन वन कार्यालयसँग समन्वय गरिनेछ। २. विभिन्न व्यवस्थापन प्रणालीबाट संकलित काठजन्य वस्तुको प्रशोधनबाट नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ। ३. वनको समुचित संरक्षण तथा व्यवस्थापनबाट कार्बन उत्सर्जन कटौती गरिनेछ।
४. एकीकृत् जलाधार व्यवस्थापन मार्फत् भूःक्षय नियन्त्रण गरी जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी	१. जलाधार क्षेत्र भित्रको जल, जंगल र जमिनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ। २. जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी

यसमा आश्रित जनताको जीवन स्तर उकास्ने।	भूमिको उत्पादकत्व वृद्धि गरिनेछ। ३. विकासका पूर्वाधार निर्माणसँगै उपयुक्त भू-संरक्षण प्रविधि सञ्चालन गरिनेछ। ४. प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन गरी गल्छी, पहिरो तथा खोला किनार संरक्षण गरिनेछ।
५. नगरपालिकामा प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा फोहरमैला व्यवस्थापन गर्ने।	१. जल प्रदुषणको रोकथाम गर्न प्रशोधित ढल निकास लगायत आवश्यक पूर्वाधार निर्माण गरिनेछ। २. वायु, माटो, ध्वनी प्रदुषण नियन्त्रणका लागि विभिन्न प्रविधिहरु अवलम्बन गरिनेछ। ३. वातावरण प्रदूषण गर्ने वस्तुको उत्पादन कम गर्न पुनः प्रशोधन एवम् पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ४. फोहोर मैला व्यवस्थापनका लागि नबीन प्रविधिको प्रयोग गरिनेछ।

९.४.५ कार्यक्रमका प्राथमिकता

१. दिगो र वातावरणमैत्री पूर्वाधारको निर्माण।
२. स्वच्छ र सन्तुलित वातावरण कायम गर्ने।
३. जलवायू परिवर्तन सम्वन्धी अनुकूलन योजना निर्माण तथा कार्यान्वयन।
४. वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण, व्यवस्थापन र व्यवसायीकरण।

९.४.६ कार्यक्रमहरु

वन तथा वातावरण क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	सरसफाई केन्द्र सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	सरसफाई कर्मचारीको क्षमता विकास तालिम तथा अनुभव आदान प्रदान कार्यक्रम	संख्या	प्रत्येक वर्ष १	२०७७/७८	निरन्तर	नपा
३.	फोहोर मैला वर्गीकरण तथा व्यवस्थापन सम्बन्धमा सामुदायिक सचेतना कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७७/७८	निरन्तर	नपा
४.	जलवायू उत्पन्न प्रकोप विरुद्ध पूर्वतयारी र सचेतना अभिवृद्धि कार्यक्रम	संख्या	प्रति वडा वार्षिक १	२०७८/७९	निरन्तर	नपा
५.	नगर जलवायू मापन केन्द्र स्थापना	संख्या	१	२०७९/८०	२०७९/८०	नपा
६.	जलवाय परिवर्तनको प्रभावको अध्ययन अनुसन्धान तथा अनुकूलन कार्यक्रम	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा

७.	माटोको दिगो संरक्षण तथा व्यवस्थापन सम्बन्धी जनस्तरमा सचेतना कार्यक्रम	संख्या	प्रति टोल वार्षिक १	२०७८/७९	निरन्तर	नपा
८.	विकास पूर्वाधारसँगै उपयुक्त भू-संरक्षण प्रविधि एकीकरण निर्देशिका निर्माण	संख्या	१	२०७८/७९	२०७९/८०	नपा
९.	प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन	संख्या	प्रति दुई वर्ष १	२०७८/७९	निरन्तर	नपा
१०.	ढल प्रसोधन पूर्वाधार निर्माण	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
११.	वृक्षारोपण तथा वन संरक्षण अभियान सञ्चालन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१२.	विभिन्न व्यवस्थापन प्रणालीबाट संकलित काठजन्य वस्तुको प्रशोधन नीति तर्जुमा	संख्या	१	२०७८/७९	२०७८/७९	नपा
१३.	डिभिजन वन कार्यालय र समुदायसँगको सहकार्यमा मृत, क्षतिग्रस्त र रोगग्रस्त रुख तथा हाँगाहरू वनबाट हटाउने कार्यक्रम	संख्या	मागका आधारमा	२०७७/७८	निरन्तर	नपा/डिवका
१४	वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन कार्यक्रम	प्याकेज		२०७७/७८	निरन्तर	नपा
१५.	विद्यालयहरूमा वातावरण शिक्षा तथा यसको प्रचारप्रसारका लागि सहजीकरण कार्यक्रम	संख्या		२०७७/७८	निरन्तर	नपा

९.४.७ अपेक्षित उपलब्धिहरु

१. नगरमा एक सरसफाई केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ।
२. आवधिक जलवायु अनुकुलन योजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ।
३. नगरमा कम्तीमा एक जलवायु मापन केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ।
४. कुनैपनि भौतिक विकास निर्माण पूर्व वातावरणीय परिक्षण गराइएको हुनेछ।

९.५ प्रकोप तथा विपद् व्यवस्थापन

९.५.१ पृष्ठभूमि

विपद् भन्नाले जन वा धनको क्षतिको साथै मानव जीवनयापन र वातावरणमा प्रतिकुल असर पर्ने गरी विभिन्न कारणले सिर्जित समाजको अस्तव्यस्त अवस्था अथवा कुनै स्थानमा आपतकालिन अवस्थालाई बुझाउँदछ् । खासगरी विपद् प्राकृतिक र मानवजन्य दुई प्रकारबाट हुने गर्दछ । प्राकृतिक विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, भूस्खलन, सर्पदंश, जनावर आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सुक्ष्म जीवाणु आतंक, डुवान, आंधी, हुरी बतास, शीत लहर, तातो हावा, खडेरी, अनावृष्टि, अतिवृष्टि, अनिकाल, हिमपात, हिमपहिरो, हिमताल बिष्फोटन, ज्वालामुखी बिष्फोट आदि पर्दछन्। मानवजन्य विपद् अन्तर्गत महामारी, युद्ध, भोकमरी, डढेलो, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, बिषाक्त ग्यांस रसायन वा विकिरण चुहावट, ग्याँस बिष्फोटन, बिषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन बिनास वा भौतिक संरचनाको

क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना आदि पर्दछन् । नेपाल जस्तो धरातलीय अवस्था भएको देशमा विभिन्न प्रकृतिका प्राकृतिक बिपद्का साथै मानव सिर्जित प्रकोपको जोखिम समेत रहेको छ । यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनका लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता हुन्छ । विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरि प्राकृतिक तथा मानवजन्य विपद्घाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४ को व्यवस्था गरेको छ । यस अनुसार केन्द्रिय, प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठनको व्यवस्था गरिएको छ । विपद् व्यवस्थापन यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

यस पुतलीबजार नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यसले प्रकोप तथा विपद्घाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्न, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत तथा संरचनागत कार्यहरू गर्दै आइरहेको छ । यस नगरपालिकाको सन्दर्भमा प्रकोप/विपद् जोखिम न्यूनीकरणका लागि सुदृढ संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । तसर्थ, यस आवधिक योजना मार्फत प्रकोप तथा विपद् व्यवस्थापनको दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरु निर्दिष्ट गरि तद्अनुरुप कार्यान्वयनका लागि आवश्यक रणनीति, कार्यनीति र कार्यक्रमहरु तय गरिएको छ ।

९.५.२ प्रमुख समस्या

यस नगरपालिकाको प्रकोप तथा विपद् व्यवस्थापन सन्दर्भमा हेर्दा विपद् जोखिम सम्बन्धमा स्थायी छुटै संरचना नहुनु, यसलाई प्राथमिकतामा नपारिने क्षेत्रको रुपमा लिइनु, विपद् सम्बन्धि बजेट न्युन हुनु, यस सम्बन्धी व्यवस्थित सूचना केन्द्र नहुनाले पूर्वसूचना र ज्ञानको कमी हुनु, विपद् जोखिम न्युनिकरण र विकास निर्माण कार्य वीच तालमेलको कमी हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान र नक्शांकन हुन नसक्नु, प्राकृतिक स्रोतको अत्यधिक दोहन हुनु, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र लगानीको कमी हुनु, प्रकोप तथा विपद्मा पूर्व तयारीभन्दा प्रतिकार्यमा मात्र जोड दिइनु, आपतकालिन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण तथा राहत सामाग्रीको अभाव हुनु, सम्भाव्य विपद्को बारेमा पूर्व सावधानी नअपनाउनु, सरोकारवालावीच सामञ्जस्यतामा कमी हुनु आदि जस्ता प्रमुख समस्या रहेका छन् ।

९.५.३ चुनौती र अवसर

क. चुनौती

पुतलीबजार नगरपालिका एक पहाडी भू-धरातलमा अवस्थित नगरपालिका हो । प्रकोप तथा विपद् व्यवस्थापन सन्दर्भमा यस नगरपालिकाका चुनौतिहरूको कुरा गर्दा आँधी, सुरौदी तथा यिनका सहायक खोलाले बर्षेनी उर्वर भुमी कटान गर्नु, प्राविधिक प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्यांकन बिना वा त्यस्ता प्रतिवेदन पालना नगरी बनाइएका सडकहरूका कारण गएका पहिरोद्वारा हुने धनजन तथा पर्यावरणीय क्षति कम गर्नु, योजना छनौट प्रक्रियादेखि व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्यांकनलाई समावेश गराई निर्णय प्रक्रिया अवलम्बन गर्ने कार्यलाई संस्थागत गर्नु, विपद् व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउदै प्रकोप विरुद्ध उत्थानशीलताको विकास गराउनु, विपद् व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि, संयन्त्र र कोषको चुस्त व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापना गर्नु, नगरका विभिन्न स्थानमा विपद्पछि

गर्नुपर्ने उद्धार तथा पुनर्स्थापना कार्यका लागि आवश्यक सुरक्षित स्थानको व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजि क्षेत्रको संलग्नतामा सहभागितामुलक योजना तर्जूमा तथा एकिकृत कार्यक्रम संचालन गर्नु प्रमुख रूपमा रहेका छन्।

ख. अवसर

नेपाल सरकारले प्रकोप तथा विपद् सम्बन्धमा संवैधानिक व्यवस्थासंगै विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनैतिक र्ययोजना २०१८-२०३० जस्ता विभिन्न ऐन, कानुन तथा निर्देशिकाहरु जारी गरि प्रदेश तथा स्थानीय सरकारलाई निर्देशित गरेको हुनु, विकास निर्माणका हरेक कार्यमा वातावरणीय प्रभाव मूल्यांकनको व्यवस्था हुनु, सबै तहका सरकारमा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको अधिकार र जिम्मेवारीको बाँडफाँड हुनु, नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भै वडास्तरमा समेत कार्य हुँदै हुनु, नगरपालिका र वडाबाट विपद् व्यवस्थापनका लागि निश्चित प्रतिशत बजेट विनियोजन गरिनु, विपद् जोखिम न्युनीकरणसम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने कुरा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको प्राथमिकतामा पर्नु, विपद् जोखिमबारे नगरबासीलाई सुसुचित गर्न सूचना केन्द्रको स्थापना गर्ने तर्फ सकरात्मक पहल हुनु, जोखिमयुक्त पक्ष पहिचान र उत्थान एवम् उपयुक्त संरचना निर्माण कार्य प्राथमिकतामा पर्नु, विपद् केन्द्रित विशेष कोष स्थापना तथा सञ्चालन हुनु, राहत व्यवस्थापन उपसमिति र वितरणको संस्थागत प्रबन्ध हुनु, विपद्पछिको परिस्थितिलाई सामना गर्नका लागि दक्ष जनशक्ति र औजार/साधनहरु व्यवस्थापन हुनु, आवश्यक कार्यविधीहरु निर्माण भएका तथा हुने क्रममा हुनु, नगरपालिकाको आफ्नै विपद् व्यवस्थापन रणनैतिक योजना निर्माण क्रममा हुनु आदिलाई यस नगरपालिकाको प्रकोप तथा विपद् व्यवस्थापनका विषयमा महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ।

९.५.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

९.५.४.१ सोच

विपद् जोखिमबाट सुरक्षित र उत्थानशील पुतलीबजार नगरपालिका।

९.५.४.२ लक्ष्य

यस नगरपालिकामा हुने प्राकृतिक तथा मानव सिर्जित विपद्घाट सिर्जना हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्ने।

९.५.४.३ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्रि शासन पद्धतिको सुदृढिकरण गर्ने।
२. नगरपालिकामा बहुप्रकोप जोखिम नक्शांकन, विपद् जोखिम पूर्वानुमान, पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धि क्षमता विकाससंगै विपद् जोखिम संवेदनशिल योजना र पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्ने।
३. विपद् जोखिम न्यूनिकरण र राहत व्यवस्थापनका लागि सार्वजनिक, नीजि तथा सामुदायिक लगानी वृद्धि गरि समुदायस्तरदेखिनै उत्थानशिल क्षमता अभिवृद्धि गर्ने।

९.५.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति

१. विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गर्न आवश्यक नीतिगत र संस्थागत व्यवस्था विकास गर्ने।	१. नगरमा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका सम्बन्धी विद्यमान व्यवस्थाहरु आवश्यक कार्यविधि बनाई लागु गरिनेछ। २. नगरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यगर्दा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुवीच समन्वय र सहकार्य गरिनेछ। ३. बहुप्रकोप जोखिम आंकलनमा आधारित भई यस सम्बन्धि बुझाई अभिवृद्धि गर्दै सबै जनसमुदायको पहुँच सुनिश्चित गरिनेछ। ४. विपद् सम्बन्धि योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्दा लैङ्गिक साथै सबै प्रकारका सामाजिक समावेशितालाई प्राथमिकतामा राखिनेछ।
२. विकास प्रक्रियामा जोखिम न्यूनीकरणलाई मुल प्रवाहिकरण गर्ने र उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक, नीजि तथा सामुदायिक साझेदारी र सहकार्य कायम गर्ने।	१. नगरका विषयगत विकास योजना र पूर्वाधार निर्माणमा विपद् जोखिम मूल्यांकन समावेश गरी अनुगमन र मूल्यांकनमा विपद् जोखिम न्यूनीकरण सम्बन्धि सुचकहरु समावेश गरिनेछ। २. नगर, वडा तथा समुदायस्तरमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्नुका साथै थप क्षति हुन नदिन सुदृढ विपद् प्रभाव मुल्यांकन पद्धति, बीमा, सामाजिक सुरक्षा लगायत समुदायमा आधारित विपद् जोखिम न्यूनिकरणका अन्य उपायहरु अबलम्बन गरिनेछ। ३. विपद् जोखिम न्यूनिकरण तथा उत्थानशिलता अभिवृद्धिका लागि सार्वजनिक तथा नीजि लगानी वृद्धि गरि साझेदारीलाई प्रभावकारी बनाइनेछ। ४. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा सार्वजनिक, नीजि, गैरसरकारी, सहकारी, संघसंस्था, क्लब, स्काउट, आमा समुह लगायतका सबैसँग साझेदारी र सहकार्य प्रवर्द्धन गरिनेछ। ५.विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शैक्षिक संस्था, अनुसन्धानकर्ता तथा नीजि क्षेत्रको साझेदारी र सहकार्यलाइ प्रवर्द्धन गरिनेछ।
३. समुदायस्तरदेखि नगरस्तरसम्म बहुप्रकोप जोखिम आंकलन र नक्शांकनमा आधारित पूर्व तयारी, प्रतिकार्य, पुर्नलाभ तथा राहत व्यवस्थापन सम्बन्धी क्षमता विकास र पर्याप्त साधन स्रोतको व्यवस्थापन गर्ने।	१. नगरपालिका, वडा तथा समुदायस्तरसम्म बहुप्रकोप जोखिम आंकलन तथा नक्शांकन गरिनेछ। २. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको सूचना संकलन, बिश्लेषण र प्रवाहलाई अनलाइन प्रणालीमा आवद्ध गराई सबै सरोकारवालाहरुको पहुँचमा पुऱ्याइनेछ। ३. प्रभावकारी रुपमा पूर्वतयारी र प्रतिकार्यका लागि संभावित प्रकोपको आंकलन सहितको भौगोलिक सूचना प्रणालीमा आधारित पूर्वसूचना प्रणालीको विकास गरिनेछ। ४. नगरको क्षमता विकास गरि विपद्पछिको क्षति न्यूनीकरण तथा पुर्नलाभका लागि समुदाय तहसम्म उद्दार र राहत सामाग्रीको मौज्दात कायम राखी भण्डारण तथा वितरणलाई प्रभावकारी बनाइनेछ। ५. प्रकोप तथा विपद् सम्बन्धी विषयहरु स्थानीय पाठ्यक्रममा समावेश गरि औपचारिक तथा अनौपचारिक शिक्षा तथा सीप विकासका तालिम कार्यक्रम संचालन गरिनेछ। ६. प्रकोप तथा जोखिमको प्रभावकारी व्यवस्थापनमा आधुनिक प्रविधि तथा

	उपकरण, बन्दोबस्तीका सामाग्री र दक्ष जनशक्ति सहितको क्षमता वृद्धि गरिनेछ। ७. सम्भाव्य विपद्को प्रभावकारी प्रतिकार्य र व्यवस्थापनका लागि नगरमा एक ‍्यापिड रेस्पोन्स टीम गठन गरी परिचालनका लागि तयारी अवस्थामा राखिएको हुनेछ।
४. नगरपालिका भित्रको प्राकृतिक स्रोतबाट प्राप्त आयलाई समुदायको जोखिम व्यवस्थापनमा उपयोग गर्ने।	१. विपद् जोखिम न्यूनीकरण गरी मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्न विपद् व्यवस्थापनको वीत्तिय रणनीति तयार गरी लागु गरिनेछ। २. प्राकृतिक स्रोतको आयलाई प्रभावित क्षेत्रको जोखिम न्युनीकरणमा लगानी गरी सुरक्षित र उत्थानशील बस्तीको निर्माण गरिनेछ। ३. विपद् क्षति न्यूनीकरणका लागि एक विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरी संचालनका साथै विपद् पश्चातको पुर्ननिर्माण र पुर्नस्थापनामा विशेष जोड दिइनेछ।

९.५.५ कार्यक्रमका प्राथमिकता

- विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण।
- बहुप्रकोप जोखिम नक्शांकन, विपद् जोखिम पूर्वानुमान, पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी क्षमता विकास।
- विपद् जोखिम संवेदनशील योजना र पूर्वाधार निर्माण प्रक्रियाको सुनिश्चितता।
- विपद् जोखिम न्यूनीकरण र राहत व्यवस्थापनका लागि सार्वजनिक, नीजि तथा सामुदायिक लगानी वृद्धि गरि समुदायस्तरदेखिकै उत्थानशील क्षमताको अभिवृद्धि।

९.५.६ कार्यक्रमहरु

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन कार्ययोजना निर्माण	संख्या	१	२०७७/७८	२०७७/७८	नपा
२.	विपद् जोखिम व्यवस्थापन कार्ययोजना कार्यन्वयन तथा व्यवस्थापन	संख्या	१	२०७/७८	निरन्तर	नपा
३.	सम्भाव्य विपद्को प्रभावकारी प्रतिकार्य र व्यवस्थापनका लागि ‍्यापिड रेस्पोन्स टीम गठन, तालिम तथा परिचालन	संख्या	१५	२०७७/७८	निरन्तर	नपा/वडा
४.	वडास्तरमा आपत्कालीन आश्रयस्थलको पहिचान तथा व्यवस्थापन	संख्या	१४	२०७७/७८	निरन्तर	नपा/वडा

५.	आपत्कालीन सहायताका लागि खाद्यान्न, लत्ता कपडा एवम् आवश्यक सामग्रीको संकलन, खरीद र भण्डारण	संख्या	१५	२०७७/७८	निरन्तर	नपा/वडा
६.	जोखिमयुक्त बस्ती तथा स्थानहरूको पहिचानका लागि अध्ययन	संख्या	१	२०७८/७९	२०७८/७९	नपा/विवि
७.	विपद् जोखिममा न्यूनीकरण जनचेतनाको कार्यक्रम सञ्चालन	संख्या	प्रति वडा वार्षिक १	२०७७/७८	निरन्तर	नपा/वडा
८.	नदी र खोला किनार तथा खोल्सामा चेक ड्याम निर्माण, तटवन्धन तथा तारजाली लगाई नियन्त्रण	संख्या	जोखिममा आधारित	२०७७/७८	निरन्तर	नपा, प्रदेश र केन्द्र सरकार
९.	समुदायको विपद् सामना गर्न सक्ने र आफ्नो पूर्वावस्थामा फर्कने सक्ने क्षमता विकास कार्यक्रम	संख्या	प्रति टोल वार्षिक २	२०७७/७८	निरन्तर	नपा, प्रदेश र केन्द्र सरकार
१०.	विपद् पश्चात् क्षतिको विवरण अद्यावधिक गर्ने युनिट गठन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
११.	संभावित प्रकोपको आंकलनसहितको भौगोलिक सूचना प्रणालीमा आधारित पूर्वसूचना प्रणाली स्थापना	संख्या	१	२०७८/७९	२०७९/८०	नपा

९.५.७ अपेक्षित उपलब्धिहरू

- नगरको बहुप्रकोप जोखिम नक्शांकन गरिएको हुनेछ।
- नगरमा एक बलियो विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरी संचालनमा ल्याइएको हुनेछ।
- प्रभावकारी रुपमा पूर्वतयारी र प्रतिकार्यका लागि संभावित प्रकोपको आंकलन सहितको भौगोलिक सूचना प्रणालीमा आधारित पूर्वसूचना प्रणालीको विकास गरिएको हुनेछ।
- सम्भाव्य विपद्को प्रभावकारी प्रतिकार्य र व्यवस्थापनका लागि नगर स्तरीय एक र वडास्तरीय १४ वटा र्‍यापिड रेस्पोन्स टीम गठन गरी परिचालनका लागि तयारी अवस्थामा राखिनेछ।

परिच्छेद — १०

योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन

१०.१ तथ्याङ्क प्रणाली, अनुसन्धान र विकास

१०.१.१ पृष्ठभूमि

विकासका योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि अनुसन्धान मार्फत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्नुपर्दछ । सीमित वित्तीय र प्राकृतिक स्रोत साधनको परिधिभित्र रही विकास निर्माणका गतिविधि सञ्चालन गर्दा कहाँ, के, कति, कहिले र कसरी भन्ने सवालहरू उब्जिने गर्दछन् । अनुसन्धानले उब्जिएका सवालहरूको उत्तरका परिदृश्यहरू विकास गर्न र सन्दर्भ अनुसार सबैभन्दा राम्रो विकल्पहरूको खोजी गर्न सघाउँछ । विकसित राष्ट्रहरूले अनुसन्धानलाई विकासको मेरुदण्डको रुपमा लिन्छन् र उल्लेख्य लगानी पनि गर्दछन् । विकसित देशको तुलनामा नेपालले अनुसन्धान र विकासमा ज्यादै न्यून बजेट खर्च गरेको पाइन्छ । अनुसन्धान गर्ने र त्यसमार्फत तथ्याङ्कलाई अद्यावधिक गर्दै जाने कार्यका लागि संस्थागत संरचनाको आवश्यकता पर्दछ, तथापि पुतलीबजार नगरपालिकामा त्यस्तो संरचना तयार भइसकेको छैन । पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकाले मूल रूपमा प्राथमिक तथ्याङ्कको प्रयोग गरेर "पुतलीबजार नगरपालिकाको पार्श्वचित्र-२०७५" प्रकाशन गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरिसकेको छ । हामीले कल्पना गरेको पुतलीबजारको समृद्धिको लागि नागरिकको आकांक्षा, वित्तीय तथा प्राकृतिक स्रोत साधनको उपलब्धता र पारिस्थितिकीय प्रणाली बीच अधिकतम सन्तुलन कायम गर्दै विकास निर्माणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अनुसन्धानका गतिविधिलाई परिष्कृत र संस्थागत गर्नु पर्ने आवश्यकता हामीवीच छ ।

१०.१.२ प्रमुख समस्या

तथ्याङ्क प्रणाली, अनुसन्धान र विकासका सवालमा यस पुतलीबजार नगरपालिकाका मुख्य समस्याहरूमा अनुसन्धान, तथ्याङ्क संकलन र व्यवस्थापन हेर्ने व्यवस्थित किसिमको संस्थागत संरचना नहुनु, संस्थागत संरचना नहुँदा स्थानीय स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाईहरू रहनु, आवश्यक तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न आवश्यकता अनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत् नहुँदा प्रयोगमा एकरुपकता कायम गर्न नसक्नु, अनुसन्धान र विकासको लागि न्यून बजेट विनियोजन हुनु, अनुसन्धान तथा अन्वेषणका लागि आवश्यक विशेषज्ञ ज्ञान, सीप, उपकरणको कमी हुनु, नगरपालिका, निजी क्षेत्र र विश्वविद्यालयहरू बीच आवश्यकता अनुसारको समन्वय र सहकार्य हुन नसक्दा परिणाममुखी अनुसन्धानका गतिविधि सञ्चालन गर्न नसक्नु रहेका छन् ।

१०.१.३ चुनौती र अवसर

क. चुनौती

तथ्याङ्क प्रणाली, अनुसन्धान र विकासका चुनौतीको विषयमा यस नगरपालिकामा तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्न सघाउ पुऱ्याउन आवश्यक तथ्याङ्कहरूको

संकलन र व्यवस्थापन गर्नु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, नगरपालिका, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क विभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा एकरुपकता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्वबारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरुपकता कायम गर्नु, खण्डीकृत रुपमा हुने गरेका तथा संस्थागत भइ नसकेका अनुसन्धानका गतिविधिहरूलाई एकताबद्ध गर्दै व्यवस्थित गर्नु, नीति तथा योजना र विकास निर्माण तथा व्यवस्थापनका मुद्दाहरूको सूची तयार गरी योजनाबद्ध रुपमा अनुसन्धान गर्नु, नगरपालिका, विश्वविद्यालय, निजी संघसंस्था तथा अनुसन्धान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था बीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्नु, सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी परिणाममुखी र अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान गर्नु, दक्ष जनशक्तिको पहिचान गरी अनुसन्धानमा परिचालन गर्नु प्रमुख रूपमा रहेका छन् ।

ख. अवसर

यस नगरपालिकामा तथ्याङ्क प्रणाली, अनुसन्धान र विकासका सन्दर्भमा उपलब्ध अवसरहरूको कुरा गर्दा जिल्लागत रुपमा खण्डीकृत तथ्याङ्क उपलब्ध हुनु, नगरपालिकाको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रीय तथ्याङ्क विभाग तयार रहनु, छिटो र छरितो रुपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाउ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि सरकारका तीनै तह प्रतिबद्ध रहनु, अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र कार्यान्वयनलाई प्राथमिकतामा राखिनु, खोज तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने खोजमूलक कार्यलाई प्रवर्द्धन गर्ने नगरपालिकाको नीति हुनु, देशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधि तथा ज्ञान र सीपलाई भित्र्याउने पहल शुरु हुनु, स्वदेश तथा विदेशमा रहेका युवा वैज्ञानिक, अनुसन्धाता र विषय विज्ञलाई नगरको अनुसन्धान कार्यमा परिचालन गरी उनीहरूको सीप र ज्ञानको उपभोग गर्ने सम्भावना रहनु आदि प्रमुख रूपमा आउँछन् ।

१०.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

१०.१.४.१ सोच

गुणस्तरीय तथ्याङ्क, नवप्रवर्तन र अनुसन्धानमा आधारित विकास ।

१०.१.४.२ लक्ष्य

अनुसन्धान मार्फत नीति निर्मातालाई विकासका निर्णय गर्न चाहिने विश्वासनीय तथ्याङ्क उपलब्ध गराउने ।

१०.१.४.३ उद्देश्य

१. नगरपालिकामा व्यवस्थित तथ्याङ्क प्रणालीको संस्थागत विकास गर्ने ।

२. अनुसन्धान र नवप्रवर्तनलाई नगरपालिकाको नीति तथा योजना तर्जुमा र विकाससँग जोड्ने ।

१०.१.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नगरपालिकामा दिगो विकासको लागि	१. नगरपालिकाको तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति

आधुनिक तथ्याङ्क प्रणालीको विकास गर्ने ।	तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । २. नगरपालिकामा तथ्याङ्क व्यवस्थित गर्ने स्थायी संस्थागत संरचनाको विकास गरिनेछ । ३. तथ्याङ्क व्यवस्थापनमा कार्यरत कर्मचारीहरूको क्षमता र दक्षता वृद्धि गर्न केन्द्रीय तथ्याङ्क विभाग र विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ । ४. नगरपालिकाको तथ्याङ्क संकलन र प्रशोधन विधिलाई प्रादेशिक एवम् राष्ट्रिय रूपमा एकरुपकता कायम गर्न केन्द्रीय तथ्याङ्क विभागसँग सहकार्य गरी मानक र मापदण्डहरू निर्धारण गरिनेछ । ५. तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् सरोकारवालाहरू माझ पुऱ्याउने कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ । ६. आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गरिनेछ ।
२. अनुसन्धानमा आधारित नीति तथा योजना तर्जुमा र विकास निर्माणको आधारशीला तयार गर्ने ।	१. अनुसन्धान, नवप्रवर्तन र विकासको लागि नीतिगत व्यवस्था गरी आवश्यक स्रोतहरूको विनियोजन गर्ने व्यवस्था गरिनेछ । २. नगरपालिकाको विकास र समृद्धिका लागि उच्च उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने क्षेत्र तथा विषयमा अनुसन्धानका गतिविधि केन्द्रित गरिनेछ । ३. नगरका स्थानीय प्राकृतिक सम्पदाहरूको दिगो उपयोग गर्दै जनताको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने विकल्पहरूको अनुसन्धान मार्फत् खोज गरिनेछ । ४. विदेशमा रहेका गैर आवासीय नेपाली वैज्ञानिकहरूलाई नगरपालिकामा अनुसन्धान तथा नवप्रर्वतनका गतिविधिमा योगदान गर्न प्रोत्साहित गरिनेछ । ५. अनुसन्धानबाट प्राप्त तथ्य तथा तथ्याङ्कहरूलाई नियमित रूपमा सार्वजनिक संकलन गर्ने प्रणालीको विकास गरिनेछ । ६. अनुसन्धान मार्फत विकास आयोजनाको सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

१०.१.५ कार्यक्रमका प्राथमिकता

- व्यवस्थित तथ्याङ्क प्रणालीको विकास गर्ने ।
- अनुसन्धान र नवप्रवर्तनलाई नीति तथा योजना तर्जुमा र विकाससँग जोड्ने ।

१०.१.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना निर्माण तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा/केतवि/ विवि
२.	तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन शाखा स्थापना र सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
३.	तथ्याङ्क व्यवस्थापनमा कार्यरत कर्मचारीहरूको क्षमता र दक्षता वृद्धि तालिम/अभिमुखीकरण	संख्या	१	२०७७/७८	निरन्तर	नपा/विवि
४.	तथ्याङ्क संकलन र प्रशोधन विधिलाई प्रादेशिक र राष्ट्रिय रूपमा एकरुपकता कायम गर्न मानक र मापदण्डहरू निर्धारण	संख्या	१	२०७८/७९	२०७८/७९	नपा/केतवि
५.	तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत सार्वजनिकीकरण	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	अनुसन्धान, नवप्रवर्तन र विकास नीति तर्जुमा तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	अनुसन्धान कार्यलाई नियमित तथा प्रभावकारी बनाउन अनुसन्धान शाखा स्थापना तथा सञ्चालन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
८.	अनुसन्धान कार्यलाई नियमित तथा प्रभावकारी बनाउन निश्चित बजेट व्यवस्थापन	संख्या	१	२०७८/७९	निरन्तर	नपा
९.	अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन विश्वविद्यालय र क्याम्पसका विभागसँग सहकार्य	संख्या	१	२०७८/७९	निरन्तर	नपा
१०.	नगरको विकासमा योगदान दिनसक्ने अध्ययन/अनुसन्धानका लागि वृत्ति प्रदान	संख्या	१	२०७८/७९	निरन्तर	नपा

१०.१.७ अपेक्षित उपलब्धिहरू

- यस आवधिक योजना अवधि भरमा पुतलीबजार नगरपालिकामा एउटा नगरस्तरीय गणना तथा दुई वटा नगरस्तरीय सर्वेक्षण सञ्चालन गरिएका हुनेछन्।
- दिगो विकासका लक्ष्यहरूसँग सम्बन्धित तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गरिएको हुनेछ।

- नगरपालिकामा अनुसन्धान, नवप्रवर्तन र विकासको लागि नीतिगत व्यवस्था गरी आवश्यक स्रोतहरूको विनियोजन गर्ने व्यवस्था गरिएको हुनेछ।
- अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई नियमित रूपमा सार्वजनिक गर्ने प्रणालीको विकास गरिएको हुनेछ।
- अनुसन्धान मार्फत विकास आयोजनाको सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रुपमा सञ्चालन गरिएको हुनेछ।
- नगरपालिकामा तथ्याङ्क व्यवस्थित गर्ने स्थायी संस्थागत संरचनाको विकास गरी सञ्चालनमा ल्याइएको हुनेछ।
- तथ्याङ्क व्यवस्थापनमा कार्यरत कर्मचारीहरूको क्षमता र दक्षता वृद्धि गर्न केन्द्रीय तथ्याङ्क विभाग र विश्वविद्यालयहरूसँग सहकार्य गरिएको हुनेछ।

१०.२ योजना तर्जुमा तथा कार्यान्वयन

१०.२.१ पृष्ठभूमि

विकास योजनाबद्ध प्रक्रिया भएकाले यसका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र ब्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ। विकास तथा समृद्धिका लागि राष्ट्रिय हिसाबमा पन्ध्रौं योजना तथा प्रादेशिक रूपमा गण्डकी प्रदेश सरकारद्वारा "उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश" निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्च वर्षीय योजना तर्जुमा गरिएको छ। यस नगरपालिकाको योजना निर्माणलाई मार्गनिर्देश गर्न नगर कार्यपालिकाले "पुतलीबजार नगरपालिकाको पार्श्वचित्र-२०७५" प्रकाशनमा ल्याईसकेको छ। स्थितिपत्रले सुझाएका विभिन्न सवालहरू र विभिन्न सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूको सुझाव समेत समेटी नगर कार्यपालिकाले आफ्नो आवधिक योजना २०७७-२०८१ को आधार–पत्र तयार गरेको छ। आफ्ना योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित बनाई नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र नगरपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ।

१०.२.२ प्रमुख समस्या

योजना तर्जुमा तथा कार्यान्वयनका विषयमा यस नगरपालिकाका मुख्य समस्याहरूमा प्रर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रुपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न खण्डीकृत तथ्याङको उपलब्धता नहुनु, दक्ष तथा अनुभवी कर्मचारीहरूको स्थायित्व नहुनु, योजना तर्जुमा पूर्ण रूपमा आवश्यकतामा आधारित भएर गरिएको छ भन्ने कुराको प्रत्याभुति नगरबासीमा गराउन नसक्नु, योजना कार्यान्वयन प्रक्रिया झन्झटिलो बनेको गुनासोलाई यथेष्ट सम्बोधन गर्न नसक्नु, लागत साझेदारीका योजनाहरूमा सम्बन्धित उपभोक्ताहरूबाट गर्नुपर्ने लगानी वास्तविक नहुनु रहेका छन्।

१०.२.३ चुनौती र अवसर

क. चुनौती

योजना तर्जुमा तथा कार्यान्वयनका चुनौतीको सवालमा यस नगरपालिकामा नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, आवधिक योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामञ्जस्यता कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरूको व्यवस्थापन गरी नगर योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु, लागत साझेदारीका आयोजनाहरूमा उपभोक्ताको वास्तविक सहभागिता सुनिश्चित गर्नु प्रमुख रूपमा रहेका छन्।

ख. अवसर

यस नगरपालिकामा योजना तर्जुमा तथा कार्यान्वयनका सन्दर्भमा उपलब्ध अवसरहरूको कुरा गर्दा नीति तथा योजना तर्जुमा गर्नको लागि स्थायी संस्थागत संरचनाको निर्माण गर्न सकिनु, राष्ट्रिय योजना आयोगको अनुभव तथा प्रादेशिक योजना आयोगको सुझाव नगर योजना निर्माणमा उपयोग गर्न सक्ने संभावनाहरू रहनु, नगरपालिकाले आफ्नो आवधिक पञ्च वर्षीय योजना निर्माण गरी योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगसँग सहकार्य र समन्वय वृद्धि हुदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि प्रमुख रूपमा आउँछन्।

१०.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

१०.२.४.१ सोच

परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, नगरको द्रुत सामाजिक आर्थिक विकासको आधार।

१०.२.४.२ लक्ष्य

दीर्घकालीन सोच बमोजिम योजना तर्जुमा गरी विकास कार्यक्रमहरूबाट लक्षित उपलब्धि हासिल गर्ने।

१०.२.४.३ उद्देश्य

१. नगरपालिकाको वस्तुगत आवश्यकता र तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्ने।
२. तर्जुमा गरिएका योजनाको प्रभावकारी ढंगले कार्यान्वयन गर्ने।

१०.२.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै धरातलीय यथार्थ निर्देशित र परिणाममुखी नीति तथा योजना तर्जुमा गर्ने।	१. नगरबासीका विकास अपेक्षा, नगरपालिकाको आवश्यकता लगायतका विषयका नगरको योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूलाई नियमित रूपमा अध्यावधिक गरी अधिकतम प्रयोगमा ल्याइनेछ। २. योजना निर्माण प्रक्रियालाई आवश्यक मार्गनिर्देशन प्राप्त गर्नका लागि वर्षको कम्तीमा दुईपटक नगरकार्यपालिकाद्वारा गठित विज्ञ समूहको बैठक आयोजना गरिनेछ। ३. योजना निर्माणलाई वैज्ञानिक, वस्तुपरक र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा बिज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ। ४. नगर गुरूयोजना निर्माणको लागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय एवम् विभागहरू तथा गण्डकी प्रदेश नीति तथा योजना आयोग र प्रदेश मन्त्रालय एवम् विभागहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ। ५. विगतका योजनाको समीक्षा गरी सिकाइ, अनुभव र पृष्ठपोषणका आधारमा योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउने प्रणाली विकास गरिनेछ। ६. नगर तथा वडातहमा विद्यमान योजना तर्जुमा प्रक्रियालाई अझै यथार्थपरक, समावेशी तथा सहभागितामूलक बनाउनका लागि आवश्यक सुधार तथा परिमार्जन गरिनेछ।
२.दीर्घकालीन सोच, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र नगरबासीको चाहनाको आधारमा योजना तर्जुमा गर्ने।	१. तय गरिएको दिर्घकालीन सोचलाई योजना तर्जुमाको केन्द्रविन्दुमा राखिनेछ। २. दिगो विकासका लक्ष्यहरूलाई मध्यनजर गरी योजनाहरु तर्जुमा गरिनेछ। ३. नीति तथा योजना निर्माण प्रक्रियालाई समयसापेक्ष बनाउनका लागि राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालयहरू र निजी संघसंस्थाहरूसँग सहकार्य गरी खोजमूलक अनुसन्धान गरिनेछ। ४. नगरपालिका तथा हरेक वडामा आयोजना बैंक स्थापना गरी नगरबासीको विकास आवाज र चाहनालाई सो बैंकमा अंकित गरी सोही आधारमा योजनाहरूको प्राथमिकीकरण तथा छनौट गरिनेछ।
३. योजना कार्यान्वयन प्रक्रियामा गुणात्मक परिवर्तन सुनिश्चित गराउने।	१. रूपान्तरणकारी तथा नगरको गौरवका आयोजनाको कार्यान्वयनलाई मुख्य प्राथमिकतामा राखिनेछ। २. हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ।

	३. योजना कार्यान्वयन गर्ने निकाय/शाखाको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ। ४. योजनाका हरेक चरणका कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापित गरिनेछ। ५. संघीय सरकार तथा प्रदेश सरकारद्वारा यस नगरपालिकाको क्षेत्रको लागि तर्जुमा गरिएका योजनाहरु कार्यान्वयनको लागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिनेछ। ६. रूग्ण तथा समस्याग्रस्त योजनालाई अवस्था हेरी आवश्यक सुधार गरी कार्यान्वयन वा बन्द गरिनेछ।

१०.२.५ कार्यक्रमका प्राथमिकता

- वस्तुगत, आवश्यकता र तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा।
- तर्जुमा गरिएका योजनाको प्रभावकारी कार्यान्वयन।

१०.२.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	योजना निर्माणमा विश्वविद्यालय, अनुसन्धान केन्द्र, संघसंस्था, विज्ञ र विकास साझेदारसँग सहकार्य र समन्वय	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	योजना निर्माणमा आवश्यक मार्गनिर्देशन प्राप्त गर्नका लागि विज्ञ समूहको बैठक आयोजना	संख्या	वार्षिक २	२०७७/७८	निरन्तर	नपा
३.	विगतका योजनाको समीक्षा गरी पृष्ठपोषणका आधारमा योजना तर्जुमा गर्ने प्रणाली विकास	संख्या	१	२०७७/७८	निरन्तर	नपा
४.	नगरपालिका तथा हरेक वडाको आयोजना बैंक स्थापना तथा अद्यावधिक	संख्या	१	२०७७/७८	निरन्तर	नपा/वडा
५.	नगरको दिर्घकालीन सोच, उद्देश्य र लक्ष्यबारे जनप्रतिनिधि र कर्मचारीका	संख्या	२	२०७७/७८	निरन्तर	नपा

	लागि अभिमुखीकरण।					
६.	योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड	संख्या	१	२०७७/७८	निरन्तर	नपा
७.	योजना शाखाको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि	संख्या	२	२०७८/७९	२०७९/८०	नपा
८.	अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई योजना निर्माणमा समावेश गर्ने	संख्या	१	२०७७/७८	निरन्तर	नपा
९.	योजना अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयारी तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
१०.	प्रत्येक आयोजनाको नतिजा खाका तयारी तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा

१०.२.७ अपेक्षित उपलब्धिहरू

- नगरपालिकाको दीर्घकालीन सोच मातहतमा रही नगरबासीका विकास आकांक्षामा टेकेर योजना तर्जुमा तथा कार्यान्वयन गरिएको हुनेछ।
- समृद्धिका प्रादेशिक एवम् राष्ट्रिय लक्ष्यहरूमा आधारित भई योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हुनेछ।
- नगरका रूपान्तरणकारी आयोजनाहरू तथा नगरका गौरव योजनाहरूलाई उच्च प्राथमिकता दिई कार्यान्वयनमा ल्याइएको हुनेछ।
- संघीय सरकार तथा प्रदेश सरकारद्वारा यस नगरपालिकाको क्षेत्रको लागि तर्जुमा गरिएका योजनाहरु कार्यान्वयनको लागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजीकरण गरिएको हुनेछ।
- विभिन्न तहका सरकार तथा विकास साझेदारहरूसँगको नियमित अनुभव आदानप्रदान तथा अन्तरक्रियाहरूका कारण योजना तर्जुमा तथा कार्यान्वयनमा जिम्मेवार जनशक्तिको दक्षता अभिवृद्धि भएको हुनेछ।

१०.३ अनुगमन तथा मूल्याङ्कन

१०.३.१ पृष्ठभूमि

विकास क्रियाकलापमा अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो योजना कार्यान्वयनको चरणमा गरिन्छ। यसको मुख्य उद्देश्य चालु योजना/परियोजनाको प्रगतिको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई सही बाटोमा हिंडाउनु हो। नगरपालिकामा बिद्यमान अनुगमन प्रणालीलाई परिस्कृत बनाउँदै चालु योजनाहरूलाई

सक्रिय र परिणाममुखी बनाउन जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सवल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ । त्यसैले योजनाको कार्यान्वयन चरणमा अनुगमन र योजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ; जसले गर्दा वर्तमान र भविष्यका पहलहरू नगरबासीको जीवन सुधार गर्न केन्द्रित गर्न सघाउ पुग्ने अपेक्षा गर्न सकिन्छ ।

१०.३.२ प्रमुख समस्या

योजना अनुगमन तथा मूल्याङ्कनका सन्दर्भमा यस नगरपालिकाका मुख्य समस्याहरूमा अनुगमन तथा मुल्याङ्कनका विषयमा पर्याप्त तथा क्षमतावान जनशक्ति नहुनु, अनुगमन कार्य वस्तुनिष्ठ तरिकाले गराउन नसक्नु, सीमित बजेट हुनु, तथ्याङ्कका कमजोर आधारहरू रहनु, वडा अन्तर्गतका संस्थागत संरचनाहरू पूर्ण व्यवस्थित नहुनु, अनुगमन तथा मुल्याङ्कनमा तेस्रो पक्षलाई प्रभावकारी हिसाबले उपयोगमा ल्याउन नसक्नु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध नहुनु, भएका सूचना तथा तथ्याङ्क पनि र व्यवस्थित नहुनु रहेका छन् ।

१०.३.३ चुनौती र अवसर

क. चुनौती

योजना अनुगमन तथा मूल्याङ्कनका चुनौतीको विषयमा यस नगरपालिकामा अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, राजनीतिक नेतृत्वबाट नगर नेतृत्व चुनिने हुनाले त्यस्तो नेतृत्वले वस्तुपरक अनुगमन र मुल्याङ्कन गर्ने कुराको नगरबासीमा प्रत्याभूति दिलाउनु, सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु, अनुगमन तथा मूल्याङ्कनमा निष्पक्षता सुनिश्चित गर्नु प्रमुख रूपमा रहेका छन् ।

ख. अवसर

यस नगरपालिकामा योजना अनुगमन तथा मूल्याङ्कनका सन्दर्भमा उपलब्ध अवसरहरूको कुरा गर्दा अनुगमन तथा मूल्याङ्कनको महत्वबारे संस्थागत धारणा बन्नु, आम नागरिकमा समेत अनुगमन तथा मूल्याङ्कनका सवालमा सकरात्मक सोंचको विकास हुनु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि नगरपालिकाभित्र एक विशिष्ट सँगठन संरचना निर्माण गर्ने कुरालाई महत्व दिइनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु, अनुगमन तथा मूल्याङ्कनको आवश्यकताबारे सकरात्मक सोच विकास हुँदै जानु प्रमुख रूपमा आउँछन् ।

१०.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

१०.३.४.१ सोच

नतिजामूलक अनुगमन तथा वस्तुपरक मुल्याङ्कन।

१०.३.४.२ लक्ष्य

मापनयोग्य सूचकको आधारमा अनुगमन तथा मुल्याङ्कन प्रणाली सुदृढ गरी योजना तथा कार्यक्रमको लक्ष्य हासिल गर्ने।

१०.३.४.३ उद्देश्य

१. प्रभावकारी विधि तथा संरचनाको विकास गरी योजनाहरूको अनुगमन र वस्तुपरक मूल्याङ्कन गर्ने।

१०.३.४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. अनुगमन तथा मूल्याङ्कनको लागि स्पष्ट कानुन तथा नीति बनाई प्रणालीलाई सुदृढ बनाउने।	१. विद्यमान अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन/कार्यविधि पुनरावलोकन गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ। २. अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सहभगितामूलक, आधुनिक र नबीनतम विधिहरू अबलम्बन गरिनेछ।
२. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने।	१. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन/कार्यविधिको प्रभावकारी प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। २. हरेक योजनाको मध्यावधि वा ठीकठीक समयमा अनुगमन तथा वस्तुपरक मूल्याङ्कन गरी त्यसैको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ। ३. योजनाहरुमा दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत् गरिनेछ। ४. नियमित तालिम, भ्रमण तथा अभिमुखीकरण मार्फत अनुगमन तथा मुल्याङ्कनमा जिम्मेवार अधिकारी/जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ। ५. गुणस्तरीय अनुगमन तथा मूल्याङ्कन सुनिश्चित गर्नका लागि सम्बन्धित क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गरिनेछ। ६. विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्याङ्कन गराईनेछ।
३. विकास कार्यक्रम तथा योजनाहरूको समस्या समयमै समाधान गरी उपर्युक्त निकास दिने संरचनाको विकास गर्ने।	१. रूपान्तरणकारी, नगरका गौरव तथा प्राथमिकता प्राप्त वा विशेष आयोजनामा देखा परेका समस्या समाधान गर्नसक्ने अधिकार सहितको विशेष संयन्त्र स्थापित गरिनेछ। २. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्र सुझाव तथा पृष्टपोषणका आधारमा योजनालाई योजना बैंकमा समावेश गर्ने वा योजना बैंकबाट हटाउन सकिने प्रणाली विकास गरिनेछ।

	३. उपलब्धि मापनको लागि प्रत्येक योजनाको नतिजा सूचकसहितको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ।

१०.३.५ कार्यक्रमका प्राथमिकता

- योजनाहरूको प्रभावकारी अनुगमन तथा वस्तुपरक मूल्याङ्कन।
- निर्दिष्ट लक्ष्यको प्राप्ति।

१०.३.६ कार्यक्रमहरू

क्षेत्रका सवालमा उल्लेखित रणनीति तथा कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्दै दिर्घकालीन र यस आवधिक योजनाले लिएका लक्ष्य हासिल गर्नका लागि देहाय अनुरुपका कार्यक्रमहरू प्रस्ताव गरिएको छः

क्र.सं.	कार्यक्रम/आयोजनाहरू	इकाई	योजना अवधिको लक्ष्य	शुरु हुने वर्ष	सम्पन्न हुने वर्ष	कार्यान्वयन ढाँचा/निकाय
१.	दिगो विकास लक्ष्यका सूचकहरू राखी अनुगमन मूल्याङ्कन दिग्दर्शन/कार्यविधि पुनरावलोकन तथा परिमार्जन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
२.	अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन/कार्यविधिको प्रभावकारी प्रयोगबारे अभिमुखीकरण कार्यक्रम	संख्या	२	२०७७/७८	निरन्तर	नपा
३.	अनुगमन तथा मुल्याङ्कनमा जिम्मेवार अधिकारी/जनशक्तिको क्षमता अभिवृद्धि तालिम, भ्रमण तथा अभिमुखीकरण	संख्या	२	२०७७/७८	निरन्तर	नपा
४.	रूपान्तरणकारी, गौरव र विशेष आयोजनामा आएका समस्या समाधान गर्न अधिकारसम्पन्न संयन्त्र स्थापना	संख्या	१	२०७७/७८	निरन्तर	नपा
५.	उपलब्धि मापनको लागि प्रत्येक योजनाको नतिजा सूचकसहितको नतिजा खाका तयारी तथा कार्यान्वयन	संख्या	१	२०७७/७८	निरन्तर	नपा
६.	विशेष आयोजनाहरूको तेस्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन	संख्या		२०७७/७८	निरन्तर	नपा

१०.३.७ अपेक्षित उपलब्धिहरू

- विद्यमान अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन/कार्यविधि पुनरावलोकन गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरिएको हुनेछ।

- योजनाहरुमा दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत् गरिएको हुनेछ।
- प्रत्येक योजनाको उपलब्धि मापनको लागि नतिजा सूचकसहितको नतिजा खाका तयार गरी कार्यान्वयनमा ल्याइएको हुनेछ।
- नगरपालिकाद्वारा सञ्चालित विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्याङ्कन गराईएको हुनेछ।
- कार्यान्वयनमा रहेका योजनाहरूको अनुगमन र मुल्याङ्कन गरी आवधिक प्रगति समीक्षा गरिएको हुनेछ।

परिच्छेद — ११

नगरका रूपान्तरणकारी आयोजना र गौरवका योजनाहरू

११.१ पुतलीबजार नगरपालिकाका रुपान्तरणकारी आयोजना (Game Changer Projects)

पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकाले नगरको वस्तुगत आवश्यकता तथा नगरबासीको विकास तथा समृद्धिको तीब्र लक्ष्य हासिल गर्ने उद्देश्यले छ वटा रुपान्तरणकारी आयोजना छनौट गरेको छ । यी आयोजनाहरू कार्यान्वयन गर्नाका निम्ति ठूलो लगानी व्यवस्थापन गर्नुपर्ने हुनाले यी आयोजना सफलतापूर्वक सम्पन्न गर्नका लागि संघीय सरकार तथा त्यसका निकायहरु र प्रदेश सरकार, विभिन्न दातृ निकायहरू एवम् निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

यसरी प्रस्ताव गरिएका पुतलीबजार नगरपालिकाका रूपान्तरणकारी आयोजनाको संक्षिप्त विवरण तल उल्लेख गरिएको छ ।

११.१.१. पुतलीबजार रणनीतिक सडक सञ्जाल सुदृढीकरण आयोजना

१. आयोजनाको नाम :	**पुतलीबजार रणनीतिक सडक सञ्जाल सुदृढीकरण आयोजना**
विषय क्षेत्र:	भौतिक पूर्वाधार
२. प्रमुख विशेषताहरु :	▪ नगरभित्रको सडक यात्रा स्तरीय, सुरक्षित तथा सहज बन्ने । ▪ नगरबाट हुने बाह्य बसाइसराईमा कमी ल्याउने । ▪ तीन तहका सरकार, नगरबासी तथा विभिन्न विकास साझेदारहरूवीचको सहकार्य । ▪ नगरका आर्थिक, पर्यटकीय तथा सामाजिक गतिविधिहरूमा सकरात्मक योगदान ।
३. अवधि :	आ.व. २०७७/७८ देखि आ.व. २०८१/८२ सम्म
४. आयोजनाको लक्ष्य :	▪ नगरभित्रका सबै रणनीतिक सडकहरूलाई सुरक्षित, भरपर्दो तथा स्तरीय सडक सञ्जालको रूपमा विकास गर्ने ।
५. आयोजनाको उद्देश्य :	▪ नगरक्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्गलाई ठाउँको अवस्था अनुसार दुईदेखि चारलेनको स्तरीय सडकको रूपमा स्तरोन्नति गर्ने । ▪ वडा केन्द्र तथा छिमेकी पालिकाहरूलाई नगर केन्द्रसँग जोड्ने सबै मुख्य रणनीतिक सडकहरूलाई स्तरीय कालोपत्रे सडकको रूपमा दिगो रूपमा स्तरोन्नति गर्ने ।
६. आयोजनाको प्रतिफल :	▪ नगर क्षेत्रमा करीब १०० कि.मी. भन्दा लामो स्तरीय रणनीतिक सडक सञ्जाल विकास हुनेछ । ▪ नगर केन्द्रबाट प्रत्येक वडा केन्द्र बढीमा २५ देखी ३० मिनेटमा सुरक्षित किसिमले पुग्न सकिनेछ । ▪ छिमेकी पालिकाहरूबाट नगर केन्द्रसम्मको यात्रा अवधि सुरक्षित बन्नुका साथै उल्लेख्य किसिमले दुरी छोट्टिनेछ । ▪ एक वडादेखि अर्को वडासम्मको यात्रा अवधि उल्लेखनीय किसिमले सुरक्षित र कम

	हुनेछ। ▪ नगरका विभिन्न बस्तीहरूवीचको निकट्ता वृद्धि भई सामाजिक सांस्कृतिक अन्तरघुलन विशिष्ट हुँदै जानेछ। ▪ नगरका विभिन्न ठाउँमा स्थानीय रूपमा गरिएका उत्पादनहरूको ओसारपसार तथा बजारीकरण सहज हुनेछ। ▪ नगरबाट हुने बाह्य बसाइसराईको दर कम हुँदै जानेछ। ▪ नगरभित्रका पर्यटकीयसहितका आर्थिक गतिविधिहरू बिस्तारित हुनेछन्।
७. आयोजनाका प्रमुख क्रियाकलापहरु :	▪ नगरपालिका, नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा अन्य विकास साझेदारहरूवीच सहकार्य। ▪ नगरक्षेत्रभित्रको सिद्धार्थ राजमार्गको खण्ड दुईदेखि चारलेनको स्तरीय सडकको रूपमा स्तरोन्नति। ▪ नगरभित्रका देहायका सडकहरूलाई मुख्य रणनीतिक सडकको रूपमा दुइ लेनको स्तरीय कालोपत्रे सडकमा स्तरोन्नति गर्ने। १. पुतलीखेत-सतौं-दरौं-पञ्चमूल-आरूचौर सडक -११ कि.मी. (३ पालिका जोड्ने सडक) २. घुम्ती-ज्यामिरे-चिसापानी सडक - ९ कि.मी. (३ पालिका जोड्ने सडक) ३. बाड्खोला-पौवैगौंडे-टक्सार सडक - २३ कि.मी. (३ वडा जोड्ने सडक) ४. जाँडखोला-पेल्काचौर-गुमार्दी सडक - १३ कि.मी. (३ पालिका जोड्ने सडक) ५. नयाँबजार-मसर्का-मोहोरिया-दुलेगौंडा सडक – ९.५ कि.मी. (२ जिल्ला जोड्ने सडक) ६. पुतलीखेत-कुलबाँध-लाम्पाटा-अर्जुनचौपारी सडक - १० कि.मी. (२ पालिका जोड्ने सडक) ७. शिक्षाचोक-बहाकोट सडक - १७ कि.मी. (३ वडा जोड्ने सडक) ८. पुतलीखेत-बरबोट-ठुलीबेंशी-उनियाचौर सडक - ६ कि.मी. (२ पालिका जोड्ने सडक) ▪ नगरभित्रका देहायका सडकहरूलाई रणनीतिक सडकको रूपमा स्तरीय कालोपत्रे सडकमा स्तरोन्नति गर्ने। १. राङखोला-धोवादी-बिरूवा-ज्याग्दी सडक (३ पालिका जोड्ने सडक) २. बाडखोला-इन्द्रेस-रानीस्वाँरा-नुवाकोट सडक (२ पालिका जोड्ने सडक) ३. गोदगोदे-गुणीखोला-नुवाकोट सडक (२ वडा जोड्ने सडक)
८. कुल लागत :	आयोजनाको अनुमानित बजेट एक अर्ब ७९ करोड रहेको छ।
९. आर्थिक, वित्तीय तथा पर्यावरणीय विश्लेषण :	▪ सहज सडक सञ्जालको विकाससँगै पुतलीबजार नगरभित्रका पर्यटकीयसहितका आर्थिक संरचनाहरू चलायमान हुँदै सम्बन्धित गतिविधिहरू बिस्तारित हुनेछन्। ▪ सडक सञ्जाल सुदृढिकरणका कारण स्थानीय वातावरणमा पर्नसक्ने तत्कालीन तथा दीर्घकालीन प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न निर्माण अवधिबाटै विशेष संरक्षण

	कार्यक्रम सञ्चालन गरिनेछ।
१०. कार्यान्वयन ढाँचा :	▪ नगरपालिका, नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा अन्य विकास साझेदारहरूवीचको सहकार्य।
११. कार्यान्वयन हुने क्षेत्र र लाभान्वित जनसङ्ख्या :	▪ यस आयोजना पुतलीबजार नगरपालिकाभित्र कार्यान्वयनमा आउनेछ र यसबाट सम्पूर्ण नगरबासीसहित छिमेकी पालिकाहरूका बासिन्दागरी करीब १,००,००० जनसङ्ख्या प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।
१२. अन्तरसम्बन्धित विषय :	▪ **क्षेत्रगत सन्तुलन:** यस आयोजनाको कार्यान्वयन क्षेत्र नगरपालिकाभरि फैलिएको हुनाले भौतिक पूर्वाधार विकासमा नगरभित्र भेगीय तथा क्षेत्रगत सन्तुलन कायम हुनेछ।। ▪ **पर्यटन प्रवर्द्धन**: देशको १०० नयाँ पर्यटकीय गन्तव्यको रूपमा राष्ट्रियस्तरमै परिचय पाइसकेको सतौ, चण्डीकालिका तथा खर्सु क्षेत्रसहित ऐतिहासिक नुवाकोट, कोल्मा, हुनिकोट लगायतका विभिन्न पर्यटकीय गन्तव्यहरूसम्मको सडक पहुँच स्तरीय बन्नाले समग्र नगरकै पर्यटन प्रवर्द्धन हुनेछ। ▪ **निर्यात प्रवर्द्धन**: सडक सञ्जाल स्तरीय बन्दैजाँदा स्थानीयस्तरमा उत्पादित वस्तुहरूको निर्यात एवम् बजारीकरण सहज बन्नेछ। ▪ **रोजगारी श्रृजना**: सहज सडक सञ्जालको निर्माणसँगै स्थानीयस्तरमा उत्पादित वस्तुहरूको बजारीकरण सहज बन्दै जाँदा स्थानीयस्तरमा व्यवसायिक खेती तथा पशुपालन, लघुउद्यम, मौलिक वस्तुको उत्पादन वृद्धि भई रोजगारी तथा आय आर्जनका अवसरहरू व्यापक बन्नेछन्। ▪ **गरिबी निवारण**: सडक सञ्जाल स्तरीय बन्दैजाँदा स्थानीयस्तरमा उत्पादित वस्तुहरूको बजारीकरण सहज बनी रोजगारी तथा आय आर्जनका अवसरहरू बढ्दै जाँदा गरीबी निवारणमा सघाउ पुग्नेछ।
१३. जोखिम तथा अनुमान :	▪ बजेटको सुनिश्चितता। ▪ प्राकृतिक प्रकोपजन्य घटनाहरू। ▪ सडक निर्माणका लागि बजेटको व्यवस्थापन तथा जग्गाप्राप्ति सम्बन्धि तीन तहका सरकारको उपयुक्त नीति।

११.१.२. पुतलीबजार व्यवसायिक कृषि विकास आयोजना

१. आयोजनाको नाम :	**पुतलीबजार व्यवसायिक कृषि विकास आयोजना**
विषय क्षेत्र:	आर्थिक विकास
२. आयोजनाका प्रमुख विशेषताहरु :	▪ फलफूल, कफी तथा मसलाबाली उत्पादनको लागि एकीकृत तथा उन्नत प्रविधिको प्रयोग, प्रदर्शन र प्रवर्द्धन। ▪ पहाडी भिरालो जग्गा सरकारी खाली जग्गा, सडक छेउछाउ र निजी बाँझो जग्गा फलफूल, कफी तथा घाँस उत्पादनमा सहकारी संस्था मार्फत उपयोग। ▪ स्थानीयस्तरमा सहकारीको माध्यमबाट आयमूलक फलफूल, कफी, मसलाबाली उत्पादन, प्रशोधन एवम् बजारीकरण।

	▪ आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन। ▪ जैविक विविधता तथा वातावरण संरक्षण, जलवायू परिवर्तन अनुकुलन। ▪ लैंगिक तथा सामाजिक समावेशीकरण। ▪ खाद्य सुरक्षा, स्वरोजगारी तथा उत्पादनशील समुदाय।
३. आयोजनाको अवधि :	▪ आ.व. २०७७/७८ देखि आ.व. २०८१/८२ सम्म
४. आयोजनाको लक्ष्य :	▪ एकीकृत व्यवसायिक कृषिको माध्यमबाट स्थानीयस्तरमा आम्दानी र रोजगारीका अवसरहरु सिर्जना गरी समृद्ध पुतलीबजार निर्माणमा टेवा पुऱ्याउने।
५. आयोजनाको उद्देश्य :	▪ फलफूल, कफी, मसलाबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने। ▪ भिरालो जग्गा, बाँझो जग्गा र सरकारी खाली जग्गाको अधिकतम उपयोग गरि फलफूल, कफी, मसलाबाली तथा घाँसखेती मार्फत भूःक्षय न्यूनीकरण, जैविक विविधताको संरक्षण र पर्यटन प्रवर्द्धन गर्ने। ▪ उच्च मुल्यका फलफूल, कफी, तथा मसलाबालीको उत्पादन वृद्धि र निर्यात प्रवर्द्धन गर्ने। ▪ विपन्न तथा सिमान्तकृत कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने। ▪ एकीकृत कृषिको व्यवसायिकरण मार्फत रोजगारी र खाद्य सुरक्षामा योगदान गर्ने।
६. आयोजनाको प्रतिफल :	▪ आयोजनाको अन्त्यसम्ममा नगरभरका सम्भाव्य पहाडी भिरालो जग्गा, सरकारी खाली जग्गा, मूख्य सडकको छेउछाउ र व्यक्तिगत बाँझो जग्गा फलफूल, कफी, मसला बाली तथा घाँस बालीले ढाकेको हुनेछ। ▪ **क्षेत्रफल बिस्तारः** आयोजनाको अन्त्यसम्ममा फलफुल ३००० हेक्टर, कफि १००० हेक्टर, मसलाबाली १००० हेक्टर तथा भुई/डाले घाँस खेती १००० हेक्टर मा बिस्तारित भएको हुनेछ। ▪ **थप उत्पादनः** आयोजनाको अन्त्यसम्ममा फलफूल वार्षिक १८००० मे.टन. र कफी ३००० मे.टन. र घाँसः ५००० मे.ट. पुगेको हुनेछ। ▪ घाँसखेतीबाट थप ५ हजार खसी बोका पालन गर्न सकिने छ। साथै दुधको लागि गाईभैंसी पालनमा सहयोग पुग्नेछ।
७. आयोजनाका प्रमुख क्रियाकलापहरु :	▪ समुह सहकारी गठन र परिचालन, तालिम र क्षमता विकास। ▪ नेपाल सरकारसँगको सहकार्यमा सरकारी बाँझो जग्गा र सडक छेउछाउमा नजिकको जग्गा, खेतीयोग्य भिरालो जमिन स्थानीय समूह/सहकारीको अपनत्व हुनेगरी फलफूल, कफि, मसलाबाली तथा घाँस खेती बिस्तार गर्न अभियान सञ्चालन। ▪ सम्भाव्य स्थानहरुमा नयाँ तथा आधुनिक प्रविधिको सिंचाई सुविधाको सुनिश्चितता। ▪ व्यवसायिक फलफूल, कफी, मसलाबाली श्रोतकेन्द्र स्थापना र बिस्तार। ▪ व्यक्तिगत बाँझो जग्गामा सदुपयोगको लागि विशेष कार्यक्रम।

	▪ एकीकृत फलफूल, कफि तथा घाँस खेति प्रविधी अवलम्बन कार्यक्रम। ▪ उन्नत पशुपालन प्रविधि विकास तथा स्थानीय स्तरमा बिस्तार। ▪ मेशीनरी औजार उपकरणहरु खरिद सहयोग। ▪ फलफूल, कफी तथा मसलाबाली मूल्यश्रृखंलामा आधारित प्रशोधन उद्योगहरुको स्थापनामा सहयोग। ▪ रोग, कीरा र जङ्गली जनावर व्यवस्थापन र नियन्त्रण। ▪ शीतघर/चिस्यान केन्द्र, संकलन केन्द्र, ढुवानी, प्रशोधन वितरण सामाग्री सहयोग। ▪ उत्पादनको बिक्रीको आधारमा अनुदान सहयोग कार्यक्रम। ▪ सहकारी संस्थाहरु, स्थानीय वित्तीय संस्थाहरु र बीमा सेवा प्रदायकहरुको त्रिपक्षिय सम्वन्ध विकास गरी कृषि ऋण र बीमा कार्यक्रम कार्यान्वयमा सहजीकरण गराउने। ▪ कृषि वन प्रणाली विकास तथा बिस्तार। ▪ भौचर प्रणाली तथा ग्यारेण्टी बैंक मार्फत अनुदान वितरण
८. आयोजनाको कुल लागत :	आयोजनाको बजेट देहाय बमोजिम हुनेछ कुल अनुमानित बजेटः रू ३६,१५,००,०००।- (छत्तिस करोड पन्ध्र लाख मात्र)
९. आर्थिक तथा वित्तीय विश्लेषण :	▪ पुतलीबजार नगरपालिकाका बिपन्न तथा सिमान्तकृत कृषक सहित १५०० जना प्रत्यक्ष तथा पूर्ण रोजगार भएका हुनेछन्। ▪ नगरक्षेत्रभित्रका प्रमूख फलफूल, कफी, मसला र घाँसबालीमा व्यवसायीकरण भई वार्षिक थप रु १ अरब १५ करोड बराबरको उत्पादन भएको हुनेछ।
१०. कार्यान्वयन ढांचा :	▪ सार्वजनिक, सहकारी र नीजि साझेदारी
११. आयोजना कार्यान्वयन हुने क्षेत्र र लाभान्वित जनसङ्ख्या :	▪ पुतलीबजार नगरपालिका ▪ प्रत्यक्ष र परोक्षः ४० हजार जनसङ्ख्या
१२. अन्तरसम्बन्धित विषय :	▪ **गरिवी निवारण :** गरिव तथा पिछडिएका घरधुरीहरुलाई लक्षित गरि व्यवसायिक कृषि कार्यक्रम सञ्चालनबाट लक्षित संलग्न घरधुरीहरुको आयआर्जनमा वृद्धि भइ गरिबी न्यूनिकरणमा सहयोग पुगेको हुनेछ। ▪ **जैविक विविधता संरक्षण :** फलफूल, कफी र घाँसको व्यवसायिक खेतिबाट कृषि जैविक विविधता संरक्षण भएको हुनेछ। ▪ **पर्यटन प्रवर्द्धनः** नमूना बगैंचा स्थापना, स्थानीय उत्पादन वृद्धि सँगै होमस्टे सहितको कृषि पर्यटन प्रवर्द्धन भएको हुनेछ। ▪ **निर्यात प्रवर्द्धनः** ▪ **रोजगारी श्रृजनाः** व्यवसायिक खेती तथा पशुपालन र त्यसमा आधारित मूल्यश्रृंखलाका उद्योगबाट रोजगारी सिर्जना भएको हुनेछ।

	▪ **खाद्य तथा पोषण सुरक्षा:** दुध, मासु, फलफूल उत्पादन र उपभोग बाट पोषण सुरक्षा हुने, आय आर्जनबाट खाद्यान्न खरिद गरी खाद्य सुरक्षित हुनेछ।
१३. जोखिम तथा अनुमान :	▪ प्राकृतिक प्रकोपजन्य घटनाहरु ▪ महामारीजन्य रोगकीराहरु ▪ जग्गा उपयोग सम्बन्धि तीन तहका सरकारको उपयुक्त नीति ▪ बजेटको सुनिश्चितता

११.१.३. पुतलीबजार एकीकृत पर्यटन विकास आयोजना

१. आयोजनाको नाम :	**पुतलीबजार एकीकृत पर्यटन विकास आयोजना**
विषय क्षेत्र:	आर्थिक विकास
२. आयोजनाका प्रमुख विशेषताहरु :	▪ पुतलीबजार नगरपालिकाभित्रका राष्ट्रिय रूपमा सूचीकृत पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति एवम् उच्चस्तरको प्रवर्द्धन। ▪ नयाँ/संभाव्य पर्यटकीय गन्तव्यहरू तथा पर्यटकीय गतिविधिहरूको पहिचान तथा प्रवर्द्धन। ▪ साहसिक तथा खेल पर्यटनको व्यवसायिक विकास। ▪ पर्यटन विकासमा सरकारी-सार्वजनिक-निजी साझेदारी, सार्वजनिक-निजी साझेदारी, निजी-निजी साझेदारी। ▪ पर्यटनमा आधारित गतिविधिहरूबाट स्वरोजगार तथा रोजगारी सिर्जना एवम् आयवृद्धि।
३. आयोजनाको अवधि :	▪ आ.व. २०७७/७८ देखि आ.व. २०८१/८२ सम्म
४. आयोजनाको लक्ष्य :	▪ एकीकृत पर्यटन विकासको माध्यमबाट स्थानीयस्तरमा स्वरोजगार तथा रोजगारीका अवसरहरु सिर्जना गरी समृद्ध पुतलीबजार निर्माणमा टेवा पुऱ्याउने।
५. आयोजनाको उद्देश्य :	▪ पुतलीबजार नगरपालिकाभित्रका राष्ट्रिय रूपमा सूचीकृत पर्यटकीय गन्तव्यहरूको आवश्यक स्तरोन्नति गर्दै उच्चस्तरले संवर्द्धन र प्रवर्द्धन गर्ने। ▪ नयाँ/संभाव्य पर्यटकीय गन्तव्यहरू तथा पर्यटकीय गतिविधिहरूको पहिचान तथा प्रवर्द्धन गर्ने। ▪ नगरका सम्भाव्य क्षेत्रमा साहसिक तथा खेल पर्यटनको व्यवसायिक विकास गर्ने। ▪ पर्यटनमा आधारित गतिविधिहरूबाट स्वरोजगार तथा रोजगारी सिर्जना एवम् आयवृद्धि गर्ने।
६. आयोजनाको प्रतिफल :	▪ नेपाल सरकारद्वारा देशका १०० नयाँ गन्तव्यको रूपमा सूचीकृत सतौंचण्डी तथा खर्सु क्षेत्रको उच्चस्तरमा प्रवर्द्धन भएको हुनेछ। ▪ नगरभित्र कम्तीमा ४ वटा नयाँ विशिष्ट खालका पर्यटकीय गतिविधिहरू स्थापना गरी सञ्चालनमा ल्याइएको हुनेछ। ▪ नगरभित्र कम्तीमा ५ वटा नयाँ/लुकेका पर्यटकीय गन्तव्यको पहिचान गरी व्यापक रूपमा

	प्रवर्द्धन गरिएको हुनेछ। ▪ नगरको पर्यटन विकासमा सरकारी-सार्वजनिक तथा निजी साझेदारीका विविध खाले मोडेलहरू कार्यान्वयनमा आएका हुनेछन्। ▪ नगरमा पर्यटकका लागि पर्यटनस्तरका ४ वटा होटल, कम्तीमा ६ वटा होमस्टे र ३ वटा ट्राभल तथा पर्यटकीय एजेन्सी सञ्चालनमा आएका हुनेछन्। ▪ नगरमा नयाँ तथा थप पर्यटकीय गतिविधिहरूमार्फत २५० वटा स्वरोजगारी तथा १५०० वटा रोजगारी सिर्जना भएका हुनेछन्। ▪ नगरमा वार्षिक रूपमा ५०००० जना पर्यटकले भ्रमण गरेका हुनेछन्। ▪ नगरमा खेल पर्यटन व्यावसायिक रूपमा सञ्चालनमा आएको हुनेछ।
७. आयोजनाका प्रमुख क्रियाकलापहरु :	▪ नेपाल सरकारद्वारा देशका १०० नयाँ गन्तव्यको रूपमा सूचीकृत सतौंचण्डी तथा खर्सु क्षेत्रको उच्चस्तरमा प्रवर्द्धन तथा सम्वर्द्धन। ▪ नगरभित्र प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, स्काई डाइभिङ, रोप साइक्लिङ, बञ्जी जम्प, लिफ्ट, स्काई वाकजस्ता कम्तीमा कुनै ४ वटा नयाँ विशिष्ट खालका पर्यटकीय गतिविधिहरू स्थापना गरी सञ्चालन। ▪ नगरभित्रका पर्यटकीय स्थलहरूको GIS प्रविधिबाट नक्शांकन गरिनेछ। ▪ हुनीकोट, कोल्माकोट, राङभाङ, पुतलीखेत बजार, पेल्काचौर र नुवाकोटको व्यापक प्रवर्द्धन। ▪ नगरपालिका कार्यालयमा सुविधासम्पन्न पर्यटन शाखा तथा डिजिटल पर्यटकीय सूचना कर्नरको सञ्चालन। ▪ खेल पर्यटनको व्यवसायिक तथा स्पर्धाहरूको शुरूआत।
८. आयोजनाको कुल लागत :	आयोजनाको कुल लागत विस्तृत अध्ययनले तय गरे बमोजिम हुनेछ
९. आर्थिक तथा वित्तीय विश्लेषण :	▪ पुतलीबजार नगरपालिकाका १५०० जना प्रत्यक्ष तथा पूर्ण रोजगार भएका हुनेछन्। ▪ यस आवधिक योजनाको अवधिमा नगरक्षेत्रभित्र पर्यटन क्षेत्रमा एक अरब रूपैयाँ थप नयाँ लगानी भित्रिएको हुनेछ।
१०. कार्यान्वयन ढाँचा :	▪ सार्वजनिक, सहकारी र नीजि साझेदारी।
११. आयोजना कार्यान्वयन हुने क्षेत्र : लाभान्वित जनसङ्ख्या :	▪ पुतलीबजार नगरपालिका ▪ प्रत्यक्ष र परोक्षः ४० हजार जनसङ्ख्या
१२. अन्तरसम्बन्धित विषय :	▪ **सम्पदाको संरक्षण:** नगरभित्रका ऐतिहासिक तथा पुरातात्विक लगायतका सांस्कृतिक सम्पदा तथा वैभवहरूको संरक्षण तथा संवर्द्धन भएको हुने। ▪ **रोजगारी श्रृजना**: प्रवर्द्धित तथा नयाँ पर्यटकीय गतिविधिहरूबाट रोजगारी सिर्जना भएको हुने।

	▪ **वातावरणीय संरक्षणः** पर्यटन गतिविधिहरूको व्यापक विकाससँगै नगरका विभिन्न क्षेत्रमा सरसफाईका क्रियाकलापहरू सञ्चालनमा आउने। ▪ **स्थानीय उत्पादनहरुको खपतमा वृद्धिः** पर्यटकीय गतिविधिहरूमा आएको व्यापकतासँगै पर्यटकको उपभोगमा वृद्धि हुनाका कारण स्थानीय उत्पादनहरूको माग तथा खपतमा वृद्धि भएको हुनेछ। ▪ **आयवृद्धिः** पर्यटकीय गतिविधिहरूमा आएको व्यापकतासँगै स्थानीय स्तरमा रोजगारी सिर्जना तथा स्थानीय उत्पादनहरूको खपतमा वृद्धि हुँदा स्थानीयस्तरमा आयवृद्धि भएको हुनेछ।
१३. जोखिम तथा अनुमान :	▪ प्राकृतिक प्रकोप तथा महामारीजन्य घटनाहरू। ▪ पर्यटन विकास सम्बन्धि तीन तहका सरकारको उपयुक्त नीति। ▪ लगानीको सुनिश्चितता।

४. पुतलीबजार बहुप्राविधिक शिक्षालय

१. आयोजनाको नाम :	**पुतलीबजार बहुप्राविधिक शिक्षालय**
विषय क्षेत्र:	सामाजिक विकास
२. आयोजनाका प्रमुख विशेषताहरु :	▪ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको आंगिक कलेज। ▪ कलेजमा नगरपालिकाद्वारा प्रत्येक वर्ष एक जना छात्र र एक जना छात्राको लागि छात्रवृत्तिको व्यवस्था।
३. आयोजनाको अवधि :	आ.व. २०७७/७८ देखि प्रक्रिया शुरु गरी आ.व. २०७८/७९ श्रावणबाट सञ्चालनमा आउने।
४. आयोजनाको लक्ष्य :	▪ पुतलीबजार नगरपलिकामा विभिन्न विषयका निम्न मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्ने।
५. आयोजनाको उद्देश्य :	▪ पुतलीबजार नगरपालिकामा प्राविधिक शिक्षा र व्यवसायिक तालिमलाई प्रवर्द्धन गर्ने। ▪ स्थानीय स्तरमा सक्षम,आत्मनिर्भर तथा स्वाबलम्बी जनशक्ति तयार गर्ने। ▪ स्थानीय स्तरमै उद्यमशीलताको प्रवर्द्धन गर्ने।
६. आयोजनाको प्रतिफल :	▪ वार्षिक रूपमा प्रत्येक कार्यक्रमबाट ४८ जना निम्न मध्यम स्तरीय प्रविधिक जनशक्ति उत्पादन गरिएको हुनेछ। ▪ वार्षिक रूपमा १५० जनाले छोटो अवधिको व्यवसायिक तालिम प्राप्त गरेका हुनेछन्।
७. आयोजनाका प्रमुख क्रियाकलापहरु :	● विभिन्न प्राविधिक विषयमा तीनवर्षे डिप्लोमा कोर्स सञ्चालन तथा व्यवस्थापन गरी निम्न मध्यमस्तरीय सीपयुक्त जनशक्ति उत्पादन। ● व्यवसायिक सीप विकास सम्बन्धी छोटो अवधिका कार्यक्रम सञ्चालन।
८. आयोजनाको कुल लागत :	यस शिक्षालयको भौतिक पूर्वाधार निर्माणको कुल लागत विस्तृत परियोजना प्रतिवेदनले तय गरे बमोजिम हुनेछ।
९. आर्थिक तथा वित्तीय विश्लेषण :	● यस शिक्षालय मार्फत संघीय सरकारबाट नगरमा प्रति वर्ष न्युनतम रू ५० लाख थप लगानी भित्रिनेछ।

	● यस शिक्षालयबाट करीब १०० जना ले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी वा थप आम्दानीको अवसर पाउनेछन्।
१०. कार्यान्वयन ढांचा :	सार्वजनिक, सहकारी र नीजि साझेदारी
११. आयोजना कार्यान्वयन हुने क्षेत्र : लाभान्वित जनसङ्ख्या :	● पुतलीबजार नगरपालिका ● प्रत्यक्ष र परोक्षः ४० हजार जनसङ्ख्या
१२. अन्तरसम्बन्धित विषय :	▪ **रोजगारी श्रृजनाः** प्राविधिक तथा सीपयुक्त व्यवसायिक जनशक्तिको उत्पादनबाट स्थानीय उद्योग तथा स्वरोजगारका गतिविधीमा तीब्र विकास भई रोजगारीका अवसरहरू बढेका हुनेछन्। ▪ **उद्यमशीलताको विकासः** गुणस्तरीय प्राविधिक तथा सीपयुक्त व्यवसायिक शिक्षाका कारण स्थानीय मानव संशाधनमा सीप तथा दक्षता विकास भई उद्यमशीलताको विकास भएको हुनेछ।
१३. जोखिम तथा अनुमान :	● जग्गा उपयोग सम्बन्धि तीन तहका सरकारको उपयुक्त नीति ● बजेटको सुनिश्चिता

५. खेल पूर्वाधार सुदृढीकरण योजना

१. आयोजनाको नाम :	**खेल पूर्वाधार सुदृढीकरण योजना**
विषय क्षेत्र:	**सामाजिक, पूर्वाधार विकास**
२. आयोजनाका प्रमुख विशेषताहरु :	▪ पुतलीबजार नगरपालिकामा खेल गतिविधिहरूको व्यवसायिक रूपमा प्रवर्द्धन। ▪ नगरमा लोकप्रिय खेलहरूका भौतिक पूर्वाधारको स्तरोन्ति। ▪ साहसिक तथा खेल पर्यटनको व्यवसायिक विकास। ▪ खेल पूर्वाधार विकासमा सरकारी-सार्वजनिक-निजी साझेदारी, सार्वजनिक-निजी साझेदारी, निजी-निजी साझेदारी। ▪ खेल पूर्वाधार विकासका गतिविधिहरूबाट नगरबासीका लागि रोजगारी सिर्जना एवम् आयवृद्धि।
३. आयोजनाको अवधि :	आ.व. २०७७/७८ देखि आ.व. २०८१/८२
४. आयोजनाको लक्ष्य :	● पुतलीबजारलाई खेलकूदको गन्तव्यको रूपमा विकास गर्ने।
५. आयोजनाको उद्देश्य :	▪ पुतलीबजार नगरपालिकाभित्र निर्माण भैसकेकका खेल पूर्वाधारको स्तरोन्ति, संरक्षण तथा प्रवर्द्धन गर्ने। ▪ नयाँ/संभाव्य खेल पूर्वाधारहरूको विकास गर्ने। ▪ नगरका सम्भाव्य क्षेत्रमा साहसिक तथा खेल पर्यटनको व्यवसायिक विकास गर्ने। ▪ खेलकूदमा आधारित गतिविधिहरूबाट स्वरोजगार तथा रोजगारी सिर्जना एवम् आयवृद्धि गर्ने।
६. आयोजनाको प्रतिफल :	▪ नगरमा कम्तीमा तीन स्तरीय फूटबल मैदान, एक स्तरीय क्रिकेट मैदान, ३ बास्केटबल स्तरीय कोर्ट र १४ भलिबल स्तरीय भलिबल कोर्टहरू निर्माण हुनेछन्।

	▪ वार्षिक रुपमा लक्षित संख्यामा नगरका खेलाडीले प्रशिक्षणका लागि स्तरीय पूर्वाधार प्राप्त गर्नेछन् ।
७. आयोजनाका प्रमुख क्रियाकलापहरु :	▪ पुतलीबजार नगरपालिकाभित्र निर्माण भैसकेकका खेल पूर्वाधारको स्तरोन्ति, संरक्षण तथा प्रवर्द्धन । ▪ नयाँ/संभाव्य खेल पूर्वाधारहरूको विकास । ▪ नगरका सम्भाव्य क्षेत्रमा साहसिक तथा खेल पर्यटनको व्यवसायिक विकास । ▪ खेलकूद प्रशिक्षणको व्यवस्थित विकास । ▪ खेलकूद तथा खेल पर्यटनको व्यवसायिक तथा स्पर्धाहरूको शुरूआत ।
८. आयोजनाको कुल लागत :	आयोजनाको बजेट विस्तृत लागत अध्ययन बमोजिम हुनेछ ।
९. आर्थिक तथा वित्तीय विश्लेषण :	▪ पुतलीबजार नगरपालिकाका ९०० जना प्रत्यक्ष तथा पूर्ण रोजगार भएका हुनेछन् । ▪ यस आवधिक योजनाको अवधिमा नगरक्षेत्रभित्र खेलकूद पूर्वाधार क्षेत्रमा ८० करोड थप नयाँ लगानी भित्रिएको हुनेछ ।
१०. कार्यान्वयन ढांचा :	सार्वजनिक, सहकारी र नीजि साझेदारी ।
११. आयोजना कार्यान्वयन हुने क्षेत्र : लाभान्वित जनसङ्ख्या :	▪ पुतलीबजार नगरपालिका ▪ प्रत्यक्ष र परोक्षः ४० हजार जनसङ्ख्या
१२. अन्तरसम्बन्धित विषय :	▪ **खेल पूर्वाधारको निर्माण तथा संरक्षण:** नगरभित्र आवश्यक खेल पूर्वाधारहरूको निर्माण तथा निर्माण सम्पन्न भैसकेका तथा निर्माणाधीन खेल पूर्वाधारको संरक्षण तथा संवर्द्धन भएको हुने । ▪ **खेल प्रतिभा पहिचान तथा अवसर वृद्धि:** नगरभित्र खेलकुद तथा खेल पर्यटनका गतिविधिहरूको व्यापक विकास हुँदा नगरमा रहेका खेल प्रतिभाहरू प्रस्फुटित हुने, स्पर्धामा भाग लिने अवसर बढने तथा खेल कौशलमा वृद्धि भएको हुने । ▪ **रोजगारी श्रृजना**: खेलकुद तथा खेल पर्यटनका गतिविधिहरूबाट रोजगारी सिर्जना भएको हुने । ▪ **वातावरणीय संरक्षण**: खेलकुद तथा खेल पर्यटनका गतिविधिहरूको व्यापक विकाससँगै नगरका विभिन्न क्षेत्रमा सरसफाईका क्रियाकलापहरू सञ्चालनमा आउने । ▪ **स्थानीय उत्पादनहरुको खपतमा वृद्धि**: खेलकुद तथा खेल पर्यटनका गतिविधिहरूमा आएको व्यापकतासँगै खेलाडी तथा दर्शकको रूपमा आउनुहुने आगन्तुकहरूको उपभोगमा वृद्धि हुनाका कारण स्थानीय उत्पादनहरूको माग तथा खपतमा वृद्धि भएको हुनेछ । ▪ **आयवृद्धि**: खेलकुद तथा खेल पर्यटनका गतिविधिहरूमा आएको व्यापकतासँगै स्थानीय स्तरमा आर्थिक गतिविधिमा विविधीकरण हुँदै गर्दा रोजगारी सिर्जना तथा स्थानीय उत्पादनहरूको खपतमा वृद्धि भई स्थानीयस्तरमा आयवृद्धि भएको हुनेछ ।
१३. जोखिम तथा अनुमान :	▪ प्राकृतिक प्रकोप तथा महामारीजन्य घटनाहरू ।

	▪ खेलकूद विकास सम्बन्धि तीन तहका सरकारको उपयुक्त नीति। ▪ लगानीको सुनिश्चितता।

११.२ पुतलीबजार नगरपालिकाका गौरवका योजनाहरू

१. स्वास्थ्य संस्था सुदृढीकरण तथा स्वास्थ्य सेवा बिस्तार कार्यक्रम

२. उज्यालो शहर कार्यक्रम

३. भारकोट स्तुपा निर्माण

४. सरसफाई केन्द्र

५. त्रिवेणीधाम निर्माण

६. प्रशासनिक सेवा प्रवाह सुदृढीकरण (चुस्त दुरुस्त पुतलीबजार)

७. घर ठेगाना प्रणाली

८. मजुवा स्मार्ट सिटी

९. पुतलीबजार नगरपरिधि सडक

१०. उपल्लो आँधीखोला उपत्यका बहुउद्देश्यीय योजना

अनुसुची - १

नतिजा खाका

पृष्ठभूमि

कुनैपनि प्रकारको योजनाको नतिजा खाकाले उक्त योजनाले लिएको सोच, लक्ष्य, रणनीति र कार्यनीतिमा आधारित रही तर्जुमा गरिएका कार्यक्रमहरू तथा आयोजनाहरूको कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजालाई आधार वर्षको मान/स्थितिसँग तुलना गरी उक्त योजनाको समग्र प्रतिफल, असर तथा प्रभावको अनुगमन एवम् मुल्याङ्कन गर्नका लागि आवधिक परिमाणात्मक लक्ष्यहरू समावेश गरिएको सूचकहरूको व्यवस्थित खाकालाई जनाउँदछ । यस खाकामा त्यस्ता सूचकहरूको सान्दर्भिक एकाई सहित मान प्राप्त हुने स्रोत तथा तथ्याङ्क उपलब्ध गराउनका लागि जिम्मेवार निकाय यकिन गरी तथा सम्बन्धित अनुमान तथा जोखिम पक्ष पनि उल्लेख गरिएको हुन्छ । पुतलीबजार नगरपालिकाको यस आवधिक योजना (२०७७/७८-८१/८२) मा छ वटा प्रमुख नतिजा क्षेत्र निर्धारण गरी सोसँग विभिन्न विषय क्षेत्र तथा उपक्षेत्रको अन्तरसम्बन्ध स्थापना हुने गरी नतिजा खाका तयार तयार गरिएको छ ।

नतिजा खाकाको संरचना

पुतलीबजार नगरपालिकाको यस आवधिक योजना (२०७७/७८-८१/८२) को नतिजा खाकाले प्रमुख रूपमा देहायका विषयहरू समेटेको छः

- छ वटा प्रमुख विषयगत नतिजा क्षेत्र निर्धारण गरी सोका आधारमा प्रतिफल, असर तथा प्रभाव गरी तीन तहका नतिजा सूचक तयार गरी तिनीहरूको अन्तरसम्बन्ध स्थापित गरिएको छ ।
- उल्लिखित तीनै तहका नतिजा सूचकको मापनका लागि सान्दर्भिक एकाई यकिन गरिएको छ ।
- सूचकको आवधिक अनुगमन तथा मूल्याङ्कनलाई सहजीकरण गर्नका लागि सम्भव भएसम्म आधार वर्षको मान र आवधिक परिमाणात्मक लक्ष्य उल्लेख गरिएको छ ।
- सूचकको मान प्राप्त हुने तथ्याङ्कीय स्रोत तथा तथ्याङ्क उपलब्ध गराउने आधिकारिक जिम्मेवार निकाय यकिन गरिएको छ ।
- तीनै तहका नतिजा सूचकको मान हासिल गर्ने क्रममा आउनसक्ने सम्भावित जोखिम पक्षको अनुमान गरिएको छ ।

क. गरिबी न्यूनीकरण तथा आयस्तर वृद्धि

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति	अनुमानित लक्ष्य					सूचनाको स्रोत	जोखिम तथा अनुमान
				२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
	प्रभाव									
१.	मानव विकास सूचीकाङ्क			-	०.५४४	०.५६०	०.५८३	०.६००		गण्डकी प्रदेशको स्थितिपत्रमा आधारित
२.	प्रतिव्यक्ति आय	अमेरिकी डलर		१३०१	१४३१	१५७४	१७२१	१८९३		गण्डकी प्रदेशको स्थितिपत्रमा आधारित
३.	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत		-	-	-	-	१०.४		
४.	निरपेक्ष गरीबीमा रहेको जनसङ्ख्या	प्रतिशत		८.१	७.२	६.४	५.५	५.०		
	असर									
१.	**समष्टिगत आर्थिक क्षेत्र**									
१.१	कुल नगरपालिका उत्पादन (स्थीर मूल्यमा)		-	-	-	-	-	-		
१.२	कुल नगरपालिका उत्पादन (चालु मूल्यमा)		-	-	-	-	-	-		
१.३	क्षेत्रगत आर्थिक वृद्धिदर		-	-	-	-	-	-		
क.	प्राथमिक क्षेत्र (कृषि, वन र खानी तथा उत्खनन्)	प्रतिशत	-	-	-	-	-	-		
ख.	द्वितीय क्षेत्र (उद्योग,	प्रतिशत	-	-	-	-	-	-		

	विद्युत्, ग्याँस, पानी र निर्माण)									
ग.	तृतीय क्षेत्र (सेवा)	प्रतिशत	-	-	-	-	-	-		
१.४	कुल नगरपालिका उत्पादनको अनुपातमा लगानी	प्रतिशत	-	-	-	-	-	-		
क.	क. सरकारी	प्रतिशत	-	-	-	-	-	-		
ख.	ख. निजी	प्रतिशत	-	-	-	-	-	-		
ग.	ग. सहकारी	प्रतिशत	-	-	-	-	-	-		
१.५	कुल नगरपालिका बचत (कुल नगरपालिका उत्पादनको अनुपातमा)	प्रतिशत	-	-	-	-	-	-		
१.६	कम्तीमा आधा घण्टाको दूरीमा कुनै वित्तीय संस्थाको पहुँच पुगेको परिवार	प्रतिशत	-	८०	८५	८९	९५	१००		
१.७	बैंकिङ तथा वित्तीय सेवामा आवद्ध जनसङ्ख्या	प्रतिशत		७५	७८	८२	८७	९१		
१.८	जीवन बीमामा आवद्ध जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	-		
२.	**नगरपालिका बित्त**									
२.१	कुल न.पा. बजेटमा आन्तरिक आयको हिस्सा	प्रतिशत	२.५५	३.५	४.४	५.३	६.१	७.०	नपा बजेट पुस्तिका	कमजोर कर प्रशासन र समन्वयको अभाव
२.२	कुल न.पा. बजेटमा	प्रतिशत	८२.०७	८०.०२	७७.२	७५.४	७३.५	७१.१	नपा बजेट पुस्तिका	केन्द्र र प्रदेश सरकारको

	अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुपात									नीतिगत परिवर्तन
२.३	कुल न.पा. बजेटमा वैदेशिक सहायताको अनुपात	प्रतिशत	०	०.१	१.३	१.८	२.७	३.९		नपा र केन्द्र सरकारको समन्वय र पहलकदमी नहुने
३.	**गरिबी तथा असमानता न्यूनीकरण**									
३.१	आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्या को अनुपात	प्रतिशत	-	१.२७	१.२४	१.१९	१.१६	१.११		
३.२	आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या	प्रतिशत	१०.०६	११.५	१२.६	१३.६	१४.७	१५.८	नपा रेकर्ड	
४.	**सहकारी**									
४.१	सहकारीबाट थप रोजगारी सिर्जना	संख्या	२२०	२५२	२८६	३९०	५०१	६४१	नपाआविशा	
४.२	सहकारीमा पहुँच (घरबाट ३० मिनेटभित्रको पहुँच भएको घरपरिवार)	प्रतिशत	७५	७९	८३	८८	९४	१००	नपा रेकर्ड	
४.३	सहकारी क्षेत्रबाट कर्जा प्रवाह	रू. करोडमा	१५०	१७२	१९९	२४०	२८८	३४५	नपा रेकर्ड	
	प्रतिफल									
१.	**समष्टिगत आर्थिक क्षेत्र**									
१.१	कुल स्थिर पुँजी लगानी (२०७५/७६ को स्थिर मूल्यमा)	रू. करोडमा	-	-	-	-	-	-		

१.२	लगानी			-	-	-	-	-		
	सरकारी	रू. करोडमा	२७.६							
	निजी	रू. करोडमा	-	२०.०	२१.५	२३.१	२५.४	२७.९		निजी लगानीको वातावरण को अवस्थामा आधारित
	सहकारी	रू. करोडमा	-	१६०	१८०	२१५	२५५	३००	नपा रेकर्ड	लगानीको वातावरण को अवस्थामा आधारित
१.३	बैंक तथा वित्तीय संस्थाको निक्षेप वृद्धिदर	प्रतिशत	-	-	-	-	-	-		
१.४	निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर	प्रतिशत	-	-	-	-	-	-		
१.५	प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
१.६	पर्यटनबाट वार्षिक आय	रू. करोडमा	-	-	-	-	-	-		
१.७	कुल नपा आयमा विप्रेषणको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
१.८	जनसंख्या प्रति बैंक तथा वित्तीय संस्था शाखा	जना	२८१३	२६७९	२५१०	२३०५	२१५८	२०००		गणनामा आधारित
१.९	जनसंख्या प्रति बीमा कम्पनी शाखा	जना	-	-	-	-	-	-		
१.१०	कृषि बीमामा आवद्ध व्यवसायिक कृषक	प्रतिशत	-	३	२५	५०	७५	१००		
२.	**नगरपालिका**									

	वित्त									
२.१	कुल नपा उत्पादनको अनुपातमा चालु खर्च	प्रतिशत	-	-	-	-	-	-		
२.२	कुल नपा उत्पादनको अनुपातमा पुँजीगत खर्च	प्रतिशत	-	-	-	-	-	-		
२.३	कुल नपा उत्पादनको अनुपातमा वित्तीय व्यवस्था	प्रतिशत	-	-	-	-	-	-		
२.४	कुल नपा उत्पादनको अनुपातमा आयकर	प्रतिशत	-	-	-	-	-	-		
३.	**अन्तर-सरकारी वित्त**									
३.१	कुल नपा उत्पादनमा संघीय विभाज्य कोषबाट प्राप्त राजस्व बाँडफाडको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
४.	**गरिबी निवारण तथा असमानता न्यूनीकरण**									
४.१	कुल नपा बजेटमा सामाजिक सुरक्षामा बिनियोजित रकमको अनुपात	प्रतिशत	२०.०	१९.५	१९.०	१८.५	१८.०	१७.५	नपा वार्षिक बजेट	
५.	**सहकारी**									
५.१	सहकारी संघ संस्थाको शेयर पूँजी	रू. करोडमा	४५	५०	५५	६१	६७	७४	नपाआविशा	अवस्था सामान्य कायम रहेमा

५.२	COPOMIS प्रणालीमा आवद्ध भएका सहकारी संस्था	प्रतिशत	८६.१	८८.५	९३.०	९५.५	९७.५	१००.०	नपाआविशा	राष्ट्रिय नीति कार्यान्वयन
५.३	उत्पादन क्षेत्रमा क्रियाशील सहकारीलाई नमुना सहकारीमा रूपान्तरण	सङ्ख्या	-	-	२	२	२	२		संस्थागत सहयोगको उपलब्धता
५.४	सहकारी बजार स्थापना	सङ्ख्या	-	-	१	१	-	-		
५.५	सहकारी शीत भण्डार निर्माण	सङ्ख्या	१	१	१	१	१	१		

ख. सक्षम मानवपुँजी एवं सभ्य समाज निर्माण

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति	लक्ष्य					सूचना को स्रोत	जोखिम तथा अनुमान
				२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
	प्रभाव									
१.	अपेक्षित आयु (जन्महुँदाको)	वर्ष	६८	७०	७१	७२	७४	७५	नपा पाचि	
२.	साक्षरता दर (५ वर्ष माथि)	प्रतिशत	९३.२५	९५	९६	९७	९८.९०	९९.९९	नपा पाचि	
३.	साक्षरता दर (१५ वर्ष माथि)	प्रतिशत		९१.१	९३.१	९५.४	९७.२	९८.५		
४.	जनघनत्व	जना	३८२.२	३८४.१	३८५.६	३८७.१	३८८.२	३८९.१	नपा पाचि	
५.	परिवारको आकार	जना	५.६५	५.२५	५.०५	५.०	४.८	४.५	नपा पाचि	
६.	मानव विकास सूचकाङ्क	सूचकाङ्क	-	-	-	-	-	-		
७.	लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	-	-	-	-	-	-		
८.	आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या	प्रतिशत	५६६२	-	-	-	-	-	नपा रेकर्ड	
९.	नागरिक सन्तुष्टिको	सूचका	-	-	-	-	-	-		

	सूचकाङ्क	ङ्क								
	असर									
१.	**स्वास्थ्य तथा जनसङ्ख्या**									
१.१	५ वर्ष मुनिको बाल मृत्युदर	प्रतिहजार	-	-	-	-	-	-		
१.२	शिशु मृत्युदर	प्रतिहजार	-	-	-	-	-	-		
१.३	नवजात शिशु मृत्युदर	प्रतिहजार	-	-	-	-	-	-		
१.४	पहिलो बच्चा जन्माउने औसत उमेर	वर्ष	-	-	-	-	-	-		
१.५	कुल प्रजनन दर	प्रतिमहिला	-	-	-	-	-	-		
१.६	किशोरी अवस्थाको प्रजनन	प्रतिशत	-	-	-	-	-	-		
१.७	३०-७० वर्ष उमेर समूहका मानिसहरूमा दीर्घकालीन रोगहरूबाट हुने मृत्युदर	प्रतिहजार	-	-	-	-	-	-		
१.८	३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार	प्रतिशत	७५.०	८५.०	९५.०	१००.०	१००.०	१००.०	स्वा.शा.	
१.९	५ वर्षमुनिका बालबालिकामा भएको पुड्कोपन	प्रतिशत	३६.०	३२.०	२६.०	२४.४	२१.०	१६.०	नपा पाचि	
१.१०	५ वर्षमुनिका कम तौल भएका बालबालिका	प्रतिशत	२७.०	२५.७	२३.५	१९.०	१४.०	६.०	नपा पाचि	
१.११	५ वर्षमुनिका बालबालिकाको जन्मदर्ता	प्रतिशत	८०.०	८५.०	९०.०	९५.०	१००.०	१००.०		
२.	**शिक्षा**									
२.१	युवा साक्षरता दर (१५ देखि २४ वर्ष)	प्रतिशत						९९.०		
२.२	बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर	प्रतिशत								
२.३	खुद भर्नादर									
	आधारभूत तह (१–८)	प्रतिशत	-	-	-	-	-	९९.०		
	माध्यमिक तह (९–१२)	प्रतिशत	-	-	-	-	-	६५.०		

२.४	उच्च शिक्षामा कुल भर्ना दर	प्रतिशत	-	-	-	-	-	-		
२.५	विद्यालय छाड्ने दर									
	आधारभूत तह (१–८)	प्रतिशत	-	-	-	-	-	-		
	माध्यमिक तह (९–१२)	प्रतिशत	-	-	-	-	-	-		
२.६	कक्षा ८ को सिकाई उपलब्धि									
	गणित	औसत स्कोर	-	-	-	-	-	-		
	नेपाली	औसत स्कोर	-	-	-	-	-	-		
	अङ्ग्रेजी	औसत स्कोर	-	-	-	-	-	-		
	विज्ञान	औसत स्कोर	-	-	-	-	-	-		
३.	**युवा तथा खेलकूद**									
३.१	स्वरोजगार कर्जा प्राप्त गरी सञ्चालित व्यवसायमा रोजगार प्राप्त गर्ने युवा	जना	-	-	-	-	-	-		
३.२	विपद् व्यवस्थापन तथा स्वयंसेवकीय कार्यमा सहभागी युवा	जना	-	-	-	-	-	-		
३.३	खेलकूदलाई रोजगारी बनाएका युवा	जना	-	३	५	७	१०	१५		
४.	**श्रम तथा रोजगारी**									
४.१	वार्षिक रोजगारी सिर्जना	जना	-	१०००	१५००	२०००	२५००	३०००		
५.	**लैङ्गिक समानता र सशक्तिकरण**									
५.१	लैङ्गिक सशक्तिकरण सूचकाङ्क	सूचकाङ्क	-	-	-	-	-	-		
५.२	महिला र पुरुषवीच ज्याला दरको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
५.३	महिलाको नाममा घरजग्गा रहेको परिवार	प्रतिशत	-	-	-	-	-	-		
६.	**खाद्य सुरक्षा**									
६.१	गम्भीर खाद्य असुरक्षित परिवार	प्रतिशत	-	-	-	-	-	-		

	प्रतिफल									
१.	**स्वास्थ्य तथा जनसङ्ख्या**									
१.१	ऋणात्मक जनसङ्ख्या वृद्धिदर भएका वडा	सङ्ख्या	-	-	-	-	-	-		
१.२	स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	-		
१.३	स्वास्थ्यकर्मीको सङ्ख्या	जना प्रतिलाख	५९						नपा रेकर्ड	
१.४	डाक्टरको सङ्ख्या	जना	१५							
१.५	परिवार नियोजनका आधुनिक साधन प्रयोगदर	प्रतिशत	२९	४०	५२	५२	५३	५३		
१.६	स्वास्थ्यसंस्था मार्फत प्रसुति सेवा लिने महिला	प्रतिशत	६४	७२	८०	८८	९५.०	१००.०	नपा पाचि	
१.७	दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला	प्रतिशत	६४	७२	८०	८८	९५.०	१००.०	नपा पाचि	
१.८	प्रोटोकल अनुसार चारपटकसम्म गर्भवती जाँच सेवा लिने महिला	प्रतिशत	५२	७२	७५	८१	८७	९१	नपा पाचि	
१.९	प्रोटोकल अनुसार बच्चा जन्मेपछि तीनपटक सेवा लिने महिला	प्रतिशत	१३	५०	५५	६०	६५	७०	नपा पाचि	
१.१०	भिटामिन 'ए' प्राप्त गर्ने महिला	प्रतिशत	६४	७५	७७	८१	८५	८९		
१.११	तोकिए बमोजिमका सबै खोप पाउने बालबालिका	प्रतिशत	-	८४	८९	९४	९६	९८		
१.१२	डिपिटी हेप खोप तेस्रो प्राप्त गर्ने बालबालिका	प्रतिशत	९७	९७	९८	९८	९८	९९		
१.१३	पहिलो दादुरा खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	७७	९१	९२	९३	९४	९५		
१.१४	औलो रोगबाट संक्रमित व्यक्ति (इन्डोजेनस संक्रमण मात्र)	जना	-	-	-	-	-	-		
१.१५	एचआइभीबाट संक्रमित नयाँ व्यक्ति	जना प्रतिलाख	-	-	-	-	-	-		

१.१६	गर्भवती मध्ये पी एम टी सि टी सेवा पाएका महिला	संख्या		७५	८०	८५	९०	९५		
१.१७	क्षयरोग लाग्ने दर	जना प्रतिलाख	१३	-	-	-	-	-		
१.१८	हात्तीपाइले रोगको प्रभाव दर	जना प्रतिलाख	-	-	-	-	-	-		
१.१९	औलोज्वरो	जना प्रतिहजार	-	-	-	-	-	-		
१.२०	डेङ्गु	सङ्ख्या	-	-	-	-	-	-		
१.२१	एक्टीभ ट्रकोमा	सङ्ख्या	-	-	-	-	-	-		
१.२२	१४ वर्ष वा माथिका व्यक्तिहरूमा सुर्ति/धुम्रपान दर	प्रतिशत	-	-	-	-	-	-		
१.२३	प्रजनन उमेर समूहका महिलामा रक्तअल्पता	प्रतिशत	-	-	-	-	-	-		
२.	**शिक्षा**									
२.१	प्रति विद्यार्थी सरकारी खर्च									
२.२	आधारभूत तह (१–८)	रू हजार	-	-	-	-	-	-		
२.३	माध्यमिक तह (९–१२)	रू हजार	-	-	-	-	-	-		
२.४	शिक्षक विद्यार्थी अनुपात									
	आधारभूत तह (१–८)	अनुपात	-	-	-	-	-	-		
	माध्यमिक तह (९–१२)	अनुपात	-	-	-	-	-	-		
२.५	पेशागत तालिमप्राप्त शिक्षक									
	आधारभूत तह (१–८)	प्रतिशत	-	-	-	-	-	-		
	माध्यमिक तह (९–१२)	प्रतिशत	-	-	-	-	-	-		
२.६	माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी	प्रतिशत								
२.७	स्वच्छ पानी र सरसफाई सुविधासहित शौचालय उपलब्ध	प्रतिशत	-					१००.०		

	विद्यालय									
२.८	इन्टरनेट सुविधा पुगेका विद्यालय	प्रतिशत	-					१००.०		
२.९	माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी	प्रतिशत	-		-	-	-	-	-	
२.१०	नगर क्षेत्रभित्र वैज्ञानिक अध्ययन/अनुसन्धान	सङ्ख्या	-		१		१			
२.११	उच्च अध्ययन/अनुसन्धानवृत्ति उपलब्धता	सङ्ख्या	-		२	२	२	२		
३.	**युवा तथा खेलकूद**	सङ्ख्या								
३.१	नवप्रवर्तन केन्द्र	सङ्ख्या	-	१	-	-	-	-		
३.२	नवप्रवर्तन केन्द्रबाट प्रशिक्षित हुने युवा	सङ्ख्या	-	५०	५०	५०	५०	५०		
३.३	युवा क्लबमार्फत नेतृत्व अभ्यास गर्ने युवा	सङ्ख्या		२८	२८	२८	२८	२८		
३.४	सहुलियत कर्जाप्राप्त गरी स्वरोजगारमा आवद्ध युवा	सङ्ख्या		५६	५६	५६	५६	५६		
३.५	युवा तथा खेलकूद क्षेत्रको पूर्वाधार निर्माण कार्यमा रोजगार प्राप्त गर्ने युवा	सङ्ख्या	-	-	-	-	-	-		
३.६	खेलकूदको आधारभूत प्रशिक्षण प्राप्त गर्ने खेलाडी	सङ्ख्या	-	१००	३००	५००	७००	९००		
३.७	खेलकूदको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण प्राप्त गर्ने खेलाडी	सङ्ख्या		५	१५	२०	२५	३०		
४.	**श्रम तथा रोजगारी**									
४.१	सीप विकास तालिम केन्द्र	सङ्ख्या			१		१			
४.२	स्वरोजगार सिर्जना	सङ्ख्या								
५.	**लैङ्गिक समानता र सशक्तिकरण**									
५.१	१५-१९ वर्ष उमेर समूहका विवाहित किशोरी	प्रतिशत	-	-	-	-	-	-		

५.२	प्रजनन हक सम्बन्धी निर्णय गर्ने महिला (१५-४५ वर्ष) को अनुपात	प्रतिशत	-	-	-	-	-	-		
५.३	महिलाको स्वामित्वमा रहेका प्रतिष्ठान	प्रतिशत	-	-	-	-	-	-		
६.	**खाद्य सुरक्षा**									
६.१	कुल उपभोगको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने परिवार	प्रतिशत	४१	३८	३५	३२	२९	२५		
७.	**सामाजिक सांस्कृतिक विविधता**									
७.१	मातृभाषामा पठनपाठन हुने विद्यालय	सङ्ख्या	-		१	१				
७.२	ज्येष्ठ नागरिक दिवा तथा सेवा केन्द्र	सङ्ख्या								

ग. उत्पादन तथा उत्पादकत्व वृद्धि

क्र.सं.	**नतिजा सूचक**	**एकाई**	**आधार वर्षको स्थिति**	**लक्ष्य**					**सूचना को स्रोत**	**जोखिम तथा अनुमान**
				२०७७/७८	**२०७८/७९**	**२०७९/८०**	**२०८०/८१**	**२०८१/८२**		
	प्रभाव									
१.	कृषिको उत्पादकत्व (प्रमुख बाली)	मे.ट. प्रति हेक्टर	२.७	२.८	३.०	३.१	३.४	३.५	नपा रेकर्ड	
२.	श्रम उत्पादकत्व	रू. हजारमा	-	-	-	-	-	-	-	
३.	प्रति परिवार विद्युत उपयोग	युनिट	-	-	-	-	-	-	-	
४.	नगरपालिकाको उत्पादनमा क्षेत्रगत योगदान									
क.	प्राथमिक क्षेत्र		-	-	-	-	-	-	-	
ख.	द्वितिय क्षेत्र		-	-	-	-	-	-	-	
ग.	तृतीय क्षेत्र		-	-	-	-	-	-	-	
	असर									
१.	**कृषि**									

१.१	कृषि श्रम उत्पादकत्व	रू. हजारमा	१५	१८	२१	२५	३०	३६	नपा रेकर्ड	
१.२	कृषियोग्य जमिनको उत्पादकत्व	रू. लाख प्रति हेक्टर	३	३.१	३.३	३.५	३.७	४.०	नपा रेकर्ड	
१.३	प्रमुख कृषि उपजको उत्पादकत्व									
	धान	मे.ट. प्रति हे.	२.८	३.०	३.२	३.५	३.८	४.०	नपा रेकर्ड	
	मकै	मे.ट. प्रति हे.	२.४	२.५	२.७	२.९	३.२	३.५	नपा रेकर्ड	
	गहुँ	मे.ट. प्रति हे.	१.४	१.५	१.७	२.०	२.३	२.५	नपा रेकर्ड	
	कोदो	मे.ट. प्रति हे.	१.६	१.७	१.८	१.९	२.०	२.१	नपा रेकर्ड	
	फापर	मे.ट. प्रति हे.	-	-	-	-	-	-		
	तरकारी	मे.ट. प्रति हे.	८.१	९.०	१०.०	११.०	१२.०	१३.०	नपा रेकर्ड	
	आलु	मे.ट. प्रति हे.	१३.८	१४.०	१५.०	१७.०	१९.०	२१.०	नपा रेकर्ड	
	दलहन	मे.ट. प्रति हे.	-	-	-	-	-	-		
	तेलहन	मे.ट. प्रति हे.	-	-	-	-	-	-		
	फलफूल	मे.ट. प्रति हे.	१७.६	१८.०	१८.५	१९.०	१९.५	२०.०	नपा रेकर्ड	
	माछा	मे.ट.	२.५	३.०						
	दूध	मे.ट.	२४१४	२५३४	२६६०	२७९३	२९०२	३०७८	नपा रेकर्ड	
	मासु	मे.ट.	२८५	२९७	३१५	३३२	३५०	३७०	नपा रेकर्ड	
	अण्डा	हजार	३९५७	४१५४	४३६१	४५६९	४७९७	५०३६	नपा रेकर्ड	
१.४	प्रमुख बालीको बीउ प्रतिस्थापन दर	प्रतिशत	१०	१२	१५	१८	२१	२५	नपा रेकर्ड	
१.५	माटोमा जैविक पदार्थको मात्रा	प्रतिशत	३.१	३.१	३.२	३.४	३.५	३.५	नपा रेकर्ड	
२.	**वन**									
२.१	वन क्षेत्रबाट	रू.	-	-	-	-	-	-		

	प्राप्त अनुमानित राजस्व रकम	लाख								
२.२	काठ उत्पादन	क्यूफिट लाख	-	-	-	-	-	-		
२.३	गैरकाष्ठ वन पैदावारको उत्पादन	क्वीन्टल	-	-	-	-	-	-		
३.	**सिंचाई**									
३.१	वर्षैभरि सिंचाई सुविधा पुगेको भूमि	हे	१००.७०	११०	१२०	१३०	१४०	१५०	नपा रेकर्ड	
३.२	कूल सिंचित क्षेत्रफल	हे	११०८.७५	१२००	१३००	१४००	१५००	१६००	नपा रेकर्ड	
३.३	साना सिंचाई सुविधा पुगेको क्षेत्रफल	हे	-	-	-	-	-	-		
४.	**उद्योग**									
४.१	औद्योगिक लगानी	रू. करोडमा	२७	-	-	-	-	-	घसाउका	
४.२	उद्योगबाट थप रोजगारी सिर्जना	जना	-	-	६१०	७५०	९१०	१०५०		अनुकुल औद्योगिक वातावरण
५.	**वाणिज्य**									
५.१	कुल नगरपालिका उत्पादनमा निर्यातको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
५.२	कुल नगरपालिका उत्पादनमा आयातको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
६.	**उर्जा**									
६.१	नवीकरणीय उर्जा उत्पादन	मेगावाट	-	-	-	-	-	-	-	
६.२	सौर्य उर्जा उत्पादन	मेगावाट	-	-	-	-	-	-	-	
६.३	खाना पकाउन मुख्य रूपमा विद्युत प्रयोग	प्रतिशत	-	-	-	-	-	-	-	

	गर्ने परिवार									
७.	**पर्यटन**									
७.१	पर्यटक आगमन									
क.	स्वदेशी	सङ्ख्या (हजार)	-	-	-	-	-	-	-	
ख.	विदेशी	सङ्ख्या (हजार)	-	-	-	-	-	-	-	
७.२	पर्यटकको औसत बसाई	दिन	-	-	-	-	-	-	-	
७.३	प्रति पर्यटक औसत खर्च	ने.रू. (हजार)	-	-	-	-	-	-	-	
	प्रतिफल									
१.	**कृषि**									
१.१	व्यवसायिक कृषि फर्म	सङ्ख्या	५५	६०	७०	८५	९५	११०	नपा रेकर्ड	
१.२	मलखाद आपूर्ति	मे.ट. (हजार)	-	-	-	-	-	-	-	
१.३	उन्नत जातका बीउ उत्पादन	मे.ट. (हजार)	-	-	-	-	-	-	-	
१.४	पशु चौपायामा खोप सेवा	सङ्ख्या	१९१२९	पूर्ण	पूर्ण	पूर्ण	पूर्ण	पूर्ण	नपा रेकर्ड	
१.५	पन्छीमा खोप सेवा	सङ्ख्या	-	-	-	-	-	-		व्यवसायिक फर्ममा पूर्ण
१.६	कृत्रिम गर्भाधान	सङ्ख्या	४०	९०	१५०	२८०	३८५	५०५	नपा रेकर्ड	
१.७	घाँसको बीउ उत्पादन	मे.ट.	-	-	-	-	-	-		
२.	**वन**									
२.१	वृक्षारोपण गरिएको क्षेत्रफल	हे. (हजार)	-	-	-	-	-	-		
२.२	विरूवा उत्पादन	सङ्ख्या (लाख)	-	-	-	-	-	-		
२.३	वन्यजन्तुको पालन	प्रजाति	-	-	-	-	-	-		
२.४	वनजन्य उद्यम विकास तथा प्रवर्द्धन	सङ्ख्या	-	-	-	-	-	-		
२.५	वैज्ञानिक वन व्यवस्थापन	प्रजाति	-	-	-	-	-	-		

	भएको क्षेत्रफल									
२.६	दर्ता भएका निजी वनको क्षेत्रफल	हे. (हजार)	-	-	-	-	-	-		
२.७	गैरकाष्ठ वनपैदावारको व्यवसायिक खेती गरिएको क्षेत्रफल	हे. (हजार)	-	-	-	-	-	-		
३.	**सिंचाई**									
३.१	असिंचितबाट सिंचितमा बदलिएको भूमि	हेक्टर	-	-	-	-	-	-		
३.२	मर्मत/स्तरोन्नति सम्भारबाट सिञ्चित क्षेत्रफल	हेक्टर	-	१२०	१३५	१६५	१९५	२४५		
४.	**उद्योग**									
४.१	उद्योग दर्ता									
	क. ठूला उद्योग	सङ्ख्या	-	-	-	-	-	१		
	ख. मझौला उद्योग	सङ्ख्या	१	-	१	३	३	५	नपा रेकर्ड	
	ग. लघु, घरेलु तथा साना उद्योग	सङ्ख्या	६१०	७०५	८१०	९१५	१०१५	१११५	घसाउका	
४.२	दर्ता गरिएका पेटेन्ट	सङ्ख्या	-	१	२	२	२	३		तिनै तहका सरकारको समन्वयमा
४.३	लघु उद्यमीको स्तरोन्नति	जना	-	५	१०	१५	२०	२५		लगानी र बजारको सुनिश्चितता
४.४	औद्योगिक ग्राम	सङ्ख्या	-	१	-	-	-	-		
४.५	गुणस्तर प्रयोगशाला	सङ्ख्या	-	-	-	१	-	-		
४.६	बिजनेश इन्कुबेसन सेन्टर	सङ्ख्या	-	१	-	-	-	-		
४.७	खानी अन्वेषणको क्षेत्रफल	वर्ग कि.मी.	-	०.२५	०.२५	१	२	२		
५.	**वाणिज्य**									
५.१	नगरपालिकाबा	रू.		२५००	२८००	३१००	३६००	४१००		औद्योगिक

	ट वस्तु निर्यात	लाख								वातावरण र मौसमी अनुकुलता
६.	**आर्थिक तथा वित्तीय क्षेत्र**									
६.१	बाली सुरक्षण प्रिमियम अनुदान	हेक्टर	-	-	-	-	-	-		
६.२	कृषि तथा पशुपन्छी ब्याज अनुदान	रू. लाखमा	-	-	-	-	-	-		
६.३	लघु बीमा (पशुधन सुरक्षण)	सङ्ख्या	३८४	६१०	८१५	१०२०	१६००	२५०३	नपा रेकर्ड	
६.४	कर्जा सुरक्षण (लघुवित्त तथा विपन्न कर्जा, प्राविधिक शिक्षा तथा शैक्षिक बेरोजगार, कृषि र निर्यात कर्जा)	सङ्ख्या	-	९०००	१४०००	१६५००	१७७००	१८५००		कर्जा बीमाको नीति संस्थागत
७.	**पर्यटन**									
७.१	पर्यटनस्तरका होटल र क्षमता									
	होटल	सङ्ख्या	-		१	२	३	४		पर्यटनमैत्री वातावरण
		बेड सङ्ख्या	-	-	-	-	-	-		
	होमस्टे	सङ्ख्या	८	९	१०	१२	१३	१४	नपा रेकर्ड	
		बेड सङ्ख्या	१६०	१८०	२००	२४०	२६०	२८०	नपा रेकर्ड	
७.२	पदमार्ग	कि.मी.	-	-	-	-	-	-		
७.३	प्रवर्द्धित स्थापित पर्यटकीय गन्तव्यस्थल	सङ्ख्या	-	१	६	७	८	९		पर्यटनमैत्री वातावरण
७.४	नयाँ विकास तथा प्रवर्द्धित पर्यटकीय गन्तव्यस्थल	सङ्ख्या	-	२	६	९	११	१३		पर्यटनमैत्री वातावरण
७.५	पर्यटनबाट सिर्जित नयाँ	सङ्ख्या	-	१०५	२१५	३२५	४३५	५४५		पर्यटनमैत्री

	रोजगारी									वातावरण

घ. सन्तुलित पूर्वाधार विकास

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति	लक्ष्य					सूचनाको स्रोत	जोखिम तथा अनुमान
				२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
	प्रभाव									
१.	सडक घनत्व	किमी प्रति वर्ग किमी	-	-	-	-	-	-		
२.	३० मिनेटको दूरीमा पक्की यातायातको पहुँच पुगेको परिवार	प्रतिशत	९१	९३	९५	९६	९८	१००	नपा रेकर्ड	
३.	इन्टरनेटको पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	-		
	असर									
१.	**यातायात पूर्वाधार**									
१.१	कालोपत्रे सड्क निर्माण (राष्ट्रिय राजमार्गबाहेकका रणनीतिक सडक)	कि.मी.	५७	६०	७०	८०	९०	९९	नपा रेकर्ड	
१.२	रणनीतिक सडक पुनर्स्थापना तथा पुनर्निर्माण	कि.मी.	-	-	-	-	-	-		
१.३	शहरी/नगर सडक निर्माण (कालोपत्रे)	कि.मी.	-	-	-	-	-	-		
१.४	शहरी/नगर सडक निर्माण (ग्राबेल)	कि.मी.	-	-	-	-	-	-		
१.५	शहरी/नगर सडक नयाँ ट्याक निर्माण	कि.मी.	-	-	-	-	-	-		
१.६	शहरी/नगर सडक आवधिक मर्मत सम्भार	कि.मी.	-	-	-	-	-	-		
२.	**उर्जा**									
२.१	विद्यत पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	९८.५	९९.५	१००	१००	१००	१००	नपा रेकर्ड	
३.	**सञ्चार पूर्वाधार**									

३.१	सबैप्रकारका टेलिफोनको घनत्व		-	-	-	-	-	-		
३.२	प्रसारणमा पहुँचप्राप्त जनसङ्ख्या		-	-	-	-	-	-		
३.३	रेडियो	प्रतिशत	१००	१००	१००	१००	१००	१००		
३.४	आधुनिक टेलिभिजन	प्रतिशत	-	-	-	-	-	-		
३.४	**बस्ती, आवास तथा शहरी विकास**									
३.४.१	नमुना बस्ती निर्माण	सङ्ख्या	-	-	१	३	३	४		
३.४.२	सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	१००.०		
३.५	**खानेपानी**									
३.५.१	उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	-	३५	४५	५२	५६	६०		
३.५.२	पूर्ण रूपमा सञ्चालित खानेपानी सुविधा पुगेको जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	१००.०		
	प्रतिफल									
१.	**यातायात पूर्वाधार**									
१.१	नयाँ सडक निर्माण	कि.मी.	-	-	-	-	-	-		
१.२	सडक पुल निर्माण	सङ्ख्या	-	२	३	५	५	२		
१.३	सडक कल्भर्ट निर्मान	सङ्ख्या	-	-	-	-	-	-		
१.४	शहरी/नगर सडकको नियमित मर्मत-सम्भार	कि.मी.	-	-	-	-	-	-		
२.	**सूचना तथा सञ्चार**									
२.१	अप्टिकल फाइबर बिस्तार	कि.मी.	-	-	-	-	-	-		
२.२	आधारभूत टेलिफोनको पहुँच	प्रतिशत	-	-	-	-	-	-		

	पुगेको जनसङ्ख्या									
२.३	फोर.जी/एल.टी.ई सेवाको पहुँच पुगेको जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	-		
२.४	सूचना प्रविधि पार्क स्थापना	सङ्ख्या	-	-	-	-	-	-		
२.५	डिजिटल साक्षरता	प्रतिशत	-	-	-	-	-	-		
२.६	ब्रोडब्याण्ड इन्टरनेट सुविधा प्राप्त जनसङ्ख्या	प्रतिशत	-	-	-	-	-	-		
३.	**उर्जा**									
३.१	विद्युत वितरण लाइन सुदृढीकरण	कि.मी.	-	-	-	-	-	-		
३.२	सड्क बत्ती	सङ्ख्या	१२५	२००	३२५	४५०	५७५	७००	नपा रेकर्ड	
३.३	सौर्य बत्ती जडान	सङ्ख्या	५५						नपा रेकर्ड	
४.	**बस्ती, आवास तथा शहरी विकास**									
४.१	शहरी सडक स्तरोन्नति	कि.मी.	-	-	-	-	-	-		
४.२	सतह नाली निर्माण/मर्मत सम्भार	कि.मी.	-	-	-	-	-	-		
४.३	बसपार्क मर्मत सम्भार/सुदृढिकरण	सङ्ख्या	-	-	-	-	-	-		
४.४	बस बिसौनी निर्माण	सङ्ख्या	-	-	-	-	-	-		
४.५	एकीकृत/नमुना बस्ती विकास	सङ्ख्या	-	-	-	७	७	-		
४.६	उद्यान, मनोरञ्जनस्थल	सङ्ख्या	-	-	-	-	-	-		
४.७	नक्शा पास गरी बनाइएका नयाँ घर	सङ्ख्या	१६१						नपा रेकर्ड	
४.८	बस्नको लागि आफ्नै घर नभएको जनसंख्या	प्रतिशत	१.४	१.०	०.५	०	०	०	नपा पाचि	
५.	**सांस्कृतिक पूर्वाधार**									
५.१	डबली निर्माण	सङ्ख्या	-	-	१	-	-	-		
५.२	बहुसांस्कृतिक	सङ्ख्या	-	-	१	-	-	-		

	खोज तथा स्रोत केन्द्र निर्माण									
६.	**खानेपानी**									
६.१	खानेपानी वितरण प्रणाली सुदृढीकरण	सङ्ख्या	-	-	-	-	-	-		
६.२	खानेपानी गुणस्तर सुधार कार्यक्रम	सङ्ख्या	-	-	-	-	-	-		
६.३	खानेपानी प्राकृतिक स्रोत संरक्षण	सङ्ख्या	-	-	-	-	-	-		
६.४	खोला नदी सौन्दर्यीकरण	सङ्ख्या	-	-	-	१	-	-		
७.	**स्थानीय पूर्वाधार**									
७.१	झोलुङ्गे पुल निर्माण	सङ्ख्या	-	-	-	-	-	-		
७.२	गोरेटो/घोडेटो बाटो निर्माण	कि.मी.	-	-	-	-	-	-		
८.	**खेलकूद पूर्वाधार**									
८.१	सुविधासम्पन्न नगर रंगशाला	सङ्ख्या	-	-	१	१	१	-		
८.२	क्रिकेट मैदान	सङ्ख्या	-	-	-	१	-	-		
८.३	कभर्ड हल	सङ्ख्या	-	-	१	-	-	-		
८.४	स्तरीय बास्केटबल कोर्ट	सङ्ख्या	-	१	२	३	३	३		
८.५	स्तरीय भलिबल कोर्ट	सङ्ख्या	-	१	३	४	३	३		

ङ. सन्तुलित पर्यावरण

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति	लक्ष्य					सूचनाको स्रोत	जोखिम तथा अनुमान
				२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
	प्रभाव									
१.	उर्जा उपयोगमा नवीकरणीय उर्जाको अनुपात	प्रतिशत	-	१०	१४	१८	२२	२६		
	असर									

१.	**वन, जैविक विविधता र जलाधार**									
१.१	वनजङ्गल घनत्व	रूख प्रति हेक्टर	-	३००	३५०	४००	४५०	५००		
२.	**सरसफाई**									
२.१	आधारभूत स्तरको सरसफाई सुविधाबाट लाभान्वित परिवार	प्रतिशत	-	१००	१००	१००	१००	१००		
३.	**वातावरण तथा जलवायू परिवर्तन**									
३.१	वायु प्रदुषणको औसत मात्रा (पिपिएम २.५)	माइक्रोग्राम प्रति घ.मि.	-	-	-	-	-	-		
४.	**नवीकरणीय उर्जा**									
४.१	सौर्य उर्जा	मेघावाट	-	-	-	-	-	-		
४.२	सामुदायिक तथा संस्थागत व्यावसायिक बायोग्याँस जडान	सङ्ख्या	-	-	-	-	-	-		
५.	**भूमि व्यवस्था**									
५.१	कुल कृषि भूमिको क्षयीकरणको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
५.२	जग्गाको खण्डीकरणको दर न्यूनीकरण	प्रतिशत	-	-	-	-	-	-		
	प्रतिफल									
१.	**वन, जैविक विविधता र जलाधार**									
१.१	काठ उत्पादन	घन फिट (लाख)	-	-	-	-	-	-		
१.२	दाउरा उत्पादन	सङ्ख्या	-	-	-	-	-	-		
१.३	वन उद्यमको	सङ्ख्या	-	-	-	-	-	-		

	विकास तथा प्रवर्द्धन									
१.४	बायो ईन्जिनियरिङ्ग गरेको क्षेत्रफल	हेक्टर	-	-	-	-	-	-		
१.५	नदी नियन्त्रण	सङ्ख्या	-	-	-	-	-	-		
२.	**सरसफाई**									
२.१	सरसफाई केन्द्र सञ्चालन	सङ्ख्या	०	१	-	-	-	-		
३.	**वातावरण तथा जलवायू परिवर्तन**									
३.१	फोहोर मैला प्रशोधन केन्द्र	सङ्ख्या	-	-	-	-	-	-		
३.२	प्लाष्टिकको उपयोगिता	प्रतिशत	-	-	-	-	-	-		
३.३	प्लाष्टिकको पुनः प्रयोग गरि उत्पादन गर्ने उद्योग	सङ्ख्या	-	-	-	-	-	-		
३.४	जलवायू परिवर्तन अनुकुलन योजना तर्जुमा	सङ्ख्या	-	-	-	-	-	-		
४.	**नवीकरणीय उर्जा**									
४.१	सौर्य मिनी ग्रिड	सङ्ख्या	-	-	-	-	-	-		
४.२	सौर्य उर्जामा आधारित खानेपानी तथा सिंचाई योजना	सङ्ख्या	-	-	-	-	-	-		
४.३	सौर्य बत्ती जडान	सङ्ख्या	-	-	-	-	-	-		
४.४	सोलार प्लाण्ट स्थापना	सङ्ख्या	-	-	-	-	-	-		
४.५	बायो ग्याँस प्लाण्ट स्थापना	सङ्ख्या	-	-	-	-	-	-		
४.६	सुधारिएको चुल्हो	सङ्ख्या	-	-	-	-	-	-		
४.७	विद्युतीय चुल्हो	सङ्ख्या	-	-	-	-	-	-		
५.	**जलस्रोत, जलवायु तथा**									

	मौसम									
५.१	नदी तथा खोलामा तटबन्ध	कि.मी.	-	-	-	-	-	-		
५.२	बाढी पूर्व सूचना प्रणाली	सङ्ख्या	-	-	-	-	-	-		

च. सुशासन

क्र.सं.	नतिजा सूचक	एकाई	आधार वर्षको स्थिति	लक्ष्य					सूचनाको स्रोत	जोखिम तथा अनुमान
				२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
	प्रतिफल									
१.	नगरबासीका उजुरी फछ्र्यौट	प्रतिशत	-	-	-	-	-	-		
२.	यथार्थ पुँजीगत खर्च	प्रतिशत	-	-	-	-	-	-		
३.	कुल खर्चमा बेरूजुको अंश	प्रतिशत	-	-	-	-	-	-		
४.	कुल खर्चमा आन्तरिक राजस्वको हिस्सा	प्रतिशत	-	-	-	-	-	-		
५.	राजस्व बक्यौता (कुल राजस्वको अनुपातमा)	प्रतिशत	-	-	-	-	-	-		
६.	कुल बेरूजुमा सम्परीक्षणको अनुपात	प्रतिशत	-	-	-	-	-	-		
७.	बेरूजु अध्ययन तथा अनुसन्धान	सङ्ख्या	-	-	-	-	-	-		
८.	व्यवस्थापन परीक्षण (वार्षिक)	सङ्ख्या	-	-	-	-	-	-		
९.	तेस्रो पक्षबाट सर्वेक्षण	सङ्ख्या	-	-	-	-	-	-		
१०.	नगर स्तरीय गणना	सङ्ख्या	-	-	१	-	१	-		
११	नगरस्तरीय सर्वेक्षण	सङ्ख्या	-	-	१	१	१	१		
१२.	अनलाइन सेवा प्रदान/प्रवाह	सङ्ख्या	५							
१३.	वडा कार्यालय भवन	सङ्ख्या	-	-	-	-	-	-		

१४.	अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी	सङ्ख्या	-	-	-	-	-	-		
१५.	पदाधिकारीको क्षमता विकास तालिम	सङ्ख्या	०	१	१	१	१	१		
१६.	कर्मचारीको क्षमता विकास तालिम	सङ्ख्या	०	१	१	१	१	१		
१७.	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिमप्राप्त जनशक्ति	सङ्ख्या	-	-	-	-	-	-		

अनुसुची - २

पुतलीबजार नगरपालिकाको वडागत विभाजन

अनुसुची - ३

पुतलीबजार नगरपालिकाका प्रमुख बस्ती तथा सडकहरू

अनुसुची - ४

पुतलीबजार नगरपालिकाका प्रमुख सार्वजनिक केन्द्रहरू

अनुसुची - ५

पुतलीबजार नगरपालिकाको स्रोत नक्शा

अनुसुची - ६

पुतलीबजार नगरपालिकाकाका सम्भाव्य शहर उन्मुख केन्द्रहरू

Putalibazar Municipality
Ward Division
N
83°49'0"E
83°54'30"E
84°0'0"E
28°7'30"N
28°4'0"N
1
2
3
4
5
6
7
8
9
10
11
12
13
14
0
1.25
2.5
5
7.5
10
Kilometers